मैले अशोकलाई गाली पनि गर्‍ैं। सुरेश एक जनालाई आफूतिर तान्न नसक्ने भनेर। तीन जनाको गोप्य सल्लाह अनि म बाहेकका अरू दुई जना दुईतिर लागेपछि मैले अत्यन्त अप्ठ्यारो महसुस गर्‍ैं। त्यसैले अशोकलाई अब सहयोग गर्दिन भनेँ। उता, केलटोलमा गएर पनि त्यसै भने। विश्वभूमि फुटाउने षड्यन्त्रमा मेरो संलग्नताको पर्दाफास हुने डरले त्यसो भनेको थिएँ। सुरेशले पनि धेरै कर गरेका थिए - पत्रिकालाई सहयोग गरिदिन, तर मैले गरिनँ। धेरै पछि मात्र विश्वभूमिमा फेरि लेख्न थालेँ।

सम्भवतः, यो कुरा आजसम्म कसैलाई थाहा छैन। हामी ३ जनामध्येका दुई जना दिवंगत भइसकेको अवस्थामा यही लेखमार्फत यो कुरो पहिलो पटक सार्वजनिक गर्दै छु। जीवित छउन्जेल अशोकले त हामी ३ जनाबीचको कुरा कसैलाई भनेनन् नै, मलाई लाग्छ, सुरेशले पनि भनेनन्। भनेको भए म पनि षडयन्त्रकारीमा दर्ज हुने थिएँ। यो मामिलामा सुरेश धोकेबाज हुन् वा विश्वासिला ? भन्न सक्दिनँ। नाजवाफ छु। तर, यी सबैको बावजुद सुरेशले कहिल्यै अशोकसितको सम्बन्धलाई टाढा बनाएनन्। अशोकको परिवारसितको सम्बन्ध उत्तिकै प्रगाढ बनाइरहे। आफूलाई पत्रकारिता क्षेत्रमा लगाएको अशोक दाइले नै हो भन्न कञ्जुसाइ पनि गरेनन्। उनी सधैं भन्थे, 'अशोक दाइले नै हो ममा पत्रकार हुने गुण देखेको।' पछि सुरेशले सन्ध्याटाइम्स र नेपालभाषा टाइम्सको पनि सम्पादन गरे।

जनआस्थामा लेखन

२०५१ सालमा हामी (किशोर श्रेष्ठ, रबिन सायमीसहित) *दृष्टिबाट* निस्क्यौं र *जनआस्था* साप्ताहिक निकाल्न थाल्यौं। दृष्टिमा एउटा स्तम्भ थियो शहरभित्र। समसामयिक घटनालाई व्यंग्यात्मक तरिकाले प्रस्तुत गर्ने यो स्तम्भको उद्देश्य। स्तम्भकार थिए - कवि श्यामल। जनआस्थाले यो स्तम्भलाई अँगाल्यो र सुरेशलाई लेख्न लगाएँ। दिवंगत हुनु अघिल्लो अंकसम्म सुरेशले यो स्तम्भ नियमित लेखे अर्थात् ३१ वर्षसम्म।

पछिल्लो समय उनी भाषा आयोगको सदस्य बनेपछि सुरेशकै नाउँमा लेख्न अप्ठ्यारो महसुस गरे। आयोगका कर्मचारी पनि सुरेशको त्यो स्तम्भ नियमित पढ्दा रहेछन्। उनीहरूले पनि आयोगको सदस्य भइसकेपछि आफ्नै नाउँले नलेख्न सल्लाह दिएछन्। सुरेशले यसपछि एक महिनासम्म लेखेनन् पनि। पछि हामीले अर्कै नाउँमा लेख्न सुझायौं। उनले सिंहराजको नाउँमा पुनः लेख्न थाले।

यसबीच सुरेशले विभिन्न पत्रपत्रिकामा भाषिक र संस्कृतिसम्बन्धी धेरै लेख लेख्न भ्याइसकेका थिए। नेपाल साप्ताहिकमा पनि ब्यंग्यकै स्तम्भ लेख्थे। मदनकृष्ण, हरिवंशको प्रहशन पनि लेखे। पछि उनको कविता संग्रह पनि निस्क्यो - घण्टाघरं जिके ई न्यनाच्वन (घण्टाघरले मसित समय सोधिरहेको छ। यो पुस्तकको आवरण उनैको मित्ले साथी अर्थात् मेरो भाइ निर्मलले बनाइदिएका थिए।

सहायक विज्ञ

सुरेशसितको सम्बन्ध साथीभाइ भन्दा पनि दाजुभाइको थियो। फेरि हामी काठमाडौं महानगरपालिकामा सँगै काम गर्यौं। सुरेश सहायक विज्ञमा नियुक्त भएको थियो। सञ्चार र प्रकाशनसम्बन्धी काम मेरै मातहत थियो। हामीले मिलेर धेरै काम गर्यौं। उनी साह्रै मिहिनेती थिए। अह्राएको काम कहिल्यै नाइँ भन्दैनथे। जिम्मा लिएको काम इमान्दारीसाथ गर्थे। नाइँ भन्न नसक्ने स्वभावकै कारण अरूले पनि काममा लगाउँथे।



सबैको काम खुरुखुरु गर्थे। स्कूलस्तरमा स्थानीय मातृभाषाको माध्यमबाट लेखिएको एउटा पुस्तक पढ्नै पर्ने बनाएपछि सोको पाठ्यक्रम बनाउने, शिक्षण तालिम आदिमा पनि उनले निकै मिहिनेत गरेका थिए। सहलेखनमा इन्द्रजात्रा पुस्तक पनि निकाले।

सानैदेखि घरमा आइराख्थे नै। महानगरपालिकामा सँगै मिलेर काम गर्नुपर्ने भएपछि पछिल्लो अवस्थामा घरमा आउने क्रम झन् बाक्लियो। बोलाएपछि आइहाल्थे। भाषा आयोगको सदस्य बनेपछि हो आउने क्रम पातलिएको। कामको व्यस्ततासे आउन सकिरा छैन दाइ, समय मिलाएर आउँछु भन्थे। फोनमा कुराकानी भने भइराख्थ्यो। बोलाएपछि आइहाल्ने उनी अब यो संसारमा छैनन्। देह त्यागे पनि पत्रकारिता, साहित्य, भाषिक क्षेत्रमा गरेको उनको योगदान सधैँ अविस्मरणीय रहिरहनेछ। विशेषतः, भाषिक क्षेत्रमा उनको अवसानले रिक्त बनाएको स्थान एक-दुई दशकमा पूर्ति हुन सम्भव छैन। बोलाएपछि 'दाइ म आइहाल्छु' भन्ने उनको नरम वाक्य सधैं मेरो कानमा गुन्जिरहनेछ। अब उनको त्यो मसिनो मधुरो स्वर सुन्न पाउने भएन। बोलाउँदा पनि दगुरेर नआउने भयो। सुने/नसुने झैँ गर्ने भए।

एउटा रमाइलो क्षण

एक दिन किशोर (जनआस्थाका सम्पादक) ले हामीलाई पाटनको सुन्धारास्थित घरमा बोलाए, तिहारको भाइटीकाको दिन। म त गइनँ तर सुरेश र विजय सैंजु (नेपाः पार्टीका पूर्वअध्यक्ष र अहिले नेकपाका नेता) पुगेछन्। किशोरका दिदीहरूले भाइटीका गर्न लाग्दा किशोरले सुरेशलाई पनि सँगै बस्न भनेछन्। अब किशोरको सँगै बस्न जाने भनेको अर्थ दिदीहरूबाट टीका ग्रहण गर्नुपर्ने भयो। दिदीहरूले पनि बस्न भनेछन्। तर, चलाख विजयले हैन मैले भाइटीका गरेको फोटो लिइदिन्छु भनेर बस्न गएनछन्। तर सोझो सुरेश कसैलाई नाइँ भन्न नसक्ने। हाम्रो चलनमा भाइटीका गर्दा दिदीहरूलाई पैसा वा केही कोशेली दिनै पर्ने। उनीसित त्यो बेला सुको रहेनछ। साह्रै आपतमा परे। निकै बेर आनाकानी गरिरहे तर किशोरले कर गरेको गर्‍यै! अन्त्यमा, भाइटीका गरे नै! यो कुरा मलाई सुरेश आफैंले सुनाएका थिए। भाइटीका गर्दा पनि दिदीहरूलाई केही दिन नसकेकोमा दुःखी थिए। सुरेश हाँसोठट्टा गर्नुपर्ने रसिक स्वभावका। उक्त घटना सुनाएको बखत पनि निकै बेर हाँसे। मैले कतै पढेको थिएँ, घरपरिवारमा दुःखी व्यक्ति बाहिर साथीभाइसित धेरै हाँसखेल गर्छन् रे! थाहा छैन यो अज्ञात महान व्यक्तिको भनाइ सबैमा लागू हुन्छ वा हुँदैन।



छन्त जिं 'अलबिदा' धायेमखु, सुरेश !

पुष्कर माथेमा

तापानांनं सतीम्ह सुरेश,

छन्त म्ह फु मफु न्यनेगु अवस्थाय् थौं जि मदु। फु वा मफुया भौतिकतां मुक्त जूम्ह छ, सुख दुःखया सांसारिकतापाखैं तापाःम्ह छ। जिपिंदथुइ दुबलय् ला न्ह्याथेजाःगु पीडायात नं शान्त ख्वाःल्यूने सुचुके फुम्ह छ, न्ह्याथेजाःगु मगाः मचाःयात नं फिसिक्क न्हिलाः तपुनाछ्वयेफुम्ह छ। थौं छंगु निंतिं थुपिं दक्वंयागु छुं अर्थ मदूगुलिं थ्व औपचारिकतायात छखे चीकाच्वना। आत्मिक रूपं ला छ तापाइम्ह खः हे मखु, अयूनं लत्या दत छ भौतिक रूपं ब्यागलं च्वं वंगु ! थ्व लत्या मुक्कं उत्साहविहीन समयांश जुयाबिल, हः हायावयाः गर्खेसेच्वंगु सिमा जुयाबिल। छु मगाः थैं छु मगाः थैं जुयाच्वंगु थ्व इलय् छंगु हे विषयलय् छन्त हे थ्व पौ च्वयाच्वना।

थौं थ्व पौ च्वयाच्वनाबलय् जिगु नुगलय् नेसं ११०६ या बछलाया लुमन्ति लेहैंपुयाच्वंगु दु। अबलय् जि जिगु लसता पौ 'पासा' या न्हापाँगु ल्याः स्वांयापुन्हि खुन्हु पिकायेगु ज्याय् बुहाँये जुयाच्वनागु। लेटर प्रेसं पत्रिका पिकायेमाःगु व ई ! प्रेसया कम्पोजिटर छम्ह मफयाब्यूबलय् कम्पोज इलय् सिमधइगु अवस्था वल। मल्ल दाइ (मल्ल के. सुन्दर) या छपु ताःहाकःगु च्वसू कम्पोज यायेमानि। मेगु छुं उपाय मखनाः जि मल्ल दाइया हे इनाप प्रेसया शरणय् वना। मल्ल दाइ नं तफाः नुगः क्यनाः ग्वाहालि यायेगु बचं बियादिल, अले छम्ह नच्चाम्ह कम्पोजिटरयात व ज्या जिम्मा बियादिल। वयकलं थुलि बाँलाक्क कम्पोज यानाबियादिल कि प्रुफतक्क हे स्वयेम्वाल। छं ल्वःमन जुई व ई, सुरेश ! तर जिगु निंतिं व ईया तसकं महत्व दु, अले गबलैं ल्वमबनिगु ई खः व। छायधाःसा जिगु थःगु हे न्हापांगु पत्रिका इलय् पिहाँमवइगु अवस्थां दः मुक्ति ब्यूम्ह व नच्चाम्ह कम्पोजिटर छ हे खः ! अले, छन्त जीवनय् दकलय् न्हापां नापलायेदूगु दिं व हे खः, सुरेश !

छनाप ब्यागलं च्वनेमाःगु थौंया बाध्यताय् आसां द्यायेमाःगु दकलय् तःधंगु खं खः - छनापया माकुगु सहयात्रा ! छ ला मांभायया सेवाय् तःधंगु खुसिथैं न्हयज्यानाच्वंम्ह जुल। जि धाःसा गबलैं गबलैं गाइगु वाया लः थैं जक व खुसिनाप न्हयायेखंम्ह जुल। तर म्हव



हे जूसां छनापया सहकार्य व सहयात्रा जिगु निंतिं आत्मस्पर्शी, अभिप्रेरक, अविस्मरणीय ! चाहे व नेवाः पत्रकार राष्ट्रिय दबूया सल्लाहकारकथं यानागु सहकार्य जुइमा वा सन् २०१९ स हलिं नेवाः दबूया नेपालय् जूगु तःमुँज्याया ख्वाःपौ 'हलिं नेवाः' पिथनेगु भ्वलय् यानागु सहकार्य जुइमा । नेवाः मुद्दाया सन्दर्भय् फक्व यायेगु मन्तुना दुसां थःहे उलि स्वसक्रिय मनू मखु जि, अय्नं गनं छुं जुइत्यन धाःसा छं जितः ल्वमंकेगु मयाः । नेवाः सञ्चार सञ्जालया ग्वसालय् किपुलिइ जूगु प्रेस विज्ञप्ति च्वयेगु प्रशिक्षणय् जितः स्रोत व्यक्ति याःम्ह छ हे खः, यल लाय्कुलि जूगु नेवाः साहित्य फेस्टिभलय् जितः चिबाखं ब्वंकेब्यूम्ह छ हे खः । ऊकथं मात्तुमालाः मांभाय्या सेवाया निंतिं थी थी ह्वताः चूलाकाबीम्ह, ताः ईतक नाप मलाःसां इलय् ब्यलय् ताज्जु यायेथें 'पुष्कर दाइ !' धकाः फोनय्सां ततःहाकः खं ब्याकीम्ह छन्त साक्षात स्वये खनीमखुत धयागु अनुभूतिं जितः कन्नाचायापुस्से च्वंकाच्वंगु दु ।

झीदथुइ यक्व विषयलय् खं जुल । ताःहायेक खं जुल, चीहायेक खं जुल । थी थी विषयलय् खं जुल - नेवाः पत्रकारिताया अवस्थायात कयाः, नेवाः राजनीतियात कयाः, नेवाः अभियन्तातय्त कयाः, सरकारया भाषा नीतियात कयाः । गुं खं पूवंक जुल, गुं खं पूवंके मखंक हे दित । न्हिलासू दंगु ख्वाः गम्भीर विषयलय् खंल्हाय्बलय् कपाः भचा कय्कुंकाः उलि हे गम्भीर जुयाबीगु छंगु पह स्वयाःच्वने धइथें च्वनीगु । न्ह्यागुं खँय् स्पष्ट बिचाः थुइके अःपुक्क न्ह्यैपुक्क तयेगु छंगु बानीया सवाः कयांतुं च्वने धइथें च्वनीगु ।

छताः खं धाःसा जिं छपाखँ गबलें पिकाये मफत । नेवाः पत्रकारिताबारे सयेके सीकेगु कुतलय् जुयाच्वनाम्ह जिगु निंतिं धाःसा व जानकारी तसकं महत्वपूर्ण ! व विषयया साक्षीकथं

तथ्य खं धायेफुम्ह अशोक दाइ नं मदयेधुंकल, सुशील दाइ नं मदयेधुंकल। व विषयलय् मेमेपिंपाखँ यक्वं खं मन्यनागु मखु। तर छ थःहे भुक्तभोगी जूगुलिं, अले छं ब्यूगु जानकारी विश्वसनीय नं जुइगु विश्वासं छपाखँ व विषयलय् विस्तृत रूपं सीकेगु कुतः जिं तःकः हे याना। तर जि विफल जुइगु व छंगु आलटाल सफल जुइगु क्रम न्त्याना हे च्वन। छं थुल जुई जिं छु प्रसङ्ग न्त्यथनाच्वना धइगु खं। जिं छपाखँ न्यने मास्तिवःगु तथ्यगत बाखं विश्वभूमि न्हिपौनिसँ सन्ध्या टाइम्स न्हिपौतकया थथ्याक्वथ्याया बाखं खः। नेवाः पत्रकारितायात ठोस रूपं दुवालेगु भ्वलय् थ्व प्रसङ्गया चर्चा व विश्लेषण मयात धाःसा व ज्या पूवनीमखु धइथें जितः ताः। तर थ्व घटनाक्रमया साक्षी जूम्ह छनाप थ्व प्रसङ्गयात कयाः जूगु संवाद गबलें पूमवन। आः ला थथे जूगु हं, अथे जूगु हं धइगु खं हे चित्त बुझे यायेमालीगु जुल।

छगू हे जन्मय् नं कवि, ध्याचुमि, नाटककार, भाषाविद्, अले पत्रकारया तःगु व्यक्तित्व थःदुने ब्वलंकाः नेवाः समुदाय व नेवाः भाय्या निंतिं छं याना थकूगु योगदान छंगु समकालीनतय् निंतिं अनुकरणीय ज्या खः धाःसा न्हूगु पुस्ताया निंतिं बाँलागु मार्गदर्शन खः। नुगलय् चेतनाया बीजाङ्कुरण जुसांनिसँ हे अर्जुनदृष्टिकथं नेवाः संस्कृति व नेवाः भाय्या निंतिं थःत पायेगुपाखे छं न्त्याकूगु पलाः अल्याख पलाःतय् निंतिं प्रेरणाया स्रोत जुयाब्यूगु दु।

नां जाम्ह साहित्यकार जर्ज इलियटं थःगु उपन्यास 'एडम बिड'य् च्वयादीगु दु - "झीगु लुमन्तिं हुया मवंतल्ले मदयेधुंकुपिं सु नं गबलें मदइ मखु।" छ मन्त धइगु खं न्यनेबलय् थ्व हे धापू नुगलय् लेहँपुयावइगु, सुरेश! छ मन्त धाइपिन्त चुनौति बियाः थ्व हे खं धायेमास्तिवइगु जितः। छ मदयेफुम्ह मनू हे मखु, गथे यानाः मदये फई ? छ ल्वमंकेफइम्ह मनू हे मखु, गथे यानाः मदयेफई ?? छ मन्त धायेत थ्व नुगः गबलें तयार मजू। छ दनि, छायकि नेवाः अभियान अज नं दनि गबलें मदीकथं; छ दनि, छायकि नेवाः पत्रकारिता अज नं दनि मसीकथं; छ दनि, छायेकि छंगु लुमन्ति अज नं दनि गबलें हुयामवनीकथं। अकेँ छन्त जिं 'अलबिदा' धायेमखु, सुरेश! छ जिमित मानी, अनन्ततकं। नेवाः च्यूतालं जाःगु नुगलय् छ ऊर्जा जुयाः म्वानाच्वं, लं दापा जूपिं नेवाःतय्त लं क्यनेत देवा जुयाः च्यानाच्वं, च्वसा ज्वनाच्वंगु प्रत्येक ल्हातय् सिर्जना जुयाः ह्वयाच्वं!

सुरेश, झी लुमन्तिइ नापलाये, न्त्याबलें थें ख्याः यायां गम्भीर खं ल्हाये, गम्भीर खं ल्हाल्हां ख्याः याये। आःयात थुलि हे!

छम्ह छम्ह,

पुष्कर



अभियन्ता सुरेशकिरणसँग अन्तिम संवाद

गणेश वाम्बुले राई

मैले सुरेशकिरणजीको जवाफ कुरेर बसेको १९ घण्टा भयो। अनलाइनमा देखिदनँ। तैपनि मैले वाट्सएपमा लेखेर पठाएको थिएँ- 'ज्वजलपा सर, मैले बालेन शाहले मेयरको शपथ नेपालभाषामा लिएको शब्दमा उतारेर पठाएको छु। सच्याएर वा शुद्ध गरेर पाउँ।' तर साथीले मेरो म्यासेज हेरेको थिएन। जवाफ पनि दिएन। अफलाइनमै छन्। सच्याएर पठाएपछि मेरो लेख पूरा गर्छु भनेर सोचिरहेको थिएँ।

गत मंगलबार दिउँसो २:२१ बजे नचिनेको नम्बरबाट फोन आयो- 'ज्वजलपा सर। सुरेशकिरण दाइबारे थाहा पाउनु भयो ?' परिचित स्वर थियो। मैले नामै नसोधी भने- 'ज्वजलपा। सुरेशकिरणलाई के भयो ?'

'हिजो हार्ट एट्याक भएर बित्नुभयो। टिचिङमा राखिएको छ। भोलि अन्त्यष्टि हुन्छ। उहाँ तपाईंको साथी हो। उहाँको सम्झनामा लेख लेखिदिनु पऱ्यो।' मुखबाट शब्द फुटेन म अक्क न बक्क भएँ। त्यही बेला नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष तथा पत्रकार नृपेन्द्रलाल श्रेष्ठको फोन आयो। उठाउन नपाउँदै काटियो। मैले तुरुन्तै रिकल गरें। उही सन्देश 'सुरेशकिरण दाइ बित्नुभयो। भोलि अन्त्यष्टि हुन्छ। उहाँको बारेमा तपाईंको लेखको लागि दिलीपजीले फोन गर्छन्।' अनि थाहा भयो कि भर्खर कुरा गरेको साथी दिलीप शाहीजी रहेछन्। अघिल्लो फोन सन्देशले मलाई पत्यार लागेको थिएन। नृपेन्द्रजीले पनि भनेपछि मेरो मनको कुनादेखि भक्कानो छुट्यो। हिजोमात्रै मातृभाषा अभियानबारे कुराकानी गरेको पासाको मृत्युको अकल्पनीय सन्देशले मुटु फुट्लाजस्तो भयो। के बोल्ने, के भन्ने, कसलाई भन्ने। स्तब्ध भएँ!

सुरेशकिरण मानन्धरजी मातृभाषा अभियन्तामध्ये एक अनन्य पासा (साथी) हुन्। २०८२ फागुन २५ गते सोमबार बिहान १० बजेतिर म्यासेन्जरमा १६ मिनेट ४८ सेकेण्ड उनको र मेरो संवाद भएको थियो। हामीबीच भएको चूरो कुरो एउटैमात्र थियो- जेनजी आन्दोलनपछि सफलतापूवर्क भर्खरै फागुन २१ गते निर्वाचन सम्पन्न भयो। र

ाष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को बहुमत आयो। अब प्रतिनिधिसभाका सांसदहरूमध्ये मातृभाषी सांसदहरूले आफ्नो मातृभाषामा सपथ लिन्छन् कि लिदैनन् ? किनभने रास्वपा भाषा र संस्कृतिप्रति त्यत्ति धेरै गम्भीर छैन। उसको चुनावी घोषणापत्रले प्रष्ट बोलेको छैन। निर्वाचनबाट नयाँ अनुहारका जनप्रतिनिधिहरू आएका छन्। निर्वाचितमध्ये उपत्यकाको नेवाः समुदायबाट काठमाडौं-८ बाट विराजभक्त श्रेष्ठ, ललितपुर-१ बाट बुद्धरत्न महर्जन, भक्तपुर-१ बाट रुकेश रन्जित छन्। मातृभाषाप्रति सचेत छन् भन्नेबारे उनीहरूसित परिचित छुइनँ भनेर सुरेशकिरणजीले भने। तामाङ र नेपालभाषा बागमती प्रदेशको सरकारी कामकाजको भाषा भएकोले बढी चासो संघीय राजधानीमै हुन्छ। बागमती प्रदेश धादिङ-१ बाट आसिका तामाङ जितेकी छिन्। प्रतिनिधिसभामा निर्वाचित र समानुपातिमा मनोनित सबै पार्टीका नेपाली इतरका मातृभाषी सांसदहरूलाई मातृभाषामा शपथग्रहण गराउन त्यसअघि सचेत गराउनु पर्छ भन्नेबारे हाम्रो मतैक्य रह्यो।

अब बन्ने प्रतिनिधिसभाले प्रधानमन्त्री बालेन शाहलाई चयन गर्नेछ नै। बालेनले पक्कै पनि मैथिली मातृभाषामा शपथग्रहण गर्नैपर्ने हुन्छ भन्ने हामी दुवैको निचोड रह्यो।



त्यत्तिखेरै कुरो भयो कि बालेन शाह काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएर आउँदा नेपाली र नेपालभाषामा शपथ लिएका थिए भनेर सुरेशकिरणजीले पुनःस्मरण गरे। मैले त्यो शपथको घटना बिर्सिसकेको रहेछु। अब त्यही नेपालभाषामा शपथको प्रसंगलाई लिएर मेरो लेख तयार हुनेछ, मैले भनें। हामी दुवैको निचोड रह्यो- कि जसरी हुन्छ २७५ जना सांसदले सपथ लिनुअघि संविधानमा उल्लेख नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक धर्मनिरपेक्ष मुलुक हो भने हामी नागरिकको तर्फबाट ध्यानाकर्षण गराउनु पर्छ।

सुरेशकिरणजी र मेरो संवादपछि मैले मेयर बालेन शाहको शपथग्रहणको समाचार सर्च गरेर पढें। भिडियो पनि हेरें। त्यही भिडियोमा वाचित शपथको व्यहोरा अक्षरमा उतारें, नेपाली र नेपालभाषा दुवैमा। म नेपालभाषामा पारंगत छुइनँ। त्यसैले त्यही व्यहोरा शुद्ध गरेर पठाइ दिन सुरेशकिरणजीलाई उक्त भिडियोको लिङ्कसहित शब्द पठाएको थिएँ। तर अब सुरेशकिरणजीसँग अब कहिल्यै नभेटिने गरेर टाढिसक्यौं। साथीको सम्झना खातिरका यिनै शब्दहरूमात्र छन्।

तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र राष्ट्रिय जनजाति विकास समितिले संयुक्त रूपमा आयोजना गरेको दुईदिने राष्ट्रिय भाषा कवि गोष्ठी २०५५ जेठ १३ र १४ गते प्रज्ञाभवन कमलादीमा भएको थियो। त्यसमा नेपालभाषा, मैथिली, अवधि, भोजपुरी, शेर्पा, मगर, थारु, तामाङ, थुलुङ राई, बान्तावा राई, वाम्बुले राई भाषाका करिब ६० वटा कविता वाचन भएका थिए। नेपालभाषामा कवि सुरेशकिरणले 'आज मलाई घण्टाघरले समय सोध्यो' शीर्षक कविता वाचन गरेका थिए। वाम्बुले राई भाषामा मैले (गणेश राई) 'आकाश चिथोर्न सकिन्न' शीर्षक कविता वाचन गरेको थिएँ। उक्त कवि गोष्ठीमा वाचन गरिएका कवितालाई लिएर आयमेली कवि तथा लेखक ईश्वरवल्लभको २०५५ जेठ २३ गते शनिबार कान्तिपुर दैनिकमा 'म बुद्धिमा आक्रमण गर्छु' शीर्षक लेख छापिएको थियो। त्यसमा लेखिएको छ- 'कि सुरेश किरण र गणेश राईहरूका मानस र चेतनाहरूको स्वरूपले हाम्रा मनका सबै कल्पनाले सिर्जनागत किरणहरू बुन्न थालिरहेका छन्। (कान्तिपुरः२०५५ जेठ २३ गते शनिबार)।'

हो, त्यसरी सुरेशकिरणजी र मेरो सहयात्रा मातृभाषाले जोडेको थियो। करिब २७ वर्ष रह्यो, एकअर्कालाई भौतिक रूपमा साथीमात्र मानेनौं, लेखन सहकार्य जारी र राख्यौं। सुरेशकिरणजी 'नेपालभाषा टाइम्स' दैनिकको सम्पादक अनि म 'लिब्जु-भुम्जु'



(इक लिब्जु-भुम्जु) त्रैमासिकको सम्पादक भएर काम गर्दैआयौं । सुरेशकिरणको भनाइ छ, 'मातृभाषामा प्रकाशित पत्रपत्रिकाले स्रष्टा जन्माउँछ । भाषाको पाठक बढाउँछ । भाषा बचाउँछ । नेपालीमा जतिसुकै बोले पनि मातृभाषामा आफ्नो अभिव्यक्ति गर्ने साहित्य सशक्त हुन्छ । मातृभाषा साहित्य रचना गर्नु भनेको उत्कृष्ट साहित्य रचना गर्नु हो ।'

सर्वव्यापी मान्यता छ कि मान्छेले सुनेर अनि देखेर सिकिन्छ । मभित्र मातृभाषा लेख्नु पर्छ भन्ने चेतनाको दियो बाल्ने काम प्रसिद्ध मुन्धुमविद् बैरागी काइँलाले गर्नुभयो । २०४८ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा उनै बैरागी काइँलाको संयोजकत्वमा भएको किरात भाषा कवि गोष्ठीमा मैले पहिलोपटक 'लिब्जु भुम्जु बुक्सिपर्छ' (लिब्जु भुम्जु उठ्नुपर्छ) शीर्षकमा कविता वाचन गरेको थिएँ । त्यसपछि मैले नेपालभाषाको साहित्यिक गोष्ठीहरूमा उपस्थिति जनाउँने मौका पाएँ । नेवारी पहिरनसहित उपस्थित भएर नेपालभाषाका रचना वाचन गर्ने परम्परा देखेर मैले पनि मनमनै कल्पना गरें । मैले पनि यसैगरी वाम्बुले राई भाषामा कविता गोष्ठी गर्नुपर्छ भनेर अठोट लिएँ । त्यसपछि २०५५ कात्तिक १ गते मेरो गाउँ ओखलढुङ्गाको हिलेपानीस्थित श्री महादेवस्थान निमावि (हाल- मावि)को प्राङ्गणमा पहिलो पटक वाम्बुले राई भाषाको कविता गोष्ठी आयोजना गरें । यो क्रम २०८२ मंसिर २० गतेसम्म आइपुग्दा २६औं वाम्बुले राई भाषाको कविता प्रतियोगिता तथा गोष्ठी सम्पन्न भइसकेको छ र त्यसको संयोजन मैले गर्दै आएको छु ।

मातृभाषा अभियानमा नेपालभाषा भन्नासाथ झट्टै अगाडि सम्झिने मित्र सुरेशकिरण मानन्धरलाई असमयमै गुमाउनु पर्दा असह्य पीडा भइरहेको छ । आयुले आकाश चिथोर्न सकिन्न अनि काललाई टार्न सकिन्न रहेछ । घण्टाघरले समय सोध्यो होला तर काल कहिल्यै बताएन कि हामी यति चाँडै वियोगान्त हुन्छ भनेर । माफी चाहन्छु पासा ! अलविदा सुरेशकिरणजी ! उहाँका शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु !

(अन्नपूर्ण पोस्ट दैनिक २०८२ चैत ७ गते प्रकाशित । यो लेख नेपालभाषामा अनुवाद भई नेपालभाषा टाइम्समा छापिएको व्यहोरा अनुरोध छ – लेखक)

■

सुरेश किरणसितको साइनो

विजयरत्न अम्बरे

सुरेश किरण मानन्धर – धेरै गुणले युक्त व्यक्तित्व हुन्। उनको गुण र प्रतिभाबारे वर्णन गर्दा एउटा सिंगै ग्रन्थ तयार हुन आउँछ। धेरैले सुरेशकिरणलाई पत्रकारका रूपमा चिन्छन्। उनी पत्रकारमात्र थिएनन्। उनी साहित्यकार पनि हुन्। साहित्यमा उनको गहिरो अभिरुची र अध्ययन छ। उनी एक सशक्त कवि थिए। उनी ईतिहास ज्ञाता पनि हुन्। भाषा आयोगको सदस्य भए पछि उनी माननीय कहलिए। सुरेश भाषिक अभियन्ता हुन्। सुरेश यो हुन्। सुरेश त्यो हुन्। सुरेश के मात्र हैनन्। सबै हुन्। सबै पक्षका ज्ञाता हुन्।

सुरेशकिरणलाई म करीब ३५/४० वर्ष अगाडि देखि चिन्दथें। उनी नेपालभाषाको साप्ताहिक पत्रिका इनाप मा काम गर्दथे। इनाप का सम्पादक प्रकाशक मल्ल के सुन्दर हुनु हुन्छ। अशोक श्रेष्ठ पनि यससंग सम्बद्ध थिए। अशोक दाई त्यतिबेला कामना पत्रिकासंग पनि आबद्ध थिए। कामना पत्रिका मेरो चलचित्र पत्रकारिता यात्राको आरम्भ बिन्दु हो। अशोकदाईसंग मेरो चिनजान त्यहीं भयो भने सुरेशकिरणसंग पनि चिनजान भयो। पछि अशोकदाईहरूले विश्वभुमि नामक नेपालभाषाको एक पत्रिका निकाल्न शुरु गर्नु भयो। सुरेशकिरण त्यसका आबद्ध भए।

विश्वभुमिमा मैले पनि स्तम्भ लेख्न थालें। यहींबाट सुरेशकिरणसितको साईनो गहिरीदैं गयो। मिठो बोली। नम्र स्वभाव। उनको विशेशता थियो। सुरेशकिरणको सुजिब बज्राचार्यसंग गहिरो मित्रता थियो। एउटै असन टोलको अनि एउटै पेशासंग सम्बद्ध भएको कारण सुजिबसंग मेरो सम्बन्ध राम्रै थियो। सुजिबले त्यत्तिबेला नेपालभाषामा अप्सरा नामक एउटा फिल्म पत्रिका प्रकाशन गर्ने योजना बनाए। म पनि त्यसमा आबद्ध भएँ। सुरेशकिरण त नहुने कुरै भएन। अप्सरामा आबद्ध हुँदा हाम्रो साइनो अझ बढी गाढा भयो। यो वि.सं. २०४७ वा २०४८ सालतिरको कुरा हो हामी तुलसीदाईको फिल्म कोसेलीको शुटिंग कभर गर्न बनेपा गयौं।

सुरेशकिरणसंग भेट भईरहन्थ्यो। उ एउण साइकल लिएर आउँन्थ्यो। हाम्रो

काम गर्ने एरिया असन वरिपरी थियो। उ बत्तीस पुतली तिर बस्छ भन्ने थाहा थियो तर घर भने थाहा थिएन। ५२/५३ सालतिर रेडियो नेपालले १०० मेगाहर्जबाट प्रसारण हुने गरी एफएम सेवा आरम्भ गऱ्यो। त्यसमा गुडनाइट एफएम अन्तर्गत हामीले पनि नेपालभाषा ज्याभ्वः शुरु गऱ्यौं। गुडनाइट एफएम कला अनुरागी नीर शाहले सन्चालन गर्नु भएको थियो। उहाँले मलाई नेपालभाषामा कार्यक्रम निर्माण गर्ने जिम्मा दिनु भएको थियो। यसमा मलाई मित्र राज स्यस्यले साथ दिए। उनैले एफएम चलाउने संयोजन मिलाए। राज स्यस्य र सुरेशकिरण एक अर्कामा परिचित थिए। छापामा मात्र सिमित नेवाः सन्चार जगत विस्तारित हुँदै रेडियोसम्म फैलिन पुगेको थियो। उनीहरूले विस्तारित हुँदै आइरहेको नेवाः पत्रकारिता क्षेत्रलाई समेट्न र संगठित बनाउन नेवाः सन्चार सन्जाल खोल्ने योजना बनाए। यसमा अनुप सिं सुवाल पनि जोडिए। म पनि।

यही सन्जालको कार्य योजना कार्यान्वयन गर्ने क्रममा हाम्रो भेट भईरहन्थ्यो। समय बित्दै गयो। विश्वभुमि पत्रिका टुक्रिएर 'न्हू विश्वभुमि' जन्म्यो। पछि सन्ध्या टाईम्स जन्म्यो। सुरेशकिरणले सम्पादकत्व सम्हाले। मैले स्तम्भकार। सन्ध्या टाईम्सबाट पनि पछि गएर नेपालभाषा टाईम्सको जन्म भयो जुन अद्यापि चलिरहेको छ। सन्ध्या टाईम्सको सम्पादक पनि सुरेशकिरण नै थिए।

यसरी हाम्रो सम्बन्ध अगाडि बढी नै रह्यो। सुरेशकिरणको सम्पादनमा प्रकाशनमा आएका विश्वभुमि , सन्ध्या टाईम्स अनि नेपालभाषा टाईम्स मा मैले नियमित रूपमा स्तम्भ लेखें। त्यसैगरी नेपालभाषाको पत्रकारिता क्षेत्रमा लहना साप्ताहिक देखा पऱ्यो। यसमा मैले लेख्न थालें। लहनाका नृपेन्द्रलाल श्रेष्ठ र सुरेन्द्र भक्त श्रेष्ठ संग मेरो धेरै अगाडि देखि चिनजान थियो। लहना प्रकाशन शुरु भएपछि त यो सम्बन्ध झन गहिरियो। सुरेशकिरण पनि लहनाका शुभ चिन्तक नै थिए। सन्चार क्षेत्रमा उल्लेखनीय कदम बढाइरहेको लहना टिमले नेवाः एचडि टिभिमा लहना गतिविधि र लहना साहित्य गरी दुईवटा टिभि प्रोग्राम पनि चलाउन शुरु गरे। ती दुई मध्ये एउटा प्रोग्रामको (कुन चाहींको हो सम्झन सकिन) २५ हप्ता पुरा भएको अवसर पारेर एउटा कार्यक्रम गर्ने तय भयो। मलाई पनि अतिथि वक्ताको रूपमा निमन्त्रण गऱ्यो।

त्यत्तिबेला म पाटनको सौगलमा बस्थें। मेरो घर त असनमा हो। ७२ सालको



भुकम्पका घर भत्केपछि म पाटनतिर बस्न गएको थिएँ। लहना ले त्यो कार्यक्रम ललितपुर कै गोदावरी स्थीत एउटा मनोरम कृषि फर्ममा गर्ने तय गऱ्यो। त्यो फार्म हाउस शायद लहना का शुभचिन्तक मित्र जितेन्द्र विलास बज्राचार्य हो भन्या जस्तो लाग्यो। मेरो बसाइ उतैतिर भएकोले मलाई उतैबाट पिकअप गरेरे लाने कुरा भयो। मेरो त कुनै सवारी साधन छैन। त्यसैले काठमाण्डौबाट आएको एउटा मोटर साइकलले मलाई सवारी सेवा दिने कुरा भयो। मलाई निर्धारित समयमा पाटनको मंगलबजार नजिकै हौगः पार्किंग स्थलमा बसिरहन भनियो। मैले त्यसै गरें। म पर्खिरहेकै ठाउँमा नृपेन्द्र १०/१२ वटा मोटर साइकल सहित आइपुगे। ती मध्ये कुनै मोटर साइकलमा दुई जना सवार थिए भने कुनैमा एक जना मात्र। त्यो कोरोनाले त्रास मच्चाइरहेको समय थियो। त्यसकारण मुख छोप्ने मास्क अनिवार्य गरिएको थियो। सबैको मुख मास्कåfरा छोपिएको थियो। त्यसैले कुन मोटर साइकलमा को थियो भन्ने कुरा ठम्याउन गाऱ्हो थियो।

नृपेन्द्रले मलाई सम्बोधन गरेर एउटा मोटर साइकल देखाए , जसको पछाडि एउटा सिट खालि थियो। मलाई त्यसमा बस्न भनियो। मैले त्यसै गरें। सबै मोटर साइकल चालकहरूको जस्तै म चढेको मोटर साइकल चालकको पनि मुहारमा मास्क थियो। शिरमा हेल्मेट। म चढी सकेपछि मोटर साइकलहरू गुड्न थाले। आफ्नो गन्तव्यतिर लम्कन थाले। मास्क र हेल्मेटको कारण मैले मेरो सारथी यानिकी म



बसेको मोटर साइकलको चालक को हो भनेर ठम्याउन सकिरहेको थिइन। मोटर साइकल गुडि नै रह्यो।

मैले मेरो सारथी को हो भनेर ठम्याउन नसके पनि हामी बीच कुराकानी भने भई नै रहेको थियो। उसले मलाई चिनेकै रहेछ। यात्राको क्रममा हामी बीच विविध विषयमा वार्ता चलि नै रह्यो। स्वर चिरपरिचित जस्तो त लाग्दै थियो तर यसकै यो भनेर ठम्याउन भने सकिरहेको थिइन।

मोटर साइकल गुडि नै रह्यो। उसको कुराकानी सुन्दा उ मबाट एकदम परिचित जस्तो त लाग्दथ्यो। मनमा एउटा कौतुहलाले स्थान लिइरहेको थियो। तर ज्यान गए पनि मैले भने ठम्याउनै सकिन कि उ को होला भनेर। गुड्डा गुड्दै निर्धारित स्थान पनि आई पुगेछ। सबै मोटर साइकलबाट यात्रु र चालकहरू ओर्लन थाले। म पनि ओर्लें। मेरो सारथी पनि ओर्लिए। मैले दृष्टि उतिर दिइरहें। मेरेा कौतुहलता मेटिएको थिएन। उसले सबभन्दा पहिला हातबाट पन्जा फुकाले। अनि हेल्मेट। त्यसपछि मुहारबाट मास्क। अनिमात्र मैले देखें उ त अरू कोही हैन सुरेशकिरण पो रहेछ। मलाई ग्लानी पनि भयो। त्यत्रो वर्षदेखि संगसंगै हिंडिरहेको सहयात्रीलाई त्यत्तिबेला कसरी चिन्न सकिन। अनुहार त मास्क र हेल्मेटले छोपियो भनौं न स्वरले चिन्नु पर्ने हो नि मैले। तर चिन्न सकिंन।

मैले यो कुरा त्यहाँ कार्यक्रममा पनि सुनाएँ। सबै जना गलल हाँसे। त्यहाँमात्र हैन पछि पनि साथीभाईहरू भेट हुँदा यही कुरामा हाँस्ने गरे। यसरी एक अर्कासंग गहिरो चिनजान भएका हामी। अचानक उसले हामी मात्र हैन यो संसार नै छोडेर गयो भनेको सुन्नु पर्दा गहिरो चोट परेको छ। असह्य पीडा भएको छ। यो पीडा मलाईमात्र हैन, नेपालभाषा प्रति मायागर्ने सबैलाई भएको छ। साहित्य संस्कृतिका शुभचिन्तकहरू सबैलाई भएको छ। उनको असामयिक निधनले नेपालभाषाको सन्चार जगत, साहित्य जगत र सांस्कृतिक क्षेत्रका सबै मर्माहत भएका छन्। त्यस्ता अतुलनीय योद्धाप्रति शब्दरूपी श्रद्धान्जली अर्पण गर्दछु।

(लेखक तुलाधर अग्रज सिने पत्रकार एवम् नेवाः पत्रकार र
ाष्ट्रिय दबुका सल्लाहकार हुनु हुन्छ।)

■

प्रिय कवि

शार्दूल भट्टराई

मधुर मुस्कान। मीठो बोली। सरल व्यवहार। शालीन स्वभाव। रचनात्मक सोच। सिर्जनशील क्रियाशीलता। आलोचनात्मक चेत। इमानदार भावना। अग्रगामी चिन्तन। असल व्यक्ति। उन्नत व्यक्तित्व।

जीवनमा सबै मानिस सबैका लागि प्रिय हुँदैनन्। धेरै मानिस सधैंका लागि प्रिय पनि हुँदैनन्। सबैका लागि प्रिय त शायद कोही पनि नहोला। तर सुरेश किरण फरक थिए। लाग्छ - उनी सबैका लागि प्रिय थिए। अथवा धेरैभन्दा धेरैका लागि प्रिय थिए।

सुरेश किरणलाई पहिलो पटक मैले जस्तो देखेको थिएँ, अन्तिमसम्म पनि त्यस्तै देखें। पत्रकारिता, सिर्जनात्मक लेखन र बौद्धिकतामा उनले धेरै विकास गरे तर व्यक्तिगत स्वभाव, व्यवहार र जीवनशैलीमा मैले कुनै भिन्नता देखिन।

सुरेश किरणसँग मेरो पहिलो देखभेट लेखक/पत्रकार मल्ल के. सुन्दरको सम्पादनमा प्रकाशित नेपालभाषाको साप्ताहिक समाचार पत्रिका 'इनाप' को प्रेसमा भएको थियो। त्यो पञ्चायती शासनकाल थियो। त्यस बेला हामी हाम्रो टोल चाबहिलमा 'मित्र वाचनालय' नामको सार्वजनिक पुस्तकालय सञ्चालन गरिरहेका थियौं। २००७ सालमा प्रजातन्त्रवादीहरूद्वारा स्थापित उक्त पुस्तकालय २०१७ सालपछि स्थानीय वामपन्थीहरूले सञ्चालन गरेका थिए। उक्त पुस्तकालय २०५२ सालसम्म निरन्तर सञ्चालनमा रहेको थियो। त्यो पुस्तकालय सञ्चालनमा म पनि लामै समय संलग्न रहें। २०३७ सालदेखि २०४५ सालसम्म हेमराज शाक्य अध्यक्ष र म सचिव रहेर त्यो पुस्तकालय सञ्चालन गरेका थियौं। पुस्तकालयमार्फत हामी साहित्यिक र सांस्कृतिक कार्यक्रमहरू गरिरहन्थ्यौं। कार्यक्रम सम्पन्न गरेपछि त्यसको समाचार आफैंले बनाएर विभिन्न पत्रपत्रिकामा पुऱ्याउने गरेका थियौं। त्यसै क्रममा एक पटक हामीले चित्तधर हृदयको जन्मजयन्ती मनाएका थियौं। त्यस कार्यक्रममा हामीले पद्मरत्न तुलाधर र मल्ल के. सुन्दरलाई अतिथि वक्ताका रूपमा बोलाएका थियौं। नेपालभाषामा केही



कविता पनि वाचन गरिएका थिए। मानिसहरूको उल्लेखनीय उपस्थितिमा कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो। त्यस कार्यक्रमको समाचार बनाएर विभिन्न पत्रपत्रिकामा दिने क्रममा हेमराज शाक्य र म 'इनाप' को कार्यालयमा पुगेका थियौं। त्यहाँ पत्रिकाका सम्पादक मल्ल के. सुन्दरसँग भेट त भएन तर समाचार दिनका लागि उनीसँग कुरो भइसकेको थियो। उनी आफैं कार्यक्रमका अतिथि वक्ता भएकाले उनैले विस्तृत रूपमा समाचार टिपेर 'इनाप' मा पठाइदिन भनेका थिए। त्यसैले पनि हामी समाचार दिन 'इनाप' कार्यालयमा पुगेका थियौं। बांगेमुढामा रहेको 'इनाप' कार्यालय सुनसान थियो। कार्यालयमा कसैलाई नदेखेपछि हामी तल ओर्लियौं। भुइँतलामा रहेको प्रेसमा हाम्रो भेट पत्रिकाको 'कम्पोज' मा व्यस्त सुरेश मानन्धरसँग भयो। उनले समाचार आफैंलाई छोडिदिए पनि हुने बताए। 'मित्र वाचनालय' को लेटरप्याडमा लिखित समाचार हामीले उनैलाई दियौं। त्यो समाचार छापियो पनि। हामी सुरेश मानन्धरबाट खुशी भयौं।

पत्रकार अशोक श्रेष्ठको सम्पादनमा निस्किने 'विश्वभूमि' (पछि न्हुगु विश्वभूमि) पत्रिकाको कार्यालयमा हामी बेलाबेलामा गइरहन्थ्यौं। कहिले अशोकले बोलाएर जान्थ्यौं, कहिले नबोलाईकनै पनि जान्थ्यौं। उनले नबोलाएको बेलामा अचानक पुग्दा पनि उनी खुशी हुन्थे। एक पटक उनले नबोलाईकनै अचानक पत्रकार शम्भु श्रेष्ठ र म पुगेका थियौं। उनी खुशी भए र खाजा पनि खुवाए। हामी खाजा खाँदै थियौं, केही वर्षअघि 'इनाप' पत्रिकामा हामीले भेटेका सुरेश मानन्धर त्यहाँ टुप्लुक्क आइपुगे। मैले हत्तपत्त " तपाईं सुरेश मानन्धर होइन ?" भनेर सोधें।

उनले जवाफ दिनुभन्दा अगाडि नै अशोकले जवाफ दिए, "हो, ऊ सुरेश मानन्धर हो। ऊ यहीं काम गर्छ। ऊ पत्रकारितामा राम्रो छ। सुरेश किरणका नाममा कविता पनि लेख्छ। सुकी नाममा व्यंग्य पनि लेख्छ। सबै कुरामा प्रतिभाशाली छ ऊ।"

व्यक्ति नचिने पनि सुरेश किरण भन्ने नाम मैले सुनेको थिएँ। सुकी नाममा व्यंग्यहरू प्रकाशित भइरहेका कुरामा पनि म जानकार थिएँ। तर 'इनाप' मा काम गर्ने तिनै सुरेश मानन्धर नेपालभाषामा कविता लेख्ने सुरेश किरण हुन् र तिनै सुरेश किरण व्यंग्यलेखक सुकी हुन् भन्ने कुरा थाहा थिएन। 'इनाप' मा काम गर्ने तिनै सुरेश मानन्धर 'विश्वभूमि' मा पनि काम गर्ने रहेछन्। खासगरी शुरुमा 'इनाप' को प्रेसमा पत्रिका 'कम्पोज' को काम गर्ने तर पत्रकारिता चाहिं 'विश्वभूमि' मा गर्ने गरेका रहेछन्।

सुरेश किरणसँगको दोस्रो भेटमा चिनजानलाई नवीकरण गर्न पाउँदा हामी खुशी



भयौं। त्यसपछि उनीसँग बेलाबेलामा भेट हुन थाल्यो। कहिले 'विश्वभूमि' कार्यालयमा र कहिले विभिन्न कार्यक्रमहरूमा।

झन्डै चार दशकअघि नै मैले कविता लेखनमा सुरेश किरणको नाम सुनेको थिएँ तर कविता पढेको थिइन। उनको पहिलो कविता मैले पञ्चायती शासनकालमा 'दृष्टि साप्ताहिक' मा पढेको थिएँ। लेखक/पत्रकार राजेन्द्र स्थापितले नेपालभाषाबाट नेपाली भाषामा अनुवाद गरेको उक्त कविता मलाई निकै राम्रो लागेको थियो। निरंकुश शासनकालमा लेखिएको उक्त कवितालाई मैले क्रान्तिकारी कविता मानेको थिएँ। म सुरेश किरणको त्यही एउटै कविताबाट प्रभावित बन्न पुगेको थिएँ।

बहुदलीय व्यवस्थाको स्थापनापछि सुरेश किरणको सक्रियता पत्रकारितासँगै कविता लेखनमा पनि देखिन थाल्यो। नेपालभाषामा मात्र होइन, नेपालीभाषामा पनि उनी उत्तिकै राम्रा कवि मानिन थाले। नेपालभाषामा लेखे पनि उनका कतिपय कविता उनी आफैंले नेपाली भाषामा समेत अनुवाद गर्ने गरेका थिए। एक पटक र ाष्ट्रिय जनसांस्कृतिक मञ्चद्वारा काठमाडौंमा आयोजित बहुभाषी कविगोष्ठीमा उनले नेपालभाषामा कविता सुनाएका थिए। म यकिनका साथ भन्न त सक्दिन तर त्यस कविताको शीर्षक 'थःछें' हो कि जस्तो लाग्छ। भाषाका कारण हामी केही श्रोताले त्यो कविता राम्रोसँग नबुझे पनि बुझ्ने साथीहरूले भारी प्रशंसा गरेका थिए। त्यसको केही समयपछि प्रगतिशील लेखक संघले काठमाडौंको पद्मकन्या क्याम्पसमा आयोजना गरेको कविगोष्ठीमा उनले नेपाली भाषामा 'आफ्नो घर' भन्ने कविता सुनाएका थिए। हामी चकित पर्‍यौं। कस्तो राम्रो कविता! हामीले त्यसअघि नेपाल भाषामा सुनेको र राम्रोसँग नबुझेको त्यही कवितालाई आफैंले नेपाली भाषामा अनुवाद गरेर सुनाएका रहेछन्। उनको त्यो कविता सुनेपछि मलाई लाग्यो - सुरेश किरण अब्बल कवि हुन्। नभन्दै, कालान्तरमा राम्रा र स्तरीय कविता लेख्ने थोरै कविहरूका पंक्तिमा आफूलाई स्थापित गर्न उनी सफल रहे।

लामो समयको चिनजान तर यदाकदाको भेटघाटमा हामीले चिनेका सुरेश किरण गम्भीर कवि/लेखक र पत्रकार थिए। उनी कुनै पनि विषयमा हत्तपत्त बोल्दैनथे। बोली हाले पनि थोरै बोल्थे। सकेसम्म कमै बोल्थे। उनी अरूका कुरा बढी सुन्थे। आफ्नो ज्ञान कमजोर भएर होइन, अरूबाट थप ज्ञान प्राप्त हुन्छ कि भन्ने जिज्ञासा उनी राख्थे। उनी असल वक्तामात्र थिएनन्, असल श्रोता पनि थिए।



प्रारम्भमा पत्रकारिता र कविता लेखनमा अगाडि बढेको उनको यात्रा पछि अरू विधामा पनि फैलियो। उनी व्यंग्यकारका रूपमा पनि चर्चामै रहे। नेपालभाषा, नेपाल संवत्, संस्कृति, सभ्यता र इतिहासका विषयमा उनले गम्भीर अध्ययन गरे। ती विषयमा उनले महत्वपूर्ण लेखहरू लेखे। 'इनाप', 'विश्वभूमि', 'जनआस्था' आदि पत्रिकामा काम गरेका/स्तम्भ लेखेका सुरेश किरणले नेपालभाषाको पत्रिका 'सन्ध्या टाइम्स' को सम्पादन लामै समय गरे। त्यही पत्रिकामार्फत उनले आफूलाई राम्रो पत्रकार र राम्रो सम्पादकका रूपमा स्थापित पनि गरे। कुनै समय यो पत्रिका काठमाडौंमा निकै लोकप्रिय पनि रह्यो। पछिल्लो समय 'नेपालभाषा टाइम्स' को संस्थापक सम्पादक रहेका उनी नेपालभाषा आन्दोलनका एउटा दर्बिलो हस्ती थिए। राम्रो कवि, असल व्यंग्यकार, मर्यादित पत्रकार, गम्भीर संस्कृतिकर्मी र कुशल सम्पादकको व्यक्तित्व निर्माण गरेका सुरेश किरण कुनै पनि घटना र विषयमा विवेकसहितको आलोचनात्मक चेत र थ्ये।

तीन वर्षअघि वरिष्ठ चित्रकार हरिप्रसाद शर्माका नेपालको इतिहास, संस्कृति, समाज र जनजीवनमा आधारित भ्रण्डै नब्बे वटा चित्रकलाहरू संगृहीत पुस्तक प्रकाशनका क्रममा सुरेश किरण त्यस पुस्तकसँग पनि जोडिएका थिए। पुस्तकमा संगृहीत चित्रकलाहरूको ऐतिहासिक, सांस्कृतिक एवं सामाजिक अर्थ स्पष्ट पार्नका लागि तिनको व्याख्या शब्दहरूमै गर्नुपर्ने आवश्यकता बोध भएपछि चित्रकार शर्माका सुपुत्र डा. विष्णुप्रसाद शर्माले नेपाली भाषा, नेपालभाषा र अंग्रेजी भाषामा प्रारम्भिक लेखनबाट चित्रकलाहरूलाई स्पष्ट पार्ने काम गरिसकेका थिए। उनले तीन वटै भाषाका सम्पादक चयन गर्ने सिलसिलामा नेपाली भाषाको सम्पादन गर्ने जिम्मा मलाई दिएका थिए। नेपालभाषाको एकसरो लेखन/सम्पादनमा

> "वरिष्ठ चित्रकार हरि प्रसाद शर्माका नेपालको इतिहास, संस्कृति, समाज र जनजीवनमा आधारित झण्डै नब्बे वटा चित्रकलाहरू संगृहीत पुस्तक प्रकाशनका क्रममा सुरेश किरण त्यस पुस्तकसँग पनि जोडिएका थिए"



सुलोचना मानन्धरको सहयोग उनले लिइसकेका रहेछन्। तथापि, उनी शुद्धाशुद्धिको दृष्टिले पनि नेपालभाषाको सम्पादनमै काम गरिरहेका कुनै व्यक्तिको खोजीमा रहेछन्। मैले उनको कुरो सुन्ने बित्तिकै नेपालभाषा सम्पादनका लागि सुरेश किरणको नाम लिएँ। उनी खुशी भए। मैले तत्कालै डा. विष्णुप्रसाद शर्मालाई सुरेश किरणसँग फोन सम्पर्क गर एँ। सुरेश किरण वरिष्ठ चित्रकार हरिप्रसाद शर्माका चित्रकलाहरूको व्याख्यासहितको संग्रह 'समयक्रममा नेपाल' (नेपाल डाउन द एजेज) मा नेपालभाषा सम्पादकका रूपमा जोडिन पुगे। भाषा सम्पादनको सिलसिलामा सुरेश किरणसँग हाम्रो सम्पर्क निरन्तर र ह्यो। नेपाली र नेपालभाषाको सम्पादनको कामलाई अन्तिम रूप दिने क्रममा हामी बत्तीसपुतलीस्थित सोसियल साइन्स वहाःको कार्यालयमा लामै समय बसेका थियौं। त्यही बसाइबाट हामीले संयुक्त रूपमा भाषा सम्पादनको काम सम्पन्न गरेका थियौं। अति व्यस्त अवस्थामा रहेका सुरेश किरणले उक्त पुस्तकमा नेपालभाषा सम्पादनको काममा महत्वपूर्ण सहयोग पुऱ्याएका थिए।

त्यसपछि पनि बेलाबेलामा उनीसँग भेट हुने गरेको थियो। भाषा आयोगको आयुक्तमा नियुक्त भएपछि उनीसँग फोनमा कुरा भएको थियो। त्यसको केही समयपछि सुरेश किरणसँग नयाँ सडकमा भेटभएको थियो। त्यस दिन उनले नयाँ सडकको आफ्नो पुरानो घर पनि देखाएका थिए। त्यसपछि छुट्टिएका उनी फेरि भेट भएका थिएनन्। अब त कहिल्यै भेट नहुने गरी गइसके।

सुरेश किरणले लेखेका र सम्पादन गरेका साहित्यइतर विधाका पुस्तक त अरू पनि छन् तर साहित्यमा भने नेपालभाषामा उनको एउटै मात्र कविता संग्रह छ, 'थौं घण्टाघरं जिके ई न्यानाच्वन' (आज घण्टाघरले मसँग समय सोधिरहेछ)। यस संग्रहका कतिपय कविता नेपाली भाषामा अनुवाद भएर विभिन्न पत्रपत्रिकामा प्रकाशित छन्।

सुरेश किरणका व्यक्तित्वका पाटाहरू धेरै छन्। तर पनि मलाई उनी बढीभन्दा बढी कवि नै हुन् भन्ने लाग्छ। त्यो पनि राम्रो र प्रिय कवि। उनी मेरो मात्र होइन, धेरैका प्रिय कवि हुन्। यो बेला भन्न मन लागेको छ - प्रिय कवि सुरेश किरण आफ्ना कवितामा सधैंभरि बाँचिरहुन् ,आफ्ना लेख/रचनामार्फत हामी सबैका मनमा सधैंभरि छाइरहुन्।



सुरेश दाइया ससलय् वनाबलय्

कृष्ण प्रजापति

भाषा ब्वनेवं भाषां च्वये सइगु मखु जुयाच्वन। नेपालभाषा ब्वनेवं नं नेपालभाषां शुद्ध याना च्वये सइगु मखु जुयाच्वन। जिं थ्व ज्ञान थौं स्वयां स्वीदँ न्ह्यः सुरेश मानन्धरपाखें सयेका। नेपालभाषा विषय कयाः आइ. ए. पास याये धुंकाः नेपालभाषा न्हिपौ सन्ध्या टाइम्स पिथनेगु सुरु जुइवं उगु पत्रिकाय् विज्ञापन वयेवं भाषा ब्वनागु हे लिधंसाय् जितः समाचारदाता जुइगु बिचाः ब्वलंगु खः। वहेकथं जिं अब्ले निवेदन दुतिना। जितः ज्या याकल। नाटक, ख्यालः, एकांकी च्वयेगु ज्या न्यादँ-च्यादँ न्ह्यःनिसें यानाः ख्वप भाषां जक अप्वः धइथें च्वज्या न्ह्याकाच्वनाम्ह छम्ह भाषाह्यमियात समाचार च्वयेगु इलय् नेपालभाषाया मानक भाषां च्वये माःबलय् भचा थाकू जुल। अथे खःसां घटना, परिघटना व वक्तब्यपाखें समाचार दयेकाः डेक्सय् तयेवं उगु समाचार टाइप यायेगु थासय् तकं थ्यंके न्ह्यः सम्पादक सुरेश मानन्धरं छकः क्वथीक स्वयादी। अले उकि ह्याउँगु कलमं थाय् थासय् शब्द शुद्ध यायेमाःगु, तनेमाःगु, लिकायेमाःगु फुक्कं तयार यानाः टाइप याइम्हसिथाय् टेबुलय् तये यंकी। टाइप क्वचायेवं उगु समाचार च्वयागु भ्वँ रद्दी बाल्टिनय् थ्यनी। तर जिं उकियात मातु मालाः लुइकाः जिं छु छु गल्ती यानाः धकाः स्वयेगु जिगु नियमित बानी धइथें जुयाच्वन।

सम्पादकया क्वथाय् व सम्पादनया टेबुलय् नापनापं स्वींदँ तक च्वना नं सुरेश दाई नापं जिं छक्वः हे औपचारिक रूपं पत्रकारिताया तालिम धाःसा काये मनं। अथे खःसां वयकलं च्वये धुंकाः वयकःया टेबुलय् थ्यंगु जिगु लेख, रचना, समाचार, विचार व र इपोर्टाजयात हाकनं न्हूगु हे शैलीं न्हूगु हे यानाः स्पष्ट, सरल व ब्वने न्ह्यइपुक संशोधन याना कम्प्यूटर टाइपय् छ्वयातःगु भ्वँ लुइकाः हाकनं जिं च्वयागु चीजयात दोहोरो ब्वनेगु यायां जिं थौं नेपालभाषा भचा शुद्ध याना च्वये सयेकागु खः। थ्व ज्या यायां जितः नं जिं न्हापा यैँमि भाय् धयाच्वनागु नेपालभाषाया मानक भाषा च्वयेगु अःपुल। सुरुं ख्वप भाय्या आपालं प्रभाव दुसां आः नाटक व ख्यालः ख्वपय् क्यने हे मालीबलय्



बाहेकं मेमेगु लेख रचना च्वयेगु इलय् शुद्धं च्वयेगु अभ्यास ताःलाना वनाच्वंगु दु। थ्व उपलब्धीया लागिं धाःसा जिं दँदँ तक थःगु हे ल्हातं च्वयागु सामग्रीयात शुद्ध याना तयेधुंकाः टाइप यानाः वांछ्वयेत बाल्टिनय् तयातःगु सामग्री छेंय् यंकाः ब्वनेगु च्वयेगु अभ्यास याये नं।

थ्व छगू लेखकीय पक्ष जुल। न्हापां खंसांनिसें छम्ह सम्पादक कथं म्हसीके धुनाम्ह सुरेश मानन्धरयात छम्ह न्हिलासु दंम्ह व मेपिंत नं उलि हे सम्मान यायेसःम्ह ब्यक्तिकथं जिं ध्वाथुइका। नापं ज्या सनेगु भ्ःवलय् लः जक त्वने माःसां मेपिंत थःगु खँ धाये ला मधायेला थें यानाः कृष्णजी छि लः त्वनेम्वाःला धकाः न्हापां न्यनेकने निं यानादी। अले थः लः त्वनेमाःगुलिं उगु इनाप याःगु खँ थुइकाः लः जायेकाः बियेत मेपिंत उत्साहित यानाच्वनी। चिया छगूया भरय् सुथय् बान्हि तक छुं मनःसें सम्पादकया फुक्कं ज्या क्वचायेवं १ वा २ बजे तिनि बिस्तारं पिने वनाः छुं भपियादीम्ह सुरेश दाइनं जि नापं गब्लें हे परिवारया खँ, छेंया मामला व दुःख सुखया खँ ब्याकूगु मसिउ। तर गर्व पुरस्कार कयालिं छेंय् लिहां वंम्ह मां अन ईकुसे च्वंक तसकं हे थाकुक च्वनेमाःगु कारणं खइ बिर ामी जुल। ताः ई हे मदुबलय् मन्त। वयां लिपा धाःसा वय्कलं पशुपति लागाय् थःपिंत ब्वलंकूगु थाय् धकाः राममन्दिर वनेगु त्वाथःया दथुइच्वंगु छेंं क्यनेत बाध्य जुयादिल। व नं थः मां मदुगु लुमन्तिइ भन्तेपिंत भोजन याकूगु दिं जितः नं अन वा धकाः भोजन यायेत सःतुगु इलय् जक।

जि स्वयां न्यादँ थकालि जूसां जि स्वयां न्यादँ लिपा जक इहिपाः याना हेटौडायात ससः यानादीम्ह सुरेश दाइनं थः ससःकिजायात ख्वपया छम्ह थःगु हे जात मानन्धर थरया म्ह्यायमचा इहिपाः याके न्ह्यः छक्वः धाःसा जितः ब्यक्तिगत ज्याय् ग्वाहालि कयादीगु दु। थ्व भ्ःवलय् वय्कलं जितः छड्के छ्वयाः अन थुम्ह मिल दुम्ह भति पसः दुम्ह मानन्धरया छम्ह म्ह्यायु जिमि ससःकिजायात हेटौडाय् बियेगु कायेगु खँ जुयाच्वंगु दु। उपिं गज्याःपिं खः भचा लिक्क च्वंपिं सुं दुसा छक्वः चियो यानाः सिइका वा धयादिल। थ्व ज्या ला उलि अःपुगु ज्या नं मखुत। मवने धाये थः सम्पादकं अह्रेयाःगु ज्या, याये अन तप्यंक सुं मानन्धर समुदाययापिं जिं थःम्हं म्हस्यूगु नं मखु। अथे जूगुलिं छगू उपाय लुइका। जिं थःम्हेसियां नाटक स्यना तयाम्ह छम्ह मय्जु खुसू थरयाम्ह अन ख्वपया खौमा त्वालय् दु। थाय् लक्सः द्यः नापं। अले मैंया खुसूयात कमल स्टुडियो लिक्क नाप लाना। प्यम्ह म्ह्यायु दुपिं मध्ये थुम्ह गथे च्वं धकाः तप्यंक



वनाः छानविन यायेगु ज्या न्ह्याका। मनू पाय्छिम्ह खः धायेवं सुरेश दाइयात उकथंया लिसः बियेगु ज्या जुल।

इमि इहिपाः नं जुल। थन नं होटेल दु, अन नं होटेल दु। वयात ज्या यायेत तसकं हे अःपू ताल। तर गाईगुई व मिसाचा न्हापा मेथाय् जक गनं इहिपाः जुइधुंकूम्ह जुल वा पायून वने धुंकूम्ह जुल धकाः सुं छम्ह निम्हेसिनं ससःदाजुयात तकं वा यँय् तकं खँ थ्यंकल। आखिर उकिं छैंय् मि नयेकेगु ज्या थें जूवन। मजिल धकाः छन्हु हाकनं जितः सुरेश दाइनं नापा लानाः छिं भिंम्ह बांलाम्ह धाःम्ह मिसाचा ला थज्याम्ह लात धाल, अज्याम्ह लात धाल धकाः थः ससःकिजायात यंकूम्ह भौया बारे कनादिल। जि हाकनं छक्वः उम्ह खुसू थरयाम्ह जि निर्देशक जुयाः कलाकार याना तयाम्ह मिसामचायात नापलाः वनेत बाध्य जुल। खँ न्यनेकने यानाबलय् उगु हे छैंया छम्ह मिसामचा भचा छ्वालुम्ह दुगु तर गुम्ह हेटौडाय् थ्यंम्ह खः व मिसामचा अज्याःम्ह मखुगु स्पष्ट जवाफ प्राप्त जुल। जिं धुक्क जुयाः सुरेश दाईयात उगु खँ कना। तर खँ तसकं हे बय्बय् जुइधुंकूगु कारणं थ्व खँय् मनूतय्त पत्याः यायेत हे थाकुल। आखिर जि थःहे सुरेश दाइनापं हेटौडाय् वनाः उगु खँ थथे खः, अथे मखु धया स्पष्टिकरण बिउ वनेमाःगु अवस्था ब्वलन। उकिया लागिं नं सम्पादक व विशेष संवादाता जि तयार जुया।

छन्हु जि व सुरेश दाई निम्ह नकतिनि नकतिनि जक चले जूगु दक्षिण काली जुयाः चिसापानीं हेटौडा थ्यंकेगु लं अन वनेगु योजना दयेका वना। भाउजुं जिमित थःछैंय् खँ मिले यायेत वनीपिं धकाः माने यानाः लँय् दथुइ नापलानाः दां भचा नं बिया छवत। जि धाःसा गाडीइ च्वनेगु इलय् भचा थाकू चाःम्ह। जितः लँय् छुं नये नं यइमखु। अथे

> “जितः सुरेश दाइनं थः ससःकियापिंत ससलय् वनाः स्पष्टिकरण बिइम्ह विशेष दूतकथं ब्वना यंकैत्यंगु। जि नं छम्ह प्रवक्ता है जुयाः ‘अन अथे मखु थथे खः धायेत भाषण कण्ठ यानाः है न्हूगु लं वनाच्वना।”



खःसां सुरेश दाईलिसें न्हूगु लँ वा अब्ले तक गब्लें हे मवनानिगु लँ चिसापानी जुकाः हेटौडा वनेगु लं वने खनीगु जुयाः मन चंचं धाः। जितः सुरेश दाइनं थः ससःकियापिंत ससलय् वनाः स्पष्टिकरण बिइम्ह विशेष दूतकथं ब्वना यंकेत्यंगु। जि नं छम्ह प्रवक्ता हे जुयाः अन अथे मखु थथे खः धायेत भाषण कण्ठ यानाः हे न्हूगु लं वनाच्वना। लँ उलि बांलाः नं मजूनि। आः थें हेटौडा वनेगु प्यपू लँ चाःगु नं मखुनि। थ्वहे १९ किलोमिटर ला कच्चि लँ। वा वयाच्वंगु ई। छथाय् ला गाडी हे चुइकीगु नं थाय् दु धयातःगु। अन बहनि जक थ्यन। तर वाः दिइधुंकूगुलिं जिमित उलि थाकू धाःसा मजुल। बहनी हेटौडाय् थ्यनेवं ससः खलकं जिमित बजि भाग नकेहल। उगु पति भचा नं त्वंकेहल। जितः सुरेश दाइनं न्यना दिल, अयूलाः यक्वः त्वनेमते, लगे जुइयः। जिं लिसः बियाः, अयूलाः त्वनेबलय् लगे मजूसा शरीर स्यंगु हे जुल नि। लगे जूगु बांलाः। जि ला अन बल्लागु दसि धिसिलाक न्हयब्वये माःम्ह तिनि।

खँ ला सतिकुन्हु जक जुइगु लानाच्वन। जिं खँ धाये मफइ धकाः छुं भचा अयूलाः मग्यासें हे त्वना छ्वयागु। अले सातिकुन्हु फ्रेस नं जुल। न्हूगु लं न्हापांखुसि हेटौडा वनाम्ह जितः सुरेश दाइनं म्हसीके बिल। इहिपाः याये न्हयः जिं वयूकःयाके न्यनेकने यानाः जक क्वछिइत धयागु खः। जिं अन हे तिनि इमि भौ म्हसिका। खँ सुरु जुल। जिं धयायंका। थन हयाम्ह भौम्ह अथे पिने गनं न्याल्लनिल्ल जुइम्ह मखु हँ। थःगु हे छैंय् ज्यासनेगुलि जक तल्लीनम्ह खः। थ्वहे छम्ह बाहेक मेम्ह नं इमि म्हयायूमचा दु, व धाःसा भचा अथेंथथें खँ दुम्ह धाःगु जिं अन सतीपिं नापं खँ थुइकागु दु। सुरेश दाइनं थ्व जिमि विशेष संवाददाता खः धकाः अब्ले जिगु परिचय बिउगु खः। थथे सुरेश दाइया ससः खलकय् वनाः ससः किजाया कलाःयात छैं यानागु लिच्वः जुइमाः सुरेश दाइनं जितः थः काय् विदेश छ्वयेत नं ससः खलः लिक्क लाःम्ह वैदेशिक रोजगारय् मनू छ्वइम्ह एजेण्टयात काय् नापलाकेगुनिसें कयाः अरनिको समाजपाखें चीनय् श्रीकृष्ण महर्जन व जि तःधिकःम्ह काय् छम्हेसित नं निःशुल्क हे धइथें न्यादँ तक चीनय् टेलिभिजन इडिटिंगया कोर्ष ब्वनेगु ज्याय् ग्वाहालि यायेत बारम्बार जिगु छैंय् वनेगु वयेगु याःगु दु।

•



'हाकिम' (सुरेशकिरण)

रेख्वा शाक्य

द्यना च्वनाम्ह जि। फोनया घण्टीं न्ह्यः चफुना बिल। घडी स्वयां सुथसिया ७ बजे जूगु। 'हलो' धाये मलाःनि उखें "सुरेशया उसाँय् चिन्ताजनक धाल खःला ?" धकाः सः तायेदत। पत्याः याये थाकुगु खँ। सुरेश दाइ मफुसा जिं मसिइला ? सुनां धाःगु धयां "फेसबुकय् समाचार दुनि" धाल। जिं तथ्य खँ सिइकेत फेसबुकय् पतिचां च्वय् क्वय याना। ग्वः ? सुनां छुं तयातःगु मखना। बल्ल नेवाः अनलाइन न्यूजय् सुरेश किरण ज्याझ्वलय् बेहाश जुयाः महाराजगञ्जया मनमोहन अस्पतालय् भर्ना यानातःगु....अवस्था चिन्ताजनक धकाः खन। छगू हे सासलं च्वयातःगु खँ ब्वना। म्हगः हे पिइसे च्वन। वाथावाथा कन। सुयाके न्यने धयाथें जुल। म्यासेञ्जरय् सुयाके न्यने धकाः स्वयाबलय् वया ससःतता (जिगु छैंय्या न्ह्यःने च्वंम्ह) अनलाइन दूगु खना। वयात हे फोन याना। उखें हलो धायेवं सुरेश दाइयात गथे च्वं ? धकाः न्यनेवं उखें लिसः वःगु न्हाय्पनय् क्वाःगु चिकं लूगु थें जुल। "सुरेश ला म्हिगः बहनि हे मन्त। भिंचा पितबिइगु झ्वलय् हे हार्ट अटैक जूगु हँ।" थुलि न्यने मातलें जि ह्वाय्क हे ख्वये वल। सुयातं धायेमते नि धाल। थ्व खँ २०८२ फागुण २५ गते सोमवाःया जुल। मनय् अनेतनेया खँ लुमन। सुरेशदाइया न्ह्यूख्वाः व सदां "छंगु ख्वाः छकः स्वये दइला" धइगु खँपु लुमन। जिगु मिखां ख्वबि हायाच्वन। हरे, गज्यागु खँ न्यने माःगु ? छु जूगु जुइ ? छुं ई न्ह्यः तिनि हानं डेंगु जुल धाःगु। उकिं जकं कमजोर यात ला ? न्हापा बा व तःधिकम्ह दाजुयात नं तक्वः हे अथे अटैक जूगु बखतय् उग्रिमय् जिमिसं यायेमाःगु प्राथमिक उपचार यानाः नं होश मवयेवं म्हुतुं हे सासः बियाः होशय् हयागु लुमन। सखे अथे याःपिं जकं सुं मन्त ला ? छु छु मनय् वल धयां ब्याःगु मखुत।

भचा जायेकाः उदेन न्हुसाय्मियात फोन याना। निम्हसिया दथुइ ताहाकः खँ जुल। छु गथे जुयाः सुरेशदाइ मन्त धैगु खँ सकतां सिल। अन्तिम संस्कार २७ गते बुधबार जक याइगु जानकारी बिल। न्हिच्छि हे नुगः खुलखुल मिन। ख्वाः लुमन कि ख्वयेवल। २७ गते बुधबाः कुन्हु सुथय् सुरेशदाइयात नेपालभाषा मंकाः खलः, बिजेश्वरीया छैंय्



तयाः सकसिनं श्रद्धाञ्जली बियाः राष्ट्रिय सम्मान बियाः परिक्रमा लिपा अन्तिम संस्कार या ज्या याइ धकाः उदेनं धाल।

सुथय् भ्क्यातुगु नुगः ज्वनाः सुरेशदाइयात नापलायेत वना। लँपु सिथय् निम्ह-प्यम्ह मनुखं न्त्यःने सुरेशदाइया न्हिला ख्वाःया फ्लेक्स तयाः स्वामालं छायेपियाच्वन। जिगु मिखा मचायकं जाया वल। थःगु भ्क्यातुगु नुगः व पलाःयात घ्वानाः दुने प्रांगणय् वना। दुने जायकः हे मनूत मुनाच्वने धुंकल। सकसियां ख्वाः भुग्लुं। सुरेशदाइ म्हः छम्हं त्वपुइक स्वांमालं छायपिइकाः याउँक ग्वतुला च्वन। अहो उबलय् हे न्त्यःने च्वंगु फल्चाय् जिगु मिखा पिइके थें सुरेश दाइ फ्येतुना जितः स्वयाः न्हिलाच्वंगु खना। जि भसंग वन। अरे, सुरेश दाइ ला अन हे दुनि धकाः नुगलं धाल। मिखा फुति यायेमलाःनि जिगु मिखा छलेयानाः वयागु पलेसा देवाः छप्वाः न्त्यःने च्याकाः व ला फ्रेमय् लिकुना बिल। यम्मासा! थ्व छु जूगु ? जितः गज्यागु दृष्य क्यंगु धइथें म्हगः क्वालखं लूम्ह थें जुल। जितः भन ख्वये वल। गुबले सुरेशदाइयात नापलायेत जिं स्वां निफ्वः ल्हातिइ ज्वनां तुतिपाखे वना। जिं थःत पने हे मफुत। जि वयागु तुति भ्वसुना ख्वयेलात। नुगः तज्याइथें जुल। नुगलय् छता जक हे सः थ्वयाच्वन। "जि सिँपय् द्यना च्वना। स्वः वा रे छं जितः। हरे न्त्याबलें फोनय् खँ ल्हाःसां नापलाःवा जितः धाःसां "छंगु ख्वाः छकः स्वः वयेका" धाइम्ह जि यःम्ह सुरेश दाइ नं थौं जितः अखतं स्वःवाः धयाच्वन। राष्ट्रिय सम्मानसाथ सुरेशदाइया सीम्ह मोटरय् तयाः वयागु ज्याकूया लिसें थीथी थाय् चाःहिकाः ल्हुतिइ दिपय् थ्यंकाः थुगु यात्रा दित। सुरेशदाइनाप खँ ल्हानागु सकतां लुमंकाः नुगः ख्वयेकाः तुलुतुलु जक स्वये फयाच्वन। वयागु अन्तिम संस्कारकथं मि तःगु स्वयाः छैंय् लिहां वया।

न्त्याक्व हे पत्याः यायेमखु धाःसां सत्य थ्व हे जुल। सुरेशदाइ भी दथुइ मन्त म्हगलं। तर व जिं स्वये जिगु नुगलय् जक मखु सकसियां नुगलय् म्वानाच्वन, कालान्तर तक म्वाना हे च्वनी। छम्ह मनू सकसियां यःम्ह जुयाः म्वायेगु धइगु तसकं हे अजू चाइपुगु खँ जुइफु। तर थ्व खँयात सुरेशदाइ नं सत्य यानावन। व मदय्वं नेपालभाषाया हरेक कथंया बिधाय् ह्याकिं वन गबलें हे माथं मवनीगुकथं। सकसिनं म्हस्यू व छम्ह भाषाह्यःमि, वरिष्ठ पत्रकार, सम्पादक, साहित्यह्यःमि, नाटककार, ब्यङ्गकार, बाखंच्वमि, चिनाखँ च्वमि, संस्कृतिह्यःमि, नेपालभाषा आन्दोलनया चिन्तकया लिसें व भाषा आयोगया दुजः माननीय समेत खत। उकिं वयागु अवसानं गन गन, छुछु थासय् ह्याकिं वन व जिं कनेमालीगु मखुत।



जिं नेवाः ख्यलय् पलाः न्ह्याकागु नं स्वंगू दशक थ्यनीन तर व थें निस्वार्थ भावनां साथ बिइम्ह मखनानि । थ्व स्वंगू दशकया दुने यक्वः स्वार्थी व छलकपट याइपिं मनूतनाप संगत जुल । गुलिसिनं पासाया नामय् जितः विश्वासघात यात । गुलिसिन जिगु पलाःयात, च्वसायात दिकेत तुति ज्वना सालाकाल तर जिगु निति सुरेशदाइ छम्ह धिसिलाःगु आधार जुयाब्यूगु दु, गुम्हस्यां जिके दुने सुलाच्वंगु प्रतिभा व क्षमतायात खंकाः जितः ल्हाः ज्वनाः न्ह्यःने यंकेत जक मखु जिगु आज्जु व आज्जुइ थ्यंकेगु लँपु तकं क्यनाः पलाः धिसिलाकेत साथ बिल ।

सुरेशदाइ सुयां निंतिं किरण जुल । सुयां निंतिं सुकी जुल, सुयांनिंतिं सिंहराज जुल । सुयां निंतिं सुरेशकिरण जुल । तर जिगु निंतिं धाःसा व हाकिम जुया बिल । "हाकिम" (सुरेशकिरण) जिं सःतेगु नां । खय्तला जिं सुरेशदाइयात न्हापांनिसें "हाकिम" धायेगु मयाना । गबलेनिसें धया व नं जिके यकिन तिथिमिति मदु । गथे सुरेशदाइयात जिं गबलेनिसें म्हसिल धकाः धायेत यकिन तिथिमिति मदुगु खः ।

जितः लुमंकथं वि.सं २०५५ सालय् जि यलया क्याम्पसय् नेपालभाषाय् एम.ए. ब्वनाच्वनागु खः । उबलय् रेडियो नेपालय् नेपालभाषा ज्याझ्वः न्ह्याकेत मनू माल धकाः विज्ञापन वःगुलिं जि नं ज्याझ्वः न्ह्याकेत वना । अन वि.सं २०५५ सालया चैत्र ३० गतेनिसें ज्याझ्वः नं न्ह्याका । अन ज्याझ्वः न्ह्याकामिया रूपय् दुहां वनेधुंकाः अबलय् असनय् अफिस, जि नं अन वनाच्वनागु इलय् जुइमाः शायद सुरेशकिरण दाजु राज स्यस्यःया पासाया नातां झाःगु । अन हे जि व सुरेशकिरण दाजुनाप न्हापां म्हसिका कालबिल जुल । ज्याझ्वःया बारे न्यनेकने यानादिल । नेपालभाषा हे कयाः ब्वनाच्वनागु धकाः सिइवं वयकलं "थ्व ला साप हे बांलागु खँ जुल । थुकथं हे नेपालभाषाया आधार दुपिन्सं ज्याझ्वः न्ह्याकल धाःसा ज्याझ्वलय् छगू तधंगु हिउपाः समेत वइगु व स्तर ीय जुइगु" खँ कनादिल । लिपा लिपा नं वयकःनाप अफिसय् झाइगु इलय् नतुसतु जू । उबलय् ज्वजलपा धायेगु व म्हः फु मफुया बारे सामान्यकथं जक खँ जू । जिं उबलय् तक वयकःयात दुग्यंक म्हसिकागु मदु । लिपा गनं नं नेपालभाषाया ज्याझ्वः जुइबलय् नापलाइगुलिं यानाः वयकःनाप मचायेक छगू कथं आत्मियताया स्वापू गथः चिन ।

वि.सं २०५६ साल श्रावणनिसें "स्वनिगः" प्रकाशित जूगु खः । उबलय् उगु हे पत्रिकाय् वयकःया नं "स्वनिगः" स्तम्भय् लेख पिहांवइगु । शायद जि उबलेनिसें वयकःया नियमित पाठक जूगु खइ । उकिइ जिं नं शुरुनिसें मखुसां छुं ई लिपा छम्ह स्तम्भकारया रूपय्



च्वयेगु याना। उगु वाःपौ पिथनेगु भ्ःवलय् छम्ह पासाया भिं चितामिकथं वाःपौयात स्तर ीय यायेत अफिसय् भाया माःगुकथं सल्लाह बियाभ्काइ। थुकथं सामान्य खँ नतुसतु ब्याःगु जिमिगु स्वापुतिइ मचायकं खँ ल्हाल्हां ख्याः नीया खँ तकं ब्याइगु अवस्था ब्वलन। धाइ नि ला, हिया जक सम्बन्ध जक क्वातुइगु मखु, आत्मियता व निस्वार्थ भावनां नं छम्ह मेम्हनाप उलि हे क्वातुक सम्बन्ध ब्वलनावनी। शायद जिमि दथुइ नं अथे हे जुल।

जि असनय् अफिस वनेगु भ्ःवलय् सुरेशदाइ नापलाःवनेगु नं जुजुं वन। वास्याःद्यःया न्हयःने अफिसय् च्वनाः गफया नापनापं च्वयेगुबारे नं खँ जुयाच्वनि। जिमिगु अफिस असनं दगूबहाः सरे जुल। उबलय् मदनकृष्ण सनिल ज्याभ्ःवः यायेत जुइमाः चाहे, जावलाखेलय् अफिस जुबलय् "जि नं म्ये हाले सः" ज्याभ्ःवः तःधंगु कथं जुल उकिइ नं वय्कलं सल्लाह सुभ्काव बियाः छम्ह भिंम्ह पासाया नातां साथ बियादिल। अनंलिपा अफिस चावहिल सरेजुल। वय्कःया छैंय् गौशाला जुगुलिं उबलय् इलय्ब्यलय् बहनि थःगु ज्या सिधयेकाः चावहिल भ्कायादी। उगु इलय् जिपिं अफिसय् हे च्वनेगु जुयाः वय्कःयात जिगु ल्हातिं थुयागु जा यक्व हे नकेनं। वय्कलं सदां जिं ज्वरेयानाः नकेगु नसाज्वलंया तारिफ यानादी। थुकथं मचायकं १५ दँया जिगु एफ.एम.यू ज्यानागु इलय् वय्कःनाप जिगु स्वापू यक्व क्वातुइ धुंकूगु खः।

वि.सं २०५८ सालपाखे हेटौंडाय् मनकामना एफ.एम ९२ मेगाहर्जय् व पोखराया माछापुच्छ्रे एफ.एम. ९१.२ मेगाहर्जय् न्हापांगु खुसिइ नेपालभाषाया ज्याभ्ःवः न्हयाकेत अनया स्थानीयनाप खँ ब्याकाः सहज वातावरण दयेका बिल। वि.सं २०६२ सालनिसें ला वय्कः व जिगु दथुइ आत्मियता व भावनात्मक रूपं स्वापू क्वातुइ धुंकल। जिमि दथुइ ज्याया खँ जक मखःसे दुःखसुखया खँनापं पारिवारिक खँ नं ब्याः।

साहित्ययू कविता, बाखं, म्ये च्वयेगुया लिसें थःगु शौखिनया रूपय् फोटो कायेगु नं यानाः वयाच्वनाम्ह, इलय्ब्यलय् जुइगु नेपालभाषा साहित्य सम्मेलनय् कविता वाचनय् नं ब्वति कायेगु यानाच्वनाम्ह जितः छम्ह पासा, छम्ह दाजुया नातां सदां लिधंसा बियादिल वय्कलं। कविता ब्वंवनेगु भ्ःवलय् वय्कः दाजुयात नं नापलाना च्वनी। उबलय् वय्कलं ब्वनीगु कविताया धार हे मेगु। जितः वय्कःया सम्पादकीय, कविता, समसामयिक लेख, फिचर ब्वने साप यः। तसकं बांलाक च्वयादी। जिं मुक्तकण्ठं वय्कःया बांलागु खँया प्रशंसा यायेगु।

वि.सं २०६९ सालंनिसें जिं फोटो कायेगु ज्या शौखया रूपय् न्हयाका। सामाजिक सञ्जालय् थःगु पेज नं चायकाःगु जुयाः छैंय् नं अफिस वयेगु भ्ःवलय् छु



छु खन व क्यामराय् कुनेगु। अले फेसबुकय् छत्वाचा जानकारी च्वया व फोटो तयाबीगु जिगु बानी। वय्कलं छन्हु थथे धाल– "रेखा, गुबलय् नं पत्रिकायात छुं थाय् ल्यनकि रेखाया फेसबुकय् स्व, अन भीत माःगु छुं नं छुं लुयावइ" धकाः पत्रिका पिथनेगु भ्क्वलय् ज्याकुथिइ धायेगु धइगु खँ कनादिल। "छं याना जिमित छुं भचा अपुगु दु।" उबलय् जिं वय्कःया खँयात न्हिलाःया लिसलं पूवंकाबीगु। छगूकथं जितः मचाय्कं सुरेशदाइ नं उबलेनिसें जनमानसया न्ह्यःने म्हसिकाबीगु यायेधुंकल धायेमाल।

जिं एफ.एम.या ज्या त्वःतेधुंकाः जिगु ध्यान फोटो कायेगुलिइ हे केन्द्रित जुल। व हे दथुइ छन्हु सुरेशदाजुं फोन यानाहल। छ न्ह्याबलें नेपालभाषाया तःगु ज्याभ्क्वलय् वनाच्वनी। फोटो कयाः हयाच्वनी। बरु छं थःगु शौखयात हे थःगु ज्या दयेकी। छं जिमिगु पत्रिकायात माःगु फोटो व जानकारी बिइगु खःला ? लिसें छ गनं वनेबलय् अनया बारे जानकारी मुनाः लेख व फीचर नं च्वयेगु खःला ? थुकथं छं नं जिमिगु पत्रिकाया नितिं ज्या यायेगु खःला ? थथे च्वयेगु यातधाःसा लिपा छं व सकतां लेख मुनाः सफूया रूपय् पिथंसां जिल। जितः वय्कःया प्रस्ताव मनासिब ताल। जिं अथे हे खुलातक वय्कःपिं नाप ज्या याना। थनंलिपा सुरेशदाजुनापया जिगु स्वापू भ्कन तःब्या जुल। जि न्हापा सन्ध्या टाइम्स जूबलय् अप्रत्यक्ष रूपं स्वानाच्वनागु खःसा वि.सं २०७३ सालया अन्तय् जितः नेपालभाषा टाइम्सय् च्वयेगु व फोटो बिइगुकथं प्रत्यक्षरूपं ज्या चूलात। जिं दकलय् न्हापां वय्कःया इनापय् वि.सं २०७२ सालया तःभुखाचं ध्वस्त जूगु "स्वयम्भूया पुनःनिर्माण गन थ्यनाच्वन" धइगु बिषययू च्वयागु खः। शायद थ्व हे जिगु न्हापांगु फीचर जुइ। गुगु नेपालभाषा टाइम्सया शुक्रवाःया तँसापतिइ पिदन। थुबलय्निसें सुरेशदाइया हःपालय् जिं यक्वः थाय् व जात्राया फीचर च्वयातुं वना। जिगु च्वसायात निरन्तर हपाः ब्यूम्ह छम्ह सुरेशदाइ हे खः। वि.सं २०७३ जेठपाखे श्री चक्रमान डंगोल स्मृति प्रतिष्ठान, पत्रकारिता क्षमता अभिवृद्धि तालिमयालिसें मेमेगु निगूस्वंगू ज्याभ्क्वलय् सुरेशदाइपाखें थःके दुगु च्वयेगु कलायात अभ्क च्वन्ह्याकेगु ज्ञान कायेखन।

वि.सं २०७४ सालय् वय्कःया हःपा कथं "पचली भैरव"या बारे च्वयाः सफू पिथना। वि.सं २०७५ सालय् वय्कःया हे हौसला व प्रेरणां जिं "जीवन्त संस्कृतिहरू" नांया सफू च्वयाः पिथना। सफूया नां वय्कलं हे तयादीगु खः। विद्यासुन्दर शाक्य यैं महानगर या मेयर जुइधुंकाः यैंयाःबलय् सार्क राष्ट्रया विशिष्ट पाहाँपिन्त चन्द्रागिरीइ यंकूबलय् नं छम्ह रिर्पोटरया रूपय् जिगु नां दुथ्याकाः जितः जनमानसय् म्हसिकाः स्थापित यायेगुलिइ



वयूकलं भूमिका म्हितादिल। वि.सं २०७६ सालय् ज्ञानकोष सफूया न्हापांगु रूपरेखा तयार यायेत नगरकोटय् यंकूगु इलय् जिं दकलय् न्हापां वयूकःनाप र ायपोटिज जुया साझेदारीकथं ज्या याना। अन सुना छु न्ववात उकिया टिपोट च्वयाः जिं बिइगु। उकिया रिपोर्ट सुरेशदाइ नं पूवंका बुझेयाइगु। वि.सं २०७६ सालय् नेपाः पासा पुचः अमेरिकाय् दोलखाया बारे छपु लेख च्वकेबिया दुथ्याकेबिल। वि.सं २०७७ सालय् यँै महानगरपालिकां पिकागु "यँै देय् म्हसिका" सफूतिइ कक्षा ४ निसें ८ कक्षा तक जिं कयागु फोटोत दुथ्याकेत जिगु नां प्रस्तावित यानाः उकिइ नं जिगु सहभागिताया नितिं ग्वाहालि यानादिल। वि.सं. २०७८ साल पौषय् हानं "नेपालमण्डलका केहि जात्राहरू" नांया सफू पिथना। थुगु सफूतिइ वयूकलं हे सम्पादन यायेमाः धकाः करं क्यंका। नां नं वयूकलं हे सुझाव ब्यूकथं तया। वयूकलं सम्पादकया भूमिकाय् जिगु नितिं च्वंगु व शब्दं जितः सदां हःपा बियाच्वंथें जुइगु। "न्हापा रेखाया छपाः किपातं १००० शब्द न्वंवाइगु, आः शब्द-शब्दय् १००० किपाः लुयावः" धकाः बचाः हाकलं वयूकलं जिगु बारे न्ववानादिल। वि.सं २०७८ सालय् नेवाः ज्ञानकोषया नितिं च्वयेत प्रेरणा बियादिल। वयूकलं धयादिल - रेखा ध्यबा जक नं सकतां मखु। छं च्वःगु व च्वसुं छन्त कालान्तर तक म्वाकाच्वनी। उकिं सुना नं छंत उगु लँपुपाखें विमुख जुइत ध्यबाया लालसा क्यन धाःसां वयात वास्ता यायेमते।" वि.सं २०७९-९-१४ गते जीवित श्री गणेश व भैरवया बारे च्वयेत जितः सःतल। थःत हे छाय् ल्ययागु धकाः न्ह्यसः न्यनाबलय् छंके छु दु छं हे मस्यू। "छ जात्राय् भ्यलय् पुनाच्वंम्ह छं अन खनीगु लू सकल पत्रकार व फोटोग्राफरं खनीमखु। छ वात्तुवालाः चिधंगुसिबें चिधंगु खँ लुइकाहइम्ह जुयाः छंत ल्ययागु" धयादिल। वयूकःया हे हौसला व विश्वासं वि.सं २०८१ सालंनिसें जीवित श्री गणेश व भैरवया जीवनी च्वयेगु झ्वलय् गबलें पिने सा गबलें जि, सुरेश दाजु व विश्व शाक्य जिगु हे छैंय् नं मुनेगु याना। जिं च्वयागु सकतां सुरेशदाइयात मेल यायेगु। वयूकलं सम्पादनया ज्या यानाच्वंगुलिं ईब्यः मदयेक हे खँ जू। थथे खँ जुइगु छुं ई निर्धारित मदु। वयूकःनाप



चान्हसिया ११-१२ बजे तक नं म्यासेञ्जरय् खँ जुयाच्वनी। वयूकः मदइगु १० न्हु न्ह्यः म्यासेञ्जरय् सम्पादनया ज्या क्वचाइन, मेगु हप्ताय् छन्थाय् छैंय् वयाः मिटिंग च्वनेगु न्हि धयादीगु। तर आकाभ्काकां वःगु दुखःया खं वयूकःया जीवनकालय् सफू च्वयेगु क्वचाये हे धुंकूगु खःसां उगु ज्या छुंछुं व्यवस्थापनया ज्यां अलमल जुयाः आः व सफू गुबलय् पिहांवइ धायेमफइगु अवस्था ब्वलन।

गबलें नं गनं जात्राय् वा चाह्यूवनेत्यंगु सिइवं जितः सुरेशदाइ नं अनया फिचर अले समाचार सामग्री मुंकाः वा धकाः सोतिप्वाँय् नं क्यंकाहइगु। गुकिं यानाः जितः च्वयेगु बाध्यता ब्वलनीगु। वि.सं २०८१ सालय् दाप्चा वनेत्यंगु सिइवं अनयाबारे लेखया नितिं सामग्री मुनाः वा धकाः धयादिल। वयूकःया इनापं जिं "दाप्चा मसिनी" लेख च्वयाः नेपालभाषा टाइम्सय् प्रकाशन याना।

सुरेशदाइनापया स्वापू जिं स्वयू हरेक ब्यक्तिया थःथःगु कथं हे दयेमाः। छायूकि वयूकः अज्याःम्ह ब्यक्तित्व खः गुम्हस्यां सु व्यक्ति गज्याःगु प्रवृतियाम्ह धकाः बांलाक हे म्हस्यू। धाथें धायेमाल धाःसा वयूकलं भीगु समाजय् वरिष्ठ धायेकाच्वंपिं सकसिगु नाडी ज्वने धुंकल। अथे खयानं वयूकलं सुयातं पक्ष वा विपक्ष दयेकूगु मदु। निगुलिं खलःया खँ सुम्क न्यनी। माःगुकथं थःगु ज्या याइ। जिगु ला आगंद्यः हे धाःसां पाइमखु सरेशदाई। जिगु सुख दुःखया हरेक खँ वयूकःनाप ब्याकेनं। वयूकलं छम्हसिगु खँ मेम्हसित गबलें कनेगु मयाः तर वयूकः छम्ह "हुन्छ बहादुर" नं खः। सुयातं म्हाः, मलाः, यायेमखु, धायेमसः। ज्यू, जिं इलं लाका याये धयादी।

सुरेशदाइ नं धाःगु छता खँ थने न्ह्यथने मास्तिवः। "रेखा, भीसं पिथनेत्यनागु जीवित श्री गणेश व श्री भैरवया गुगु सफू दु व आः तक सुना नं पिमथंनि। द्यः जुइधुंकूपिं थुलिमछिसिगुबारे छम्हसिनं हे अर्न्तवार्ता कयाः च्वःगु मदुनि। थ्व महत्वपूर्ण ज्यां समाजय् छंगु नां अभ्रं च्वय् थ्यनीतिनि।

अन्तय् जिं न्ह्याबलें बिचाः यायेगु जि मन्त धाःसा जिगु बारे दुग्यंक स्यूम्ह व जितः म्हस्यूम्ह सुरेशदाई नं जिगु बारे "रेखा शाक्य थ्व खः" धकाः छपु बांलागु च्वसू च्वइतिनी जुइ धकाः मतिइ तयेगु तर बिचाः मयानाकथं जिं "सुरेशदाई जिगु नितिं छु खः" धकाः च्वयाच्वने माल, कल्पना तकं मयानागु खँ थौं यानाच्वना। जि यःम्ह सुरेशदाई, भी भौतिक रूपं नापलाये मदुसां जिगु म्हगसय् सां वा न्हि।

■

शब्दको शान्त क्रान्ति : सुरेश मानन्धरको बौद्धिक यात्राको अन्तर्ध्वनि

श्रीजन झ्का

काठमाडौंको भीडभाड, कोलाहल र राजनीतिक कोठर ीहरूबीच एक आवाज सधैं शान्त देखिन्थ्यो। तर त्यो शान्ति भित्र गहिरो प्रतिरोध अन्तर्निहित थियो। त्यो आवाज थियो सुरेश मानन्धरको। पत्रकारको ब्यक्तित्व साथै, समयको साक्षी र विचारको सूक्ष्म शिल्पीका रूपमा समेत आफ्नो पहिचान बनाउन सफल मानन्धरको लेखन सनसनीका लागि थिएन। त्यो संवेदनाको सूक्ष्म स्पर्श थियो। उनी समाचारलाई केवल घटनाको सूची ठान्दैनथे उनी त्यसलाई समाजको ऐना बनाउँथे। जब अरूले शीर्षक खोजिरहेका हुन्थे, उनी अर्थ खोजिरहेका हुन्थे। जब धेरैले 'के भयो' लेखिरहेका हुन्थे, उनी 'किन भयो' र 'अब के हुन्छ' भन्ने प्रश्नमा डुबिरहेका हुन्थे।

मानन्धरको विशेषता यही थियो, उनी हतारमा निष्कर्ष निकाल्दैनथे। उनी समयलाई सुन्ने मान्छे थिए। उनका लेखहरू पढ्दा लाग्थ्यो, उनले शब्द रोजेको नभई शब्दहरूले नै उनलाई रोजेका हुन्।

पत्रकार महासंघको संस्थागत राजनितिक यात्राको क्रममा मात्र नभएर तत्कालीन संविधान सभाको पहिलो निर्वाचनको समयमा स्व. नविन्द्रराज जोशीको प्रेस संयोजकको भूमिका निर्वाह गर्ने क्रममा घनिभुतरूपमा पंक्तिकारले उनको बौद्धिकता र अनुशासित मौनतासंग साक्षात्कार गर्ने अवसर प्राप्त गरेको थियो।

पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाको निर्वाचनमा भिड्दै गर्दा तत्कालीन शाखा सभापति (स्व. अशोक श्रष्ठको कार्यकाल पछि प्रायः महासंघसँगको सम्पर्कबाट टाढा रहँदै आएका मानन्धर) ले मेरो आग्रहमा नै संघको सदस्यता नविकरण गर्दै काठमाडौं शाखामा नेवार समुदायका पत्रकाहरूलाई गोलवद्ध गर्ने जिम्मेवारी निर्वाह गर्न सुझाव दिएको त्यो क्षण आज पनि मेरो लागि महासंघको संस्थागत राजनीतिको महत्वपूर्ण क्षण साबित भएको छ।

हो यिनै अनुभवका वीच आजको चर्को बहस र तर्कको भीडमा कम तर गहिरो

बोल्ने आदरणीय मानन्धरसंगको अनुभूति सार्वजनिक गर्ने जमर्को गरेको छु।

वैचारिक दृष्टिकोणमा उहाँसँग मेरो विचारको मेल नभएपनि मानन्धर को पत्रकारिता तत्काल प्रतिक्रिया भन्दा दीर्घकालीन प्रभावमा केन्द्रीत हुने गरेको मेरो बुझाई रहेको छ। उनी प्रश्न उठाउँथे, तर जवाफ पाठककै विवेकमा छाड्थे। शायद यही कारण हो, उनको लेखनले पाठकलाई आफ्नै मनसँग संवाद गर्न बाध्य बनाउँथ्यो। निर्भिक विचार राख्ने साहसले उनलाई कहिलेकाहीँ एक्लो पनि बनायो। सत्ताको नजिक नजाने, जनताको आवाजसँगै उभिने उनको अडानले उनलाई अवसरको श्रृंखलाभन्दा टाढा राख्यो। चाहेको भए उनले आफूलाइ सहजै अवसर र लाभको टाकुरामा उभ्याउन सक्थ्यो। तर उनले त्यो कदापी चाहेनन्। निःस्वार्थ आफ्नो कर्ममा निरन्तर क्रियाशील रहीरहे। चाहे त्यो जनजीविकाको सवाल केन्द्रीत जनआस्था साप्ताहिकको शहर भित्रका कुरा स्तम्भमार्फत होस् या साँझको सन्ध्या टाइम्स दैनिक मार्फत होस्, सदैव जनआवाजलाई शान्त र शिष्ट शैलीमा मुखरित गर्नमा नै व्यस्त भए।

अन्तत सुरेश मानन्धरको त्यो विचारको निरन्तरताले शब्दहरू हतियार होइन, उज्यालो सावित भएका छन्। पत्रकारिता केवल पेशा होइन, समयसँग संवाद गर्ने साहस हो भन्ने मानक स्थापित गर्न सफल व्यक्तित्व बनेका छन् सुरेश मानन्धर। यहि मानकले नै पछिल्लो समय एक स्वतन्त्र, सत्य पक्षधर चिन्तकका रूपमा उनको पहिचान बन्यो। कुनैपनि बौद्धिक बहसमा उनको सधैं स्वर सन्तुलित हुन्थ्यो। न अत्यधिक कटु, न अत्यधिक नरम, तर सधैं स्पष्ट। उनको असहमति राख्ने तर्कशक्ति र संयमताप्रति सहभागीहरू सम्मानभाव राख्थे। यही कारण, उनको उपस्थिति केवल पत्रकारितामा मात्र होइन, सार्वजनिक विमर्शमा पनि अपरिहार्य बन्न गएको पाइन्छ। उनको दृष्टि परम्परागत सीमाभन्दा पर थियो।

भाषा आयोगमा सदस्यको रूप आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा उनले भाषालाई केवल सञ्चारको माध्यम नभई 'अस्तित्व'को आधारका रूपमा ब्याख्या



गरे। नेपालजस्तो बहुभाषिक समाजमा भाषाको सवाल सधैं राजनीतिक र सांस्कृतिक पक्षबाट प्रभावित बन्दै आएको अवस्थामा मानन्धरले यस बहसलाई कुनै एक भाषाको वर्चस्वभन्दा अर्थात संकुचनको धरातल भन्दा माथि उठेर समावेशी पहिचानको दृष्टिले हेर्न आवश्यक रहेको बताउने गर्थ्यो।

साथै भाषा हराउँदा शब्द मात्र हराउँदैनन इतिहास, स्मृति र समुदायको आत्मा नै ओझेल पर्छ भन्ने नीतिगत मान्यतासँगै भाषिक विविधताको संरक्षणलाई केवल नीतिगत विषय मात्र होइन यो नैतिक दायित्व पनि हो भन्ने विचारका पक्षमा आफ्नो अडान राख्दै आउनु भएको थियो। मानन्धरले आफ्नो कर्म क्षेत्रमा कहिल्यै पनि 'सन्तुलन'को नाममा मौन बस्ने प्रवृत्तिलाई स्वीकार गरेनन्। सत्य असहज हुन सक्छ, तर मौनता झन् खतरनाक हुन्छ भन्ने विचारका प्रतिविम्व बन्दै क्रियाशील हुँदै आएका थिए सुरेश मानन्धर।

तर आजभन्दा पैतालिस दिन अघि एक अनपेक्षित क्षणले यो स्वर सधैंका लागि मौन बनाइदियो। हृदयघातले कारण उनको निधन भएको सन्देशले नेपाली बौद्धिक वृत्त र पत्रकारिता क्षेत्रमा गहिरो शोक छायो। हृदयघातले उनको जीवन लिएको क्षणले केवल एउटा व्यक्तिलाई होइन, एउटा विचारधारात्मक स्पन्दनलाई पनि रोकिदियो।

सुरेश मानन्धर अब हामीसँग छैनन्, तर उनका विचार, शब्द, र उनले उठाएका बहसहरू अझै जीवित छन्। पत्रकारिता र बौद्धिक संसारले आज एक उज्यालो दियो गुमाएको छ, तर त्यो दियोले छोडेको उज्यालोले अझै धेरै समयसम्म बाटो देखाइरहनेछ। अब उनका लेख, कागजमा कोरिएका शब्दसँगै प्रश्न गर्ने बानी र पाठकहरूका मनमा उनले रोपेका प्रश्नहरू अझै जिउँदै छन् जुन उनको सबैभन्दा ठूलो विरासतको रूपमा रहेको छ।

अबका दिनमा उनले उठाएका प्रश्नहरूलाई पुनर्उत्थान गर्नु, भाषाको सम्मान र विविधताको पक्षमा उभिनु र पत्रकारितालाई केवल पेशा होइन–उत्तरदायित्वका रूपमा लिँदै उनले छोडेका अधुरा कार्यहरू सम्पादन गर्न पक्कै पनि चुनौतीको विषय हो। यहि चुनौतीलाई बुझ्दै "जहाँ आवाज ठूलो हुन्छ तर विचार हराउँछन्, वा जहाँ मौनता भित्रै गहिरो सत्य बोलिरहेको हुन्छ" भन्ने शास्वत सत्यलाई मनन गर्न सक्यौ भने मात्र साँचो अर्थमा उहाँप्रति श्रद्धाञ्जली हुन सक्छ। धन्यवाद भनी यो कलम बिसाउनु अघि शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदनासहित उनको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। **अल विदा सुरेश दाइ।**

झा, नेपाल पत्रकार महासंघ बागमती प्रदेश (उपत्यकाका) निवर्तमान अध्यक्ष हुनुहुन्छ।



हाम्रो समयका शान्त योद्धा

अभय श्रेष्ठ

तिम्रो ढोकामा ठिङ्ग उभिएको युवक
जो हात फैलाइरहेको छ
तर, केही मागिरहेको छैन
सोच, ऊ के मागिरहेको छ ?

-सुरेश किरण

कवि सुरेश किरणका दृष्टिकोण र अभिव्यक्ति शैली बिलकुल भिन्न थिए। 'पहिचान' शीर्षकको माथिको एक कवितांशले यही बताउँछ, जो सिङ्गै पहिचान आन्दोलनको अन्तर्य बताउन सफल छ। जो हात फैलाइरहेको छ, तर केही मागिरहेको छैन, यसको सङ्केत राज्यले बुझेको भए देशमा अल्पसङ्ख्यक र उत्पीडित समुदायले एकजातीय सत्ताविरुद्ध बारम्बार मुठी उठाइरहनुपर्ने थिएन।

प्रख्यात कवि, व्यङ्ग्यकार, पटकथा लेखक, पत्रकार, नेपालभाषा आन्दोलनकर्मी र नेपाल मण्डल सभ्यताका व्याख्याता। खासमा उनका हरेक भूमिका संस्थापन र सत्ताविरुद्ध शान्त युद्ध थिए। एक शान्त योद्धा भाषिक अधिकारको लडाइँ लड्दा लड्दै गत फागुन २५ गते शान्तिपूर्वक बिदा भए। आफन्तको बिहेबारीमा सरिक हुँदा उनलाई हृदयाघात भएको थियो। शान्त योद्धा, जसको निधनले मेटिनै नसक्ने निलडाम छाडेर गयो।

सुरेश किरण मूलतः नेपालभाषामा लेख्थे। नेपालीमा लेख्दा तुलनात्मक रूपले व्यापक चर्चा हुन्थ्यो। तर, उनी लोकप्रियता र द्रुत ख्यातिको लोभमा फसेको मैले कहिल्यै देखिनँ। उनले सदैव नेपालभाषालाई नै प्राथमिकता दिए। मातृभाषामा लेख्दा आफ्नो कुरा धक फुकाएर व्यक्त गर्न सकिन्छ भन्ने उनको धारणा थियो। संसारका धेरै लेखकहरू आफूले सपना देख्ने भाषामै लेख्नु भन्छन्। उनको धारणा त्यही थियो। तथापि उनले नेपाली भाषामा पनि ठुला दैनिक अखबार तथा म्यागजिनमा समानान्तर लेखिरहे। नेपालभाषामा जति नेपालीमा लेख्न आफूलाई सहज नहुने उनी बताउँथे। तर, जब नेपालीमा लेख्थे, नेपालीमै लेख्ने हामीभन्दा उनको लेखन धेरै राम्रो हुन्थ्यो।



> उनले नेपाली भाषामा पनि दुला दैनिक अखबार तथा म्यागजिनमा समानान्तर लेखिरहे । नेपालभाषामा जति नेपालीमा लेख्न आफूलाई सहज नहुने उनी बताउँथे । तर, जब नेपालीमा लेख्थे, नेपालीमै लेख्ने हामीभन्दा उनको लेखन धेरै राम्रो हुन्थ्यो ।

सुरेश किरणले सम्भवतः सबैभन्दा बढी नेपालभाषामा अखबारी लेख लेखे जो भाषिक तथा पहिचान आन्दोलन, आदिवासी, जनजाति तथा अल्पसङ्ख्यकको अधिकारमा केन्द्रित हुन्थे। विगतमा इनाप, विश्वभूमि, सन्ध्या टाइम्स र पछिल्लो समय नेपालभाषा टाइम्स र गोरखापत्र दैनिकको नयाँ नेपाल अन्तर्गत नेपालभाषा पृष्ठमा उनी नियमित समसामयिक लेख लेख्थे। गोरखापत्रको नयाँ नेपाल पृष्ठ स्थापनाकालदेखि लामो समयसम्म उनी त्यसको सहसंयोजक थिए। पछिल्लो समय उनी बागमती प्रदेशको प्रतिनिधित्व गर्दै भाषा आयोगका सदस्य थिए। भाषा आयोगका अर्का सदस्य मातृका पोखरेलका अनुसार सुरेश किरण बागमती प्रदेशमा खस नेपाली भाषाका अतिरिक्त नेपालभाषा र तामाङ भाषालाई सर कारी कामकाजको भाषाका रूपमा स्थापित गर्न काम गरिरहेका थिए। त्यसै अनुरूप बागमती प्रदेशले दुई वर्षअघि कानुन पनि बनाइसकेको थियो।

सङ्घर्षशील पत्रकार

नेपालभाषा तथा नेपालीका यी ख्यातिप्राप्त लेखकको पृष्ठकथा सम्झँदा धेरैलाई प्रेरणा मिल्छ। नेपालभाषा एकेडेमीका कुलपति तथा पूर्व वामपन्थी राजनीतिकर्मी मल्ल के. सुन्दर ०४० साल वरपर नेपालभाषा साप्ताहिक 'इनाप'का सम्पादक थिए। बाङ् गेमुडास्थित उनकै घरको छिँडीमा छापाखाना थियो। आधुनिक प्रेसमा पत्रिका छापिएको देख्ने अधिकांश पत्रकारलाई पुरानो जमानाको छापाखानाको सुसेधन्दा सुन्दा अचम्म लाग्छ। अहिलेजस्तो पत्रकारले कम्प्युटरमा लेख्ने, कम्प्युटरमै सम्पादन गर्ने, कम्प्युटरमै डिजाइन गरी कम्प्युटरबाटै एक क्लिकको भरमा छापिने त्यति बेला कल्पना समेत गर्न सकिन्नथ्यो। पत्रकारले कागजमा लेखेर दिएको आलेख वा समाचारलाई सम्पादकले र ातो कलमले केरमेट गरी सच्याएको हुन्थ्यो। कम्पोजिटरले पत्रिकाको आकारअनुसार

ब्लक बनाई त्यही कागज हेरेर अनेक अक्षर भएका केसबाट अक्षर निकाल्दै जोड्ने काम गर्थ्यो। त्यो अक्षर पनि उल्टो हुन्थ्यो। अनि त्यो ब्लक मेसिनमा राखी कागजमा छाप्दा सुल्टो भएर छापिन्थ्यो। कहिलेकाहीं ब्लकबाट कुनै अक्षर खस्दा अक्षर छुट्न जान्थ्यो। प्रुफरिडरले सच्याएअनुसार फेरि त्यसमा अक्षरहरू फेर्नुपर्थ्यो। खासमा कम्पोजको काम अत्यन्त जटिल र झिँजोलाग्दो हुन्थ्यो।

'इनाप' साप्ताहिकको छापाखानामा दीपक शाक्य नामका दक्ष कम्पोजिटर थिए जसले एक दिन दुब्लो कायाका गोरो र अबोध एक किशोरलाई लिएर आए। सम्पादकले राख्न नसकिने भन्दाभन्दै दीपकले उनलाई बिना तलब काम लगाए। एक महिनामै किशोरले कम्पोजमा बेजोड प्रगति गरे, शुद्धाशुद्धि उत्तिकै राम्रो। त्यसपछि उनलाई पनि तलब पाउने गरी जागिर दिइयो। एक दिन तिनै किशोरले सम्पादक मल्ल के. सुन्दरलाई एउटा लेख थमाए। लेखनमा भरपुर प्रतिभाको पुट थियो। सम्पादकले छापिदिए र लेखिर हन हौसला दिए। उनले लेखिरहे। 'इनाप'कै प्रेसबाट निस्कने 'विश्वभूमि' दैनिकमा पछि उनलाई रिपोर्टिङको काम दिइयो। कुनै बेलाका लजालु र अबोध तिनै किशोर पछि सुरेश किरणका नामले कवि, लेखक, पत्रकार, भाषा आन्दोलनकर्मीका रूपमा प्रख्यात भए।

विसं २०४६ मा जनआन्दोलनका कमान्डर गणेशमान सिंह प्रहरीको कडा निगरानीमा वीर अस्पतालमा उपचार गराइरहेका थिए। त्यसै बेला सुरेश किरणले अस्पतालमै सिंहसँग अन्तर्वार्ता गरेका थिए। सुरेशका दौतरी पत्रकार विजयकृष्ण श्रेष्ठका अनुसार 'विश्वभूमि' दैनिकमा छापिएको त्यो साहसिक वार्ता निकै चर्चित भएको थियो। सम्पादक अशोक श्रेष्ठले काँटछाँट नगरी छापेका

> "नर्सहरूसँग साँठगाठ गरेर साथी सुजीव वज्राचार्यसँगै डाक्टरकै भेषमा प्रवेश गरी उनले अन्तर्वार्ता लिएका थिए। नर्सहरूले उनलाई चिकित्सकका भेषमा गणेशमानको बेडसम्म पुऱ्याइदिएका थिए।"



थिए। जनआन्दोलन चर्कदै गएपछि राजा वीरेन्द्रले मरिचमान सिंहलाई अपदस्थ गरी नर मपन्थी पञ्च लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएपछि अबको आन्दोलनको बाटो के हुन्छ भन्नेमा केन्द्रित थियो त्यो वार्ता। सुरेश किरण स्मित हास्यसाथ यसबारे हामीलाई रोचक पाराले सुनाउँथे। नर्सहरूसँग साँठगाठ गरेर साथी सुजीव वज्राचार्यसँगै डाक्टरकै भेषमा प्रवेश गरी उनले अन्तर्वार्ता लिएका थिए। नर्सहरूले उनलाई चिकित्सकका भेषमा गणेशमानको बेडसम्म पुऱ्याइदिएका थिए।

अलिपछि उनी 'विश्वभूमि'कै सम्पादक भए। सम्पादक हुँदा उनको उमेर कलिलै थियो। मानिसहरू उनलाई सम्पादकका रूपमा पत्याउँदैनथे र सोध्थे, 'सम्पादक कता हुनुहुन्छ ?' उनी 'बाहिर जानुभएको छ' भनेर टारिदिन्थे। पछि 'सन्ध्या टाइम्स' र 'नेपालभाषा टाइम्स' मा समेत उनले सम्पादकका रूपमा काम गरे।

समाचार, रिपोर्टिङका अतिरिक्त उनले थुप्रै प्रबन्ध लेखे। काठमाडौँ महानगर पालिकाभित्रका विद्यालयमा नेपालभाषा पाठ्यक्रम अनिवार्य गर्ने क्रममा उनले 'यँ देय् म्हसिका' (काठमाडौँ चिनौं) पाठ्यपुस्तक शृङ्खला समेत तयार पारेका थिए।

अनुपम कवि

सुरेश किरणको पहिचान पत्रकार र नेपालभाषा अधिकारकर्मीका रूपमा बढी भए पनि उनको सबैभन्दा उँचो व्यक्तित्व म कवितामै भेट्छु। हाम्रो समय र वयका सम्भवतः सबैभन्दा प्रतिभाशाली कवि थिए उनी। कवितामा समसामयिकतालाई उच्च शिल्पसहित अद्भुत व्यङ्ग्यात्मक पुट दिने प्रवृत्तिमा उनलाई भेट्ने कवि सायदै भेटिएलान्।

सम्भवतः २०५६ सालमा मैले उनको कविता प्रज्ञा प्रतिष्ठानको पारिजात कक्षमा पहिलो पल्ट सुनेको थिएँ। प्रगतिशील लेखक सङ्घले आफ्नो स्थापना दिवसका अवसरमा अन्य प्रगतिशील कविसहित मूलतः नेपालभाषामा लेख्ने सुरेश किरण, राजभाइ जकःमि र योगेशराजलाई समेटेको थियो। सुनेर यी तीनै जनाको म प्रशंसक भएको थिएँ। सुरेशको कविताले सबैभन्दा बढी छोएको थियो। 'फगत् तिमीलाई नाङ्गो पार्न' शीर्षकको कविता उनले सुनाएका थिए। जनतालाई विश्वासघात गरेको जनप्रतिनिधिहरूविरुद्ध अहिंसक कारबाहीको बेजोड अभिव्यक्ति थियो कवितामा। 'तिम्रो अनुहारले यति घोचेको रहेछ कि, पाउमा बिझेको काँडा पनि बिर्सेछु,' कविताको एक ठाउँमा उनले भनेका थिए।

त्यसपछि मैले उनका कविता, अखबारी लेख, व्यङ्ग्य र प्रहसन निरन्तर पछ्याइरहैं।

मैले आफू सम्बद्ध साहित्यिक संस्थाका थुप्रै कार्यक्रममा प्रमुख कविका रूपमा उनलाई निम्त्याएँ। दैनिक अखबारको प्रधान सम्पादकको गहन जिम्मेवारीमा रहेर पनि मेरो निम्तामा उनी निरन्तर आइरहे। मेरो अनुरोधमा मैले काम गरेका अखबार खासगरी नागरिक दैनिकमा लेख लेखिरहे। अनुपम बान्कीका उनका कविता हँसिलो, आकर्षक व्यक्तित्व, हल्का नेवारी टोन आउने उनको वाचन सुनेर नेपाली कविहरू मोहित हुन्थे। भक्तपुर साहित्य प्रतिष्ठान, सँभ्या अनि दोम्रो जनआन्दोलनताका पुतलीसडकस्थित सङ्गीतकार प्रदीप बमजनको स्टुडियोमा हामीले गर्ने कविता पाक्षिकीमा उनले आफ्ना कविता मात्र सुनाएननु, नेपाली कविमाझ नेपालभाषाका कविताको खास पहिचान समेत दिए।

हालसम्म उनको एउटै मात्र कविता सङ्ग्रह प्रकाशित छ, 'थौं घन्टाघरं जिके ई न्यनाच्वन' (आज घन्टाघरले मसँग समय सोधिरहेछ)। शीर्षकबाटै कविताको बान्की र सार थाहा हुन्छ। बिब्ल्याँटो समयप्रति उनको व्यङ्ग्य अत्यन्त शानदार हुन्थ्यो। नेपालीमा कविता सङ्ग्रह निकाल्न मैले उनलाई धेरै आग्रह गरेको थिएँ। उनले मलाई पाण्डुलिपि थमाउने वचन दिएका थिए। व्यस्त दिनचर्याबिच ती सब थाती राखेर केवल ५९ वर्षमा उनी सदाका लागि बिदा भए।

एउटा प्रसङ्ग। काठमाडौँ बसेर काठमाडौँलाई गाली गर्ने कविहरूको प्रवृत्तिविरुद्ध उनले सदैव शान्त प्रतिवाद गरिरहे। प्रस्ट छ, काठमाडौँबाट आज स्वयं काठमाडौँ, यहाँको स्वनिगः र नदी सभ्यता विस्थापित हुँदैछ। पाको न्युरोडमा जन्मे पनि विस्थापित भएर स्वयं उनको परिवार बत्तीसपुतली पुग्यो। त्यहाँबाट फेरि बल्खु पुग्यो।

> "उनको एउटै मात्र कविता सङ्ग्रह प्रकाशित छ, 'थौं घन्टाघरं जिके ई न्यनाच्वन' (आज घन्टाघरले मसँग समय सोधिरहेछ)। शीर्षकबाटै कविताको बान्की र सार थाहा हुन्छ। बिब्ल्याँटो समयप्रति उनको व्यङ्ग्य अत्यन्त शानदार हुन्थ्यो"



सर्वस्वीकृत व्यक्तित्व

सुरेश किरणको निधनले मलाई एक्कासि रुसी आख्यानकार भासिलेई सुक्सिनको एउटा प्रसङ्ग सम्झाइदियो। सुक्सिनको मृत्यु त्यतिखेर भएको थियो जब उहाँ कुनै सिनेमामा अभिनय गरिरहनुभएको थियो। छायाङ्कनको बेला संवाद बोल्दा-बोल्दै मृत्यु भएको थियो। लेनिन पुरस्कार विजेता सुक्सिनको जीवनमा कैयन् विडम्बना थिए। मास्कोका सम्भ्रान्त उहाँलाई असभ्य गाउँले ठान्थे। आफ्नै गाउँलेचाहिँ सम्भ्रान्त मान्थे। साहित्यकारहरू उहाँलाई फिल्मका मानिस ठान्थे। फिल्मका मानिस साहित्यकार भन्थे। लेखक र पत्रकारको दोहोरो भूमिकामा रहेका हामीमध्ये धेरैले यही विडम्बना भोग्नुपरेको छ।

मैले बुझेसम्म सुरेश किरणले यो विडम्बना भोग्नुपरेन। उनी पत्रकार, स्तम्भकार, व्यङ्ग्यकार, कवि, पटकथा लेखक, मातृभाषा आन्दोलनकर्मी, वामपन्थी विचारक सबै भूमिकामा उत्तिकै स्वीकृत थिए। नेपालमण्डल सभ्यता र काठमाडौँको अन्तर्य बुझाउने संस्कृतिसम्बन्धी उनका लेख अत्यन्त रुचिकार हुन्थे। पत्रकार दीपक सापकोटाका अनुसार उनी काठमाडौँका हरेक गल्लीका विकास, विस्तार र विलयका असली जानकार थिए र तीबारे रुचिकर भाषामा निरन्तर लेखिरहेका थिए। त्यसबारे त्यति सरल र सम्प्रेष्य भाषामा अब कसले लेख्ला ? कसले हाम्रो जिज्ञासा मेटाउला ?

स्मृतिको रिलमा सुरेश किरणको स्मित मुस्कान, अनुपम कविता र रैथाने स्वादयुक्त वाचन निरन्तर घुमिरहेछ। तपसिलको उनको कविता मलाई समसामयिक आवाजको उत्कृष्ट अभिव्यञ्जना लाग्छ -

तिमीलाई रोग लाग्दा म थला परेको दिन

सुरेश किरण

सहरमा ठूलै रोग आएको छ रे!
तर कति ठूलो
त्यो मैले अझै जानेको छैन।
हो, मैले अझै जानेको छैन -
खोकी लाग्नु/रुघा चल्नु/ज्वरो बढ्नु
यो कहिलेदेखि रोगको सूची बन्यो ?
तिमी नै भन,
'सास फेर्न गाह्रो हुनु' कुनै रोग हो भने



सासै फेर्न नपाउनु के हो त ?
एकाएक जब पाइरहेको काम बन्द भयो
एकाएक जब खाइरहेको माम बन्द भयो
तब मात्रै मलाई थाहा भयो
रोग साँच्चै ठूलो आएको रहेछ!
आउँदा आउँदै जब हावाको शीतल झोंका बन्द भयो
आउँदा आउँदै जब आफ्नै देशको ढोका बन्द भयो
हो, तब मात्रै मलाई थाहा भयो
रोग साँच्चै ठूलो रहेछ!
सायद ठूलै भएर होला
रोग अर्कालाई लागेको भए पनि
औषधि खान म बाध्य भएको छु,
मरेको कुनै अर्कै भए पनि
घाट जान म बाध्य भएको छु।
हो, धनीहरूलाई रोग लाग्दा
गरिबहरू कसरी थला पर्छन्
त्यो आज मलाई थाहा भयो,
धनीहरूले खान नपाए
गरिबहरू कसरी भोका पर्छन्
त्यो आज मलाई थाहा भयो।
त्यसैले मलाई शङ्का छ -
लकडाउन त भोलि खुल्छ होला
तर लकडाउन खुलेर पनि
देश खुलेन भने के होला ?
आज रोगबाट बच्न
बाक्लो मास्क लगाइरहेका हाम्रा शासकले
भोलि लाजबाट बच्न
मास्क फुकाउनै मिलेन भने के होला ?●

अब कविता वाचन गर्न आउने छैनन् सुरेश किरण

रजनी मिला

प्रायः मानिसलाई असल बनेर बाँच्न कठिन हुन्छ। असल बन्न र असल बनेर देखाउनका लागि कयौँ व्यक्ति जीवनभर प्रयासरत रहन्छन्। सुरेश किरणलाई खराब बन्न गाह्रो भो। जीवनमा कुनै–कुनै व्यक्ति र उनीहरूको कामलाई मूल्याङ्कन गर्ने असल र खराबको मानक नै कमजोर बनिदिँदो रहेछ ।सुरेश किरण तिनैमध्येका एक थिए।

व्यक्तित्वका अनेक आयामबिच कोही कस्ता व्यक्ति थिए भन्ने विषय सामान्यतया समाजमा विविध कर्म साधनामा लाग्ने सहकर्मी र दौँतरीहरूले दिने प्रतिक्रिया हुन्।

नेपालभाषा मंकाःखलःको प्राङ्गणमा उहाँको पार्थिव शरीर थियो। आँखाहरू बोलिरहेका थिए, "सुरेश मृत्युसँग जितेर तिमी फर्केर आऊ।" उनलाई अलविदा भन्न कसैको मन मानिरहेको थिएन।

वातावरण अश्रुस्रावयुक्त थियो। सुँक्क... सुँक्क... परिरहेका मनहरू अथाह विह्वलमा थिए। विरह मधुर ध्वनिमा गुञ्जिरह्यो। सुरेश शान्त, धीर, ध्यानस्थ, सांसारिक माया मोह, लोभ र क्षोभ, घृणारहित मूर्तितुल्य स्तब्ध !

राष्ट्रिय भाषा आयोगका बहालवाला सदस्य रहनुभएका उहाँको चिरनिद्रावत् शरीरलाई उहाँ डुल्ने गरेका, हुर्केका गल्लीहरूमा अन्तिम पटक डुलाउँदै बिदाइका लागि लुति अजिमा अवस्थित चितामा सुताइएको थियो।

उहाँको चिताको धुवाँसँगै बिदाइका अश्रुभावहरू उड्दै-उड्दै हावासँग विलीन भए। सायद बिदाइ गरी फर्किरहेको हुलमा प्रत्येकको मनमा गुञ्जिरहेको थियो–

तिमीले छोडेर गयौ या हामीले छोडेर आयौँ
हामी र तिमीबिच फाटो ल्याइदिने
मृत्युसँग आज युद्ध गर्न मन लागेको छ।

-रजनीमिला

उनी भाषिक, पहिचान पक्षधरहरू वा साहित्यकारमाझ उनका कामले लोकप्रिय



थिए नै । त्योभन्दा पनि लोकप्रिय उनको सरल जीवनशैली, समभाव र हरेक व्यक्तिको सहयात्रीका रूपमा उनको व्यक्तित्व लोकप्रिय थियो ।

पत्रकारिता जगत्मा उनी भाषा र सम्प्रेषणले मात्रै लोकप्रिय बनेका होइनन्, 'विश्वभूमि' हुँदै 'सन्ध्या टाइम्स' र 'नेपालभाषा टाइम्स'मा काम गर्ने सहकर्मी होऊन्, साहित्य क्षेत्रका, व्यङ्ग्य नाट्य विधा मञ्चन गर्दाका कलाकारहरू होऊन्, आन्दोलन र अभियान क्षेत्रका सहयोद्धाहरू होऊन् वा अनुज सहकर्मीहरूका लागि एक अभिभावक, प्रेरणा र सहृदयी होऊन्; उनीहरू सबैमाझ उनको व्यक्तित्वले एउटा छुट्टै छाप छोडेको थियो ।

सबैका सुरेश दाइ । सुरेश दाइ भन्न पाउँदा गर्व महसुस गर्थे सबै । सुरेश दाइ भन्न मात्र पाउनुमा खुसी हुन्थे सबै । सुरेश किरण अर्थात् सुरेश दाइ । तिनै सुरेश दाइ, लोकप्रिय मान्छे आज हामीमाझ छैनन् । मनैदेखि 'छैनन्' भन्न पनि मन छैन ।

तत्कालीन नेपालभाषामा प्रकाशित हुने साप्ताहिक 'इनाप'का लागि कम्पोजिटरका रूपमा प्रवेश गरेका सुरेश किरणले नेपालभाषाकै दैनिक पत्रिका 'विश्वभूमि' प्रकाशनको नेतृत्व सम्हाल्ने काम गरी आफ्नो पत्रकारिता र लेखनकलाबाट व्यङ्ग्यकार हुन पुगे ।

'सुकि' राजनीतिक र सांस्कृतिक व्यङ्ग्य स्तम्भ थियो । यही 'सुकि' व्यङ्ग्य स्तम्भमार्फत पाठकहरूमाझ व्यङ्ग्यकारका रूपमा चिनिए । कविता लेख्दै साहित्यिक यात्रा सुरु गरेका सुरेश किरणले ०४६ सालको जनआन्दोलनको सङ्कटकाल र कर्फ्युको समयमा समाचार सङ्कलन गर्ने क्रममा डाक्टरको भेषमा वीर अस्पताल छिरेर सर्वोच्च कमान्डर जननायक गणेशमान सिंहको अन्तर्वार्ता लिने साहस पत्रकारिता जगत्का लागि अविस्मरणीय क्षण रहेको कुरा लेखक, नेवाः आन्दोलनका अगुवा तथा मानवअधिकारवादी नेता मल्ल के. सुन्दर हामीमाझ भनिरहनुहुन्थ्यो ।

०५६ सालमा कवि नवीन चित्रकारको अगुवाइमा 'नेपालभाषा कविता दबू' गठन गरियो । नेपालभाषाको काव्य विश्वसामु चिनाउने उद्देश्य थियो– 'लिजः नेपालभाषा कविता दबू'को । लिजःमा कविहरू भगतदास श्रेष्ठ, सुदन खुसः, नारद बज्राचार्य, ईश्वरीमैयाँ श्रेष्ठ, वसन्त महर्जनलगायत सुरेश किरण, श्रीराम श्रेष्ठ, पुष्प तुलाधर, रजनीमिला र रीता महर्जन हुनुहुन्थ्यो ।

त्यति नै बेला उहाँसँग रहेर कविता क्षेत्रमा काम गर्ने अवसर जुर्‌यो । हामी संस्थागत मात्रै नभई सामाजिक, सांस्कृतिक र नेपालमण्डल सभ्यतामाथि अतिक्रमणकारी राज्यका नीति र कर्महरूको आलोचनात्मक गफ र त्यसको क्रमभङ्गतालाई साहित्यिक



उद्बोधको आवश्यकताका रूपमा चिन्तन कर्म गर्थ्यौं।

आधुनिक कवितामा सिद्धहस्त कविका रूपमा स्थापित उहाँका कविताहरूमा बौद्धिक व्यङ्ग्य प्रचुर मात्रामा पाइन्छ। झट्ट हेर्दा गम्भीर प्रकृतिका सुरेश किरणका अनुहारमा मुस्कानका किरणहरूसँगै ठट्टाका रमाइला बाछिटाहरू प्रसारित हुन्थे र त्यसको प्रस्फुटनमा हामी बौद्धिक गहनताको रसास्वादन गर्थ्यौं।

मूलतः नेपालभाषामा कविता रचना गर्ने सुरेश किरण आफैं नेपालीमा कविता अनुवाद गर्नुहुन्थ्यो। मातृभाषाको विकास र राज्यले मातृभाषालाई दिनुपर्ने स्थानबारे जनपैरवी गर्दै पत्रकारिता र साहित्यलाई आन्दोलनको पर्याय बनाएका कवि सुरेश किरण आफू प्रतिभाशाली र पृथक् धारका कविता लेख्ने कवि भए पनि नेपालभाषामा विद्यमान सीमित चर्चा र ख्यातिबारे आफ्नो धारणा यसरी राख्नुहुन्थ्यो, 'आफ्नो मातृभाषामा खुलेर मनको कुरा जसरी पोख्न पाइन्छ, त्यो अरू भाषाबाट सम्भव नहुन सक्छ। मातृभाषाबाट धेरै थोक भन्न सकिन्छ, त्यो पनि सटीक अर्थमा।' (फागुन २६, २०८०, कान्तिपुर)

यस समयका चर्चित कवि अभय श्रेष्ठ दोहोर्‌याई–दोहोर्‌याई भन्नुहुन्छ, "सुरेश किरण हाम्रो समयका सम्भवतः सबैभन्दा प्रतिभाशाली कवि थिए। कवितामा समसामयिकतालाई उच्च शिल्पसहित अद्भुत व्यङ्ग्यात्मक पुट दिने प्रवृत्तिमा उनको स्तरका कवि सायदै भेटिएलान्।"

सुरेश किरणका कविताले समयसँगै हुर्केको समाज र मानिसका अवस्था एवं परिस्थितिलाई केलाउँदै सरल भाषामा तीक्ष्ण व्यङ्ग्ययुक्त गम्भीर अभिव्यक्ति पस्कन्थे–

भुइँचालो आउने बित्तिकै जो सबभन्दा पहिला भुग्लुक्कै ढल्यो,
त्यो मेरो देशको सरकार हो।
भुइँ जब गुटुटुटु हल्लिन थाल्यो
जो सबभन्दा चाँडो खाटमुनि लुक्न गयो,
त्यो मेरो देशको सरकार हो।
खुट्टा लुगलुग काम्न थालेपछि
सबभन्दा पहिला जो बेतोड कुद्यो
त्यो मेरो देशको सरकार हो।
भुइँचालो रोकिएपछि
दायाँबायाँ हेर्दा आफू एक्लै।



मानिसहरू सोध्दै थिए
खोइ सरकार ?
खै, कहाँ छ ?
सायद विदेशबाट झिकाइएको
सुँघ्ने कुकुरले
भग्नावशेषभित्र
जसको लास आजसम्म खोजिरह्यो
त्यो मेरो देशको सरकार हो। *(यो मेरो सरकार हो, ने.सं. ११३५)*

समाजका यावत् बेमेल, विषमता, पाखण्डभित्र हराएका मानिसका प्रवृत्तिलाई निख्खर काव्यिक स्वादमा पस्किने प्रतिभा विछट्ट छ। परिवर्तित समाजमा मानिसका अनेक विसङ्गतिहरूबीच मानिसलाई मानिस होइन, सिर्फ मानिसले लगाएको खोल र विविध स्थितिमा मानिसलाई ढाकिदिएका अनेक सजावटमाथि व्यङ्ग्यात्मक तरिकाले प्रहार गरेका कविताका हरफहरू–

एक देशलाई आज मानिसभन्दा जनता चाहिएको छ,
एक पितालाई आज एक मानिसभन्दा एउटा छोरा चाहिएको छ,
एक नेतालाई आज एक मानिसभन्दा एक मतदाता चाहिएको छ, मानिस होइन।
(यो मानिसहरूको बजार, जहाँ मानिसभन्दा मानिसलाई छोप्ने खोल महँगो छ)

गत मङ्सिरमा समालोचक डा. ज्योति तुलाधरले प्रकाशित कृति 'आधुनिक काव्य र विद्रोहया आवाजः एक विश्लेषण'मा सुरेश किरणको 'थौं घण्टाघरं जिके ई न्यनाच्वन' (आज घण्टाघरले मसँग समय सोधिरहेछ) पुस्तकमाथि विवेचनात्मक विश्लेषण गर्दै भन्नुभएको छ, 'यस कवितासङ्ग्रहमा कवि सुरेश किरणले उत्तरआधुनिक काव्यिक प्रवाह अँगालेर नेपालभाषा आधुनिक कवितामा नौलो बौद्धिक चेतनशीलता र यथार्थवादी गाम्भीर्यपूर्ण पृथक् आयामको सुरुवात गरेका छन्।'

कवि अभय श्रेष्ठ भन्नुहुन्छ, 'पत्रकार, व्यङ्ग्यकार र नेपालभाषा तथा पहिचान आन्दोलन अभियन्ताका रूपमा धेरैले चिने पनि उनको सबैभन्दा उँचो व्यक्तित्व कवितामै थियो।' पत्रकारितालाई पेसाका रूपमा अपनाएका कवि सुरेश किरणले नेपालमण्डल सभ्यताको विषयमा अध्ययन-अनुसन्धान गरी थुप्रै उच्चस्तरीय लेखहरू प्रकाशित गर्नुभए पनि उहाँलाई कवि भनेको मन पर्थ्यो। र, नेपालभाषाको कविता



विधामा महिला कविहरूको अभाव बेजोड रहेको महसुस हुन्थ्यो उहाँलाई ।

छिटपुट लेख्नेहरूलाई आँधीमय समयका अघिल्तिर उभ्याएर बेजोड कविका रूपमा उभिएको देख्न मन थियो उहाँलाई । इतिहासका पानामा त्यस्तो अवसर उहाँले पाउनुभयो कि भएन, थाहा छैन । तर, उहाँ नेपालभाषाका कविहरूलाई उभ्याउन अनवरत लागिरहनुभयो ।

०७९ सालमा नेपालभाषा एकेडेमीको आयोजनामा नेपालभाषा काव्य विधामा रुचि राख्ने तर कलम नचलेका महिलाहरूलाई प्रशिक्षित गर्ने काममा उहाँले हात बढाउनुभयो । र, तिनै प्रशिक्षित महिलाहरू सम्मिलित संस्था 'कविताया लाय्कू'ले चाहेको समयमा उहाँले आफ्नो अत्यधिक व्यस्तताका बाबजुद समय निकाल्नुभयो । मानार्थ सदस्यका रूपमा उहाँले नवोदित कविहरूलाई कविता लेख्न र विविध कार्यक्रममा वाचन गर्न अवसरहरू निकालेर डबली दिइराख्नुभयो ।

करिब एक महिनाअगाडि हाम्रो संवादमा दाइका 'नयाँ कविताहरू कति भए ? अब एउटा सङ्ग्रह निकाल्नुपर्छ ।' भनेँ मैले । त्यति मात्रै होइन, सामान्य भलाकुसारीकै क्रममा मैले उहाँको स्वास्थ्यबारे पनि चासो राखेँ ।

'दाइ, तौल अलिक बढेजस्तो छ है, स्वास्थ्यमा कुनै समस्या देखिएको त छैन नि ?' भनेँ मैले । उहाँले 'हालसम्म त्यस्तो केही समस्या छैन । व्यस्तताका कारण अलिक हिँडडुल कम भएको छ' भन्नुहुन्थ्यो ।

साँझतिर फोन गर्दा प्रायः व्यस्त हुने भएकाले सोध्नुपर्ने र जान्नुपर्ने कुराहरू मैले उहाँको म्यासेन्जरमा छोडिदिन्थेँ । धैरैजसो उहाँले राति ११ बजेतिर जवाफ लेखी पठाउनुहुन्थ्यो । त्यसपछि उहाँको नित्य कर्म, पढ्ने र लेख्ने हुन्थ्यो । त्यसैले उहाँ प्रायः २ बजे मात्रै सुत्ने गर्नुहुन्थ्यो ।

मातृभाषा, पहिचानका अविश्राम, प्रतिबद्ध र अथक योद्धाको असामयिक अवसान भएको छ । सुरेश किरणको यो महाप्रस्थानले मात्र सुरेशलाई लगेन, नेपाली साहित्य, पत्रकारिता र भाषा आन्दोलनलाई समेत पूर्ति गर्न नसकिने भँगालो छोडेर गएको छ ।

सामान्य शब्दमा भन्दा यो क्षति अपूरणीय छ । तर, खोइ किन हो मनले यो शब्दमा चित्त बुझाइरहेको छैन । उनको अवसान शब्दहरूमा व्यक्त गर्न नसकिने स्तरको छ ।

उनको आलोचनात्मक चेतसहितका कविता र त्यसको उचाइ, तीक्ष्ण व्यङ्ग्य नेपालभाषामा मात्र सीमित थिएन । त्यसैले यो अवसान नेपाली साहित्यकै लागि ठुलो क्षति हो ।

२०८२ फागुण ३० गते, शनिवार रातोपाटीमा प्रकाशित संस्मरण



सुरेश दाई लिसेया आत्मालाप

राजेश बज्राचार्य 'नुगः स्सः'

वयेकया व्यक्तित्वबारे च्वयेगु जिके हैसियत हे मदुनि। पत्या याये थाकुगु वयेकया देहावसानया खबर यलया किरण दाजुपाखें सबिस्तार यकिन यायेधुंका कन्हेखुन्हु शवयात्रायू मनं नु नु धाःसा थ्यंकेगु साहस जुटे मजुल। उगु भनं पासा नृपेन्द्रया अनुरोधयू थुगु सस्मरण च्वयेगु कुतलयू तक नं थासंथासयू शब्द मौन जुयाबिइ।

शब्द मौन जूगु कारण सायद वयेकलिसेया जिगु सम्वादया ल्या नं तसक्कं म्हो। नापं च्वना खँल्हायेगु व नापं चाहिलेगु ह्वताःया ल्याः नं कम हे जक। भाषा आयोगया दुजकथं छम्ह वक्ता जुया पद्मरत्न लुमन्ति गुथिया हेटौंडायू जूगु ज्याझ्वःलयू वयेकलिसेया यात्रायू छन्हू फुर्सदयू भाउजुया थछैंयू सकलें नापलायेगु ख्यालियात पक्का यानादिइम्ह वयेक लिसेया मेगु यात्रा नं मजूइगु जुल। तर वयेकलिसे गुलि खँ ब्यात उकिया विषय या त ख्यालिखँ (समाज, सम्बन्ध व राजनीति) मखुसा पत्रकारिता विषययाज्याझ्वःया प्रभावकारिता। नेवाः पत्रकार राष्ट्रिय दबूया छम्ह कारिन्दाया ल्याखँ न्हापाँगु मिडिया फेष्टिभल जुइमा वा नागरिक पत्रकारिताया तालिम – सामाग्रीया तयारी विषय सटिक वयेकलिसे जिगु माक्व जक खँ जुई। उबले जूगु खँ ज्याझ्वःया प्रभावकारितां हे जक सम्भवतः पुष्टि याई।

थुलि खँ प्वंकाबले न खँग्वःत मौन जुइच्वन। व मौनता दुने थी थी खँग्वःत, वयेकया हाःसः सटिक जुया वःगुथें जुयाच्वन। वयेकया पूमवंगु शब्द थें, हाकनं थःगु हे आत्मालाप थें, ईलं च्वबुक्का ब्यूगु सामाजिक सम्बन्धया बाखँ थें। मात्र व न्ह्यू न्ह्यूख्वाः जुया झलझल लूयाच्वन – सुरेश दाई।

वयेक छम्ह सरल, सबल व प्रतिभावान व्यक्तित्व जक मखुत आः। वयेक छगू सः, छगू ध्वनि जुयादिल – भाषा व साहित्यया, चेतनशील चिन्तनया अले व्यवहारयू छ्येलेगु झीगु उत्तरदायित्वया। गबलें जिं थःत हे न्ह्यसः तनेगु नं याना – वयेक दत्तले झीसं वयेकया गतिशीलता व कर्मशीलतायात गनं गबलें छम्ह सम्पादक, गबलें ख्यालिगुलु



साहित्यकार बायू लिपाँगु इलयू माननीय पदयात जक मानेयाना च्वनाला थें?

जिगु निति वयेक छम्ह पत्रकारिता विज्ञ, शब्दया साधक जक मखु। वयेक सामाजिक सम्बन्धया थथ्याः क्वथ्यायात नं व्यवहारय सुमधुर सन्तुलन बिइफूम्ह सफल व्यक्तित्व खः। उकिंला वयेकया मल्ल के सुन्दर निसें बिजय सैंजु लगायतका राजनैतिक बैचारिक विविधता दुपिंनापं सत्तिक सम्पर्क जुसाँतवि सुनां नं नेतापहः व वैचारिक बिचलनया दोषारोपण यायेफैमखु। थुलि जक मखु, आजीवन मित्रताया वयेक छम्ह दसू नं खः।

मित्रताया प्रतिक सुरेश किरण :

वयेकया साहित्य लगनशीलता व परिस्थितियात छ्यला पत्रकारिताया ख्यलयू ह्वताः चूःलाका ब्यूपिं भी अग्रज त नं दु, तर युवावस्थायू कल्याण मित्रताया महत्व नं थुकि लुई। वयेकया अनन्य मित्र सुजिव बज्राचार्य अले वयेकया वास्तविक नाँ किरण, साहित्य ख्यलयू 'सुकि' अर्थात सुरेश किरण। बाँलाँगु स्कूलयू नाँ दुथ्याकेत थाकूगु व ईलयू गथे सुरेश नाँ कःघायेमाल, थुगु नाँ गथे स्थापित जुल, सकस्यां थुगु मेगु बाखँ जुइधुंकल। तर सुजिव व किरण अर्थात मेखतंया 'सु.कि.' थुपिं सम्भवतः जनकवि दुर्गालाल व भृगुराम पिनिगु युग लिपाया भाषिक जागरण कालया मित्र। लिपा भाषिक दमन बिरुद्ध लोकतन्त्रया निति पत्रकारिताया स्टिन्जर इलंनिसेंया समानान्तर कथं सक्रिय नाँ। निरंकुश पञ्चायतकालयू च्वयेगु शब्दया तकं ज्ञाःचिकु दैगु इलयू वयेक जनआवाज जुयादिइ। डाक्टरया भेषयू अस्पतालदुने गणेशमान सिं लिसें सम्वाद यायेगु साहस क्यन। थ्व धैगु पत्रकारिता जक मखुसे ईतिहासया व अबलेया उगू ई लिसे प्रत्यक्ष संघर्षया दसू नं खः। जीवनयू स्याःन्यापिं मित्रवर्ग ई लिसे हिलाच्वनीगु स्वाभाविक। छगू क्षेत्रयू वा एकनासया मित्रता धैगु नं कल्पित जक साबित जुइफु। ईलं मित्रतायात नं तापाकेफु। लिपाँगु ईलयू थुगु मित्रता तापागु खनेदुसां निम्हेसिया आत्मियता ल्यनाच्वंगु दसूबारे भाउजुपाखें न्यनागु दु। सुरेज दाइ थःगु छैं बल्ल धस्वाके धुंका वयेकया पूमवंगु ईच्छा – सुजिवया मस्तयेत उगु छैं सताः नकेगु ह्वताः चूलाके तकं थाकुल। ल्हातय मोबाईल, इन्टरनेट प्रविधिं जोडे याये फैमखुगु थुजागु सम्बन्धयू थौकन्हेया व्यस्तता व बाध्यताया दसू खः थ्व। छिगु आत्मियताया दसू थुकिइ नं क्यनेमानि न्हा सुरेश दाई!

खला जिमि थायू यलयू नं थुजोगु प्रसंग दु। यलयू नं छिगु नाँ लिसे ज्वःपिं –



किरण नं दु, सुरेष नं दु । नेपालभाषा मंकाः खलः यलया संस्था दुने स्थापित थुपिं धाःसा न्हापाँ प्रतिस्पर्धी जुया नापलात, लिपा निम्हं सहयात्री थुपिं, थौं तकं नापं दु । मित्रता थुकथं केवल सम्बन्ध जक मखु, चेतनाया सम विकास नं खः । पासा दथुइ व्यक्तित्व सिबें गन उद्देश्यया महत्व दइ, अन प्रतिस्पर्धा वा तुति सालेगु सामाजिक कुसंस्कार सिबें प्रगाढ जुयाबिइ कर्म प्रतिया प्रतिबद्धता । अले परिवार दथुइ आत्मियता थुकिया आत्मिय पुरस्कार । यलया सु.कि. – वयेकपिन्स थःगु पेशा कानून व व्यवसायिक जगतया अनुभवजन्य भाय्यात नेपालभाषा सेवा व संस्थागत स्वच्छताया सः तया अझ नं ज्याः न्ह्याकाच्वंगु दु । वयेकपिन्स ख्यालिगुलि याना धैगु कथं धाये, – *सुरेश 'सुकि' भाषा साहित्यय् उत्प्रेरणा खः, सुरेश किरणया उपनाँ सुकि खः । तर मेखतं स्वयेगु खःसा सुजिव व किरणया मित्रता गथे प्रगाढ, जिपिं नं सुरेष व किरण, यानि यलया जिपिं 'सुकि' ।* थुकथं सुरेश दाई, छिगु मित्रताया दसू नं प्रेरणादायी जुयाब्यूगु दु । अथेसां तवि, छिगु अनुपस्थितिइ व मित्रताया चाकः पूवंगु मताः, छगुकथ मित्रताया खुसिबाःया छगु धाः तंगू दु । सुरेश दाई, छित थुकथं नं म्वाकातयेगु जिगु व्यक्तिगत थजु, मनसुवा ल्यँ दु ।

मृत्युबोध या त अस्पताल दुने वाः सिपय् वनेबले जक जुइ धाइ । थथे लुमंनिं बलय् मतिलुई – सुरेश दाई दुने म्वानाच्वंग दुग्यंगु चिन्तकयात ध्वाथुइक ब्वनाच्वम्ह ग्वम्हः दु थें? सरल स्वभावयाम्ह धकाः नालातम्ह वयेकलं झी समाज दुनेया अभियन्ता, राजनैतिक स्वार्थ व प्रयोगवादीपिं गुलि झेले यानाच्वन जुई? प्रतिभावान जुया निरन्तर नेपालभाषा पत्रकारितायात म्वाकातयेत छम्ह सम्पादक जुयानं आर्थिक व पारिवारिक व्यवस्थाया बोझ गुलि थाकु मचासें कुबिया च्वनादिल जुई ? सम्पादकया कर्तव्ययात सुथंनिसें चान्हय्तकं पूवंकादिइम्ह वयेकलं सखे, माननीय धायेकेगु अवस्थाय् तिनि वयेकलं भतिचा जुसाँ थःगु व्यक्तिगत जीवनयात ई बिइगु ह्वताः चूलात जुइ, परिवारयात ई बिइगु मन दयेके खन ज्वी ।

मनय् लूइ, थुपिं कारण हे खई, जिगू छगू अनुरोध वयेकलं पूवंके मफूत । खःजा २०७९या खँ खः, नेपाया कम्यूनिष्ट पार्टीया नेता तुल्सीलाल अमात्यजूं नेपालभाषां हे च्वयादिइगु हस्त लिखित 'ब्रम्हवाद, शून्यवाद व मार्क्सवाद' सफू ल्हातिइ लातः । उगु सफू नेपालभाषा व खस भाषा निगुलिं तया प्रकाशित यायेगु प्रस्तावय् नेपालभाषाया जिगु टाइपिंगयात भाषासुद्धि व आलोचना सहित भूमिका च्वयेगु निति वयेक व बुद्धधर्मया



विषय दुथ्यागुलिं पण्डित नरेश गुर्जुयात ईनाप याना। २०८० सालय् तुलसीलाल स्मृति प्रतिष्ठानपाखें सफू न पिदन तर वयेकपिनिगु भूमिका उकिइ दुथ्याके मलात। सफू पिदने धुंका तकं वय्कलं 'राजेशं जित ला फटाहा धका मति तल जुइ खलाः?, यैं महानगरया ज्या प्राथमिकता लात, मन दयां नं यायेमफुत का।' धयादिइगु खँ जित उगु सफूतिइ छगू ग्यसूलागु भूमिका खट्के जुयाच्वन तिनि। अबले सायद जिं थुइके मफुत, छम्ह मनूया सरलता व थुजाःगु खँग्वलय् असमर्थताया खँ सिबे नं व्यस्तता दुनेया मौन पिडा दूगु व अभिव्यक्ति जुइमा। थौं मनय् खँः ल्हाः, व सफुतिइ भूमिका लेखनया जक अभाव मखु, नेपालभाषाया पाठक पुस्तां छगू शैली, नेपायाः प्रगतिशील व राजनैतिक दर्शन पक्षया दस्तावेज दुने वयेकया दुग्यंगु दृष्टि व सुझाव तोफिके लात। उकिं थुगु आत्मालापय् अझ नं वयेकयात बिन्ति दु,

'छिगु कलमया क्षमता, शब्दचयन अझं नं म्वाये मानि न्हाँ,

जिमिसं च्वये ल्यँ दनिगु भ्वँतय्, कम्प्यूटरया आखँ ग्वलय् अले जिमिसं थुइके मफूगु

खंके मफूगु सामाजिक राजनैतिक अर्थय दुने नं छिगु दुनुगः चान्हय् जूसां मद्यंसें च्वनिमानि न्हाँ सुरेश दाई।'

सुरेश दाईनापंया कल्पित आत्मालाप आलोचनात्क नं जुयाबिइ। वयेकल जितः धैच्वंथे जुइ – *'व्यक्तित्वया चर्चा, थुज्वगु सोचयात म्वात्तले छुँ कथं आभाष धाःसा बिइफूम्ह मखु छ। खालि लेखन व शिल्प क्यनेत जक थथे च्वयाँःला बौद्धिक रञ्जन जक मजूईला राजेश?'*

जित झ्यातुःया च्वन। सुरेश दाइया लेखनयात्रा यात शायद झीसँ ब्वं जक ब्वनाला? वयेकया प्रवाहयात आत्मसात याये मफूगु खःला? वयेकया असाधारण उगू सरलतायात सामान्य व सहजताया प्रतिक जक गनं दयेकाच्वनाला? उकिं जि मौन। तर थूगु मौनता शून्य मजूइमा – अनुशरणयोग्य छगू जीवन दर्शन जुइमा। झी सकसिया मनय् लूगु वयेकप्रतिया अनुभूति फूक्कं केवल स्मृति जक लिमकुनेमा, उत्प्रेरणा जुया दनाच्वनेमा। नगु थें थिनावंगु वयेकया जीवन सरह भाषा– झीगु अस्तित्व जुइमा। अर्थपूर्ण मित्रता– प्रतिबद्धता जुइमा। वयेकया पिदने ल्यंगु शब्द व अनन्त न्ह्यःस दक्वं झीगुपाखे पूर्ण लिसः जुया सुरेश दाई अमर जुइमा। अस्तु।

•



सुरेशनाप पत्रकारिताय् जि

सुजीव वज्राचार्य

सुरेश मानन्धरयात लुमंकाः छुं खँ च्वयेगु मंदुसां च्वये फयाच्वंगु मदु, उकिया अर्थ सुरेशनापया लुमन्ति कनेफयाच्वंगु मदु। अथे खयां नं नुगःयात चिनाः सुरेशनापया छुं छुं लुमन्ति च्वयेगु कुतः याना।

सुरेशया लुमन्तिइ छुं च्वये न्हयः गनंनिसें खँ न्हयाकेगु धैगु खँय् जितः अतिकं हे अलमल। ल्यायम्हबलय् नापं जुयागु खँ, सुरेशलिसेया पारिवारिक खँ, सुरेशयात थःगु जीवनय् जूगु लसताया खँ, अथेहे दुःखया खँ। यक्व यक्व लुमन्ति दु सुरेशनापया लुमन्ति खँ।

थौं सुरेशनाप पत्रकारिताया खँ न्हयथनेगु कुतः याये।

जिं सुरेशयात म्हस्यूगु धैगु २०४४ सालपाखे जुइमाः। जि उबले पत्रकारिता कयाः पिपुल्स क्याम्पसय् ब्वनाच्वनागु ई, उबले आःथें पत्रकारिता पास यायेगु निति इन्टर्न थ्यंक यायेम्वाः। तर, पिपुल्स क्याम्पसय् नीस्वनातःगु नायःखिं साहित्य पुचःया छ्याञ्जे जुयाच्वनागु हुनिं नायखिं साहित्य पुचलः याइगु थीथी ज्याभ्वःया बुखँ पिकायेगु निति उगु इलय् पिदनीगु 'इनाप वाःपौ'या ज्याकुथिइ वनेगु यायेगु खः। जिं सुरेशयात दकले न्हापां इनाप वाःपौया निति कम्पोज यानाच्वंगु खंगु खः।

इनाप वाःपौया सम्पादक उगु इलय् जिमिसं म्हमस्यू, उकिं छुं नं बुखँ दत धाःसा कम्पोज यानाच्वंम्ह सुरेशयात बिइगु खः। सुरेशं बुधवाः पिदनीगु इनाप वाःपौ दुने वइ धकाः अतिकं मुसुक्क न्हिलाः लिसः बिइ, थ्वहे न्हापांगु लुमन्ति खः।

इनाप वाःपतिइ थथे बरोबर ला बुखँ बिइत वना, तर ज्या हे यायेगु कथं वनागु धाःसा 'विश्वभूमि' न्हिपौ पिथनेगु निति जक हे खः। जि, विश्वभूमि न्हिपौया न्हापांगु ल्याः पिदंगु दिंनिसेंया ज्याकःमि मखु। तर, उगु इलय् विजयकृष्ण श्रेष्ठ धाःसा विश्वभूमि न्हिपौया स्तम्भ 'प्रेस डायरी' च्वइम्ह जुइधुंकल। जि व विजयकृष्ण श्रेष्ठ पासा जूगुलिं न्हियान्हिथं धयाथें विजयकृष्णयात नापलायेत इनाप वाःपौया ज्याकुथिं पिदनीगु विश्वभूमि न्हिपौया ज्याकू थायमदुइ वनेगु, अन सुरेश नं नापलाइगु जूगुलिं सुरेश नं पासाथें जुयावन। जिपिं





नेता: पत्रकार राष्ट्रिय दबू



ज्या मदुगु इलय् च्या त्वँवनेगु, भाषा-जाति व राजनीतिया खँ ल्हाइपिं गफाडीथें जूवन।

थथे न्हिथं हे विश्वभूमिया ज्याकुथिइ विजयकृष्ण श्रेष्ठयात नापलायेत वइम्ह जूगुलिं विश्वभूमिया सम्पादक अशोक श्रेष्ठं जितः पत्रकारिता हे ब्वनातःम्ह जूगुलिं विश्वभूमिइ रिपोर्टरया ज्या यायेगु निति सल्लाह बिल। जिगु निति थ्वहे अवसर जुल। ज्या यायेगुसिबें सःतीम्ह पासा विजयकृष्ण श्रेष्ठ अले विश्वभूमिइ वनाः सःतीम्ह पासा सुरेशनापं ज्या यायेदत।

विश्वभूमिइ जिं रिपोर्टरया ज्या याना। थुकिया मू हुनि सम्पादकं सुजीवं थीथी ज्याझ्वलय् वना रिपोर्ट हइ, अले थथे दूगु रिपोर्ट सुरेशं स्वइ धकाः हे खः। धात्थें नं ज्या अथेहे जुल। थ्वहे हुनिं नं सुरेश व जि झन् अप्वः सतिल।

सुरेश उगु इलय् हे बुखँनिसें चिनाखँ व ध्याचू च्वये सयेधुंकूम्ह खः। स्वयं अशोक श्रेष्ठ सम्पादक जूसां चाःचाःहीकाः च्वयेमाःगु बुखँ विश्वभूमिइ चिनाखँ पिथनेत वइगु चिनाखँ स्वयेगु भाला सुरेशं स्वइगु खः। सुरेशयाके ब्याकरण नं दु, थ्वहे हुनिं सुरेश विश्वभूमिया रिपोर्टर हे जक खःसां ज्या धाःसा सम्पादकं याइगु ज्या याइगु खः।

राजनीतिक रूपं ततःधंगु घटना, विश्लेषण, अन्तर्वार्ता, विचाः च्वसूया विषय ल्ययेगु ज्या विश्वभूमिया सम्पादक अशोक श्रेष्ठं याइगु खः, तर थुकियात मूर्त रूपं बिइम्ह व्यक्ति धाःसा सुरेश हे जुयाबिल।

सुरेशं जिगु पत्रकारिताया ख्यलय् दकले तःधंगु ग्वाहालि धैगु हे नेपालभाषां शुद्ध जुइक व ब्याकरण छु खः धकाः अतिकं हे सरल भासं जितः स्यनाबिल। थ्वया न्ह्यः नेपालभाषाया ब्याकरण सयेकेगु निति भाषाख्यःया छम्ह निम्ह हनेबहःपिंके नं ग्वाहालि कयागु खः। वयूकःपिन्सं स्यना नं ब्यूगु खः। तर, जिं उलि सयेकाः कायेमफुत। तर, सुरेशं तसकं हे सरल भासं नेपालभाषाया ब्याकरण छुं हे थाकू मजू धैगु कथं बहुवचनय् तुति पालेगु, क्रियाय् ब्वयेकेगु, ताःहाकःगु खँग्वलय् विसर्ग तयेगु आदि इत्यादी खँयात च्वयाः हे स्यनाबिल। थुलि जक मखु, गनं ल्वःमन धाःसा स्वयेगु निति धकाः गुरुकपि हे दयेकाः बिल। गुगु गुरुकपिं यानाः नेपालभाषाया ब्याकरण छुं भच्चा च्वयेसल।

समाचारया ल्याखय् नं जिं च्वयेगु समाचार गुलि नं दु, उकिया सम्पादन सुरेशं हे याइगु, सुरेश मदुगु इलय् विश्वभूमिया ज्याकःमि राजेन्द्र स्थापितं याइगु खः। जितः लुमं, सुरेशं जिं च्वयागु समाचारय् अप्वः धयाथें 'धयादिल' धाःगु खँग्वः 'धायादिल' धकाः च्वयेगु याइगुलिं दिक्क हे चायेगु नं याः। सुरेशं सुजीवं गुबलें हे धयादिल धाःगु खँग्वः



छाय् च्वयेमफुगु, धायादिल मखु धयादिल खः धकाः तःक्वः हे ध्वाथुइकीगु खः । तर, जिं थ्व खँग्वःयात सुधार धाःसा छाय् खः मस्यू याकनं यायेमफुत । सुरेशं ख्याः यानाः आः छन्त धयां जि मखुत, धायादिल हे च्व धकाः तकं धायेमालीगु । थ्व अर्थय् सुरेश बुखँ च्वयेगुनिसें रिपोर्टिङ यायेगु तक ज्याय् जितः ग्वाहालि याःम्ह व्यक्ति खः ।

उगु इलय् बुखँ, च्वखँ, विचाः छुं नं च्वयेगु निति आःथें अःपू मजू । छुं नं च्वयेगु निति फिल्डय् वने हे माःगु ई, थथे जूगुलिं नं यक्व बुखँ, च्वखँ, अन्तर्वार्ता कायेगु निति जि व सुरेश नापनापं हे वनेगु जुल । सुरेश व जि अतिकं मिलेजूपिं जुल । जिपिं थथे मिलेजूगुलिं सम्पादक अशोक श्रेष्ठयात ज्या इनाबिइत समस्या जुल । न्ह्यागुलिं नं निम्ह हे वनीगु जूबलय् गुलि अप्वः ज्या जुइमाःगु खः उलि मजुइगु स्वभाविक खः । सम्पादक अशोक श्रेष्ठं सुरेशयात डेस्कय् तयाः ज्या याकीगु कथं विश्वभूमिइ 'सु-कि'या नामं ध्याचू च्वयेगु भाला बिल ।

विश्वभूमि न्हिपतिइ न्हियान्हिथं सुरेशं च्वइगु उगु ध्यापू तसकं हे लोकंह्वाःगु स्तम्भ जुल । विश्वभूमि बुखँयालिसें सुरेशं च्वइगु ध्याचू ब्वनेदइगु जूगुलिं विश्वभूमिया नियमित ब्वमिपिनिगु ल्याः अप्वया वन ।

सुरेश डेस्कय् च्वनीगु जुइवं जि अप्वः फिल्डय् लात । अय्नं विश्वभूमि पिहाँ वयेधुंकाः सनिलय् जिपिं नापलायेगु याना । थथे नापलायेगु जिमिगु बानी धैथें जुल । बहनी ज्याकू त्वःताः छ्वँय् वने न्हयः सुरेश व जि म्हतिं नं स्वंगू प्यंगू घौ नापं मच्वकं मन हे मच्वनीगु जुल । थ्व जिगु निति तःधंगु लबः जुल । सुरेशयाके दूगु थीथी अनुभव, विचाः कालबिल यायेगु ह्वताः चूलात । थुकिया हुनिं जिं नं पत्रकारितायू छुं भच्चा अप्वः सयेकेफत ।

सुरेशनाप विश्वभूमि न्हिपौया निति यक्व हे नापं रिपोर्टिङय् वनागु दु । गुकियात लुमंकां साध्य मजू । तर छता निता धाःसा लुमंकेबहःजू । गथेकि सुरेशयात अप्वःसियां अति भद्र व सोझाम्ह धायेगु याः । खः, भद्र नं खः, सोझा नं खः । तर सुरेश थःगु ज्या व विचाःयात सुनां नं पंगः थन धाःसा झीसिबें नं हारांम्ह खः । थुकिया प्रत्यक्ष अनुभव जिं उगु इलय् उद्योग विभागय् यैं दुने गुलि उद्योग दर्ता जुयाच्वंगु दु धकाः सुरेश व जि उद्योग विभाग त्रिपुरेश्वरय् वनागु खः । अन हाकिमयाके न्यनेकने यायेगु झ्वलय् हाकिमं जिमिगु उमेर खनाः खःला मस्यू अतिकं हेपेयायेगु यात । सुरेशं सहयायेमफुत, हाकिमनाप ल्वायेगु सुरु यात । जिं पना, तर सुरेश मानेमजू । छाय् धायेबलय् रिपोर्टिङ यायेगु अधिकार झीके



दु, झीत माःगु जानकारी बिइ हे माः धकाः धाल। अन्ततः हाकिमनाप ल्वानाः यैं दुने दर्ता जुयाच्वंगु उद्योगया नां धलः कयातुं त्वःतल। उबले तिनि सिल, सुरेश मखूगु खँय् भद्र व सोझा मखु जुयाच्वन।

अथेहे, २०४६ सालया जनआन्दोलनय् नं सुरेशं उकथं हे रिपोर्टिङ यायेगु झ्वलय् साहसिक ज्या यात। २०४६ सालया जनआन्दोलनया झ्वलय् आन्दोलनया कमाण्डर गणेशमान सिंह वीर अस्पतालय् भर्ना जुयाच्वंगु खः। अन वयूकःयात सुरक्षा निकायया घेरा यू तयातःगु खः। आन्दोलन उत्कर्षय् थ्यनेवं तत्कालीन जुजु वीरेन्द्रं संयुक्त जनआन्दोलन समितिया दुजःपिन्त दरबारय् सःताः वार्ता यात। व जुजुं वार्ता लिपा बहुदलीय व्यवस्था पलिस्था यायेगु बचं बिल। थुगु बचं लिपा जनआन्दोलनया कमाण्डर गणेशमान सिंहया विचाः छु दु ? थ्व जनताया दथुइ गनं पिहाँ मवः। विश्वभूमिया सम्पादक अशोक श्रेष्ठं गणेशमान सिंहया विचाः छु खः ? वयूकःया प्रतिक्रिया कायेमाली धैगु खँ तयादिल।

तर, गणेशमान सिंहया प्रतिक्रिया कायेगु गुकथं ? वयूकः ला सुरक्षा निकायया घेराय् वीर अस्पतालय् च्वनाच्वंगु दु। संयोग धायेमाली, नेवाः न्ह्यलुवाः बालकृष्ण प्रजापतिया जहान वीर अस्पतालय् हे स्वास्थ्यकःमि, थ्वहे हुनिं बालकृष्ण प्रजापति, जिमिसं वयूकःयात बाल दाई धायेगु याना। वयूकःयाके गणेशमान सिंह नापलायेगु नितिं ग्वाहालि फ्वना। बाल दाई नं थः जहानयात थुकिया जानकारी बियादिल। थ्वया लिपा जिपिं वीर अस्पतालय् वना, बाल दाईया जहानयात नापलाना। वयूकलं छगू उपाय् बियादिल, 'डाक्टरया भेषय् गणेशमान सिंह नापलायेगु'।

थ्वहे उपाययात छ्यलाः सुरेशं डाक्टरया तुयूगु गाउन फिनाः गणेशमान सिंह नापलाः वन। व, नेवाः भासं सिंहया प्रतिक्रिया कयादिल। उगु इलय् जि नं नापं दूगु हुनिं सुरेशं याःगु ज्या जिं नं यात धैगु कथं बय् बय् ला जुल, यथार्थय् सुरेशनाप जि पासा जक वनाम्ह खः। डाक्टरया भेषय् गणेशमान सिंहया प्रतिक्रिया काःम्ह सुरेश हे खः।

अथेहे, पत्रकारिताय् सुरेश बहुआयामिक व्यक्ति खः धकाः धयाच्वनेमाःथें जितः मताः। विश्वभूमिइ च्वइगु ध्याचू तसकं लोकंह्वाःगु हुनिं सुरेशं सम्भवतः दकले न्हापां जुइमाः 'जनआस्था' वाःपतिइ खय् भासं 'शहरभित्र' स्तम्भय् ध्याचू च्वयेगु यात। थ्व ध्वाचू नं खस भाषाया पाठकपिनिगु नितिं अतिकं हे न्हूगु सवाः जुल।

सुरेशं समाचारया नापनापं ध्याचू, विचाः च्वसू नं यक्व हे च्वःगु दु। नेवाः भाय्या पत्रपत्रिकाय् सुरेशया विचाः च्वसू पिमदंगु पत्रिका हे मदु जुइ। अथेहे, लिपांगु इलय्



सुरेशया नागरिक, कान्तिपुरलिसें थीथी पत्रपत्रिकाय् च्वसू पिदन। थथे च्वसू पिदनीगु तःधंगु खँ मखु, तर सुरेशं गुलि नं च्वसूत च्वल, व अतिकं हे समय सान्दर्भिक, बिचाः यायेबहः जूगु लिसें ब्वने हे माःगु च्वसू कथं पिदन। थुकिं यानाः सुरेश नेपालभाषाया पत्रकार जक मखु, राष्ट्रिय पत्रकार कथं नं नांजाःम्ह पत्रकार जुयाबिल।

सुरेश, दकले न्हापां सम्पादक जूगु पत्रिका 'अप्सरा' लय् पौ खः। २०४६ सालय् तत्कालीन पंचायती व्यवस्थाया प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठं भारतं नेपालय् वइगु मनोरञ्जन पत्रिकालिसें फुक्क हे पत्रपत्रिका बन्देज यानाब्यूगुलिं उबले चलचित्र पत्रिकात यक्व पिदंगु खःसा थ्वहे झ्वलय् मनोरञ्जन पत्रिका कथं अप्सरा पिदंगु खः। थ्वया लिपा सुरेश विश्वभूमि न्हिपौया सम्पादक जुल।

विश्वभूमि व न्हूगु विश्वभूमि निगू जुइवं सुरेश विश्वभूमिया सम्पादक जुयाः तःदँ तक ज्या यानादिल। विश्वभूमि धुंकाः सुरेश सन्ध्याटाइम्ह न्हिपौया सम्पादक जुयादिल व थ्वया लिपा नेपालभाषा टाइम्स न्हिपौया सम्पादक जुयाः ज्या यानादिल। थ्व तःधंगु खँ मखु, तर सुरेश उबले उज्वःम्ह व्यक्ति जुयाबिल, सुरेश गन दइ अन नेपालभाषाया न्हिपौ पिदनी! सुरेश गन दइ अन साहित्यिक लय् पौ पिदनी! सुरेश छम्हं हे नेपालभाषा संचार ख्यःया हामाथें जुयाबिल। थ्वहे सुरेशया पत्रकारिताय् म्हसीका खः।

थौं, सुरेश आकाझाकां मदुगुलिं झी सकलें दुःखं कयाच्वंगु इलय् नेपालभाषा ख्यलय् छगू तःधंगु क्षति जूगु इलय्, झीसं सुरेशं नेवाः ख्यःलिसें थीथी ख्यःयात कयाः च्वयाथकूगु च्वसूयात संग्रह यानाः हाकनं पिथनेफत धाःसा सायद सुरेशं च्वयाथकूगु उगु विचाः च्वसू झीगु नितिं दस्तावेज कथं जुइफु। झी सकसिनं सुरेशयात लुमंकाः थुकथं ज्या यायेगु खःला ?

सुरेशयात धात्थें लुमंकेगु धैगु सुरेशं पत्रकारिता ख्यलय् यानावंगु ज्यायात खः। उकिं विशेष रूपं नेवाः पत्रकारिता ख्यलय् पलाः न्ह्याकावयाच्वंपिं पत्रकारपिन्सं सुरेशं यानावंगु पत्रकारितायात कयाः अध्ययन अनुसन्धान यायेमाःगु आवश्यकता दु।

लुमन्ति, सुरेशकिरण मानन्धरया

जि यँ महानगरपालिकापाखें न्ह्याका वयाच्वंगु सामुदायिक एफएम मेट्रो एफएमय् ज्याझ्वः न्ह्याकाच्वनागु। थौंकन्हय् सुथय् नेपालभाषां बुखँ बीमाःगु जूगुलिं नेपालभाषाया ज्याझ्वः छु छु जुल धकाः नेवाःअनलाइनखबर डट कम चायुकाबलय्

सुरेश किरण मानन्धरयात हृदयाघात जुयाः अस्पताल यंकल धइगु बुखँ खना। पत्याः हे याय् थाकूगु, अबले तुं नेपालभाषा न्हिपौया सम्पादक तेज महर्जनयात फोन यानागु, तर स्वापू मजुल। व लिपा मेट्रो एफएमया सहकःमि उदेन न्हूसाय्मियात फोनं स्वापू तयाबलय् सुरेश दाइ मदयेधुंकूगु खबर बिल व सुरेश दाइयात शवगृहस तयाः लिहां वयाच्वनागु खँ कन। पत्याः हे याये थाकूगु खँ। संसार अनित्य खः, तर थुलि याकनं उकथं वनी धइगु मनय् मदुगु। बिचाः हे याय् मफूगु। तसकं बिचाः मयानागु दुःखद घटना जुल।

सुरेशकिरण दाइ भाषाख्यलय् वसांनिसें म्हस्यूगु जूसां नं खास हे दुग्यंक खँल्हाबँल्हा याय्गु उलि मजू। जि च्वनागु वडाया नापनापं गनं ज्याभ्वः जुल धाःसा वा विज्ञापन बीमालीगु इलय् सन्ध्याटाइम्सया ज्याकुथिइ वनेगु। अन सुरेशदाइ नापलाःसां खास हे खँ जुइमखु।

जब नेपालय् १६घौतक लोडसेडिङ जुल, उगु इलय् वय्कःनाप सतिल। उगु इलय् पत्रिका छापे याय्गु नितिं च्वसुत वइगु, तर टाइप याय्गु ज्या इलय् हे क्वमचाइगु जूगुलिं सन्ध्याटाइम्सया ज्याकुथिइ वइगु छुं छुं च्वसुत टाइप याय्माःगु खँ वल। थुकिया नितिं पासा ज्ञानकुमार महर्जनं टाइप याय्गु नितिं जितः रिफर याःगु जुल। उकियात स्वीकार यानाः च्वसुत टाइप यायेगु ज्या याना। टाइप याःगु बापत पारिश्रमिक नं वय्कलं बियादीगु खः। थ्वहे भ्वलय् च्वसुत टाइप यायेगु जक मखु, च्वसुयात कयाः खँल्हाबँल्हा जुइगु खः। च्वसुइ वइगु समस्यायात कयाः सहलहया भ्वलय् वय्कलं पत्रिकाया नितिं च्वसुत च्वयेगु नितिं घ्वाय्गु ज्या नं यानादिल। थ्व स्वयां न्ह्यः छकू निकू बुखँ, च्वसुत च्वय्गु याःसां नं जिगु ल्हाः उलि मन्ह्याःगु जुल।

भासं नं पिकायेगुला धकाः सोच तया। उगु सफू नेवाः भासं भाय् हिलेत सुयात धाःसा जिइ धकाः पासा सुरेन्द्र लिसे सहलह ब्याका च्वनागु। मनय् ला छुं ई न्ह्यव हे थुगु ज्याया भाला सुरेश दाइयात विइमाली धकाः विचा याना तयागु खः। अथेनं सुरेन्द्रजु लिसें सहलह याना। वय्कलं निम्ह प्यम्ह हनेबहः पिनिगु नां कना दिल। वय्कपिं नं बांलाःपिं हे खत। जिं धया सुरेश दाइयात याके दःसा गथे जुई। 'वय्क जुउसाला गज्जप हे जुल नी, तर वय्क याके ई दइला। तसकं व्यस्त वय्कः। भाषा आयोगया दुजः जुया दिइगुली ई हे मदु वय्क याके।' 'अथेसां छक कुतः याना स्वयेमालीका, सफूया ज्या जुयाच्वन तिनी। याकनं सिधेकी फइथें ला मच्वं। वय्कलं मलाः धाःसा विकल्प सोचेयाये मालीका' जिं धया। छुं दिं न्ह्यव या जक हे खं तिनी थ्व। थौं छकलं थज्यागु खं न्यनी माः बलय् पत्या याये हे थाकुया च्वन।

पलख लीपा सुनीलजु पाटनध्वाकाय् हे थ्यंक झाल। नापं च्वंगु च्या पसले च्वना विस्तृत रूपं खंल्हाबल्हा याना। म्हिगः अथे धैगु ने.सं. ११४६ चिल्लागा षष्ठी सोमवाः (२०८२ फागुण २५ गते) सुरेश दाइ थः भिन्चाया ब्याहा भोजय् ब्यस्त जुया च्वना दिइम्ह, आकाझाकां ह्रदयघात जुल खनी। हथासं हस्पिटल यंकू यंकू हे मदय् धुंकल जुया च्वन। भिंन्चाया भ्वय् व मिजं याथाय् भ्वय् दुउगु जुया कन्हय् बुधवाः खुन्हुजक सिथं यंकेगु धाल धकाः सुनीलजुं धयादिल। अन सुनीलजु लिसे सुरेश दाइया बारे यक्व हे खं जुल। जि धाःसा पसः चायेकः वये मानीगु जुया कन्हे नापलाये धकाः जिपीं अनं बाया। पसले च्वना च्वनुमेसिया मन हे थातय् लाःगु मखु। पुलां पुलांगु खं त लुमंसे वल। अवुजु सुवर्णराज प्वाःस्याः ताम्रकार नेवाः भाषा ख्यलय् जुयाच्वंगु जुया मचायेक हे जिगु झुकाव नं थ्व ख्यलय् जुयाविल। छैं वुधवाः पतिकं इनाप वाःपौ थ्यंक वइगु। उकीं याना नं जिके कम उमेरय् हे नेवाः भाय् प्रतिया मतिना दयावल। उगु इलय् सुरेश दाइ नं अन ज्या याइगु धकाः ला मस्यु। इनाप वाःपौ पिदनी बन्द जुइधुंका विश्वभूमि न्हिपौ नं मदिक हे स्वया ब्वना च्वना। अवु सुवर्ण प्वाः स्याः चक्रवर्ती पुस्तकालय सं ताः ई तक संलग्न जुया नायो नं जुया दिल। पुस्तकालय पाखें भाषा, कला, साहित्य, संस्कृति ख्यलय् इलय् ब्यलय् ज्याखंत जुया च्वनिगु। जिगु नं मचायेक हे अज्यागु ज्याय् मन क्वसाः वन। छैं लिक्क सं च्वंगु चक्रवर्ती पुस्तकालयलय् नं नियमित रूपं थ्यना च्वनिगु। लिपा जि नं थुकीया नायो जुया सेवा याना।

२०४६ सालया जनआन्दोलनय् सुरेश दाइ व सुजीव दाइपिं वीर अस्पतालय्



डाक्टरया भेषकया जनआन्दोलनया सर्वोच्च कमाण्डर गणेशमान सिंह याके अन्तर्वार्ता कया दिइगु खं उगु इलय् बय्बय् जुउगु खः । उगु सहसिक ज्यां याना विश्वभुमि न्हिपौया स्तर ह्वात्त हे थकना विउगु खः । उबले तक सुरेश दाइ, सुजीव दाइपिं म्ह ला सिउगु हे मखुनी । थः नं स्कूलय् च्यागुगु तगिंलय् ब्वना च्वनागु तिनी । अनं लिपा सुरेश दाइया बारे भतिभति सियावल । विशेष याना वय्कया च्वसुत, बुखंत नापनापं कविता, ख्यालःत नं ब्वनेगु याना । वय्क नेवाः भाय् नापनापं खस नेपाली भासं त उतिक. हे बांलाक्क च्वया दिइम्ह जुया च्वन । तर वय्क लिसे नाप लायेगु ह्वताः चु हे मलाना च्वन । खास हे नाप लाये हे माःगु कथंया छुं ज्या नं मदुगु जुल । जिगु एसएलसी लिपा साइन्स विषय कया प्रमाणपत्र तह पार याये मफुगुलीं हाकनं पत्रकारिता मू विषय कया पिपुल्स क्याम्पस, पकनाजोल पाखें प्रमाणपत्र तह पार याना । अनलिं पत्रकारिता हे मू विषय कया रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग पाखें स्नातक व स्नातकोत्तर तगिं सिधेका ।

२०६२ सालपाखे जुइ स्नातक तगिं दोम्ह्रो वर्षय् ब्वनाबलय् पत्रकारिता विषयलय् प्रयोगात्मक कक्षाया रूपय् छुं नं छगु संचारगृहलय् वना खुगु, न्हययुगु ती समाचार थःगु हे नामं प्रकासित यायेमाःगु जुयाच्वन । उकीया निति जिं सन्ध्या टाइम्स न्हिपौ यात ल्यया । अनलिं तिनी सुरेश दाइ लिसे भतिचा लिक्क च्वना ज्या यायेगु ह्वताः चु लात । खला व सिवें न्ह्य नं इलय् व्यलय् सुरेश दाइयात नाप लाना च्वनागु लाः खः थीथी ज्याभ्वलय् । छुं ई तक इन्टर्नशीपया लागी सन्ध्या टाइम्सय् सुरेश दाइ लिसे ज्या यायेखन । रमेशकाजी स्थापित दाइ, तेज नारायण महर्जन, राजेन्द्र मानन्धर 'नील' लिसेया स्वापू नं अनं हे बांलना वल । जिगु लेखन शैली स्वया हे सुरेश दाइ नं इन्टर्न सिधेका नं सन्ध्या टाइम्सय् नं ज्या यायेत तक्व मछिं धया दिइगु खः । तर जि पसः दुउम्ह, पत्रकारिता यात हे लजगाया रूपय् कया वनेगु विचाः मदुम्ह जुया थ्व ज्याय् निरन्तरता विइ मफुत । अथेसां इलय् व्यलय् थीथी विषयलय् लेख त च्वया सन्ध्या टाइम्सय् प्रकासित याना च्वना । अनलिं जि ललितपुर उद्योग वाणिज्य संघ, ताम्रकार समाजय् ब्यस्त जुइमाल । उद्योग ब्यापारया विषयलय् नियमित स्तम्भ च्वयेगु सुरेश दाइया इनाप यात नं ब्यस्तताया कारणं पुवंके मफुत । अथेजुसां तवि सुरेश दाइ, तेजजु, नीलःजु लिसेया स्वापू नियमित रूपं जुया हे वयाच्वंगु खः । समाजया, संघया ज्याभ्वःतय् बारे नियमित रूपं बुखं त दयेका छोयेगु यानावया च्वनागु दु ।

नेवाः पत्रकार राष्ट्रिय दबूया सल्लाहकार सुरेश दाइ । दबूपाखें जित नं भिं



चिउता मि कथं अप्वः धैथें ज्याभ्वलय् ब्वना वइगु। अथेजुया नं दबूया यक्व धैथें ज्याभ्वलय् सुरेश दाइ नाप लाइगु। न्ह्यावले वय्कया सुभाव जित, च्वयेगु छता त्वता दिइमते। जि न्हयावलें न्हिला जिउ दाइ धकाः छ्यों हिकेगु। तर विविध कारणं नियमित रूपं धाःसा च्वये हे मफया च्वनिगु। लिपा लिपा विस्तार सियावल सुरेश दाइया नां सुरेश मखु किरण धकाः। सु-कि धकाः लेख, ध्याचु च्वयादिइम्ह सुरेश किरण धकाः। पत्रकारिताय् स्नातकोत्तर यायेधुंका नेसं ११३१ (बिसं २०६७) सालपाखे नेपालभाषा विषयसं हाकनं स्नातकोत्तर यायेगु ह्वताः चूलात। स्नातकोत्तर तगिं निगूगु दँ, गुंगूगु पत्रया ऐच्छिक विषयकथं पत्रकारिता विषय हे ब्वने खन। थुकीया निति कक्षापत्र तयार यायेगु भ्ल्वलय् "सन्ध्या टाइम्स न्हिपौ या सम्पादकीय" विषय सं कक्षापत्र तयार यायेगु मतितया। अवले हाकनं सुरेश दाइलिसें छुं ई नापं ज्या यायेगु ह्वताः चूलात। नेपालभाषा केन्द्रिय विभागया तत्कालिन प्रमुख सह प्रा. डा. ओमकारेश्वर श्रेष्ठजुया इनाप, हःपा, ग्वहालिं नेसं ११३९ (बिसं २०७५) सालय् उगु कक्षापत्रयात सफूया रूपय् पिथने फत।

पसले च्वच्वं सुरेश दाइ लिसेया अनेक खं त लुमना वयाच्वंगु इलय् नीलःजुया फोन वल। 'दाइ नं खवर सिलला' नुगः मछिंगु सलं वय्कलं धयादिल। 'सिला सिल तर पत्या हे याये थाकुया च्वन' जिं धाया। 'कन्हे बुधवाः सुथे ९ ता इले निसें १२ ता इ तक नेपालभाषा मंकाः खलः, विजेश्वरी अन्तिम श्रद्धाञ्जली देछायेगु, अनलिपा नगर परिक्रमा याना सिथंयंका इन्द्रायणी यंकेगु जुउगु दु।' वयकलं धयादिल। 'जिउ जि कन्हे वये' धकाः धाया। बुधवाः खुन्हु मंकाः खलः विजेश्वरी थ्यंबले करीब ९:३० ताः ती जुइ धुंकल। मंकाः खलः या प्राङ्गण जायेक नेपालभाषा ख्यः, लगायत थी थी ख्यःया हनेवहःपिं झाया सुरेश दाइ यात अन्तिम श्रद्धाञ्जली देछाना च्वना दिइगु। सुयां ख्वाः चकं मजू। न्हिनेसिया १२ ता लिपा वय्कया पार्थिव शरिरयात नगर परिक्रमा याना इन्दायणी दागवत्ती बिया दिल। नेपालभाषा ख्यलय् छगु थिगु नगु तनावन, छगु युगया अन्त्य जुल।

इ मत्यवं हे दिवंगत जुया दिइम्ह सुरेश दाइयात दाइया हे छपु कविता 'शायद बुद्ध जि प्रति गर्वित जुया बीगु खइ' पाखें निगु लाइन न्हयथना श्रद्धाञ्जली व्यक्त यानाच्वना।

"सीत लाइन च्वना च्वंपिनि दथुइ
बेलाइनं थःगु पाः फ्वं वनाम्ह जि!!"

■



सुरेश किरणले काठमाडौंलाई दिएको 'दम' अब कसले दिने?

सहयोग रंजित

फागुन २७ गते डल्लुस्थित नेपालभाषा मंका खलः को भवन परिसरमा मानिसहरूको बाक्लो उपस्थिति थियो। त्यो भेला कुनै उत्सव वा आन्दोलनका लागि थिएन। त्यहाँ त स्तब्धता थियो, एउटा नमिठो रिक्तताको बोध थियो।

भिडको अगाडि एउटा पार्थिव शरीर थियो- सुरेश किरण मानन्धरको। जसले दशकौंसम्म आफ्नो कलममार्फत नेवाः सभ्यता, पहिचान र काठमाडौंको अर्थ-राजनीतिलाई 'दम' दिइरहे, उनै सुरेश त्यहाँ निःशब्द सुतिरहेका थिए।

शोक सभामा धेरैजसोले सुरेश किरणलाई राम्रो र सधैं हाँसिरहने व्यक्तिका रूपमा सम्झिए। श्रद्धाञ्जली अर्पण गर्न आएका अधिकांशका आँखामा आँसु थियो। र, जसका आँसु नझरेका थिए उनीहरूको अनुहार हेर्दा पनि उनीहरू भित्रैदेखि गहिरो रूपमा दुःखी भएको प्रष्ट देखिन्थ्यो।

छेवैमा उभिएका एक भाषासेवीले लामो सास फेर्दै भने, 'अब नेपालभाषामा पत्रिका निकाल्ने मान्छे नै छैनन्? यो त एउटा मान्छे मात्र ढलेको होइन, एउटा संस्था नै ढल्यो।'

धेरैजना नेपालभाषा पत्रकारिताको बारेमा चिन्तित देखिँदा केही व्यक्ति भने सुरेश किरणको बहुआयामिक पक्षबाट छलफलमा थिए।

'उहाँ (सुरेश किरण) नेपालभाषामा जति पोख्त हुनुहुन्थ्यो। उनी नेपाली साहित्यमा पनि उत्ति नै दक्ष थिए। उनले लेख्ने कविता र व्यंग्य धेरै बलियो थियो। नेपालले एक असल साहित्यकार गुमायो,' नेपालीमा साहित्य लेख्ने एक व्यक्तिले सुनाए।

सुरेश किरणलाई धेरैले 'सु कि' को नामबाट चिन्थे। यो केवल उनको नामको संक्षिप्त रूप मात्र थिएन। यो त पञ्चायत कालको उत्तरार्धतिर 'विश्वभूमि' पत्रिकामा छापिने एउटा यस्तो स्तम्भ थियो, जसले सत्ता र विसंगतिमाथि निर्भिक प्रहार गर्थ्यो।



२०४६ सालको जनआन्दोलन ताका उनले कोरेका व्यंग्यहरूले काठमाडौंका गल्ली-गल्लीमा चेतनाको सञ्चार गरेको थियो।

उनको लेखनमा एउटा जादु थियो-उनी गम्भीरभन्दा गम्भीर राजनीतिक विषयलाई पनि नेवारी जनजीवनको ठेट विम्ब प्रयोग गरेर बुझाइदिन्थे। नेपालभाषा, नेपाली र अंग्रेजी तीनै भाषामा उत्तिकै पकड भएका सुरेश किरण युवा उमेरमै सम्पादक बनेका थिए। भाषा आयोगको सदस्य हुनुअघि उनले 'नेपालभाषा टाइम्स' को नेतृत्व गर्दा त्यसलाई केवल एउटा भाषिक पत्रिका मात्र बनाएनन्, बरु नेवाः समुदायको बौद्धिक र राजनीतिक आवाजको संवाहक बनाए।

पत्रकार, साहित्यकार, अनुवादक, व्यंग्यकार र भाषासेवी सुरेश किरण-यी सबै पहिचानहरू केवल शब्द मात्र थिएनन्। ती उनका बहुआयामिक व्यक्तित्वका झल्काहरू थिए। तर यिनै पहिचानभन्दा पर उनी धेरैका लागि एउटा नजिकको साथी थिए। यस्तो साथी, जसको नजिकिन उमेर, हैसियत वा पृष्ठभूमिले कहिल्यै अवरोध बनेन।

सुरेश किरणसँगको सम्बन्ध कुनै निश्चित घेराभित्र सीमित थिएन। भर्खरै लेखन यात्रा सुरु गरेका युवादेखि जीवनका धेरै अध्याय पार गरिसकेका पाका पुस्तासम्म, सबैसँग उनी सहजै घुलमिल हुन्थे। उनको बोलीमा अपनत्व थियो, व्यवहारमा सरलता, र हाँसोमा एउटा न्यानोपन-जसले जोसुकैलाई पनि आफूतिर तान्थ्यो। सायद यही कारणले होला, उनलाई चिन्नेहरूका लागि उनी केवल एक व्यक्तित्व होइनन्, एउटा अनुभूति बनेका थिए।

उनको संगतमा बस्नेहरू भन्छन्-सुरेशसँगको संवाद कहिल्यै औपचारिक हुँदैनथ्यो। उनी जति गम्भीर विषयमा लेख्थे, त्यति नै सहज ढंगले कुरा गर्थे।

भाषाप्रतिको उनको समर्पण विशेष थियो। उनी केवल शब्दहरू लेख्ने मान्छे थिएनन्, शब्दहरूको सम्मान गर्ने र तिनलाई जिउँदो बनाउने सर्जक थिए। अनुवादमार्फत उनले भाषा र संस्कृतिबीच पुल बनाए, जसले धेरै पाठकलाई नयाँ संसारसँग परिचित गरायो। उनको लेखनमा नेपालीपनको गहिरो स्वाद पाइन्थ्यो, जुन आज पनि उनका कृतिहरूमा जीवित छ।

आज, जब उनका लागि श्रद्धाञ्जलीका शब्दहरू कोरिँदैछन्, मनमा अनगिन्ती सम्झनाहरू एकसाथ उब्जिन्छन्। हरेक व्यक्तिसँग उनको कुनै न कुनै कथा छ-कसैका लागि प्रेरणादायी, कसैका लागि सान्त्वनादायी र कसैका लागि जीवनकै महत्वपूर्ण

मोडमा साथ दिने। यही कारणले होला, उनका बारेमा लेख्न खोज्दा शब्दहरू अपर्याप्त लाग्छन्।

तर, सबैभन्दा ठूलो प्रश्न यतिबेला मनमा उब्जिरहेको छ-अब कसले पूरा गर्ला उनले छाडेर गएका ती अनगिन्ती संकल्पहरू? उनले सुरु गरेका अभियानहरू, उनले बोकेका सपनाहरू, र उनले देखेको परिवर्तनको आकांक्षा-यी सबै अब अधुरा जस्तै लाग्छन्।

+ + +

सुरेश किरण सम्पादकका पनि सम्पादक थिए। अहिले धेरै मिडियामा सम्पादक भएर काम गरिसकेकाहरूलाई सुरेश किरणले नै पत्रकारिता सिकाए। आफ्नो जीवननै पत्रकारितामा बिताएका सुरेश किरणको एउटा ठुलो गुनासो थियो- नेपालको मूलधारको पत्रकारिता र त्यहाँका सम्पादकहरूले काठमाडौंलाई त देखे, तर यहाँको 'आत्मा' बुझेनन्।

काठमाडौंमा बसेर सम्पादन गर्नेहरूले यहाँको भूगोल त बुझे, तर यहाँको संस्कृति र मानिसहरूको संवेग बुझ्न नसकेको उनको आशय हुन्थ्यो। उकेरा अनलाइनसँगको एउटा संवादमा उनले प्रष्टै भनेका थिए कि रिपोर्टिङ गर्दा सांस्कृतिक भावना र भूगोलको यथार्थलाई बिर्सन मिल्दैन।

उनका लागि काठमाडौं केवल कंक्रिटको सहर थिएन। , यो त एउटा जीवन्त संग्रहालय थियो, जसको प्रत्येक इँटा र चोकसँग एउटा कथा जोडिएको छ। उनले सधैं प्रश्न गरिरहे- 'गुठी विधेयकविरुद्ध मानिसहरू किन सडकमा उत्रिए? के यो केवल जग्गाको लडाइँ थियो? होइन, यो त आफ्नो अस्तित्व र सभ्यता जोगाउने लडाइँ थियो।'

२०८२ असार ७ गते कान्तिपुरको 'कोसेली' मा उनले एउटा लेख लेखेका थिए- 'काठमाडौंबाट जे हराए'। उनले लेखेका थिएः

'समय हराउने वस्तु होइन। तर समय देखाउने पुराना घडीहरू हराइसकेका छन्। खासगरी नाडी घडी। अहिले हामीले लगाउने नाडी घडीमा बेला-बेला ब्याट्री



फेरिरहनुपर्छ। पुराना घडीमा त्यस्तो ब्याट्री फेरिरहनु पर्दैनथ्यो। किनभने त्यसमा ब्याट्री नै हुँदैनथ्यो। बरु दिनको एक पटक दम दिनुपर्थ्यो। दम दिने स्वीच घडीमै जोडिएको हुन्थ्यो। एक पटक दम दिएपछि २४ घण्टा मजाले चल्थ्यो। अहिले त्यस्तो दम दिनुपर्ने घडी हराइसकेको छ।'

यो केवल घडीको कथा थिएन। यो त हाम्रो समाजको रूपान्तरणमाथिको कडा व्यंग्य थियो। सुरेश किरणले भन्न खोजेको 'दम' अनुशासन, संस्कार र मौलिकताको प्रतीक थियो। आजको पुस्ता 'रेडिमेड' वस्तु र 'ब्याट्री' मा आश्रित छन्। ब्याट्रालाई सायद उनले आयातित विचार र प्रविधिको संज्ञा दिन खोजेका होलान्। उनी चिन्तित थिए कि हामी 'डुम स्क्रोलिङ' मा व्यस्त हुँदा हाम्रा मौलिक कथाहरू कतै हराइरहेका छन्।

काठमाडौंमा संस्कार र जात्राहरू अझै छन्, बाजाहरू बजिरहेका छन्। त्यहाँ युवापुस्ताको उपस्थिति पनि देखिन्छ। तर, ती संस्कारका कथा, तिनको ऐतिहासिक र सांस्कृतिक अर्थप्रति चासो घट्दो छ। समुदायका मुद्दा, राजनीतिक सन्दर्भ, सांस्कृतिक जराबाट टाढिँदै गएको पुस्तालाई कसरी बुझाउने काठमाडौंको कथा?

यही सन्दर्भमा सुरेश किरणको भूमिका अझ महत्वपूर्ण देखिन्छ। उनले नेपालभाषा पत्रकारिता, अर्थ-राजनीति र संस्कृतिलाई आफ्नो लेखनीमार्फत निरन्तर 'दम' दिइरहेका थिए। उनी एउटा यस्तो घडी थिए, जसलाई कसैले चाबी दिनु पर्दैनथ्यो।

तर आज, सुरेश किरण अचानक अनुपस्थित हुँदा, त्यो निरन्तरता अवरुद्ध भएको अनुभूति हुन्छ। उनले दिइरहेको 'दम' एकाएक रोकिनु भनेको अब यो क्षेत्र 'ब्याट्री

"उनले नेपालभाषा पत्रकारिता, अर्थ-राजनीति र संस्कृतिलाई आफ्नो लेखनीमार्फत निरन्तर दम दिइरहेका थिए। उनी एउटा यस्तो घडी थिए, जसलाई कसैले चाबी दिनु पर्दैनथ्यो।"



फेरिरहनुपर्ने' अवस्थातर्फ धकेलिन सक्ने संकेत पनि हो। जहाँ निरन्तरता भन्दा अस्थायी उपायहरू हाबी हुन सक्छन्।

+ + +

अहिले नेपालभाषामा लेख्नेहरू नभएका होइनन्। डिजिटल प्लेटफर्महरू पनि थुप्रै छन्। तर, तीमध्ये अधिकांश केवल सूचना प्रवाह र भाषा जोगाउने भावनात्मक कुरामा सीमित छन्। सुरेश किरणको अभाव खट्किनुको मुख्य कारण के हो भने, उनको लेखनमा 'नेपालमण्डलको अर्थ-राजनीति' झल्किन्थ्यो।

काठमाडौंका सडक विस्तारले यहाँको समाजलाई कसरी असर गऱ्यो? आदिवासी नेवारहरूको भूस्वामित्व कसरी खोसियो? र, त्यसले कसरी एउटा समृद्ध संस्कृतिलाई गरिब बनाउँदै लग्यो? यी विषयमा सुरेश किरण जत्तिको तथ्य र तर्कसहित लेख्ने अर्को व्यक्ति पाउन मुस्किल छ।

अहिलेको नेवार समाज तर्क र विमर्शबाट पन्छिँदै गएको भान हुन्छ। पछिल्लो प्रतिनिधिसभा निर्वाचनको परिणामले पनि समाजभित्रको सांस्कृतिक र राजनीतिक द्विविधालाई छर्लङ्ग पारेको छ। यस्तो बेला सुरेश किरण जस्तो निर्भिक लेखकको खाँचो झन् बढी थियो, जसले समाजलाई ऐना देखाउन सकोस्।

सुरेश किरण मानन्धर केवल एउटा पत्रकार वा साहित्यकार मात्र थिएनन्, उनी काठमाडौंको 'जीवन्त इन्साइक्लोपेडिया' थिए। उनले छोडेर गएका संकल्पहरू अधुरा छन्। नेपालभाषा पत्रकारिताको जगलाई अब कसले सम्हाल्ने? यो प्रश्नको उत्तर सहज छैन।

तर, उनलाई दिइने वास्तविक श्रद्धाञ्जली त्यतिबेला मात्र हुनेछ, जब नयाँ पुस्ताका युवाहरू 'ब्याट्री' मा चल्ने सहरको भीडबाट बाहिर निस्केर आफ्नो भूगोल र संस्कृतिको 'दम' बुझ्न तयार हुनेछन्। सुरेश किरणको महाप्रस्थानले एउटा अध्याय त समाप्त गरेको छ। तर के हामी अर्को अध्याय सुरु गर्न तयार छौं? उनको 'उत्तराधिकारी' कुनै एउटा व्यक्ति नभएर एउटा पूरै सचेत पुस्ता हुनुपर्छ, जसले काठमाडौंको अर्थ-राजनीति र सांस्कृतिक संवेगलाई पुनः मूलधारको विमर्शमा ल्याउन सकोस्।

सुरेश किरणले दिएको 'दम'ले काठमाडौंको सहरको घडी अझै केही समय चलिरहनेछ। तर, 'सु कि' भौतिक रूपमा अस्ताए पनि उनले कोरेका अक्षरहरूले मलाई सधैं सोधिरहनेछ, 'तिमी आफ्नो सहरको कथा कहिले लेख्छौ?'

■



अदृश्यवत्

श्यामल अधिकारी

केही अघिसम्म सुरेश त्यहीं थियो
किलागलको साँघुरो अफिस कोठामा
समाचार लेखिरहेको थियो
कागजपत्र र कम्पुटरको भीडमा अदृश्यवत्
सुरेशकिरण त्यहाँ सायद
कविता सोचिरहेको थियो।
सुरेश, त्यहीं कतै यताउता
इन्द्रचोक र असनको कोलाहलबीच
चुपचाप हिंडिरहेको थियो
नयाँ मानिसलाई पस्नै गाह्रो हुने
मानिसका मन जस्तै
कतै उज्याला, कतै अँध्यारा
साँघुरा न साँघुरा
अचम्मका घुमाउरा गल्लीहरूमा
ममचा, योम्हरी, सफुःम्हिचा र तखाको
तिखो गन्ध मिसिएको सुपरिचित हावामा
हतारिएर कतै जाँदै थियो
मलाई यकीन छ,
केही अघिसम्म सुरेश यहीं थियो।
पूजाको थाली समातेर
बिहानै मन्दिरतिर लागेका
हाकुपटासी मयचाहरूको लयदार हिंडाई,
काठको बुट्टेदार झ्यालमा खोकिरहेको
ज्यापू बाको भादगाउँले टोपीको घेरैमुनि



कानमाथि अडेस लागेको इन्द्रकमलको फूल
पहेँलपुर जुंगामा अल्झेको ठ्वँको बास्ना
र बीच सडकमा भुईंमा थपक्क बसेको देवता
यति धेरै प्रतीकहरूबीच स्वयं एक प्रतीक भैं स्पष्ट देखिने
सुरेशकिरण यहीं थियो
अघिसम्म सुरेशकिरण यहीं थियो ।

अघि भखेरै, अस्तिको कुरा त हो
उताबाट आइरहेको मानिसलाई बाटो दिन
आफ्नो फैलावट खुम्च्याएर
ऊ फेरि अर्को गल्लीमा छिरिरहेको थियो
अघिसम्म मलाई देखेर ऊ मुसुक्क हाँसिरहेको थियो
अलि अघिसम्म ऊ कविता सोचिरहेको थियो
अलि अघिसम्म ऊ आफ्नो सहरको
पुराना घरको भित्तामा जमेको
काईको बास्नाले बेरिएको थियो
अलि अघिसम्म सहरका मिथकहरूमा हराइरहेको थियो
अलि अघिसम्म डबलीबारे लेख्दै थियो
हो त, अलि अघिसम्म कवि सुरेशकिरण त्यहीं थियो ।
म उसलाई खोज्न निस्केको छु
मानिसहरू भन्छन्, सुरेश अब छैन
जसलाई सोध्यो उनीहरू भन्छन्
-सुरेशकिरण अब छैन
मलाई 'श्यामलदाई भेटौं है' भन्दै थियो
अलि अस्तिसम्म ऊ आफैंसंग लोकतन्त्रको खोज गर्दै थियो
अलि अस्तिसम्म ऊ आफुले बोल्ने भाषामा
लोकतन्त्र छ कि छैन भनेर गम्दै थियो
ऊ भाषा, भावना र लोकतन्त्र



कहाँनिर मिल्छन् भनेर गमिरहेको थियो
भाषामा क्रान्ति र प्रेम कहाँनिर निवास गर्छन् भनेर
निर्निमेष हेरिरहेको थियो
मानिसहरूले जेसुकै भने पनि
मलाई थाहा छ,
अलि अघिसम्म सुरेशकिरण त्यहीं थियो ।
केही दिन भयो
सहरमा ऊ देखिएको छैन
म उसलाई सहरका तिनै गल्लीहरूमा खोजिरहेको छु
त्यस्तो देखिने मानिस कसरी नदेखिने भयो !
त्यस्तो मायालु मानिस कसरी निर्मोही भयो !
कि कतै अदृश्यवत् हामीलाई हेरेर सदाझैं
मुस्कुराइरहेको त छैन ?
सुरेशकिरण अचानक कहाँ गयो ?
अलि अघिसम्म सुरेशकिरण त्यहीं थियो ।

■



सम्झनाका क्षणहरू

श्रीकृष्ण महर्जन नेवाः

सुरेश किरण मानन्धर नेपालको पत्रकारिता क्षेत्रमा अपरिचित व्यक्तित्व होइनन्। आन्दोलनमा क्रियाशीलहरूका लागि पनि उहाँ नौलो नाम होइन। विशेषगरी मातृभाषा पत्रकारिता तथा नेवाः पत्रकारिता क्षेत्रका लागि उहाँलाई मार्गदर्शक वरिष्ठ पत्रकारका रूपमा लिन सकिन्छ। नेपालभाषा आन्दोलनका लागि जीवन अर्पण गर्नुभएको व्यक्तित्वका रूपमा उहाँलाई स्मरण गर्न सकिन्छ।

उहाँले पत्रकारिता क्षेत्रमा विशेषगरी भाषिक समावेशिताको सवाललाई मूल मुद्दाका रूपमा उठाउनुभएको थियो। पत्रकारहरूको हरेक सार्वजनिक कार्यक्रममा समेत सुरेश किरण मानन्धरले सञ्चार क्षेत्रमा भाषिक समावेशिता हुनुपर्छ भनी निरन्तर आवाज उठाउँदै आउनुभएको थियो। त्यसैले पछिल्लो समयमा नेपालका मातृभाषा पत्रकारितामा लागेकाहरूले विषयवस्तु र जनशक्तिमा मात्र होइन, भाषिक रूपमा पनि समावेशिता हुनुपर्छ भन्ने धारणा स्थापित हुँदै गएको छ।

नेपालभाषामा पत्रकारिता गर्नु भनेको केवल पत्रकारिताको सवाल मात्र होइन, समुदायको आवाजलाई बुलन्द गर्ने जिम्मेवारी पनि हो। एक किसिमले यो 'मिशन पत्रकारिता' हो। त्यसैले मातृभाषा पत्रकारिता गर्नु सजिलो विषय होइन भन्ने धारणा राख्ने व्यक्तित्व सुरेश किरण मानन्धर नै हुनुहुन्थ्यो। उहाँले नेपालभाषाका विभिन्न आन्दोलनहरूमा पत्रकारितामार्फत मात्र होइन, आन्दोलनका अगुवाहरूलाई सल्लाह दिने, योजना निर्माणमा सहभागी हुने र आवश्यक परे भूमिगत रूपमा समेत साथ र सहयोग गर्दै आउनुभएको थियो।

सुरेश किरण मानन्धरसँग म करिब दुई दशकसम्म निरन्तर सम्पर्कमा रहें। नेपालभाषाका 'सन्ध्या टाइम्स' दैनिक तथा पछिल्लो समयमा 'नेपालभाषा टाइम्स' दैनिकका लागि समाचारदेखि लेख-रचनासम्म, साथै समग्र मातृभाषा पत्रकारिताका सवालमा हामीबीच नियमित संवाद हुन्थ्यो। प्रत्येक पटक कुराकानी हुँदा उहाँसँग



भाषाप्रतिको माया, समुदायलाई अगाडि बढाउने चिन्ता, समुदायको अधिकार, नेवाः संस्कृति तथा नेपालका आदिवासी जनजातिहरूका सवाललगायत विषयमा नै बढी चर्चा हुन्थ्यो। भेट्दा सामान्य ठट्टा भए पनि उहाँका विचारहरू सधैं गम्भीर विषयमा केन्द्रित हुन्थे।

उहाँसँगको मेरो अन्तिम भौतिक भेट नेवाः पत्रकार राष्ट्रिय दबूको धादिङ, जीवनपुरमा सम्पन्न केन्द्रीय समितिको बैठकमा भएको थियो (नेपाल संवत् ११४६, मंसिर १९)। रमाइलो वातावरण र नाचगानकै बीचमा पनि नेवाः देय् दबूको महाधिवेशन, नयाँ नेतृत्व चयन तथा मेरो महासचिव उम्मेदवारीको विषयमा गम्भीर छलफल भएको थियो। साथीहरूसँग रमाइलो गर्दागर्दै पनि राति ढिलोसम्म नेवाः देय् दबू र नेवाः पत्रकार राष्ट्रिय दबूका विषयमा गम्भीर रूपमा छलफल गर्नु उहाँको विषयप्रतिको प्रतिबद्धताको स्पष्ट उदाहरण हो। भोलिपल्ट फर्कने क्रममा पनि हाम्रो संवाद जारी नै थियो। मेरो जीवनमा उहाँसँगको त्यो नै अन्तिम भौतिक भेट रह्यो।

यसै क्रममा कहिले पत्रकारिताको विषयमा, कहिले आदिवासी जनजातिको अधिकारका लागि लेख-रचनाबारे, त कहिले नेवाः समुदायसँग सम्बन्धित विभिन्न पक्षका सवालमा फोनमार्फत संवाद भइरहन्थ्यो। जब-जब नेपालभाषा टाइम्सका लागि नेवाः अधिकार, आदिवासी अधिकार, नेवाः संस्कृति तथा सम्बन्धित गतिविधिहरूबारे समाचार वा लेख आवश्यक पर्थ्यो, उहाँ आफैं सम्पर्क गर्नुहुन्थ्यो। नियमित लेखनमा पनि उहाँको निरन्तरता उल्लेखनीय थियो। उहाँसँग बिताएका अनगिन्ती क्षणहरू सम्झन कठिन भए पनि विशेषगरी नेवाः पत्रकार राष्ट्रिय दबू स्थापना, गुथि विधेयकविरुद्धको आन्दोलन, रातभरि भएको आन्दोलनसम्बन्धी छलफल तथा भाषा आयोगले गर्नुपर्ने कामका विषयमा भएका संवादहरू जीवनभर अविस्मरणीय रहनेछन्।

नेवाः पत्रकार राष्ट्रिय दबूको स्थापना

२०६२-०६३ सालको शान्तिपूर्ण जनआन्दोलनसँगै पहिचान, समावेशिता तथा भाषिक अधिकारका मुद्दाहरू सशक्त रूपमा उठ्न थाले। पहिलो संविधानसभामा यी विषयहरू व्यापक रूपमा उठाइए पनि दोस्रो संविधानसभाको अन्तिम चरणतिर आइपुग्दा प्रमुख सञ्चार माध्यमहरूले यी मुद्दाहरूलाई अघोषित रूपमा बेवास्ता गर्न थालेका थिए।

त्यस समयमा वरिष्ठ पत्रकार सुरेश किरण मानन्धरसँग पटक-पटक छलफल



भयो–अब पहिचान, समानुपातिक समावेशिता र भाषिक अधिकारका पक्षधर पत्रकारहरू एकजुट हुनुपर्ने आवश्यकता रहेको निष्कर्षमा पुगियो। नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश भए पनि ठूला सञ्चार माध्यमहरूले एक भाषा, एक संस्कृति र एक पहिचानलाई मात्र प्राथमिकता दिने प्रवृत्ति देखाएका थिए।

> “छलफलका क्रममा सुरेश किरण मानन्धरले दीर्घकालीन रूपमा नेवाः स्वायत्त राज्य प्राप्तिका लागि संघर्ष गर्नुपर्ने धारणा राख्नुभयो।”

यस अवस्थालाई परिवर्तन गर्न संगठित रूपमा अघि बढ्नुपर्ने निष्कर्षसहित विभिन्न व्यक्तित्वहरूसँग छलफल गर्दै राष्ट्रिय स्तरको संगठन निर्माण गर्ने तयारी गरियो। अन्ततः निरन्तर छलफल र बहसपछि नेपाल संवत् ११३२, चिल्लागा दशमी (२०६८ चैत ४) मा राजधानीमा नेवाः पत्रकारहरूको राष्ट्रिय भेला सम्पन्न भई नेवाः पत्रकार राष्ट्रिय दबूको स्थापना भयो। त्यसपछिका दिनहरूमा सुरेश किरण मानन्धरले सल्लाहकार का रूपमा निरन्तर मार्गदर्शन प्रदान गर्नुभयो। वास्तवमा उहाँ यस संस्थाका अभिभावक नै हुनुहुन्थ्यो।

गुथि विधेयकविरूद्धको आन्दोलन

२०७६ सालमा तत्कालीन सरकारले गुथि विधेयक ल्याउने तयारी गरेपछि नेवाः समुदायमा गम्भीर चिन्ता र असन्तोष फैलियो। उक्त विधेयकमार्फत गुथिका सम्पत्तिहरू राज्यअन्तर्गत ल्याउने तथा गुथिलाई सरकारी संरचनामा रूपान्तरण गर्ने योजना अघि सारिएको थियो।

यस सन्दर्भमा डा. महेशमान श्रेष्ठ, सुरेश किरण मानन्धर म (श्रीकृष्ण महर्जन)बीच छलफल भयो। छलफलपछि विधेयकविरुद्ध आवाज उठाउनुपर्ने निष्कर्षमा पुगियो। सामाजिक सञ्जालमार्फत छलफल कार्यक्रममा सहभागी हुन आह्वान गरियो। २०७६ जेठ १७ गते राजधानीमा भएको उक्त छलफलबाट आन्दोलनको सुरुवात भयो।



आन्दोलन विस्तार हुँदै जाँदा असार ४ गते माइतीघर मण्डलामा ठूलो शक्ति प्रदर्शन गर्ने कार्यक्रम घोषणा गरियो। आन्दोलनको तीव्रता बढ्दै गएपछि अन्ततः सर कारले असार ३ गते नै विधेयक फिर्ता लिन बाध्य भयो। करिब दुई हप्ताको आन्दोलनले सरकारलाई निर्णय परिवर्तन गर्न बाध्य बनायो। नेवाः समुदायले गुथिलाई प्रथाजनित, स्वायत्त र स्वशासनमा आधारित संस्था भएको भन्दै राज्यको हस्तक्षेप अस्वीकार्य रहेको स्पष्ट सन्देश दिएको थियो।

नेवाः अधिकारका लागि रातभरि छलफल

आजभन्दा करिब ६ वर्षअघि (सन् २०२० मा) नेवाः अगुवा डा. महेशमान श्रेष्ठको पहलमा एक महत्वपूर्ण छलफल सम्पन्न भएको थियो। नेवाः अधिकारका लागि विभाजित अवस्थालाई अन्त्य गर्दै एकता कायम गर्ने उद्देश्यले उहाँले सुरेश किरण मानन्धर र मलाई लुम्बिनीमा आमन्त्रण गर्नुभएको थियो।

लुम्बिनीमा रातभरि भएको छलफलमा नेवाः आन्दोलन र अधिकारका विषयमा गहन बहस भयो। डा. श्रेष्ठले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुभयो। छलफलका क्रममा सुरेश किरण मानन्धरले दीर्घकालीन रूपमा नेवाः स्वायत्त राज्य प्राप्तिका लागि संघर्ष गर्नुपर्ने धारणा राख्नुभयो। मेरो धारणा भने तत्कालका लागि संविधानको धारा ५६(५) अनुसार स्वायत्त, संरक्षित तथा विशेष क्षेत्र कार्यान्वयनका लागि कानुनी व्यवस्था निर्माण गर्न संघर्ष गर्नुपर्ने थियो।

करिब राति १ बजेसम्म चलेको छलफलपछि हामीबीच साझा निष्कर्ष बन्यो– दीर्घकालीन लक्ष्य नेवाः स्वायत्त राज्य प्राप्ति, वर्तमानमा स्थानीय तहमा सांस्कृतिक संर क्षित क्षेत्रको कार्यान्वयन, र मध्यकालीन रूपमा संवैधानिक व्यवस्थाअनुसार स्वायत्त तथा संरक्षित क्षेत्रका लागि कानुन निर्माण गर्न पहल गर्ने। आज पनि नेवाः तथा आदिवासी जनजाति आन्दोलन यही दिशामा अघि बढिरहेको देखिन्छ।

२०८२ फागुन २५ गते हृदयघातका कारण वरिष्ठ पत्रकार सुरेश किरण मानन्धर को असामयिक निधन भयो। उहाँको निधनले नेवाः समुदाय मात्र होइन, समग्र आदिवासी जनजाति तथा पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको छ। विशेषगरी नेवाः समुदायका लागि छलफल, बहस र मार्गदर्शन गर्ने व्यक्तित्वको अभाव लामो समयसम्म महसुस हुनेछ। उहाँले समाजका लागि गर्नुभएको योगदान सधैं स्मरणीय रहनेछ।■



अब घण्टाघरले कोसँग समय सोध्छ होला..?

श्याम स्मृत

काठमाडौं महानगरका बहाल, बही तथा मठमन्दिर अनि गल्ली-गल्ली, संस्कृति, इतिहास र समाजका कथाहरूमा गहिरो दख्खल राख्ने सुरेश किरणलाई म यही महानगरमा खोज्ने मान्छेहरूको भीडमा म अर्को मान्छे हुँ। कविता, व्यंग्य, निबन्ध र सम्पादनमार्फत नेपाली र नेपालभाषा साहित्यमा अमिट छाप छोडेका उनै मेरा अग्रज सुरेश किरण अब यो संसारमा छैन भन्दा मैले अहिलेसम्म पनि विश्वास गर्न सकेको छैन्।

विसं.२०७५ सालतिर ११ महिना काठमाडौं महानगरपालिकाको सहायक विज्ञ भएर कार्यरत रहदा मैले नजिकवाट चिनेको मान्छे-सुरेश किरण ! हुन त यसअघि पनि सुरेश किरणलाई नचिनेको होइन, काठमाडौंवाट निस्कने सन्ध्याकालिन नेपालभाषाको लोकप्रिय दैनिक सन्ध्याटाइम्सको सम्पादक हुदादेखि चिनेको मान्छे! उही रफ्तारमा शालिन तथा सौम्य स्वभावमा रहने अनि तुरुन्तै सवैसंग नखुलेपनि विस्तारै खुल्दैजाने गहिरो भावको उनको जीवन, सिर्जना र सांस्कृतिक योगदानवाट म अझ नजिक बनेको थिए।

उनीसंग मूर्त तथा अमूर्त काठमाडौं महानगरको सम्पदा विषयमा भएको विज्ञताले काठमाडौं महानगरपालिकाले महानगरको सम्पदा संरक्षण तथा विकासमा ठूलै सहयोग पाएको थियो। जसको साक्षी म आफै पनि हुँ। उनको त्यो विज्ञताले मलाई सधै लोभ्याइर हन्थ्यो। काठमाडौं महानगरपालिका वडा नंबर ५ हाडीगाउँ स्थित लिच्छविकालिन र ाजा अंशुबर्माको कैलाशकुट दरवारको खोज तथा अनुसन्धानमा उनीसंगै जाँदा देखिएको उनको विव्दता तथा विज्ञताले मैले धेरै सिकेको थिए।

लिच्छविकालवाट शुरु भएको काठमाडौंको सभ्यता तत्कालिन राजा मानदेवको राजधानी आलामपुर हाल कागेश्वरी मनोहरा नगरपालिका वडा नंबर २ आलापोट हुदै हाडीगाउँ पुगेको र त्यहाँवाट असनमा स्थान्तरण भएको जस्ता जीवित दस्तावेज खोज्ने क्रममा सुरेश किरण मेरो अगुवाकै रूपमा थिए। त्यति मात्र नभइकन, काठमाडौं नगर पालिकावाट महानगरपालिका घोषित भएपछि बनेका पहिलो काठमाडौं महानगर

पालिकाका पिता अर्थात मेयर पि.एल.सिंहसंगको भएको टक टु टक वार्तामा पनि उनी सूत्रधार बनेका थिए।

उनले नचिनेका शायद कोही थिएन। सवैलाई उनले चिनेको पाउंदा मलाई अत्यन्तै गौरबता लागेको थियो। जसको साथ-सहयोगको कारण मलाई काठमाडौं महानगरपालिकामा ११ महिने सहायक विज्ञको जागिरे जीवन अति नै सहज बनेको थियो। हरेक कुरामा अत्यन्तै सहयोगी तथा मृदभाषी सुरेश किरण अध्यारो जीवनका आशलाग्दो किरण नै थिए।

काठमाडौं महानगरपालिकाको ११ महिने कार्यकाल सकेपछि पनि मेलै सुरेश किरणसंगको सामिप्यताले निरन्तरता नै पाएको थिए। काठमाडौं महानगरपालिका पछि उनीसंग मेरो सहकार्य नेपाल मण्डल लिट्रेचर कल्चर ट्रष्टमा भयो। उनी नेपालमण्डलको सोधविज्ञ नै भएको कारण त्यहाँवाट हुने हरेक कला-साहित्य र संस्कृति संवन्धी अनुसन्धानमा उनको साथविना अधुरो मात्र नभइकन अपूरो नै हुनेगर्दथ्यो। जुन कुरा नेपालमण्डलका साथीहरूले कहिले पनि विर्सन सक्तैन र मैले पनि विर्सन्न।

जुन त्यो अमिट छाप उनी नेपाल सरकारको भाषा आयोगको माननिय सदस्य हुदा समेत कायमै रह्यो। अभिभावकीय भूमिका उनीवाट हरपल नै भयो। तर, अकस्मात सुरेश किरण अव रहेनन् भन्ने खबर जव प्रिज्मा टेलिभिजनका अध्यक्ष तथा महाप्रवन्धक निर्जल कुमार श्रेष्ठको मुखवाट सुन्दा मलाई पत्यार नै लागेको थिएन। दुई दिनअघि मात्र नेपालमण्डलको सामाखुशी रानीबारी स्थित कार्यालयमा रमाइलो मूडमा भेटिएको मान्छे-लाग्छ कुनैपनि दुःख-पीर तथा रोगव्याध नदेखिएको मान्छे एकाएक गयो भन्दा पत्याउने कुरा पनि थिएन।



तरपनि नियतिको खेलमा आँधी चलेपछि पत्याउनै पऱ्यो। सुरेश किरणको भौतिक शरीर हामीसामुन्ने नभएपनि सधैं नेपाली कला-सस्कृति, सम्पदा अनि साहित्यमा उनी जीवित रहनेछन्। काठमाडौंका गल्ली, बहा-बही अनि मठ-मन्दिरहरूलाई अब सुरेश किरणको न्यास्रो लागिरहनेछ। जुन मलाई लागिरहेको छ। उनी नहुदाको न्यास्रोले जीवनभर सताइरहने छन्।

कविता साहित्यको कुरा गर्दा मैले जीवनमा पहिलो पटक लेखेको कविताको शिर्षक थियो-घण्टाघरसंग बज्ने घण्टाकर्णहरू! यो कविता तत्कालिन पंचायतकालमा मेलै घण्टाघरलाई विम्बको रूपमा प्रस्तुत गरेको थिए। जुन कविता मातृभूमि साप्ताहिकमा प्रकाशित भएको थियो। म थोरै कविता लेख्ने भएतापनि असाध्यै धेरै कविता लेख्ने सुरेश किरणको नेपालभाषामा उनको एक मात्रै कवितासंग्रह प्रकाशित छ, 'थौं घण्टाघरं जिके ई न्यानाच्वन' (आज घण्टाघरले मसँग समय सोधिरहेछ)। यो असरदार शीर्षकले आज ब्रह्मलीन भैसकेका कवि सुरेश किरणलाई सधैं सम्झाउनेछ– अब घण्टाघरले कोसँग समय सोध्छ होला ?

असलमा सुरेश किरण थिए- एक शालिन संस्कृतिकर्मी, नेपाल भाषा आन्दोलनका अथक योद्धा। उनी जीवित थिए, अनेकन व्यक्तित्वमा- नेपाल भाषाको दैनिक पत्रिका 'सन्ध्या टाइम्स' का सम्पादक, 'नेपाल भाषा टाइम्स' का संस्थापक सम्पादक, व्यंग्यकार, कवि, भाषा आयोगका माननीय सदस्य, नेपालभाषा एकेडेमीका प्राज्ञ परिषद् सदस्य, अनि दर्जनौं पुस्तकका सम्पादक।

सोमबार (२५ फागुन २०८२) हृदयघातले उनको महाप्रस्थान भएको छ। उनको पार्थिव शरीरलाई काठमाडौंको विजेश्वरी, ढल्को, क्षेत्रपाटी, ट्यङ्ग, बांगेमुढा, जनवाह, नरदेवी हुँदै इन्द्रायणीस्थित घाट पुऱ्याएर राजकीय सम्मानका साथ अन्तिम संस्कार गरिएको थियो। उनीप्रतिको यो अतुलनीय सम्मान हो। जसको जति तारिफ गरेपनि कम नै हुन्छ।

र, अन्त्यमा अब सम्पूर्ण नेपाली साहित्य, पत्रकारिता अनि नेपालभाषा आन्दोलनलाई सुरेश किरण नहुनुको गहिरो क्षति पुगेको छ। यद्यपि, सुरेश किरणको कविताको उचाइ, व्यंग्यको तीक्ष्णता, नेपालमण्डल सभ्यताप्रतिको गहिरो लगाव र बहुभाषिक लेखनको सिद्धहस्तता नेपाली साहित्यमा सदा जीवन्त रहनेछ।

■



कल्पवृक्ष खः सुरेश

सुरेन्द्रभक्त श्रेष्ठ

नेपाःया भाषा, कला, साहित्य, संस्कृति, सम्पदा व संचार ख्यलय् ऋषि ज्वःम्ह छगः थीगु नगु खः - सुरेश किरण। न्ह्याब्लें न्हिलाच्वनीम्ह, सकसिया निंतिं म्वाइम्ह सकसिया दुःखय् ग्वाहालि याइम्ह, सुखय् लसता अप्वयेकाबीम्ह, सुनां छुं धाःसां मस्यू, म्हाः मधाइम्ह, छम्ह ज्वमदुःम्ह कवि, वरिष्ठ पत्रकार खः सुरेश किरण। माःपिन्त माःगु सकतां पूवंकाबीफुम्ह कल्पबृक्ष, समाज व देय्या निंतिं समर्पित, सकसिगु नुगलय् बास दुम्ह ब्यक्तित्व खः - सुरेश किरण।

नेपालभाषा, नेपाली, अंग्रेजी भाषाय् दख्खल दुम्ह पत्रकारिता, साहित्य व ब्यंग्यया लिसेलिसें मातृभाषाया सेवाय् मदिक्क न्ह्यज्यानाः च्वनादीम्ह सुरेश किरण ल्यायम्ह बैशय् हे बिश्वभूमि न्हिपौया सम्पादक जुयादीम्ह खः।

२०४६ न्ह्यः पंचायत इलय् सत्यतथ्य च्वइपिं पत्रकारपिनिगु ज्यानया सुरक्षा मदु। अजाःगु इलय् जनभावना स्वतन्त्ररूपं ब्यक्त यानाः सुसूचित यायेफइगु जुयाः नं वयूकलं सु-कि नामं ब्यंग्य च्वयाः नेपाःया छम्ह लोकंह्वाःम्ह ब्यंग्यकारया रूपय स्थापित जुयादिल। आः सुनां च्वइ समुदाययात जुइगु प्रहारय् उलि धिसिलाःगु ब्यंग्य, सुनां च्वइ उकथं पहिचानया कविता, सनां कनी तनावंगु अजाःगु बाखँ अले सुनां याइ उकथंया खोजमूलक पत्रकारिता ?

थौंसिबें ३६ दँ न्ह्यः जि बिश्वभूमि न्हिपौया ज्याकुथि केलत्वालय् ज्या यायेत वनागु खः। जि उब्ले १६ दँ तिनि दुम्ह खः। जितः मदुम्ह पासा नरेश कुमार शाक्यं बिश्वभूमि पत्रिकाय् ज्या यायेत यंकूगु खः। उब्ले नरेशं मेशिन चले याइगु खःसा जिं कम्पोज यायेगु खः। उगु इलय आः थें कम्प्युटर चले यायेगु चलन मदु। छगःछगः म्हया आखः मिले यानाः कम्पोज यानाः पेज दयेकेगु खः। जि बिश्वभूमिइ ज्या याःवनागु इलय् ज्ञानराम श्रेष्ठ, दीपक शाक्य, खड्गमान बज्राचार्य प्यम्हसिनं कम्पोज यायेगु खःसा नरेश कुमार शाक्य, प्रकाश शाक्य, भूपेन्द्र तुलाधरपिन्सं मेशिन चले याइगु खः, सुजीब बज्राचार्य सम्बाददाता लिसे रेखदेख यानादीम्ह खः अले सुरेश किरण सम्पादक।

पत्रिकाया ब्यवस्थापक सुशील वीर सिं कंसाकारं दक्वसित म्हसीकेगु भ्वलय सुरेश किरणयात क्यनाः वयूकः थुगु पत्रिकाया सम्पादक जुयादी धकाः धाःबलय् जि ला पत्याः हे मजुया। छायूधाःसा सुरेश ला जि सिबें नं मचाम्ह खंगु खः उबले। थुज्वःम्ह मचाम्ह नं थज्याःगु न्हिपौया सम्पादक जुइला धकाः मनय् लूगु खः। तर लिपा सुरेशनापं ज्या यानाः वंलिसे वयूकः मेहेनत, शिल्प, अले बहुगुणं जाःम्ह ब्यक्ति खः धकाः सिल। छुं नं खँ न्यंवन धाःसा ध्वाथुइक उकिया लिसः बिइ। सुरेशं यानाः हे थौं जिं ब्याकरण शुद्धाशुद्धी यानाः च्वयेफुगु खः।

सुरेशया मेगु छगू गुणं जितः अजू चायेकाब्यू, थःगु फुक्क ध्यान बुखँ च्वयेगुलिइ बियाच्वनीबलय् हे सुयागुं फोन वल धाःसा च्वज्या नं मदिक्क न्ह्याकाः फोनय् नं उत्तिकं ध्यान बियाः खँ ब्याकेफुम्ह खः। खँ ल्हानाच्वंगु बिषय छता जुयाच्वनीसा बुखँ मेगु हे बिषययू तयार यानाच्वनी। तर छगू विषययू मेगु विषयं अलमल जूगु जिं मखना। वयूकः वरिष्ठ पत्रकार जक मखसे भाषा, कला, साहित्य, संस्कृति सम्पदा, साहित्य, पत्रकारिता थें जाःगु आपालं विषययू छम्ह बूलियन्त ब्यक्ती नं खः।

बि.सं. २०४८/४९ सालपाखे प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाया पालय् "टनकपुर काण्ड" या आन्दोलन जुयाच्वंगु ई। उबले असनय् गोली क्ययेकाः मनू स्याःगु



घटना लिपा "कर्फ्यु" जुल। थुबलय् बिश्वभूमि न्हिपौ सन्ध्या इलय् व सुथय् यानाः न्हिं निगू पिदनाच्वंगु ई। थुबले सुथंनिसें ज्या यानाः सन्ध्याकालीन पत्रिका पिथनेगु खःसा चच्छि ज्या यानाः सुथय्या पत्रिका पिथनेगु खः।

उब्ले जिपिं सकलसिनं न्हिच्छि चच्छि ज्या यायेगु खः। उब्ले जिपिं कम्पोज याइपिं व मेशिन चले याइपिं भ्वं कटिङ यानाः तथाय् छुं ई आराम कायेगु खःसा सुरेश मेचय् हे आरामं द्यनीगु खः। सुरेशं बुखँ च्वये सिधयेकल ला धकाः स्ववनेबलय् मेचय हे भगवान बुद्ध ध्यानय् च्वनाबिज्याःथें बुखं च्वयाच्वम्ह थें कलम ज्वनांतुं ल्हाः दिकाः आनन्दं द्यनाच्वनी। सुरेशयात न लासा फांगा माः न खाता हे माः सिर्फ शरीरयात भतिचा भ्काःसू लने दःसा गाः। सुरेश लमनीबलय् जिमिसं बुखँ सिधल ला धकाः काःवंसा गुलि च्वयागु खः भ्वं खुनाः बियाहइगु नं लुमंसा चान्हय् भ्काःसू लनेकथं द्यनाच्वम्हेसिके बुखँ काःवनेबलय् न्हापा गुलि तक च्वयातःगु खः अन लिपा नं त्वःमफिक छसिकथं च्वज्या निरन्तर यायेगु क्षमतां जाःम्ह ब्यक्ति खः। सुरेशनाप विसं २०४७ निसें २०५२ सालतक विश्वभूमिइ नापं ज्या यानागु जुल।

नेपालभाषा, साहित्य, पत्रकारिता, नेवाः ख्यःयात थःगु छेँ, परिवार अले थःथितियात सिबें ध्यान तल। थुकथं नेपालभाषा पत्रकारिता ख्यलय् ज्वःमदुगु योगदान यानादीम्ह सकसिगु नुगलय् च्वनेफुम्ह सकसिया बाय् मंकाः ब्यक्ति खः सुरेश किरण। नेपालभाषाया पत्रकारिता लिसेलिसें नेपाःया पत्रकारिता ख्यःयात न्ह्याब्लें सकारात्मक रूपं कयादीम्ह वयूकलं सकसित तिबः व हःपा बियादीगु नेपालभाषा पत्रकारिता ख्यलं जक मखु नेपाःया नांजापिं पत्रकारपिन्सं नं लुमंकी।

> "जितः सुरेश दाङनं थः ससःकियापिंत ससलय् वनाः स्पष्टिकरण बिइम्ह विशेष दूतकथं ब्वना यंकैत्यंगु। जि नं छम्ह प्रवक्ता है जुयाः भन भथे मखु थथे खः धायैत भाषण कण्ठ यानाः है न्हूगु लं वनाच्वना।"



सुरेश थौं सिबें निदँ न्हय्ः भाषा आयोगया दुजलय् नियुक्त जूगु खः। नेवाःख्यः जक मखु नेपाःया भाषा आन्दोलनया छम्ह कार्यकर्ताकथं, सकसिया सःकथं पिज्वयाच्वंम्ह बहुप्रतिभाशाली ब्यक्तित्व सुरेशं भाषा आयोगय् च्वनाः थःगु मांभाय्नापं देयन्यंकया थीथी भाय्या उत्थानया निंतिं मदिक्क धिसिधाःगु पलाः छिनाच्वन। यैंया सांस्कृतिक इतिहास, स्वनिगः गर्व जाःगु तथ्य, नेपाःया समृद्ध सम्पदाबारे हलिंन्यकं थ्यंकेगु ज्याय् मदिक्क न्हयानाः च्वनादीगुलि उगु योगदानया कदर यासें वयकःयात निदँ न्हय्ः न्हयूक्वःगु हलिं नेवाः न्हिं कुन्हु यलया लायकूया दबुलिइ हलिं नेवाः दबू नेपाः च्याप्टरपपाखें जिगु हे नेतृत्वय् दोसल्ला न्ययेकाः तःजिक हनागु खः।

थौं सिबें स्वला प्यला न्हय्ः नेवाः पत्रकार राष्ट्रिय दबूया केन्द्रीय कमिटिया मुँज्या धाडिङया जीवनपुरया वन्दे रिसोर्टय् च्वंवनागु खः। निन्हुयकं जूगु उगु मुँज्याय् सुरेशं सल्लाहकारकथं ब्वति कयादीगु खःसा दबूया थपूया निंतिं यक्व हे बांबांलागु सल्लाह सुझाव ब्यूगु खः।

छुं ई न्हय्ः तिनि बौद्ध युवा कमिटीया ग्वसालय् यलया ताम्राकार समाजय् जूगु छगू ज्याझ्वलय् प्रशिक्षण बियादीगु खः। व हे भौतिक रूपं नापलानागु लिपांगु जुयाबिल।

मातृभाषा दिंया लसताय् छगू सिरपा देछायेगु निर्णय याःगु खः। उकिया निंतिं सुरेशं जिमित फाराम भरे याना छ्वयाहजि धकाः धाःगु खः। उकिं जि, नृपेन्द्रलाल श्रेष्ठ, राजु नापित, रत्न मन जानाः नेवाः पत्रकार राष्ट्रिय दबूपाखें फाराम भरे यानागु व सुरेशयात जानकारी बियागु खः।

लिपा थुगुसी नेपालभाषा मंकाः खलःयात थुगु सिरपा बिइगु निर्णय जूगु जानकारी सुरेशं ब्यूगु खःसा वइगु दँय् नं थथे यानाः हे सहभागिता क्यनाच्वँ, सक्रिय जुयाच्वँ, दबूयात नं थ्व सिरपा अवश्य लाइ धकाः आश्वस्त यानादीगु खः। उगु खँल्हाबल्हा हे सुरेश नाप जूगु लिपांगु खँल्हाबल्हा जुल।

वंगु फागुन २५ गते सोमवाः अकाझाकां मदुगु खबरं थौं तक जितः झस्के यानाच्वंगु दनि। भौतिक रूपं झीत त्वःतावंसां सुरेशया न्हिलासू, बिचाः व सल्लाह झीगु मनमस्तिष्कय् न्हयाब्लें ल्यना हे च्वनी, लुया हे च्वनी। वयागु कृति अमर जुयाच्वनी। उगु हे कृतिपाखें सकसिनं वयात लुमंका च्वनी। सुरेश अमर व अजर हे जुयाच्वनी।

■



सरी सर...

उपेश महर्जन

आज स्मृतिको पानामा सुरेश मानन्धर सरलाई सजाइरहँदा मलाई उहाँको केही एक दुईवटा कुराले पछ्यारहेका छन् । विभिन्न क्षेत्रमा क्रियाशिल रहँदै भाषा आयोगको माननीय सदस्यको रूपमा कार्यरत हुँदासम्म उहाँको बहुआयमिक व्यक्तित्व अत्यन्त शोभायमान थियो । उहाँको योगदानलाई तुलना गर्न मलगायत सबैलाई असजिलो लाग्न सक्छ ।

उहाँ मेरो पत्रकारिता क्षेत्रको पहिलो गुरु हुनुहुन्थ्यो । विशेषतः नेपालभाषाको पत्रकारितामा । आजभन्दा २५ वर्षअघि वि.सं २०५८ सालतिर कीर्तिपुरबाट प्रकाशित हुने लकस वाःपौ (लकस साप्ताहिक) पत्रिका प्रकाशन गर्न आवश्यक जनशक्ति विकास गर्न प्रत्येक वडाबाट एकजनाको दरले पत्रकारिताका डमरुहरूलाई प्रशिक्षित गराइएको थियो । राजधानीमा रहेर पनि कीर्तिपुरका समाचारहरू राष्टिय दैनिक र पत्रिकाहरूमा प्रकाशित नहुँदा बत्तिमुनिको अँध्यारोलाई ज्वाज्वल्यमान गर्ने अभिप्रेरित सो प्रशिक्षणमा कीर्तिपुर नगरपालिकाका १८ वटा वडाहरूबाट प्रतिनिधित्व गराइएको थियो । मूल्यांकन मासिकका उपसम्पादक राजन्द्र महर्जनको संयोजकत्वमा प्रशिक्षण आयोजित थियो । मुख्य प्रशिक्षकको रूपमा नेपाल समाचारपत्रबाट वरिष्ठ पत्रकार कपिल काफ्ले सरले आधारभूत पत्रकारिताको प्रशिक्षण दिनुभएको थियो ।

नेपालभाषासम्बन्धि पत्रकारिताबारे सुरेश सरले प्रशिक्षण गराउनुभएको थियो । आधारभूत प्रशिक्षणमा उहाँले करिब तीनघण्टा नेपालभाषासम्बन्धि पत्रकारिता, फिचर लेखन र लेखसम्बन्धि प्रशिक्षण दिनुभएको थियो । राजधानी काठमाडौँ र पठित नेवार समुदाय मात्र होइन क्रान्तिकारी चेत भएकाले पनि होला । धेरै क्षेत्रमा अग्रणी भूमिका खेलेको भनेर नेवार अगुवाको नाम आउँछ । प्रशिक्षणमा उहाँले नेपालभाषा, बौद्ध र धर्मादित्य धर्माचार्यबारे इतिहास केलाउनुभयो । बौद्ध पत्रकारिता र मातृभाषामा पहिलो पत्रकार भनेर पनि थाहा पाउँदा झन् केही गर्नुपर्छ भन्ने जिज्ञासा पैदा भयो ।

सो पत्रकारिता प्रशिक्षण लिनु उद्देश्य सबैलाई सोधिएको थियो । मलाई पत्रकारिता गर्न चाहेको विषयवस्तु भनेको कीर्तिपुरसँगै व्यक्तिगत रूपमा एउटा डबलीको



रूपमा प्रयोग गर्नु थियो। मैले भन्थे, म पत्रकारिता सिक्न आएको नै आवाजविहिनको आवाज मुखरित गर्न र पत्रकारिता गरेर आफूलाई सबैसामु चिनाउने उद्देश्य रहेको थियो। र, मलाई स्मरण छ, हाम्रो घरमा रहेको पूरानो तर ठूलो सन्दुकमा पानामा फाटेको तर नेपालभाषामा लेखिएको मासिक पत्रिका भेटेको थिएँ। शीर्षक अति नै क्रान्तिकारी थियो। राजधानीका नेवार समुदायलाई २०४६ सालमा पञ्चायती शासनविरुद्ध सडकमा आउन उत्प्रेरित गरिएको कविता, भेट्टाएको थिएँ। त्यो कविता मैले करिब ५२ सालतिर भेटेको थिएँ र आकर्षक शीर्षक भएकाले पढ्न खोजेँ तर सकिन र बुझिन पनि। धेरै पटक पढेपछि र नेवारी टोन मिलाएर पढेपछि मात्र बुझेँ। हो, यस्तै क्रान्तिकारी कविता लेख्न र क्रान्तिकारी हुनको लागि कविता लेख्ने, पत्रकारिता गर्ने मनसाय थियो।

> “उहाँले समीक्षा गरेको अवस्थामा नकारात्मक पक्षलाई पनि सटिक रुपमा सकारात्मक भाव आउने गरी गर्नुहुन्थ्यो।”

हो, त्यो दुवै हुटहुटीलाई सुरेश सरबाट पाएको प्रशिक्षणबाट केही हदसम्म सफल पार्न सकेँ। लेख लेख्न पनि सिकेँ। वडा नम्बर १८ का समाचारहरूलाई नेपालभाषामा पत्रिका प्रकाशित हुन्थ्यो। सन्ध्या टाइम्सका सम्पादक सुरेश सरका कारणले सो पूरा हुँदै गयो। र, लकस केही हप्तापछि प्रकाशित पनि भयो। लकस प्रकाशित भएको ६ महिना अवधिपछि तीनथानास्थित विष्णुदेवी मन्दिर (बखु) क्षेत्रमा वनभोज तथा पत्रिकासम्बन्धि समिक्षा गरिएको थियो। नेपालको संस्कृतिविद सत्यमोहन जोशीलाई प्रमुख अतिथि र सुरेश सरलाई विशेष अतिथि बनाइएको थियो। जोशी सरलाई काठमाडौँ उपत्यकामा पहिलो मावनवस्ती रहेको बखु क्षेत्रबारे प्रवचन दिनुभएको थियो भने सुरेश सरले लकसले प्रकाशित गर्दै आएको समाचार, लेख, सम्पादकीय आदिबारे प्रकाश पार्नुभएको थियो। उहाँले कीर्तिपुर क्षेत्र र समग्र नेवार समुदायको हकहितको लागि लकस वाःपौले गरेको ऐतिहासिक योगदानको चर्चा गर्नुभयो। उहाँले समीक्षा गरेको अवस्थामा नकारात्मक पक्षलाई पनि सटिक रूपमा सकारात्मक भाव आउने गरी गर्नुहुन्थ्यो। त्यो उहाँको आलोचनात्मक चेतसहितको खुबी थियो।

समयको अन्तरालसँगै लकसमै राजनीतिक लेख



छपाउन खुबै प्रयत्न गरियो। तर, मेरो लेख र रूपेन्द्र महर्जनले लेख्नुभएको लेखबाट नेवार समुदायलाई दुई विपरित राजनीतिक धारालाई प्रश्रय दिई एउटा घटना उजागार गरिएको भन्दै दुबै छापिएन। सो बारे सुरेश सरसँग सहजताको लागि कुराकानी गर्दा सम्पादकीय स्वतन्त्रतासहित लेखको कारण कीर्तिपुर क्षेत्र र बुद्धिजीवी वर्ग नै विभाजित हुनसक्ने थाहा पाएँ। यसरी, कुनै पनि पत्रकारिताका दुविधा भएपछि उहाँनै असल गुरु हुनुहुन्थ्यो।

लामो समयपछि नेवाः राष्टिय मुक्ति मोर्चाले झीगु स्वनिगः वाःपौ निकाल्नको लागि नेवार पत्रकारहरूको भेला गरिएको थियो। त्यसमा म पनि सामेल थिएँ, किन भने मकवानपुर, रोल्पा, रुकुम र दिल्लीमा मैले नेपाली र अँग्रेजी लेखहरू र समाचार लेखेर अनुभव हासिल गरेको थिएँ। तर, प्राविधिक कारणवश नेवाः जनमिलिसिया व विद्रोहसम्बन्धि मेरो लेख झीगु स्वनिगःमा नछापेर सन्ध्या टाइम्स दैनिकमा छापेपछि मेरो लेखकीय सबैतिर चर्चाको विषय बनेको थियो। त्यो श्रेय मात्र सुरेश सरको कारणले मैले पाएको हुँ भन्न चाहन्छु। र, त्यो लेखसँगै झीगु स्वनिगःमा साप्ताहिक रूपमा लेखहरूको बाढी नै आएको थियो। एउटा लेखको कारण नेपाल सेनाबाट समेत मबारे धेरै सोधनी भएको थियो। यसरी सुरेश सरको देनको कारण मैले महिमा, जलजला, रेड स्टार, राइजिंग नेपाल, गोरखापत्र, आदिमा लेख र समाचारहरू प्रकाशित गर्ने ज्ञान प्राप्त गर्नसकेँ। र, रेडियो र्मिमिरेदेखि रेडियो नेपालसम्म समाचार वाचन र अन्तर्वार्ता लिने आँट र साहस आएको मान्छु। मे जे छु, उहाँकै देन हो। भाषा आयोगमा माननीय भएपछि अयन्त्र भेटे पनि उहाँकै कार्यकक्षमा पुगेर बधाई दिन पनि गएको हो, तर उहाँको अन्यत्र काम परेर नआएको समयमा पुगेकाले भेट्न पाइन। पछि उहाँसँग भेट हुँदा उहाँले मलाई रेडियो नेपालको नेपालभाषाको अगुवाहरूसँग अर्न्तक्रियाबारे सुझाब दिनुभएको थियो। ती सुझावहरू अहिलेसम्म कानमा गुञ्जिएका छन्, त्यो नै मेरो लागि अन्तिम सुझाव जस्तै भएको छ। उहाँको देहान्त सम्बन्धि समाचार फेसबुकमा पढेपछि नेवाः राष्टिय पत्रकार दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठलाई सोधेँ र रेडियो नेपालमा महत्वका साथ प्रसारित गरेँ। उहाँसम्बन्धि जति पनि कार्यक्रमहरू भएका छन्, सबैलाई प्रसारित गरेको छुँ। उहाँको अकल्पनीय देहान्तले सबैलाई अपूरणीय क्षति पुगेको छ। प्रशिक्षण दिएको दिनदेखि मैले जति पनि भेटेँ कहिले पनि रिसाएको, कहिले पनि टेन्सनमा रहेको वा कुनै पनि दुविधामा नरहेको एक महामानवको रूपमा देखेको छु। उहाँ यस मृत्युलोकमा नरहे पनि उहाँको योगदान अजर र अमर रहोस्। सरी सर....

■

निर्भय सुरेश

डा. पुष्पराज राजकर्णिकार

दुःखया खँ, सुरेश किरण मानन्धर मत्यवं आकाझाकां मन्त। सुरेश किरण 'सु-कि' छम्ह बहुआयामिक व्यक्तित्व। नेपालभाषाया बहुबिधाया साहित्यकार छम्ह सशक्त कवि अले ख्यालः च्वमि नापं पत्रकार व अधिकारकःमि।

सुरेश किरण कवि कथं समाजय् विद्यमान विभेद व बेथिति प्रति बिद्रोहया सः थ्वयेकीम्ह, कविताया हे माध्यमं समाज रूपान्तरणयात तिबः बीम्ह छम्ह प्रगतिशील कवि खः।

वयूकः थःगु अभिव्यक्ति तसकं मुखर व प्रत्यक्ष कथं बीफुम्ह कवि खः। उकें डा. ज्योति तुलाधरं थःगु सफू 'आधुनिक काव्य व विद्रोहया सः छगू विश्लेषणस वयूकःयात छम्ह निर्भय कवि धयादीगु दु। अथेहे सुरेश किरणया 'थौं घन्टाघरं जिके ई न्यनाच्वन' सफूया भूमिकाय् नांदंम्ह समालोचक कृणचन्द्र सिंह प्रधानजुं वयूकलं सीमां किकाः वाण कयेकेगु ज्या यानादी धकाः च्वयादीगु दु। थुकेया आसय नं सुरेश छम्ह निर्भय कवि खः धइगु हे जुल।

वास्तवय् सुरेश किरण निर्भय कवि जक मखु निर्भय साहित्यकार खः। वयूकः छम्ह सिद्धहस्त ख्यालः च्वमि नं खः। वयूकलं पञ्चायती व्यवस्था व सरकारया निरंकुशता विरुद्ध यक्व व्यंग्यात्मक ख्यालः च्वयादीगु दु। अझ २०४६ सालया जनआन्दोलन ज्वःछि व्यंग्यात्मक च्वसुं गाक्क हे आन्दोलनया मि ग्वाकेगु यानादिल। विश्वभूमि न्हिपौया छम्ह पत्रकारया हैसियतं उगु इलय् वयूकलं यानादीगु ज्याया विवरण वयूकलं च्वयादीगु '२०४६ साल जनआन्दोलनय् विश्वभूमि न्हिपौया भूमिका' बियातःगु दु। पञ्चायती व्यवस्थाय् दमन च्वकाय् थ्यनाच्वंगु हे इलय् सरकारी दमनया भय मकासे जुजु व पञ्चायत व्यवस्थाया विरुद्ध व्यंग्यवाण प्रहार यानाः च्वसु च्वयाच्वनादिल।

सुरेश किरण छम्ह निर्भय पत्रकार नं खः धइगु वयूकलं २०४६ सालया थ्वहे आन्दोलनया भ्वलय् सरकारं अस्पतालय् नजरबन्द यानातम्ह सर्वमान्य नेता आन्दोलनया



सर्वोच्च कमाण्डर गणेशमान सिंहयाके चिकित्सकया छद्म भेषय् वनाः अन्तर्वार्ता कयाः जनसमक्ष हयाः बिल। निरंकुश सरकारं सुयातं नापलाके मबिउसे नजरबन्द तयातल धकाः समाचार च्वयेगु ज्या यानादिल। नजरबन्दय् तयातम्ह नेतायात छद्म भेषय् वनाः अन्तर्वार्ता कायेगु म्हो जोखिमया ज्या मखु। थ्व वयूकः निर्भय पत्रकारया दसि खः। अझ च्वयेगुलिइ जक मखु व्यवहारय् नं निर्भय जूगु दसि खः।

थ्वहे भ्वलय् ख्वपय् जूगु छगू सांस्कृतिकम घटनाया छकुचा खँ सौरभ शाक्यया ह्याउँबाला दँ२३ ल्याः २४ य् पिदंगु 'जिगु लुमन्तिस हुइ मफुगु लू' शिर्षकया च्वसु ल्हयया थन न्हथने।

पञ्चायती तानाशाहीया चरम दमनया ई। दँय्दसं जुयाच्वंगु विराट नेपालभाषा सम्मेलन तकं याये मफयाच्वंगु ई। विराट गुथिइ सल्लाह यानाः इनाचोय् नासःचा दुने चुकय् साहित्य चिनाखँ वाचन जूसां यायेगु ग्वसाः ग्वल। साहित्य चिमुँज्या पाःलाम्ह उबलय् यँयु च्वनादीम्ह ख्वपया साहित्यकार सौरभ शाक्यजु विश्वभूमिया पत्रकार सुरेश किरण व कुमार रन्जितयात नं मुँज्याय् ब्वति कायेत इनाप यानादिल। वयूकःपिसं ब्वति कायेगु बचं बियादिल। तर मल्ल दाइ व अशोकपिं 'ब्वनाः यंकेमते, ख्वपय् राजनीतिक अवस्था बांमलाः ज्वन कि विश्वभूमि पिहां वइमखु' धाःगु जुयाः च्वमि सौरभजुं नं उमित धाःगु जुयाच्वन 'स्व सुरेश छिपिं व ला वइ, अनया अवस्था बांमलाः, छुँ गथे जुयाः ज्वने नं फु, उकिं ....। तर उमिसं लिसः बिल 'छु जिपिं ज्वनिगु खनाः ग्याइपिं धकाः च्वनागु ला सौरभ कि वयेमते धयागु ? आः ला जिपिं झन हे वयेगु।'

धात्थें उपिं मुँज्याय् ब्वति कायेत वन। अन थ्यंबलय् न्हापा हे ग्वसाः खलःया नेता कार्यकर्तातयूत पुलिसं ज्वना

> "
> *सुरेश किरण लगायत निम्ह स्वम्हैसिनं जक छु कविता ब्वनै लात कुमार र न्जितं कविता ब्वनाच्वंबलय् पुलिसं हस्तक्षेप यानाः लाठीचार्ज यात। सुरेशयात पुलिसया खौरय् तयाः लिपा त्वःता हल।*
> "

यंकेधुंकूगु जुयाच्वन। अय् नं अन दुपिसं आँट यानाः यैंय् नं झाम्ह राजभाई जकःमियात नायः यानाः मुँज्या न्ह्याकल। सुरेश किरण लगायत निम्ह स्वम्हेसिनं जक छु कविता ब्वने लात कुमार रन्जितं कविता ब्वनाच्वंबलय् पुलिसं हस्तक्षेप यानाः लाठीचार्ज यात। सुरेशयात पुलिसया खोरय् तयाः लिपा त्वःता हल। लिपा सौरभयात नापलाबलय् उमिसं धाल 'जिमित न्हूगु अनुभव जूगु दु। भाषा साहित्यय् लगेजुयाः सुरुवातय् सिरपाः काये खन। जिमिसं आः थ्व लँ त्वःते मखु।'

धात्थे सुरेश किरणं जिवंकाछि थ्व लँ मत्वःतू। भर झीत त्वःताःवन।

सुरेश किरण नाप जिगु उलि ख्वातूगु व क्वातूगु स्वापू मदु। जि व वयूकः निम्हं नेपालभाषा, साहित्य व नेवाः जातीय आन्दोलनया ज्यामि जूगु नातां सामान्य म्हसिका व स्वापू दु। भचा ख्वातुक स्वापू ब्वलंगु धइगु मानव अधिकार प्रवर्द्धन केन्द्रय् ज्या यानाबलय् खः। जातीय सांस्कृतिक अधिकारयात नं मानव अधिकार कथं स्थापित यायेगु तातुना पद्मरत्न तुलधारया नेतृत्वय् नीस्वनागु थ्व संस्थाय् जि न्वकू व सुरेश किरण दुजः जुयाः ज्या यानागु खः। अथेहे नेवाः देय् दबूया लुमन्ति पौ पिथनेगु व मेमेगु छुं छुं ज्याय् वयूकः नापं सहकार्य यायेगु ह्वःताः जितः चूलाःगु दु। आः व फुक्कं लुमन्ति जक जुल।

सुरेश किरण नापं जिं गुलि संगत याना उकिया आधारय् जिं म्हसिउकथं वयूकः छम्ह भद्र, शालीन तर थःगु भाषा जाति व समाजया निंतिं निर्भय संर्घषशील व्यक्तित्व खः। वयूकःयात हार्दिक श्रद्धाञ्जली। ■



कसरी बिर्सौं म सुरेश दाईलाई

उत्तमकुमार श्रेष्ठ

२०८२ फागुन २३ गते रातको ९:३० बजेतिर एउटा असाध्यैं नमीठो खबर सुन्नुपऱ्यो। आफ्नै कमिटीको केन्द्रीय सदस्य भएको नाताले नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले मलाई त्यस्तो जानकारी गराउनु स्वाभाविकै थियो।

'उत्तम, सुरेशदाईको विषयमा अप्रिय समाचार आयो, उहाँ यो संसारमा रहनुभएन रे!' केहीदिन अघिमात्रै सुरेशदाईसँग भेट भएको थियो। शान्त स्वभावका उहाँ यति छिट्टै महाप्रस्थान गर्नुहुन्छ भन्ने न कुनै अनुमान थियो, न त संकेत नै।

नृपेन्द्रलाल श्रेष्ठबाट त्यस्तो अप्रिय खबर पाएपछि रातभरी छटपटी भयो। बिहान ७ बजेतिर मित्र तेजले फोन गरे। उही खबर सुनाउन। थाहा भयो भनें। मन बेचैन बेचैन। मन ठाउँमै बस्दैन। काम गर्ने सुरै आउँदैन। टाउको दुखेझैं, टाउकोको पछाडीबाट केहीले तानेझैं। प्रेसर हाई भएछ, २ दिनपछि बल्ल ठाउँमा आयो।

जीवनमा त्यस्ता व्यक्ति पनि भेटिने रहेछन्, जसले आफ्नो व्यवहार र मानवीय गुणहरूमार्फत मान्छेमा गहिरो छाप छोडेर जान्छन्। नेपालभाषाका साहित्यकार, कवि तथा लेखक सुरेश किरण मानन्धर त्यस्तै एक व्यक्तित्व हुनुभयो, जो शरिरले टाढा हुनुभएपनि सम्झनाले कहिल्यै टाढा हुनुहुनेछैन।

कवि, पत्रकार, हास्यव्यंग्यकार, नेपालभाषा, संस्कृति र सभ्यताका ज्ञाताका हिसावले सुरेश दाईको जीवनका अनेक आयाम छन् तर उहाँसँगको मेरो संगत र सहकार्यको फरक पाटो छ। सुरेशदाई सम्पादक रहनुभएको नेपालभाषाको दैनिक 'सन्ध्या टाईम्स'मा मैले ५ वर्ष 'जागिर' खाएँ तर सन्ध्याटाईम्स मेरो जागिर खाने थलो होइन, सिक्ने र अध्ययन गर्ने विद्यालय बन्यो। त्यसैले तात्कालिन सन्ध्या टाईम्स, सन्ध्या टाईम्सको टीममा रहेका सबै दाई र साथीहरूप्रति मेरो छुट्टै आदरभाव र सम्मान छ।

सुजीव दाईले ठ्याक्कै यसै भन्नुभएथ्यो - 'कम्प्युटर सयेकी उत्तम। नेवाः मचाया नातां छन्त चान्स बिइ (उत्तम तिमी कम्प्युटर सिक एक नेवाःको सन्तान हुनुको नाताले



तिमीलाई चान्स दिन्छु।)'

सुजीवदाईको सद्भावबाट खुशीहुँदै कम्प्युटर सिकें। सिकीसकेपछि उहाँले सन्ध्याटाईम्सको भित्री पेज टाइप र सेटिङको जिम्मा दिनुभयो। संयोगवश त्यतिबेला अहिले नेपालभाषा टाइम्सका सम्पादक रहेका मेरा मित्र तेज महर्जन पनि सन्ध्या टाईम्समा काम गर्न आइपुगे।

हामी दुईजनाले भित्री पेजको जिम्मा लिइयो। भर्खर नेपाली टाईप सिकेको। पत्रिकामा काम गर्न अभ्यस्त नभएको। हामीलाई समाचार टाइप गर्न दिइन्थ्यो। मित्र तेज र म मिलेर टाइप गर्थ्यौं। जब बेलुकी ८ बजेतिर सुरेश दाई न्यूजरुमबाट कम्प्युटर रुममा प्रुफ हेर्न छिर्नुहुन्थ्यो, मित्र तेजलाई चाहिँ के हुन्थ्यो कुन्नि मरो मुटु चाहिँ ढुकढुक गर्न थाल्थ्यो। कारण- भर्खर टाईप सिकेको, भाषा सिक्दै गरेकोमान्छे, नबुझिने पाण्डुलिपि अनि टाईपिङ्गमा गल्ती नै गल्ती।

हामीले गरेको टाइपमा यति धेरै गल्ती हुन्थ्यो कि सच्याएरै नसकिने। सुरेशदाईलाई २ पेज प्रुफ हेर्न झण्डै १ डेढ घण्टा समय लाग्थ्यो। जाडोको याम। पुग्नुपर्छ साइकल चढेर पुरानो बानेश्वर। दिनभरीको थकाई, टाइप गराईको हाम्रो पारा। सुरेशदाई प्रुफ हेर्दै जानुहुन्थ्यो, म चाहिँ उहाँले गाली गर्ने पो हो कि भन्ने डर मान्दै सच्याउँदै जान्थें। अति भएपछि सुरेश टाई टाउको कन्याउन थाल्नुहुन्थ्यो। लौ अब बित्यास पर्ने भो! 'यस्तो पनि टाईप हुन्छ ?' भनेर गाली पो खाइने हो कि ? तर उहाँले कहिल्यै गाली गर्नुभएन, कहिल्यै रिस देखाउनुभएन। उहाँको धैर्यता, सहनशीलता र सिकाउने शैली अत्यन्त प्रेरणादायी थियो। उहाँले व्यवहारबाटै सिकाउनुहुन्थ्यो– मानिसलाई सुधार्ने तरिका गाली गर्नु होइन, बुझाउनु हो।

उहाँको यस्तो स्वभाव देखेर म छक्क पर्थें, अहो!

“
उहाँको धैर्यता, सहनशीलता र सिकाउने शैली अत्यन्त प्रेरणादायी थियो। उहाँले व्यवहारबाटै सिकाउनुहुन्थ्यो– मानिसलाई सुधार्ने तरिका गाली गर्नु होइन, बुझाउनु हो।
”



कस्तो सादगी पन, कस्तो सहनशील स्वभाव। प्रुफ हेर्ने क्रममा उहाँले नेपालभाषा ब्याकरण, पृष्ठको बनावट, शीर्षकको प्रस्तुति वा समाचारको सन्तुलनबारे सुझाव दिनुहुन्थ्यो। उहाँको त्यो शैली आदेश दिने भन्दा पनि सिकाउने खालको हुन्थ्यो। यस्तो क्रम झण्डै १ वर्षसम्म चल्यो। अनि कसरी बिर्सौं म सुरेश दाईलाई!

सुरेश दाई, म, मित्र दिनेश कार्की र हरी श्रेष्ठले झण्डै १ वर्षसम्म एउटै भान्छामा खाना खायौं। एउटै परिवार जसरी। सुरेशदाईप्रति उहाँको व्यवहारले यसै सम्मानभाव छदैथियो। म ढल्कोस्थिति सन्ध्याटाईम्सको कार्यालय रहेकै घरको पल्लो घरमा बस्थें। घरपट्टी एउटै। घरमात्र फरक। यस हिसावले म २४ सै घण्टा कार्यालयमा हुन्थें भन्दापनि भयो। को कतिबेला आउँछ, जान्छ, कसले कतिबेला के खान्छ सबै थाहा हुने। सुरेशदाई साईकल चढेर बिहान ७ बजे आइपुग्नुहुन्थ्यो। म अफिस नजिकै बस्ने हुनाले होटलमा खाना खान कहाँ गइराख्नु भनेर सुरेश दाईले पनि हामीले नै पकाएको खाना खाने सल्लाह भयो। बिहान ७ बजे कार्यालय आइपुगेको मान्छे २ कप चियाको भरमा १:३०-२ बजेतिर पेज सकेर मात्र सुरेश दाई खानाखान हाम्रो रुममा छिर्नुहुथ्यो।

हटकेशमा खाना राखिदिएर हामी काममा लागेका हुन्थ्यौं। म कम्प्युटरमा, दिनेशजी विज्ञापन शाखामा, हरि श्रेष्ठ वितरण शाखामा। एकदिन दिनेशजी दिउँसो पानी खान रुममा छिर्नुभएछ, सुरेशदाई खाना खान आउनुभएको रहेनछ। दिनेशजीले हटकेशको खाना खोलेर हेर्नुभएछ। पुषको महिना, खाना त चिसो न चिसो। बेलुकी भन्नुभयो- हटकेश त बिग्रेको रहेछ कि के हो, खाना दिउँसोसम्म त चिसो पो हुँदोरहेछ। सुरेश दाईले केही भन्नु भएन ?

सुरेश दाईले खाना चिसो/तातो, मिठो/नमिठो भनेर कहिल्यै भन्नुभएन। दिनेशजीबाट थाहा पाएपछि भोलिपल्ट मैले सुरेशदाईलाई हटकेश बिग्रेको हो कि खाना त चिसो पो हुँदो रहेछ, हामी काममा हुन्छौं, दिउँसो स्टोभ बालेर तताउनुपर्ला दाई भन्दा उहाँले हुन्छ भन्नुभयो। हामी काममा हुन्थ्यौं। त्यसपछि उहाँले खाना तताएर खानुभयो कि चिसै, हामीले फेरि सोधेनौं। अर्को हटकेश किन्ने मेसो पनि मिलेन। अहो! सादगीपन र शहनशीलताको नमुना। अनि कसरी कसरी बिर्सौं म सुरेश दाईलाई!

आज उहाँ भौतिक रूपमा हामीबीच हुनुहुन्न। तर विगतका सामिप्य, सहकार्य र उहाँको मार्गदर्शन स्मृतिमा सधैं जीवित रहनेछ, प्रेरणाको स्रोत बनेर। हार्दिक श्रद्धाञ्जली सुरेश दाई!■

सुरेश दाइको अधुरो इच्छा

केके मानन्धर

सुरेश किरण मानन्धरसँग मेरो सम्बन्ध धेरै लामो होइन तर अगाध थियो। समुदाय एउटै, पेशा उहि र विचार धेरै हदसम्म मिल्ने। उहाँ पनि मानन्धर, नेपालभाषा पत्रकारिता पेशा अंगालेका र वैचारिक दृष्टि करिव मिल्दोजुल्दो। त्यसैले उहाँको लागि मेरो सम्बोधन सधैं 'सुरेश दाइ' रह्यो। तर उही आत्मिय दाजुलाई अकल्पनीय ढंगले गुमाउनु पर्दा मनमा दुःख भाव नैरन्तर्य छ।

मलाई याद छ, १२ वर्षदेखि अग्रज पत्रकार सुरेश दाइ र म सँगैसँगै थियौं। अनौपचारिक रूपमा अझ त्यो भन्दा अघिदेखिको परिचय हो उहाँसँग। लहना साप्ताहिक पत्रिकामा म संस्थापक सम्पादक भएर नियुक्त भइसकेर प्रकाशित भएको पत्रिकाको पहिलो अंक विमोचन कार्यक्रममा उहाँलाई अतिथिको रूपमा आमन्त्रण गरेका थियौं। जमलमा सम्पन्न भएको सो कार्यक्रममा सन्ध्या टाईम्ह दैनिकका सम्पादकको हैसियतमा सुरेश दाइलाई आमन्त्रण गरेका थियौं। सोही कार्यक्रममा गोरखापत्र राष्ट्रिय दैनिकका पूर्व प्रधान सम्पादक पुष्करभक्त माथेमा, नेपाल बायुसेवा निगमका पूर्व प्रबन्ध निर्देशक सुगतरत्न कंसाकार लगायतका अतिथि बोलाएका थियौं। सञ्चार क्षेत्रमा पहिल्यै आबद्ध रहेका नृपेन्द्रलाल श्रेष्ठ, शिला साय्मि, सुरेन्द्रभक्त श्रेष्ठ, अरविन मान सिंह, जुजुमान महर्जन लगायतको टोलीसँग ३२ अंकसम्म काम गर्दा सुरेश दाइको मार्गनिर्देशन अनुसरण गर्नपाएँ। सुरेश दाइ अनुभवले निखारिएका व्यक्ति भएको हुनाले नेपालभाषाको पत्रकारिता मा एकेडमिक रूपमा सर्टिफाइड मलाई धेरै सिक्ने मौका उहाँबाट प्राप्त भयो। विशेषगरी नेपालभाषाको व्याकरणमा हलन्त र एकारबीचको भिन्नतालाई स्पष्ट रूपमा व्याख्या गर्नुभएको स्मरणीय छ। उहाँसँग भेट हुँदा नेपालभाषा पत्रकारितामा मातृभाषाको प्रयोग शैली र मानाङ्कीकरणको विषयमा गफगाफ हुन्थ्यो। सम्भवतः नेपालभाषा पत्रकारिता मा नयाँ प्रयोग गरेर कलेवर अंक (पत्रिका) प्रकाशित गरेको हाम्रो टोलीले एक पटक नेपालभाषाको व्याकरण सम्बन्धि गोष्ठी समेत गर्यौं। भाषा विज्ञान सम्बन्धिका ज्ञाता, व्याकरणका अध्येता, पत्रकारितामा अनुभव हासिल गरेका व्यक्तित्वहरूलाई सहभागी गर

इएको गोष्ठीमा थुप्रैले धेरै सुझावहरू दिनुभयो तर नेपालभाषाको व्याकरण तथा पत्रकारिताको भाषा संगत सुझाव उहाँ दाजुले नै दिनुभएको थियो। साठी सालतिर रत्न राज्यलक्ष्मी कलेजमा स्नातक तहमा भाषा विज्ञान अध्ययन गर्ने क्रममा प्रा.डा. चन्द्रमान बज्राचार्य, पुष्प चित्रकार, जनक नेवाः लगायतका प्राध्यापकहरूबाट नेपालभाषामा एकरूपताको लागि मानाङ्कीकरण गर्नुपर्ने शिक्षा पाएका मैले लहना साप्ताहिक पत्रिकामार्फत आंशिक रूपमा अभ्यास गर्नीतिर लागेको थिएँ। हुनपनि उहिल्यै सन्ध्या टाईम्ह दैनिकले सुरु गरेको त्यो अभ्यासलाई निखार्नेमा मेरो सधैं जोड रह्यो। त्यसमाथि सुरेश दाइको सम्पादकीय प्रयोग मेरो लागि अनुसरण गर्ने आधार बनेको थियो।

नेपाली, अंग्रेजी र नेपालभाषाबाट पत्रकारिता गर्न ल्याकत राख्ने मलाई सधैं आफ्नै मातृभाषाको पत्रकारिता प्यारो लाग्यो/लागि रहनेछ। तर खुसी हुन नसकेको विषय भनेको एउटै थियो कि नेपालभाषाको छापा पत्रकारिता आजको दिनसम्म मेनस्ट्रीम मिडियाको रूपमा विकास हुन असमर्थ रहेको छ। एकाघ पाना गोरखापत्रले भाषाभाषीको रूपमा नेपालभाषाको कन्टेन्टलाई ठाउँ दिएर प्रकाशित गरेपनि त्यसलाई इन्क्लूसिभ जर्नालिज्म प्राक्टिस बाहेक अन्य स्वीकार्न गाह्रो छ। प्रिन्ट जर्नालिज्म ईन् ट्याब्लोइड मिडियाको रूपमा सीमित रहेको नेपालभाषाको पत्रकारितालाई मेनस्ट्रीम जर्नालिज्मसँग जोड्ने मेरो इच्छाले उहाँसँग थुप्रै पटक बाक्लो छलफल गरेका थियौं। सन्ध्या टाईम्ह दैनिक पत्रिकालाई ब्राडसिट पेपरमा परिस्कृत गर्ने विषयमा उहाँसँग मेलै थुप्रै पटक छलफल गरेको छु। सोही इच्छा नेवाः पत्रकार राष्ट्रिय दबू काठमाडौं जिल्ला शाखाका संस्थापक अध्यक्ष तथा गोरखापत्र राष्ट्रिय दैनिकमा आजिवन फोटो जर्नालिज्म गर्नुभएका नातीकाजी महर्जनको पनि रहेको बुझें। आखिरमा सुरेश दाइको प्रिन्ट मिडियालाई मेनस्ट्रीम मिडियामा परिस्कृत गर्ने इच्छा उहाँको कार्यकालमा पूरा हुन सकेन।

सुरेश दाइसँग मेरो, पत्रकारितासँगै भाषिक आन्दोलन र सामाजिक जीवनसँग पनि जोडिन्छ। स्थानिय सरकारमा नेपालभाषालाई अनिवार्य गर्नको लागि स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नेदेखि बागमती प्रदेश सरकारमा मातृभाषाको ऐन बनाउने अभियानमा पनि सहकार्य रह्यो। सन् २०२२ मा भाषा आयोगका तत्कालीन अध्यक्ष डा. लवदेव अवस्थीसँग अन्तर्क्रिया गरेकोदेखि मातृभाषा सम्बन्धिको चेतना जगाउन नेवाः ग्वहालि पुचःले वार्षिक रूपमा गुंला पर्वको सन्दर्भमा स्वयम्भू भगवानपाउमा



गर्दैआएको व्यानर प्रदर्शनसम्म मेरो रुचि अनवरत छ। मातृभाषाको त्यो अभियानलाई नेतृत्व दिने नेवाः पत्रकार राष्ट्रिय दबूका संस्थापक अध्यक्ष श्रीकृष्ण महर्जन, नेवाः देय् दबूका निवर्तमान अध्यक्ष पवित्र बज्राचार्य, बागमती प्रदेश सरकारका पूर्वमन्त्री पुकार महर्जन, डा. महेशमान श्रेष्ठसँग सुरेश दाइको भूमिका अप्रत्यक्ष जोडिन्छ। सम्भवतः आजिवन नेपालभाषा पत्रकारिता गरेका उहाँको रुचि मातृभाषा संरक्षण र प्रवर्द्धनमा हुनुले कर्तव्यबोध गराएको भन्न सकिन्छ।

देशभरकै सामुदायिकतर्फ सबभन्दा जेठो संस्था केन्द्रीय मानन्धर संघसँग सम्बन्धित रहेका थुप्रै गतिविधिमा उहाँसँग मेरो साइनो जोडिन्छ। गतवर्ष स्याङ्जा, पाल्पा र नवलपुरमा सघन बसोबास गर्दैआएका मानन्धरहरूलाई नेपालभाषा, धिमे बाजा, धिमेनाच र संस्कृति विषयक प्रशिक्षणमा उहाँलाई नेपालाभाषा ज्ञाताको रूपमा उपस्थित गराएका थियौं। भाषा आयोगका माननीय भइसकेका उहाँको प्रशिक्षणबाट करिव लोप भइसकेको भाषा, संस्कृति र रहनसहनको विषयमा स्याङ्जाली नेवारहरूले थुप्रै ज्ञान प्राप्त गरेको प्रतिक्रिया दिनुभएको थियो। गुणात्मक रूपमा सहभागी रहेका स्याङ्जा जिल्लाको हरिनास गाउँपालिकास्थित क्याक्मी, गृहकोट, सालडाँडाका नेवारहरूले प्रशिक्षणको क्रममा देशभर मातृभाषाको अवस्था, भाषा लोप हुँदा राजनीतिक र सामाजिक विचलन आउने सम्भावनाको विषयमा प्रशिक्षण लिनुभएको थियो। उहाँको प्रशिक्षण एकैदिन भएको हुँदा अझ विस्तृत बुझ्नको लागि थप कक्षा सन्चालन गर्नुपर्ने माग रहेको थियो। ३५ सय भन्दा बढी रहेका मानन्धरहरूको स्याङ्जाली अवस्थितिको खातिर सुरेश दाइ एकपल्ट हरिनास अवलोकन भ्रमणमा जाने तरखरमा हुनुहुन्थ्यो। यो विषयमा मसँग कम्तीमा दुईपल्ट कुरा भएको सत्य हो।

तर,

अनित्य यो संसारमा दाइको भौतिक शरीर अकल्पनीय ढंगले हामी माझ रहेन। स्याङ्जाका मानन्धरहरूको विषयमा जान्ने र बुझ्ने दाइको कौतुहलताले, हामीलाई हाम्रो भाषा र संस्कृतिको पुनर्जागरण र पुनरुत्थानका लागि सदैव उत्प्रेरणा दिइरहनेछ।

सुरेश दाइको सुगति एवम् निर्वाणको कामना गर्दछु।

(केके मानन्धर पेशाले टेलिभिजन सञ्चारकर्मी हुनुहुन्छ। उहाँले विभिन्न कलेजमा आमसञ्चार तथा पत्रकारिता विषय अध्यापन गराउनुहुन्छ।)

■



अविरल रूपं न्हय्यांवँवं अन्त जुल

डा. चुन्दा वज्राचार्य

सुरेश तच्वकं म्ह मफुगु बुखँ फेसबुकय् खन। जि च्वनेगु धुमबाराही। मफुम्ह सुरेश टिचिङ अस्पतालय् तयातःगु फेसबुकय् छरपरस्त जुयाः पिहां वल। बहनिपाखे खनागु कन्हय् सुथय् वनाः स्वःवने धकाः मनय् तया। सुथय् वने धका च्वनाः सुथय् डाक्टरतयगु राउन्ड जुइ। उकिं न्हिनय् पाखे वने धकाः मनय् वन। सुरेशयात आईसीयुलय् तयातल जुइ धकाः च्वना। न्हिनय् टिचिङ अस्पतालय् वना। मुटु नाप स्वापू दुगु दक्व आईसीयु चाहिला तर म्हस्युपिं कि क्वः छम्ह हे नाप मलाः। मुटु सम्बन्धी डाक्टर खन वयूकः न्हिला भ्काल छुं मधाः। जिगु मिखाय् सुरेश व सुरेश नापनापं सुरेशया जहान व मचात लुमनाः वयाच्वन तर कि क्वः छम्ह हे मदु। लिपा उमेशयात फोन याना न्यना उमेशं न्हिला हल। जितः उमेश खनाः तं वल। भचा लंका उमेश धाल सुरेशयात शवगृहलय् तयाः जिपिं सकलें लिहां वयेधुन। तसकं म्हाइपुल सुरेशयात स्वये, वया जहान नापलाये धकाः च्वनाः हिस्स जुल। छु याये छु याये जुल। शव तयातःगु थासय् स्वयाः वना। मनू छम्ह निम्ह दु अपिं सु हे म्हमसिउ, अस्पतालया हे सम्बन्धित मनूत जुइ।

सुरेशयात इनाप पत्रिका नापनापं म्हसिम्ह मचा खः। मल्लया छैँ थाय्मरुइ इनाप पत्रिका पिदनीगु प्रेस खः। थीथी ज्या खँय् इनाप प्रेसया ज्या कुथिइ वनाच्वनेगु। गुबलें थःगु लेख छापय् यायेया निंतिं वने गुबलें मुज्याया भ्वलय् वने। नेवाः मिसापिं मुनाः छगू संस्था स्वनेगु भ्वलय् मल्ल के. सुन्दर नाप खँ जुल। उघ्रिमय मल्लं कार्ड च्वयाबिल भेलाया निंतिं, सुरेशयात सःताः छापे यायेत बिल। सुरेश उगु भ्वं ज्वनाः मातंया ज्याकुथिं छेंदिइ वनाः छापे याना हल। वहे कार्डया भरय् नेपालभाषा मिसा खलः नीस्वनेगु ज्या जुल।

इनाप वाःपौ उगु वाःपौलय् स्वयेगु ज्या अशोक श्रेष्ठया खः। अशोक व सुरेश तच्वकं मिलेजू। ज्यान नापनापं पिहां वंसां वा गनं वंसां नापनापं जुइपिं मिलेजूपिं पासापिं खः। अशोकं नापनापं न्ह्याकायंकूपिं मध्ये सुरेश छम्ह खः। वाःपौ जक जुयां मगाः धकाः न्हिंपौ नं पिथनेगु खँ जुल। न्हिपौया रूपय् दर्ता जुयाच्वंगु 'नेपालभाषा न्हिपौ'



पिकायेगु खँ जूगु खः । महेशमान जोशीया इहिपा भ्वजय् हे माणिकलाल सरयात माने यानाः नेपालभाषा न्हिपौ पिथनेगु खँ जूगु खः । तर लिपा 'विश्वभूमि न्हिपौ' जुयाः पिहां वल । उगु न्हिंपतिइ अशोक व सुरेश निम्ह मिलेजुयाः ज्या याःगु खः । खय्त ला मू हामा मल्ल के. सुन्दर खःसा विश्वभूमि पिथनिपिं अशोक व महेशापिनिगु छपुचः दु । उकी दुने सुरेश नं दु । लिपा विश्वभूमि पत्रिकाय् कचवं वल । सुरेश अशोक नापं च्वनेगु इच्छा मल्ल के. सुन्दरया कुतलं विश्वभूमिया सम्पादक सुरेश किरण यानाः विश्वभूमि पिथनेगु जुल । अशोकं नं अशोक सम्पादक जुयाः विश्वभूमि पिदन । विश्वभूमि छगू तर न्हिं न्हिं निगू विश्वभूमि पिदनीगु जुल छगू अशोक सम्पादक मेगु सुरेश किरण । लिपा मुद्दा हे जुल । सुरेशं न्ह्याकाच्वंगु विश्वभूमिया थासय् 'सन्ध्या टाइम्स' नां जुल । सन्ध्या टाइम्स हे 'नेपालभाषा टाइम्स' जुयाः पिहां वल । सुरेशं सन्ध्या टाइम्स व नेपालभाषा टाइम्सय् ज्या यायां आपालं पत्रकारत दयेकेगु ज्या जुल ।

नेपालभाषा मिसा खलकं छ्क्वः कविता गोष्ठी ग्वसाः ग्वयागु खः । उगु इलय् नेपालभाषा मिसा खलःया नकिं मोतिलक्ष्मी उपासिका खः । कविता गोष्ठी पुलांगु नेपालभाषा परिषदया ज्याकुथिइ जूगु खः । उगु कविता गोष्ठीया संयोजक नेपालभाषा मिसा खलःया आजीवन दुजः मय्जु प्रमिला वज्रचार्यया संयोजकत्वय् जूगु खः । उगु इलय् मिसापिनगु जक उपस्थित मजुसे मिजंपिं मध्ये सुरेश किरण नं उपस्थित जूगु खः । उगु कविता गोष्ठीइ रजनी मिला छपु कविता पाठ याःगु खः । उबलय् कविता पाठ याये न्ह्यः रजनी मिलां कविता च्वयागु हुनि सुरेश किरणया कविता ब्वनाः उकिया लिसः कथं खः धकाः न्यंकल । अनं लिपा रजनी मिला कविता विधाय् न्ह्यानातुं वंगु जक मखु स्थापित कवियत्री जुयाः थःगु थासय् स्थापित जुल । नेपालभाषा ख्यलय् रजनी मिला स्यल्लाम्ह कवियत्रीयात जग स्वनेगु ज्या सुरेशपाखे जूगु जुयाच्वन ।

२०४६ जन आन्दोलन नापनापं मिसापिनिगु थीथी क्षेत्रय् मालेकुलेगु ज्या जुजुं वनाच्वंगु उगु इलय् नेपाली भाषाया 'अस्मिता' पत्रिकाया छगू ल्याः मिसा विशेषांक कथं पिथनेगु जुल । अस्मिता पत्रिकाया सम्पादक सुशन मास्के म्हसिउगु नातां वा वय्कलं नेपालभाषाया मिसा च्वमिपिनिगु बारे नं छगू लेख तयेगु मनसुवा सुरेशयात प्वंकूगु जुयाच्वन । अबलय् सुरेश छम्ह स्थापित पत्रकार जुयाः पिलू वयेधुंकूगु खः । उकिं सुशनं सुरेशयात लेखया निंतिं अनुरोध यायेवं सुरेशं जिं बालाक सी धकाः जिं तु लेख च्वयाबिउ धाल । सायद नेपालभाषाया मिसा च्वमिपिं बारे दकलय् न्हापां पिहां वःगु लेख वहे



जुइमाः । मल्लकालं निसें उगु इलय् तक मिसापिसं च्वसा न्ह्याकाच्वंगु विधायात उल्लेख यानागु लेख खः । थ्व लेख सुरेशया इनापय् च्वयागु खः ।

यैं महानगरपालिकां नेपालभाषाया माध्यमं स्थानीय विषयया पाठ्यक्रम दयेकगु, पाठ्यक्रमया आधारय् सफू च्वयेगु ज्या जुल । नेपालभाषा गज्याःगु नेपालभाषा धयागु खँय् पाठ्यक्रम दयेकाबलय् हे भाषा 'नेपालभाषा टाइम्स'या भाषा कथं यायेगु धकाः न्ह्यथना कथं पाठ्यक्रम भाषाया नापनापं छगू तगिं निसें च्यागू तगिं तकया सफू फुक्कंया भाषा स्वयेगु ज्या सुरेश किरण पाखें जुल । कोरोनाया भय्या अवस्थाय् यैं महानगर पालिका दुने ब्वनेकुथिया प्रारम्भिक तगिंमय् पाठ्यक्रम व पाठ्यपुस्तक पिथनेगु लागिं सुरेशं आपालं योगदान बिउगु खः । ब्वनेकुथिइ ब्वंकीपिं शिक्षक शिक्षिकापिंत प्रशिक्षण यायेगु ज्याय् नं सुरेशया तःधंगु योगदान दु । थुगुसी उगु पाठ्यक्रम परिमार्जित यायेगु ज्या न्ह्याःगु खः । न्हापा भाषा स्वयेगु जक ज्याय् ग्वाहालि याम्ह सुरेश थुगुसी परिमार्जित यायेगु मू कवलय् च्वनाः हे पाठ्यक्रम संशोधन याःगु खः ।

सुरेशया दकलय् लिपांगु फोन कल धइगु मल्ल के. सुन्दरया बारे छपु लेखया निंतिं खः । थुगुसी मल्ल के. सुन्दरया जंक्व मल्ल दाई नं यायेन्ह्याः मधाः अय्सां झीसं मल्लया जंक्वः ल्याः छगू पिकाय् चुन्दा दिदी छपु लेख च्वयाबिउ धाल । मल्ल दाईया विशेषांक पिदनीगु सुयातं धायेमते मल्ल दाईयात सीके मते धाल । जि नं जिउ धकाः धया । वं छवाः ई बिउगु खः । छवाः सीमधयेवं सुरेश अपर्झट मदुगु खबर वल । सुरेशया नापं सुरेशं अनुरोध याःगु लेख सुयात बीगु गनं बीगु छुं मसिल च्वयेगु नं मयाना ।

मल्ल के. सुन्दर व मञ्जुया ज्या जंक्वया भ्वय् वनाबलय् मञ्जु व मल्लयात धया छिमिगु जंक्वया विशेषांक पिकायेत सुरेशं लेख धाःगु सुरेश हे मन्त ग्व छु धाये धकाः धयाबलय् मञ्जुं थ्वका विशेषांक पिहांवःगु दु धकाः पत्रिका क्यन नेपालभाषा टाइम्सया विशेषांक हे जुयाच्वन ।

सकसितया निंतिं ग्वाहालि यायां थः हे थसः पाःवन । टिचिङ अस्पतालय् सुरेश माःवनागु, फेसबुकय् तयाःबलय् सुनितां सुरेशदाइ ला म्हिगः हे मदयेधुंल भिंचा मयजुया इहिपाः जूगुलिइ दनी धकाः बुखँ तःगु खः चुन्दा दिदीयात मधयागु धकाः धाल । इहिपाः याम्ह भिन्चा पितबीत ल्हाः ज्वनाः नेपाः बैक्वेटय् हल नं २ नं पितहयाः स्वाहाने तकया भिडियो क्लिप छगू छ्वयाहल । सुरेश छ न्ह्याबलें मेपिंत जक ग्वाहालि यायां थःत छु जूगु धकाः तक नं दुवाले मलात- सुरेशया निर्वाणया कामना .....

ख्यालः, सुरेश किरण व जि

रामकृष्ण खड्गी

सायद जिं सुरेश किरणयात म्हसिउगु धइगु थ्याक्क हे थुलि ई दत धइगु मसिल वा थ्वदँ दत धायेमफुत तर थ्यं मथ्यं २५/३० दँ ति दत ला धइथें च्वं । अझ थ्याक्क हे ई लुमंके मालधाःसा पलिस्थां ग्वसाः ग्वःगु न्हापांगु पलिस्था ख्यालः कासाया इलंनिसें खः ।

जि हे नं कलाकार जुइगु हुतहुति व अथे हे ज्वःपिं पासापिं मुनाः आज्जु पुचः नीस्वना ख्यालः कासायृ ब्वति कायेभनं वनापिं अले सुरेश किरण नं ख्यालः च्वमि कथं छुं संस्था वा अझ जितः लुमं कथं चकनाया निंतिं ख्यालः च्वमि जुयाः वम्ह थें ताः ।

थ्व जिगु धुकमां थ्याक्क मखुसां वयूकलं च्वःगु ख्यालः 'पोस्ट मार्टम' जिं स्वयागु खः उबलयृ । गुबलयृ निसें जिपिं म्हसिल उबलयृ निसें जिमिगु स्वापू निरन्तर जुल । वयूकः मदुगु छुं न्हिं न्त्यःतिनि बसन्त उत्सव, ज्ञानकोषया डिजिटल प्लेटफर्मयात गुकथं छ्यलाबुलायृ यंकेगु विषयया छगू ज्याझ्वसं जिपिं करिब निघौं, स्वघौं ति नापं । अझ ला भिन्तुना गुथिया ज्याझ्वः बसन्त उत्सवयृ जिगु म्ये छपु हालेमाःगु सुरेश किरणं चिनाखँ न्त्यब्वयेमाःगु छगू हे दबुलिइ । वहे जुयाः व दिनसं जिपिं थ्यंमथ्यं निघौं/स्वघौ नापं ।

जिपिं तसकं स्याःन्याःपिं पासाथें न्हिन्हिं नापलानाः च्या त्वनिपिं, गनं चाहिउ वनिपिं, नापलाइपिं नं मखु, तर नाप लाइबलयृ अति हे आत्मिय, विशेष यानाः जिपिं नापलाइगु धइगु हे नेपालभाषाया थीथी ज्याझ्वलयृ खः । जिमिगु विषय धइगु नं भाषा, ख्यालः, प्याखँ हे खः, गबलें गबलें पारिवारिक खँल्हाबल्हा नं जुइ - सायद प्रमिला जिगु तिरि मयूजु नं न्हापांनिसें हे म्हसिउम्ह अले सुरेश किरण नाप यक्व खँ ब्याःम्ह जुयां नं जुइमाः, अले भाउजु नाप नं जिमिगु ख्याः पहलं खँ ल्हाइपिं जुयाः नं जुइमाः । जिमि दथुइ ख्याः नं चले जू ।

थ्व बाहेक मेगु धइगु जि नेपाः टिभीया कार्यकारी निर्देशक जुयाः आबद्ध जूसां निसें ला झन नेपालभाषाया मां भायृया पत्रकारितायात गुकथं यंकूसा बांलाइ धइगु खँयृ सहलह ब्याकाच्वनापिं, अझ नेपाः टिभीया निंतिं ज्याझ्वः नं न्त्याकेगु धकाः खँ जूगु तर जब भाषा आयोग थेंजाःगु गरिमा पदयृ दुजः जुयाः माननीय जूबलयृ व ज्याझ्वः थांति



लात। अयू नं नाप लाइबलयू सहलह जुयाच्वनी।

पलिस्था ख्यालः कासा जूसां निसें ख्यालः च्वमि कथं पलाः न्ह्याकाम्ह जि थौं तक माल कि ख्यालः च्वयेगु यानाच्वना। इलयू ब्यलयू खँ जुइम्ह धइगु सुरेश किरण हे खः। झीगु मौलिक ख्यालः परम्परा न्हनावनी धकाः चिउताः काइम्ह, ख्यालः च्वमित मदया वन। ख्यालः च्वयेमाल धकाः विशेष यानाः जितः नं ध्वाना च्वनिम्ह सुरेश किरण खः। जिपिं न्ह्यागु खँयू नं प्रायः सकारात्मक, जिं वयूकलं धाःगु म्हा धायेमफु थें वयूकलं नं जिं धाःगु खँ म्हाःधाःगु मसिउनि। अथेजुयाः नं जुइमाः जिपिं स्याःन्याःपिं पासापिं स्वयां म्हो मजू।

> “जिपिं न्ह्यागु खँयू नं प्रायः सकारात्मक, जिं वयूकलं धाःगु म्हा धायेमफु थें वयूकलं नं जिं धाःगु खँ म्हाःधाःगु मसिउनि।”

जिं गुलि नं ख्यालः म्हिता, निर्देशन याना व फुक्कं प्रायः थम्ह हे च्वयागु ख्यालः खः। तर, निपु ख्यालःया निर्देशन व अभिनय सुरेश किरणया ख्यालखयू नं यायेगु ह्वःताः चूलाःगु दु। छपु ख्यालः जगतसुन्दर ब्वनेकुथिया मस्तयूगु निंतिं व मेगु नेपालभाषा साहित्य ब्वज्याया निंतिं ‘ओम नमो शिवायू’ ख्यालः खः।

नेपालभाषा ख्यःया थीथी विधायू उत्कृष्टम्ह बहुआयामिक व्यक्तित्व थौं झीत त्वःता वन। नेपालभाषाया साहित्य ख्यः, पत्रकारिता ख्यःया लिसे तःगु हे ख्यलयू तःधंगु हे ह्याकिं वंगु दु। थ्व सायद आः वयूकःया अनुपस्थिइ पूर्ण जुइ फइ मखुत। झीगु छगू धापू नं दु ‘सम्पत्ति स्वयां नं सनाः वइपिं कमे यायेमाः’ धइगु लू वयूकःया पार्थिव शरीर यात अन्तिम बिदाईया इलयू झीगु ख्यः बाहेक मेमेपिनिगु नं ब्वतिं थ्व धापूयात लाल छाप तयाबिल। अनया भाव विह्वल जूगु लू खनाः फुकस्यां मिखा प्याः। गुबलें नं सायद सुयां नं नुगः मस्याकूम्ह, सुनां नं वयूकःया बारे बांमलाःगु खँ न्यने म्वाःम्ह फुकस्यां यम्ह छम्ह नेवाः न्ह्यलुवा मन्त। जि अले जिगु छैंजःपाखे नं मदुम्ह सुरेश किरणजुयात दुनुगलं बिचाः हायेकूसें सुखावति भूवनस वास लायेमा धकाः हार्दिक श्रद्धाञ्जली देछाया च्वना जिमिं यम्ह सुरेश किरण! ■



शालीन पत्रकार सुरेश किरण

शाक्य सुरेन

यद्यपि, 'इनाप' वाःपौ निसें सुरेश किरण पत्रकारिताय् आवद्ध जुयादी धुंकूसां 'विश्वभूमि' पत्रिकानिसें जिं सुरेशयात म्हसीका। वयूकः नच्चातिनिम्ह, तुयू ख्वाः, भलादमि पहःम्ह अंग्रेजी 'क्युट' म्ह धाइनि बस अज्याःम्ह पत्रकार जिगु नुगलय् लुइ- सुरेश किरण।

न्ह्याबलें न्हिलाख्वाः, तं धइगु मदुम्ह, शालीन पहलं पत्याः मजुइक गम्भीर पलाः न्ह्याकादीम्ह नेपालभाषाया निंतिं जीवन समर्पित यायेगु मिशन ज्वनाः पलाः न्ह्याकु न्ह्याकुं अन हे ल्हाःम्हुतु चूलाकेगु व्यवसाय नं बल्ल बल्लं व्यवस्थापन यानाच्वंम्ह कर्मशील सुरेश किरण।

वयूकःया शालीन पलाः धुंकाः जितः यःगु वयूकःया जीवनया पक्ष सादा जीवन उच्च बिचार। अले वयूकःया कम्पोजिटर जुयाः न्ह्याकेमाःगु मजदुरी जीवनया संघर्षशील जीवन। छायधाःसा जि नं निम्न मध्यम परिवारय् हुर्के जूम्ह। मचाबलय् पासापिनि होटलय् वनाः जेरी स्वारी नः वनीबलय् 'वा' धाःसा मवनिम्ह, थम्हं नं नके मफयेकं वनाः छु याय् ? धयाः। जिं नातिवज्रया संगतय् 'न्हसला' म्हिचापौ ब्वब्वं मुक्तक च्वयेगु याना। उबलय् मल्ल के. सुन्दरजुं नं स्याचुक मुक्तक च्वयादी। सुरेश किरण जुं माःथाय् माःकथं जिमित 'सिलु' पत्रिकाया मुक्तक अंकयात मुक्तक च्वयाबियादी। सिलुया प्यंकूगु मुक्तक अंकय् वयूकःया मुक्तक- 'तनाच्वंगु देश'

देश,
न्हापां ख्युंथाय् तनाच्वंगु खः
मशाल च्याकाः मालेबलय्
गबलें गबलें लुइगु नं यः।
तर देश,
थौं दन्न च्वंथाय् तनाब्यूगु दु,
धया ब्यु,
आः छु च्याकाः मालेगु खः ?



थुकथं वयूकःया च्वसा सरल थें च्वंसां गम्भीर, कठोर व्यंग्य, कवितायू वयूकः थुकथं हे थहां वनाः समकालीन पिनिगु थासयू न्हायू धस्वाका वन, थथे हे सरल, सरस तर गम्भीर व कठोर व्यंग्य वाण ज्वनाः ।

'विश्वभूमि' धायू ला, 'न्हूगु विश्वभूमि' धायू ला 'सन्ध्या टाइम्स' धायू ला 'नेपालभाषा' न्हिपौ धायू ला ? छु धायू ? न्ह्याग्गु धाःसां अन नेपालभाषायू समर्पित छगू पुचः- रमेशकाजी स्थापित, सुरेश किरण, एल्भिस जोशी, अशोक श्रेष्ठ, सुशीलवीर सिंह कंसाकार, शुभेच्छा बिन्दु, राजनलाल जोशी आदि आदि । थ्व पत्रिका पिलूवःगु निंतिं प्रकाशक 'अर्थ' प्रकाशन यैं ।

भी संगठन, पार्टी संगठन व गैरसरकारी संस्थाया विकासक्रमया ढाँचायात जिं 'अमिबा लाइक डेभलपमेन्ट' धायेगु । अमिबा थः हुर्के जुयाः पूर्णता जुल कि निगू कुचा जुइ, हाकनं कुचा दलाः पूर्णता जुल कि मेगु कुचा जुइ । कम्युनिष्ट पार्टी हुर्के जुयाः 'माले' 'एमाले' जूथें थ्व पत्रिका नं विश्वभूमि, न्हूगु विश्वभूमि जुइत स्वल । छकः सुशीलवीर सिंह कंसाकार नाप सम्पादक पुचः पिनि मत भिन्नता जुल थें - उबलयू जिं - 'नेपालयू विकास/विनाशया खँ' स्तम्भ न्ह्याकाच्वनागु/ जिं झिपु, झिंनिपुति लेख च्वयाः बियातइगु, अन हानथाप जुल खनी । उगु लेख मेगु ग्रुपयू लात कयाब्यु धकाः जितः धाः वल । जिं थ्व छिकपिनिगु आन्तरिक खँ जुल, जिं बी धुन, छिकपिनि थवंथवयू मिले याना दिसँ धया । उबलयू ला बला धइथें पत्रिका हे दित ।

जितः नेवाःतयू पहिचान/म्हसिका कथं पिहां वयाच्वंगु न्हिपौ ताइगु 'नेपालभाषा टाइम्स' । थौंकन्हय् चियाया भाः २५/ पत्रिकाया भाः आःतक ३/ उकिं बरोबर धायेगु सुरेशयात थ्व पौया साइज भतिचा हिलेमाल, भ्वंया क्वालिटी भचिता हिलेमाल, स्तर थकायेमाल । न्यातका झितिका कालं छुं मपाः । तर अथे मजू ।

गुबलें ध्यबाया समस्याया खँ पिहां वइ, गुबलें लेखया समस्याया खँ पिहां वइ । अले जि छन्हु सुरेशीयात धया, 'थुगु पत्रिकायू च्वइपिंत छुं छुं पारिश्रमिक बीमाल, टोकनया हिसाबं सां, अथे हे थुगु पत्रिका थुलि मेहनतं पिहां वयाच्वन, भ्वंया स्तर उलि थहां वल कि तसकं बांलाइ । अनुमति बियादिसं जिं डब्लुएनओ अथवा स्वनिगःया पासापिं मुकाः सहलह याये । वयूकः भावुक जुयादी, धयादी, जिं खँल्हानाः स्वये । लिपा धयादी, 'प्रकाशकपिं माने मजू । जितः मतिइ वनी थन प्रकाशन व पत्रिका पिकाइपिं बिचयू अन्तर दु खनी । गुलिस्यां धाइ वयूकःपिंत, 'छिमिसं पत्रिकां कमे यानाच्वन ।' वयूकलं धाइ,



“न्हापौया मू आकर्षण जितः ‘सुकि’या व्यंग्य लेख खः । थ्व नं जिं स्वये व्यावहारिक समस्यां यानाः जूवंगु यथार्थ खः । न्हिपौ नं प्वाः मदंबलय् स्तम्भ हे पितबीमाल । थ्व जुल नेवाः न्हिपौया दुःख/सुखंया खँ सुरेश किरणया जीवन नाप स्वानाच्वंगु ।”

‘न्हापांनिसें अभ्यस्त जुयाच्वनागु, नेपालभाषाया मायां जक थ्व पौ पिहां वयाच्वंगु खः । लछिया झिंप्यद्वः झिन्याद्वलं छु यायेत गाः जिमित ? थज्याःगु परिस्थितिइ नं बिचय् बिचय् झाकझुक झाकझुक जूसां, पंगलं दःसां प्रकाशकपिं नाप मतभेद जूसां पत्रिका पिथनेगुलिं छगू हार्दिक गठबन्धनया कारणं निरन्तर पिहां वयाच्वन । थुकी दुने नां वइ, रमेशकाजी स्थापित, सुरेश किरण। शुक्रवाःया तँसापौया जिम्मा रमेशकाजी, दैनिक न्हिपौया जिम्मा सुरेश किरण। सुरेश किरण भाषा आयोगय् दुहां वसांनिसें तेज महर्जनं जिम्मा काःगु खनेदु। थुकथं पिने खनेदयेक संस्थागत रूप काये मफुसां हार्दिक गठबन्धनया कारणं संस्थागत रूपं थुगु पत्रिका न्ह्यानाच्वन । सुरेश किरण लुमंकाः । आशा दु, थुगु पत्रिका न्ह्यानाच्वनी ।

डब्लुएनओया पुलांम्ह नायः सिजनजुं बरोबर धाइ, ‘नेपालभाषा टाइम्स ब्रोडसिटय् पिकायेत गुलि तुइ ?, प्रपोजल पेश यानादिसं धकाः । तर लिसः गुबलें नं मवल । लिसः मबिउगुया नं कारण दइ सायद ! दुःख सुखपूर्वक हनाच्वंगु जीवन थें संघर्षमय कथं न्ह्यानाच्वंगु खः नेपालभाषा टाइम्स अले नेपालभाषा टाइम्स पिकाइम्ह सुरेशया जीवन । आः छगू खँ ल्वःमन । थ्व न्हिपौया मू आकर्षण जितः ‘सुकि’या व्यंग्य लेख खः । लिपा उगु लेख जनआस्थाय् सरे जुल । अले जिं जनआस्था नं ब्वनेगु याना ‘सुकि’ या निंतिं । थ्व नं जिं स्वये व्यवहारिक समस्यां यानाः जूवंगु यथार्थ खः । न्हिपौ नं प्वाः मदंबलय् ‘स्तम्भ’ हे पितबीमाल । थ्व जुल नेवाः न्हिपौया दुःख/सुखंया खँ सुरेश किरणया जीवन नाप स्वानाच्वंगु ।

मेगु छता खँ, जि डा. सुमित्रा मानन्धर गुरुङ तताया चिल्ताङया फार्मय् भिजिट याना अन हे बाय् च्वनागु । चिकुलाया ई । बहनी बेली क्वचायेकाः मि च्याकाः सहलह



जूबलय् प्रशंगवश सुरेशया नं खँ वल। डा. सुमित्राया चिन्ता- हनेबहःम्ह पद्मरत्नजुं देय्या निंतिं नेवाःया निंतिं उलिमछि कुर्बानी याःसां छुं रेकर्ड मदु, अभिलेख मदु। थुकिया अभिलेखीकरण यायेगु निंतिं पद्मरत्न दाईया खँ ल्ह्वकाः च्वयेगु भाला सुरेश किरणयात बिउगु जुयाच्वन। ज्या न्ह्याः वन। तर पूमवनाच्वन। पत्रकार सुरेशया ई अथे हे खः। गय् यानाः पूवंकेगु ? वय्कः सुमित्रा तसकं चिन्ता प्वंकादीगु खः। साहित्यकार, लेखक, समाजसेवी धाइपिं गुंया भ्रंगः थें, फुर्सद नं गुबलें मदु, ज्या नं छुं मदु। जितः नं छगू ज्या सुमित्रा ततां जिम्मा बियातःगु पूवंके मफयाच्वन। अथे हे जुयाच्वन। पद्मरत्न दाईया असली जीवनी, थ्व ला तःधंगु मिशन खः। भराय्धंगु जिम्मेवारी खः। मत्यवं इमां दाया यंकूथें जुइ धकाः सुनां छु सिउ ? आः थ्व ज्या नं वय्कः तिरि मय्जु सजना मानन्धर व नेपालभाषा टाइम्सया पासापिनिगु ग्वाहालिइ जक साकार जुइफइ। गुलि दु, ट्रान्सक्रिप्ट उलि जक पिकाये फःसां गुलि जिउ ?

वस्तु अनित्य, जीवन अनित्य, संसार अनित्य धासेलि सुरेश किरण भ्रीत त्वःताः वंसां दुःख ताये मजिउ खः। तर नेवाःया नुगः जुयाच्वंम्ह, नकतिनि जाज्वल्य जुयाः वयाच्वंम्ह नेवाःया निंतिं यक्व हे जुइतिनिगु आश बियाच्वंम्ह विलक्षण काय् मचा इमां दाया यंथें छकलं बिना वंबलय् सकसिया नुगलय् घाः लाइगु स्वभाविक हे खः। जि ला सुरेश ५५ ति दत जुइ धइगु ला ६० दँ क्यने हे धुंकल खनी। जितः ६० दँ क्यंगु नं पत्याः याये थाकु नि, सुरेश मदुगु नं पत्याः याये थाकुनी। नेपालभाषा न्हिपौ दत्तले वय्कः दुगु जुइ।

उकुन्हु तिनि सुरेशया तिरि मय्जु सजना मानन्धर विष्णु चित्रकार मदुगु दुःखय् विद्या चित्रकारजुया थाय् बिचाः याः झायाच्वनादीगु। मनूत जन्म जुइ, ल्यायम्ह जुइ, बुराबुरी जुइ अले मृत्यु जुइ। तर सुरेश बुरा जुइ मखंक ल्यायम्हबलय् हे मदयावन। थ्व मजुइमाःगु जुल। सजनाजु, थ्व विधिया बिडम्बनायात भ्रीसं स्वीकार यानाः वनेगु बाहेक मेता उपाय मदु। थथे जूपिं यक्व यक्व हे दु, थगुने नगुने तिनि प्रकाश अमात्य जाज्वल्याम्ह ल्यायम्ह अथे हे मदयावन। वय्कःया तिरि मय्जु लुमंकाः मन तयादिसं। सकल नेवाःपिसं सुरेश किरणया गुणयात लुमंकूगु दु। थुकी गौरव यानादिसं। संघर्ष खः जीवन, जीवन संघर्ष खः। अनिच्चवात संखरा ! फुक्कं संसार अनित्य खः, क्षणिक खः, सत्य, अजय, अमर थन सुं हे मदु, छुं हे मदु।

भव्वतु सब्ब मंगलम् ! सुभाय् !■

इमान्दारिताया प्रतीक

महेन्द्रगोपाल कर्माचार्य

ने.सं.११०८ गुँलाथ्व अष्टमि (२०४५।०५।०५) सुथय् ५ बजे जुया ५ मिनेटया इलय् उदयपुर जिल्लाया मुर्कची धागु थासय् केन्द्रबिन्दु जुया ६.९ म्याग्निच्यूटया भुखाय् ब्वल। स्वनिग दुने थुगु भुखायूया लिच्वः ख्वपय् उप्वः लात। पिडितपिन्त राहत इनेज्याः जुल। राहत इनेज्याय् राजनैतिक धेंधेंबल्ला जुल। थुगु धेंधेंबल्लाय् राष्ट्रिय पञ्चायतया छम्हः पूर्व सदस्यया हत्या जुल। ह्योजु हत्याकाण्ड वा भक्तपुर काण्डं चर्चित थुगु घटनां याना ख्वपय् प्राकृतिक भुखाय् जक मखु राजनैतिक भुखाय् नं ब्वल। राजनैतिक भुखायूया पराकम्प ताःई तक्क वना हे च्वन। विराट नेपालभाषा साहित्य सम्मेलन गुथिया नीन्हेक्वःगु सम्मेलन याके मबिगु दमनकारी नीति स्थानिय प्रशासनं नालेगु ज्याःयागु खनेदत। प्रशासनया अघोषित निषेधाज्ञा अवज्ञा याये हे माः धैगु संकल्पं चर्को प्रशासनिक दमनया बावजुद नं नासमना त्वाःया बलंपु चुकय् म्होजक मनू च्वना जुसा नं सम्मेलन हनेगु ज्या यायेत विराट सफल जुल। विराट झन उप्वः प्रशासनया मिखाय् वंगु धू जुल।

भुखायूया पराकम्प वना हे च्वन। विराटपाखें ने.सं. ११०९ न्हूदँया लसताय् सुथय् नसंचा उलेगु व न्हिनय् इनाच्वः त्वाया नासः चुकय् साहित्य गोष्ठी यायेगु खँ क्वजित। ज्याभ्वः जुइ छन्हू न्त्योहे विराट ज्यासना पुचःया पदाधिकारी व दुजःपिन्त प्रशासनं कुनेगु ज्याः यात। न्त्याक्वः दमन जुसां प्रतिवाद याना ज्याभ्वः यानां त्वतेगु जोश जाँगर ज्वना नासःचुकय् मनू मुनेगु सुरु जुल। परिस्थिति थुकथं जूवन कि विराटया म्हस्युपिं दुजःपिं पिहाँ वयेगु अवस्था हे मन्त। छुं साहसी भाषाह्त्यमि, साहित्यकारपिसं विराटयात थःगु हे भपिया ज्याभ्वः यानां त्वतेत न्त्यचिल। कवि राजभाइ जकःमिया नायःसुइ मुंज्या न्त्यायूवं चर्को प्रहरी दमन जुल। दर्जनौं भाषाह्त्यमिपिन्त पुलिसं घाःपाः जुइकः दाया गिरफ्तार यात। थथे गिरफ्तार जुपिंमध्ये उबले नकतिनी २२/२३ दुम्ह सुनां म्हमस्यूम्हः मचाः ल्यायूम्ह खने दुम्ह सुरेशकिरण मानन्धर छम्ह नं जुल। थःगु मांभायूप्रतिया दमन थःगु स्वाभिमानप्रति यागु दमन खः धैगु चेतना उबले हे सुरेशकिरण मानन्धरजुयाके ब्वलंगु दसू खः थ्व घटना।

ई न्ह्यानां वनिगु भ्वलय् सुरेशकिरणजुं थःत पत्रकार, सम्पादक, स्तम्भ लेखक, कवि, साहित्यकार, नेवाःआन्दोलनया अभियन्ता आदिकथं सकसिनं म्हसिइगु म्हसीका दयेका दिल। जीवनया लिपांगु इलय् संबैधानिक अङ्गकथं पलिस्था जूगु भाषा आयोगया माननीय सदस्यया गरिमामय पदय् नियुक्त जुयादील। थुकथं म्हसीका दयेकेत सुथां लागुया हुनि धैगु वय्कया पदप्रतिया दायित्व, दायित्वप्रतिया इमान्दारिता, विषयप्रतिया गहन अध्ययनशीलता व जिम्मेवारीप्रति समर्पण खः धायेत लिचिले माथें मच्वं। आत्मप्रचार व आत्मप्रशंसाया स्वभावं ताःपाना दायित्व पूवंकेगु ज्याय् समर्पित सुरेशकिरण मत्यवं मन्त। वयूक मदुगु नेपालभाषा साहित्य, पत्रकारिता व नेवाः आन्दोलनयानिंतिं पूमवनिगु ह्याकीं खः। वयूकलं याना झागु योगदान दुने वयूक सदां म्वानाः च्वनि। सुरेशकिरण अमर जुयेमा।■

> “
> जितः सुरेश दाङनं थः ससःकियापिंत ससलय् वनाः स्पष्टिकरण बिङम्ह विशेष दूतकथं ब्वना यंकैत्यंगु। जि नं छम्ह प्रवक्ता है जुयाः अन अथे मखु थथे खः धायेत भाषण कण्ठ यानाः है न्हूगु लं वनाच्वना।
> ”



नेपालभाषा स्यनामिपिनि नुगलय् मृदुभाषी सुरेशकिरण सँर

राकेश स्म. महर्जन

नेसं ११४६ चौलागा षष्ठि (चैत २५) बुधवाः सनिलय् नेवाः अनलाइन न्युजया प्रमुख भाजु सुजीव वज्राचार्य दाइया कल वल। लँ दथुइ लाःगुलिं जिं वय्कलं धयादीगु सः बांलाक ध्वामथुल। वय्कलं नेवाः अनलाइन न्युजय् सुरेशकिरण दाइयात हर्टआट्याक जूगु, अस्पतालय् दुगु बुखँ तयेत खबर बियादीगु खः। खय्त ला सुजीव दाइपाखें पिथनाच्वंगु नेवाः अनलाइन न्युजनाप जिं न्हापा सम्पादक जुयाः ज्या यायेधुनागु जुयाः 'सेन्सेटिभ' न्युजया लागि सुजीव दाइनं आः नं जितः लुमंकाच्वनी। उगु इलय् सुजीव दाइया खाखःतुगु सः व पिने हुलया कारणं जिं सुरेश दाइ मदयेधुंकूगु खँ तायेकेमफुत, केवल अस्पतालय् चिन्ताजनक जक धाःगु ध्वाथुल। सुरेशकिरण थेंज्वःम्ह नेपालभाषा साहित्य, पत्रकारिता ख्यःया अतुलनीय व्यक्तित्वया विषय दुःखद् बुखँ वःगुलिं जिं लिसा कयाः 'कन्फर्म' यायेत न्यनाः, धात्थें गुलि चिन्ताजनक खः ? तर सुजीव दाइनं 'मदये हे धुंकल' धाःगु सः पत्याः याये थाकुगु जुयाबिल। हुलमुल चीकाः भचा शान्त थासय् वनाः जिं बांलाक ध्वाथुइका। हर्टआट्याकया कारणं सुरेश दाइ मदयेधुंकूगु जूसां आः हे बुखँ पितमब्यूगु, केवल चिन्ताजनक जक दुगु बुखँ पितबीमालीगु सुचं सुजीव दाइनं बियादिल। धायेगु खःसा पत्रकारिताय् 'इथिक्स'यात कयाः आपाःसिनं वास्ता मयाइगु खनाच्वनागु खः। सुं नं मनू मदुगु बुखँयात 'न्हापां ब्रेक यायेगु' छगू ह्वःताः तायेकाः जीवित मनूयात नं दिवंगत यानाब्यूगु बुखँ पत्रकारिता ख्यलय् मजूगु मखु। उकिं सुं नं मन्त धइगु खबर वयेवं, उकिया स्रोत 'भेरिफाइ' मयायेकं 'ब्रेक' यायेगु त्वःताबी धुनागु खः। तर उबलय् ला 'भेरिफाइड' बुखँयात तकं 'इथिक्स' अले पारिवारिक अनुरोधय् हीकाबीमाःगु छगू अवस्थायात नेपालभाषा पत्रकारिता ख्यःया छगू दसू कथं जिं थःत थम्हं थनाबिया।

जिगु नेपालभाषाया पत्रकारिता ख्यलय् प्रवेश सुरेश व सुजीव दाइपिं *विश्वभूमि*



त्वःताः *सन्ध्याटाइम्स* पिथनेधुंकाः तिनि जूगु खः। विश्वभूमिइ ज्या यानाबलय् तक नं जिं उबलय् छु गथे जूगु बांलाक मस्यू। लिपा अशोक श्रेष्ठ दाइया *न्हूविश्वभूमि* नाप आबद्ध जुयाबलय् तिनि जिं थ्व विषय छुं ज्ञान कायेखंगु खः। अनं लिपा सुजीव दाइनाप नेवाः पोष्ट, अप्सरा वाःपौया लागि ज्या यानाबलय् जिं न्हापा छु गथे जूगु सीकागु खः। अथे नं जिं सन्ध्याटाइम्स व सुरेशदाइनाप ज्या मयाना। पत्रकारिता ख्यलय् जिं विश्वभूमि, न्हूविश्वभूमि, नेवाः पोष्ट, यैं नेवाः पोष्ट लिसें ईलोहं प्रकाशनय् ज्या यानागु दुसां सन्ध्याटाइम्स नाप जि गुबलें सत्तिक मच्वना। छकः रमेशकाजि स्थापित दाइनं जितः अन नं ज्या यानाबीगु 'अफर' बियादीगु खः, तर उबलय् शनिवाः बिदा च्वनेमाःगु मागय् स्वीकृति मदयेवं जिं 'अफर' अस्वीकार याना। सखे, उबलय् व 'अफर' जिं स्वीकार यानागु जूसा सखे जि आःतक नं सन्ध्याटाइम्स नापनापं नेपालभाषा टाइम्सनाप सत्तिनाच्वनीम्ह खइ।

सुरेशदाइनाप प्रत्यक्ष जुयाः ज्या याये मखंसा, वया हितैषी, पासा सुजीव वज्राचार्यनाप जिं ताः ई तक सहकार्य याना। व इलय् सुरेश दाइया विषय सुजीव दाइ नं कनीगु खँ न्यनाः पत्रकारिता ख्यलय् सुरेश दाइया लगनशीलता, त्याग व समर्पणं जितः हःपाः बीगु खः। लिपा नेपालभाषा स्यनामि कथं थःगु कर्म ज्वनेधुंकाः नेपालभाषा स्यनामिपिनिगु भाषा, व्याकरण भिंकेत मार्गदर्शककथं न्ह्याःम्ह व्यक्तित्व कथं जिं म्हसीका। जि आबद्ध स्यनामिपिनिगु पुचः 'नेपाल युवक पुचः'या संयोजक



> “सदां नायुक खँ ल्हाङगु, गुगुं नं समस्या वःसां उकिया समाधानया सुझाव बियादीम्ह सुरेश दाङया पहलं जि जक मखु, नेपालभाषाया स्यनामिपिं सकसितं यःम्ह प्रशिक्षक सुरेश सर जुयादिल ।”

न्हापा सुनीता डंगोल जुयादीगु खः। तर २०७९ या स्थानीय चुनावय् वयूकः यैं महानगरपालिकाया उपप्रमुखय् त्यायेधुंकाः वयूकःया थासय् सुरेश किरण मानन्धर जिमिगु पुचःया उपसंयोजक जुयादिल। उबलय् सुरेश दाइया मृदुभाषी, गुबलें तं मचाइगु व सदां नायुक खँ ल्हाइगु बानिं यानाः वयूकःनाप ज्या याये तसकं अःपुगु खः। उपसंयोजक जुयादीगु छुं ई लिपा हे वयूकः भाषा आयोगया दुजः मनोनित जुयादिल। जिमिगु पुचःया संयोजकपिं छम्ह छम्ह यायां यैं महानगरपालिकाया उपप्रमुख व भाषा आयोगया दुजः जुयादीगु जिमिगु पुचःया लागि तःधंगु गर्वया खँ नं जुयाबिल। भाषा आयोगया दुजः जुयादीधुंकाः नं, सकसिनं माननीय धकाः सम्बोधन यायेधुंकाः नं सुरेश दाइयाके गुबलें नं उकिया अहंकार व अभिमान खनेमदु। माननीय जुइधुंकाः नं न्हापा गथे खः, अथे हे सदां नायुक खँ ल्हाइगु, गुगुं नं समस्या वःसां उकिया समाधानया सुझाव बियादीम्ह सुरेश दाइया पहलं जि जक मखु, नेपालभाषाया स्यनामिपिं सकसितं यःम्ह प्रशिक्षक सुरेश सर जुयादिल। नेपालभाषाया ख्यलय् जुयाः थनं हे छुं भचा आम्दानी जूगुलिं नेपालभाषा स्यनामिपिंत वयूकलं थःगु सेवाया छुं भचा ब्व नेपालभाषाया हे उत्थानया लागि खर्च यायेमाःगु खँ सदां कनादी। नेपालभाषा स्यनामिपिं नं नेपालभाषाया अभियन्ता खः धयादीम्ह सुरेश दाइ नेपालभाषा स्यनामिपिंसं थःगु भाषाया लागि थः नं अब्बल जुइमाःगु नापनापं मेमेपिं स्थायी स्यनामिपिंनाप प्रतिस्पर्धा यायेफयेमाःगु गुण विकसित यायेमाःगु सल्लाह सदां बियादी।

■



पत्रकारिताका गुरू सुरेश किरण

राजु नापित

माघे संक्रान्तिको दिन माघ १ गते विहान ९:५५ मा मेरो मेसेन्जरमा एउटा मेसेज आयो "ज्वजलपा राजु, नालन्दाको भ्रमण रमाइलो नै भएको देख्न सकिन्छ। नालन्दाको वर्तमान अवस्था, सरकारले गरिरहेको कार्य, केही पुराना इतिहास र आफ्नो अनुभव समेटेर नेपालभाषा टाइम्स तँसापौ पत्रिकाको लागि १२-१३ सय शब्दको एउटा लेख तयार गर्नु ..."

मेरो आदरणीय गुरुले मलाई दिनुभएको अन्तिम निर्देशन थियो यो। पत्रकारिताको साढे दुई दशक पुरा गरिरहँदा मलाई पत्रकारिताको अ आ इ, क ख ग पढाउनु भएका मेरा गुरु जसले मलाई यो समाजमा पत्रकारिताको पाठ पठाइमात्र दिएन औंला समाइ हिड्न सिकाइ मार्ग निर्देश समेत गर्नुभयो। मानव जीवनमा संघर्ष गरिरहँदा धेरै गुरुहरू भेटिन्छन्, तर केही गुरु यस्ता हुन्छन् जसले केवल विषय मात्र होइन, जीवनको बाटो पनि देखाइदिन्छन्। मेरो पत्रकारिता यात्रामा यस्तै एक आदरणीय गुरु हुनुहुन्छ, जसले मलाई पत्रकारिताको कखग सिकाएर सही मार्गनिर्देशन गर्नुभयो। उहाँ मेरो लागि केवल शिक्षक होइन, प्रेरणाका स्रोत, पथप्रदर्शक र हरेक कठिन घडीका सहयात्री हुनुहुन्छ।

मैले पत्रकारिता क्षेत्रमा पाइला चाल्न थालेको प्रारम्भिक समय अत्यन्तै अन्योलपूर्ण थियो। समाचार कसरी लेख्ने, शीर्षक कसरी बनाउने, स्रोत कसरी खोज्ने, तथ्य र सत्यलाई कसरी छुट्याउने भन्ने आधारभूत ज्ञान पनि पर्याप्त थिएन। त्यही बेला गुरुले मलाई पत्रकारिताको आधारदेखि सिकाउनुभयो। समाचारको संरचना, 5W, भाषाशैली, सन्तुलन, निष्पक्षता, तथ्यपरकता र जिम्मेवारीबोधजस्ता पत्रकारिताका मूलभूत पक्षहरू उहाँकै प्रशिक्षणबाट मैले सिक्ने अवसर पाएँ।

गुरुको अर्को विशेषता भनेको सिकाइलाई व्यवहारमा उतार्न प्रेरित गर्नु हो। उहाँले मलाई समय-समयमा समाचार, फिचर, लेख, रचना तथा अन्तर्वार्ता लेख्न लगाउनुहुन्थ्यो। उहाँको यही निरन्तर अभ्यासमुखी शिक्षण शैलीले मेरो लेखन क्षमतालाई निखार्दै लग्यो। पत्रकारिता केवल लेखन मात्र होइन, समाजप्रतिको उत्तरदायित्व पनि हो भन्ने चेतना पनि



गुरुले नै दिनुभयो। उहाँले सत्यको पक्षमा उभिन, पीडितको आवाज बन्न, र समाजका सवाललाई निष्पक्ष ढंगले उठाउन सधैं प्रेरणा दिनुभयो। पत्रकारको कलम परिवर्तनको माध्यम हो भन्ने भावना उहाँका प्रत्येक प्रशिक्षण र सुझावमा झल्किन्थ्यो।

मेरो जीवनका हरेक समस्यामा पनि उहाँले गुरुले निभाउनु पर्ने भूमिका निभाउँदै साथ दिनुभएको छ। व्यावसायिक अन्योल, लेखनमा आत्मविश्वासको कमी, वा व्यक्तिगत कठिनाइ–जुनसुकै अवस्थामा पनि उहाँले मार्गदर्शन, हौसला र आत्मबल दिनुभयो। कहिले सल्लाहकार बनेर, कहिले अभिभावक बनेर, कहिले साथीसरह नजिकिएर उहाँले दिएको साथ मेरो लागि अमूल्य छ।

आज म पत्रकारितामा जे जति सिकिरहेको छु, लेखिरहेको छु र समाजसँग संवाद गरिरहेको छु, त्यसको जग मेरो गुरुले बनाइदिनुभएको हो। उहाँले सिकाएको पत्रकारिताको कखग, अनुशासन, सत्यप्रतिको निष्ठा र निरन्तर अभ्यासको संस्कार मेरो जीवनको सबैभन्दा ठूलो सम्पत्ति बनेको छ। त्यसैले मेरा गुरु मेरो पत्रकारिता जीवनका दीपस्तम्भ हुनुहुन्छ, जसको उज्यालोले मेरो बाटो सधैं प्रकाशित गरिरहनेछ। उहाँ मेरा लागि मात्र गुरु होइन। उहाँ पत्रकारिता जगतमा धेरै विद्यार्थीका गुरु हुनुहुन्छ।

पत्रकारिता केवल पेशा होइन, यो समाजको ऐना, चेतनाको स्रोत र परिवर्तनको माध्यम हो। यस क्षेत्रलाई सशक्त बनाउने व्यक्तिहरू केवल समाचार संप्रेषक मात्र हुँदैनन्, उनीहरू मार्गदर्शक, विचारक र गुरुका रूपमा स्थापित हुन्छन्। जसले पत्रकारिता क्षेत्रलाई नजिकबाट बुझ्नेर मात्र होइन, त्यसलाई दिशा दिन सक्ने क्षमता पनि राख्दछ। तिनै गुरुका रूपमा मैले मेरा गुरु सुरेश किरण मानन्धरलाई लिएको छु।

मेरा गुरुको व्यक्तित्वको मुख्य विशेषता भनेको पत्रकारिताप्रति गहिरो समर्पण हो। उहाँले पत्रकारितालाई केवल रोजगारीका रूपमा होइन, सामाजिक उत्तरदायित्वका रूपमा ग्रहण गर्नुभएको छ। सत्य, निष्पक्षता र तथ्यपरकताको पक्षमा उहाँको दृढ अडानले धेरै पत्रकारहरूलाई प्रेरणा दिएको छ। आजको समयमा जब सूचना प्रवाह तीव्र गतिमा भइरहेको छ र भ्रामक समाचार (fake news) को चुनौती बढ्दै गएको छ, त्यस्तो अवस्थामा उहाँले देखाएको सत्यप्रतिको प्रतिबद्धता नयाँ पुस्ताका लागि एउटा मार्गनिर्देशक उदाहरण हो।

गुरुको रूपमा उहाँको अर्को महत्वपूर्ण पक्ष भनेको सिकाउने शैली हो। उहाँले प्रत्यक्ष कक्षा कोठामा मात्र होइन, व्यवहारिक जीवनमा पनि सिकाउनुभएको छ। नयाँ

पत्रकारहरूलाई समाचार कसरी लेख्ने, स्रोत कसरी पुष्टि गर्ने, र समाजप्रति जिम्मेवार भएर कसरी प्रस्तुत हुने भन्ने कुरा उहाँले आफ्नै अभ्यासबाट देखाउनुभएको छ। उहाँको मार्गदर्शनले धेरै युवाहरूलाई पत्रकारितामा प्रवेश गर्न मात्र होइन, यस क्षेत्रमा टिक्न पनि सहयोग पुऱ्याएको छ।

उहाँसँगको सहकार्य वा संवादले सधैं एउटा नयाँ दृष्टिकोण प्रदान गर्छ। उहाँले सधैं प्रश्न गर्न सिकाउनुहुन्छ–किन यस्तो भइरहेको छ ? यसको पृष्ठभूमि के हो ? यसको प्रभाव के पर्छ ? यस्ता प्रश्नहरूले पत्रकारितालाई केवल घटनाको विवरणमा सीमित नराखी विश्लेषणात्मक बनाउँछ। यही गुणका कारण उहाँ एक साधारण पत्रकारभन्दा माथि उठेर गुरुका रूपमा स्थापित हुनुभएको छ।

सुरेश किरण मानन्धरको अर्को उल्लेखनीय पक्ष भनेको भाषा र संस्कृतिप्रतिको योगदान हो। नेपालभाषाको संरक्षण र प्रवर्द्धनमा उहाँले महत्वपूर्ण भूमिका खेल्नुभएको छ। पत्रकारिता र भाषा दुवै क्षेत्रमा उहाँको सक्रियता देख्दा स्पष्ट हुन्छ कि उहाँ केवल समाचार लेख्ने व्यक्ति होइन, समाजको सांस्कृतिक पहिचान जोगाउने अभियन्ता पनि हुनुहुन्छ। यसले नयाँ पुस्तालाई आफ्नो भाषा र संस्कृतिप्रति गर्व गर्न सिकाउँछ।

उहाँको नेतृत्व क्षमताले पनि पत्रकारिता क्षेत्रलाई धेरै लाभ पुऱ्याएको छ। विभिन्न संस्थागत भूमिकामा रहेर उहाँले नीति निर्माण, तालिम, र सञ्चार माध्यमहरूको विकासमा योगदान दिनुभएको छ। उहाँको अनुभव र दूरदृष्टिले पत्रकारितालाई अझ व्यवस्थित र जिम्मेवार बनाउन मद्दत गरेको छ। गुरुको रूपमा उहाँले केवल व्यक्तिलाई मात्र होइन, समग्र प्रणालीलाई सुधार गर्ने प्रयास गर्नुभएको छ।



व्यक्तिगत रूपमा पनि उहाँसँगको सम्बन्धले धेरै कुरा सिक्ने अवसर दिएको छ। उहाँको सरलता, विनम्रता र सहकार्यको भावना अत्यन्त प्रेरणादायी छ। ठूला उपलब्धि हासिल गरिसक्दा पनि उहाँमा अहंकार देखिँदैन, बरु सधैं सिक्न र सिकाउन तयार रहने स्वभाव देखिन्छ। यही गुणले उहाँलाई साँचो अर्थमा गुरु बनाएको छ।

पत्रकारिता क्षेत्रमा काम गर्ने धेरै व्यक्तिहरू समयसँगै थाक्छन् वा आफ्नो आदर्शबाट विचलित हुन्छन्। तर सुरेश किरण मानन्धरले निरन्तरता, अनुशासन र मूल्यमान्यतामा अडिग रहने उदाहरण प्रस्तुत गर्नुभएको छ। उहाँले देखाउनुभएको बाटोले स्पष्ट पार्छ कि पत्रकारिता केवल पेशागत सफलता प्राप्त गर्ने माध्यम होइन, समाज परिवर्तन गर्ने एउटा शक्तिशाली साधन हो। यसलाई सहि ठाउँमा सहि तरिकाले प्रयोग गर्नुपर्छ।

म स्मरण गर्न चाहन्छु पत्रकारिता क्षेत्रमा हात समाइ डोऱ्याउनु भएका मेरा गुरुले मलाई जव आफ्नो खुट्टामा उभिन सक्ने सक्ने भएँ तव भन्नुभएको 'नेपालमा नेपाली भाषामा पत्रकारिता गर्नेहरू विस्तारै बढ्दै जानेछ तर मातृभाषामा पत्रकारिता गर्नेहरू विस्तारै घट्दै जाने छ। किनकी राज्यको नीति नै यस्तै छ। तर जेजस्तो भएपनि हामीले नेपालभाषाकै माध्यमबाट पत्रकारिता गर्नुपर्छ। तर नेपालभाषाको माध्यमबाट देशका ठूला र मेनस्ट्रिमका मिडियामा नेपालभाषाबाट पत्रकारिता गर्न दिदैन तर हाम्रो भाषा, कला, संस्कृति, संस्कार र सम्पदाको बारे सकारात्मक आवाज त्यस ठाउँमा कुनै हालतमा पुऱ्याउनु पर्छ। त्यसको लागि तिमीले गर्न सक्छौं। गर..., लड...,' गुरुकै निर्देशनमा सन्ध्या टाइम्स पत्रिकामा समाचार लेख्न थालें। विस्तारै नेपालभाषाको साप्ताहिक पत्रिका 'झीगु सः'को प्रकाशनमा सहयोगी बनी ब्यवस्थापनको जिम्मेवारी लिएर पत्रिका संचालन गरें। नेपालभाषाकै माध्यमबाट टाइम्स एफ एम, इसिआर एफएम, नेवाः एफएममा नेपालभाषाबाट समाचार प्रशारण र कार्यक्रम संचालन गरें। अनलाइनतर्फ सुभाषराम प्रजापतिसंग टिम बनाएर नेपालभाषा माध्यमको अनलाईन नेपालमण्डल डट कम संचलन गरें। यी सवै कामबाट गुरु खुशी हुनुहुन्थो। यसै क्रममा विविध कारण बन्द भएको नेपालभाषाको लोकप्रिय दैनिक पत्रिका 'न्हू विश्वभूमी' पुनः प्रकाशन गर्न लागेको जानकारी सहित सम्पूर्ण जिम्मेवारी लिइदिन अनुप सिं सुवाल मार्फत किशोर श्रेष्ठ दाइको अनुरोध आयो। यो खबर मैले गुरु सुरेश दाइलाई सुनाउँदा उहाँ साह्रै हर्षित भएर भन्नुभएको थियो "राजु तिमी भाग्यमानी रहेछौं किशोर दाईको छत्रछाँयामा तिमीले पत्रकारिताको नयाँ अध्याय सुरु गर्दैछौं। शुभकामना। किशोर दाईको साथ नछोड्नु॥ सुरेश दाईको अनुहार जतिखेर नि हँसिलो नै देखिन्यो, तर



त्यस दिनको हर्षित मुद्रा बेग्लै थियो।

न्हू विश्वभूमी पत्रिका गरिरहेकै समयमा नीजि क्षेत्रबाट दुईवटा टेलिभिजन संचालन भयो २०६३ सालमा त्यस मध्येको एक नेपालको पहिलो समाचार च्यानल सगरमाथा टेलिभिजन। टेलिभिजन संचालनमा आएको खबर सँगै गुरुले भन्नुभएको नेपालभाषा माध्यमबाट मेनस्ट्रिमका ठूला मिडियामा हाम्रो पँहुच स्थापित गराउनु पर्छ भन्ने कुरा सम्झें। त्यहि कुरा सम्झि मैले सगरमाथा टेलिभिजनमा नेपालभाषा कार्यक्रम प्रस्तोतको लागि आवेदन दिएँ। सुरुमा सगरमाथा टेलिभिजन मनोरञ्जनात्मक रूपमा संचालन गर्ने नीति थियो। पछि एकाएक समाचार च्यानलको रूपमा अघि बढ्ने र पाँचवटा भाषाभाषीको समाचार समेत समावेश गर्ने भन्ने खवर पाएपछि मैले कार्यक्रम प्रस्तोता सहित नेपालभाषा समाचार वाचकको रूपमा निवेदन दिएँ। त्यहिं भेट भयो केके मानन्धर र श्रृष्णा स्थापित। हामी तीनजनाले टिम बनाइ नेपालभाषाबाट समाचार र कार्यक्रम प्रस्तुत गर्रैं। जुन दिन सगरमाथा टेलिभिजनबाट समाचार प्रशारण भयो त्यस दिन बेलुका सुरेश दाइले फोन गरेर बढाई दिदै नेपाललभाषा माध्यमबाट हामी मेनस्ट्रिममा छिर्न सुरु भयो। यो यात्रा कहिले नछोड्नु। हाम्रो पकड रहीरहनु पर्छ भन्नुभयो। यसै कारण आजसम्म पनि नेपालका ठूला मिडिया मध्येको एक एपी वन टेलिभिजनमा कार्यरत छु।

अन्ततः, मेरो नजरमा मेरो आदरणीय गुरु सुरेश किरण मानन्धर पत्रकारिता क्षेत्रका केवल एक सफल व्यक्ति मात्र होइन, एक प्रेरणादायी गुरु हुनुहुन्छ। उहाँको जीवन, विचार र कार्यशैलीले नयाँ पुस्तालाई सही दिशा देखाउने काम गरिरहेको छ। उहाँबाट सिकेका पाठहरू केवल पत्रकारितामा मात्र सीमित छैनन्, जीवनका अन्य क्षेत्रमा पनि उत्तिकै उपयोगी छन्। यसकारण, पत्रकारिता क्षेत्रमा गुरुको भूमिका निर्वाह गर्ने व्यक्तित्वका रूपमा उहाँको योगदान सधैं सम्मानयोग्य र अनुकरणीय रहनेछ। उहाँजस्ता व्यक्तित्वहरूले नै पत्रकारितालाई सशक्त, विश्वसनीय र प्रभावकारी बनाउँछन्, र हामीजस्ता सिक्नेहरूका लागि सदैव प्रेरणाको स्रोत बनिरहन्छन्।

आज भौतिक रूपमा मेरा गुरु मसंग नभएतापनि उहाँले दिनुभएको शिक्षाले आफ्नो आदर्शबाट विचलित नभइ निडर भइ निरन्तरता, अनुशासन र मूल्यमान्यतामा अडिग रहेर पत्रकारिता गरिरहनका नितित्त अमर प्रेरणाश्रोत बनिरहने छ।

भावपूर्ण श्रद्धाञ्जली आदरणीय गुरु सुरेश किरण मानन्धर।

■

बादल नदेखिने अनुहार : सुटुक्कै बादल पारीको यात्रामा

चन्द्रमणि भट्टराई

पिर थियो होला, अरू जस्तै। व्यवहारका झमेला पनि थिए होलान्। सामाजिक जीवन प्रतिष्ठाका विषयमा मनमा कुरा उब्जिन्थ्यो होला। अनेक ऋतु आए। खडेरीले मन सुक्दा पनि अनुहारको चमक कहिल्यै नसुकेको। मनमा भेल बाढी आउँदा पनि आँखामा छाल नदेखिएको। भाषा, कला, साहित्य र सिर्जनालाई पत्रकारिताले डोहोऱ्याइ रहेकै बेला, अनन्त यात्रामा निस्किनु भयो सुरेश सर भन्ने खवर पत्याउन सकिने खालकै थिएन।

धेरै चिन्ता लिने मान्छेलाई प्रेसर बढ्छ। प्रेसर बढेपछि मुटुमा समस्या हुन्छ, भन्ने सुनेको थियो। धुमपान र मद्यपान गर्नु हुँदैन। गुट्खा आदि खानु हुँदैन। यसले मुटुको समस्या हुन्छ, भन्ने पनि बारम्बार सुनिएको हो। धेरै तारेका, धेरै चिल्लो भएका खानेकुरा नखानु, मुटु जोखिममा पर्छ। यो पनि सुन्दै आएको हो। तर, यी सबै काम नगर्ने मान्छेलाई त्यही मुटुमा समस्याले लान्छ। यो चाहिँ, सुनेको पनि थिएन। कल्पना पनि गरेको थिएन।

उहाँसँग मेरो चिनजान लामो समय अघिको हो। त्यसबेला कुराकानी औपचारिक र ठट्टामा सीमित थियो। स्थानीय तहको निर्वाचन २०७४ पछि सहायक विज्ञका रूपमा काठमाडौँ महानगरपालिकाको सहरी योजना आयोगमा आवद्ध हुनुभएपछि पेशागत सहकार्य थालनी भयो।

महानगरपालिकाको मासिक पत्रिका 'महानगर बुलेटिन' प्रकाशन गर्ने हाम्रा लागि साझा काम थियो। महानगरपालिकाको प्रमुख विद्यासुन्दर शाक्य र उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठ हुनुहुन्थ्यो। वरिष्ठ पत्रकार राजेन्द्र स्थापितको सम्पादकीय नेतृत्वमा शुरेशकिरण सर, मोहन बास्तोला, श्याम स्मृत, म र बैकुण्ठ भण्डारी सहभागी थियौँ।

कामको थालनीमा औपचारिक सम्बन्ध थियो। समाचारका विषयमा मात्र कुरा हुन्थ्यो। विषय भाग लगाएर लेखन कार्य हुन्थ्यो। सुरेश सरको जिम्मामा लेखनभन्दा



धेरै सम्पादन थियो। उहाँ, काठमाडौँको भाषा, पहिचान, संस्कार र संस्कृतिका विषयमा चाहिँ म लेख्छु भनेर जिम्मा लिनुहुन्थ्यो। मेरो भागमा चाहिँ स्थानीय सुशासन, स्वशासन, वित्तीय अनुशासन र महानगरपालिकाले गरेका मुख्य विषयको लेखनको थियो।

म सूचना प्रविधि विभागअन्तर्गत थिएँ। उहाँ सहरी योजना आयोग अन्तर्गत हुनुहुन्थ्यो। विभाग सुन्धारास्थित जेडिए कम्प्लेक्समा र महानगरपालिकाको एफएम रेडियो राष्ट्रिय सभा गृहमा थियो। राजेन्द्र दाइ, प्रमुखको जनसम्पर्क तथा सञ्चार सल्लाहकार हुनुहुन्थ्यो। उहाँको कार्यकक्ष जेडिए कम्प्लेक्समा थियो। आयोगको कार्यालय थापाथलीमा। यसरी कार्यकक्ष फरक ठाउँमा भए पनि भेट चाहिँ दैनिक हुन्थ्यो। हाम्रो नियमित काममा हुने वैठकमा अरू आइ पुग्न समय लागे छलफल सुरु हुँदै गर्थ्यो। सुरेश सर ढिला हुने हुनुभयो भने हामी कुरेर बस्थ्यौँ। उहाँ आएपछि मात्र बैठक सुरु हुन्थ्यो।

काम वाहेक पनि भेट गर्ने, चिया खाने, खाजा खाने भन्दै कतै जाने गर्न थाल्यौँ। यसले सुरेश सरको व्यक्तिगत र पेशागत जीवनका आयामहरूमा थप परिचित हुने मौका मिल्यो। मैले सुरुमा भेट्दा उहाँमा जुन स्वभाव र पन थियो। उहाँसँग छुट्दा उही पन र स्वभाव थियो।

काम र पेशालाई निरन्तरता दिने क्रममा उहाँमा तीव्र वेगको हतार कहिल्यै देखिन। आफू रहेको परिस्थिति उछिन्ने प्रयास गर्नुभएन। अरूको कुरा नसुनी प्रतिक्रिया दिनुभएन। अरूले चर्को स्वरमा प्रश्न गर्दा उही चर्को लवज कहिल्यै फर्काउनु भएन। हतारमा काम सक्ने योजना बनाउनु भएन।

सञ्चार कर्ममा हुँदा जहाँ पनि मोवाइल उठाउनु पर्छ भन्ने थिएन। सञ्चारको र मोवाइलको आफ्नाआफ्नै सिद्धान्त छन् भन्नुहुन्थ्यो। आफैँले मोटरसाइकल चलाउँदा कहिल्यै फोन उठाउनु भएन। उहाँको मोटरसाइकल पछाडि बसेर यात्रा गरिरहेका बेला सर फोन आयो भन्दा 'आए पछि जान्छ। यो नियम हो।' भन्नुहुन्थ्यो। कसैको आकस्मिक हो कि, भनेर सम्झाउँदा, 'सवारी चलाउनु पनि आकस्मिक काम हो। यो आकस्मिकता सकिएपछि फिर्ता गर्नुपर्छ' भन्नुहुन्थ्यो। कार्यक्रममा सहभागी हुँदा सामान्यजसो फोन उठाउनु हुन्नथ्यो। बरु, कार्यक्रम सकिएपछि फोन गर्नुहुन्थ्यो।

आफूले रिसिभ गर्न नसक्नुभएका फोनहरू पछि फर्काउनुहुन्थ्यो। मैले गरेका तर रिसिभ नभएका फोन जसरी फर्काउनुहुन्थ्यो। शायद, अरूका पनि त्यसरी नै फर्काउनुहुन्थ्यो होला।



काम आजै सक्नु पर्छ भन्नेमा उहाँ हुनुहुन्नथ्यो । हतार गरेर विगार्नुभन्दा ढिला गरेर राम्रो गर्नुपर्छ भन्नुहुन्थ्यो ।

महानगरपालिकामा उहाँसँग बसेको कयौँ औपचारिक अनौपचारिक बैठकमा उहाँले उच्च स्वरमा बोल्नुभएको कहिल्यै सुनिएन । उहाँको स्वभाव र चरित्रका विषयमा प्रश्न गरेर अरूले आपसमा कुरा गरेको सुनिएन । वरु, उहाँको शान्त व्यक्तित्वको प्रशंसा सुनिन्थ्यो ।

उहाँसँग पत्रकारिता अर्थात् समाचारजन्य कामका लागि मात्र सहकार्य थिएन । काठमाडौँ महानगरपालिकाले कार्यान्वयनमा ल्याएको स्थानीय पाठ्यक्रम 'यँः दे म्हसीके' तयार गर्ने क्रममा कार्यालय समयभन्दा अगाडि पछाडि बसेर पनि काम गरियो । डा. अजयक्रान्ति शाक्यसँग उहाँको लेखन र सन्ध्या बज्राचार्यको सहलेखनमा सहरी योजना आयोगले प्रकाशन गरेको इन्द्रजात्रा (यँयाः) पुस्तकका लागि तस्विर संयोजनका लागि सहकार्य भयो । यो पुस्तक काठमाडौँको पहिचान, नासिएका मूर्त अमूर्त सांस्कृतिक सम्पदाको पुनरुत्थानका लागि महत्वपूर्ण आधार हो ।

महानगरपालिकाले ५ वर्ष सम्पन्न गरेका महत्वपूर्ण परियोजनाहरूको तस्विर पुस्तक तयार पार्ने क्रममा २०७९ सालमा राजेन्द्र दाइ, सुरेर सर र म ३ जनाको टोली खटिएका थियौँ । त्यस क्रममा करिब १ महिना लगाएर महानगरपालिकाका सबै वडाहरूमा पुग्यौँ । परियोजनाको पृष्ठभूमि खोज्ने, लाभ लागत विश्लेषण गर्ने, कार्यान्वयन चरणका चुनौती र सम्भावना हेर्ने, सामाजिक दृष्टिकोण पहिल्याउने, तस्विर खिच्ने र विषय लेखन गर्ने क्रममा रातदिन काम गरेका थियौँ । यसरी काम गर्दा कहिलेकाही खाजा खान बस्दा घण्टौँ कुरा गरेर बसेको स्मृति अहिले ताजै छ ।

वडाहरूको विवरण संकलन गर्ने क्रममा सहरका भित्री बस्ती, तिनीहरूको नाम, कथा, कथन र भनाइ, कला र कलाकृतिको विशेषता सुनाउनुहुन्थ्यो । नेवारी सभ्यता र यससँग जोडिएका जनश्रुति, आस्था र विश्वाशका विषयमा उहाँबाट प्राप्त ज्ञान मेरा लागि कुनै विश्वविद्यालयबाट गरिने शोध अध्ययनभन्दा कम छैन । यसै क्रममा हामीले अमूर्त सम्पदाहरूको अभिलेखन गर्ने, कलात्मक र रचनात्मक प्रस्तुति गर्ने योजना पनि बनाएका थियौँ । योजना बन्यो । तर कार्यान्वयन योजना बनेको थिएन । उहाँ विना यो योजना अधुरै रह्यो ।

पेशागत जीवनसँग उहाँ पारिवारिक जीवनप्रति उत्तिकै जिम्मेवार हुनुहुन्थ्यो ।

कहिलकाहीँ कार्यालय अवेर आउनु पर्ने कारण जनाउँदै भन्नुहुन्थ्यो, 'आज गृहमन्त्री (श्रीमति)लाई कार्यालय छोड्नु पर्ने रुटिन छ। अरू सबै तालिका छोड्न मिल्छ। यो रुटिन कुनै पनि हालतमा छोड्न सकिँदैन। बरु यस्तै खालको सेवा दिनु छ भने तपाईं पनि सेवा सकेर आउनू।' हाम्रा भेटहरूमा घर गृहस्थी, जीवनजगत, नेपाली पत्रकारिता, कला र साहित्य क्षेत्र, राजनीति र दृष्टिकोण सहित विभिन्न विषयका कुरा हुन्थे।

रस र भावयुक्त उहाँको गहिरो लेखन महानगरपालिकामा दस्तावेज छन्। यँयाः जात्रा अवलोकनका लागि महानगरपालिकाका भगिनी सम्बन्ध भएका सहरका प्रमुखहरूलाई आमन्त्रण गर्दा, उहाँहरूलाई काठमाडौँका भित्री सहरको अवलोकन गराउँदा प्रदान गरिएका स्थान परिचय र विवरण महानगरपालिकामा छोड्नु भएका स्वर्णलिपि हुन्। महानगरपालिकाले यी सम्पत्तिको संरक्षण गर्नुपर्छ।
तापाकं मत च्याकाः गाडी वःगु खन। दक्वस्यां मन त्यात। स्वसं न्ह्यःने थ्यंबलय् व ला ट्रक खनिसा। व नं मेयू ल्ह्यइगु ट्रक। सुरेशं धाल न्ह्याग्गु यानाः जूसां भी हेटौंडाय् थ्यंकेगु खँ खः। ट्रक जुइमा कार। वं धायेवं मेपिं सुम्क। ट्रक ड्राइभर नाप खँ जुल। खँ नं सुरेशं ल्हात। जिपिं छसिकथं ट्रकया लिउने थहां वना अन छपु छपु खिपः नं दइगु जुयाच्वन। जिमिसं थुइका जिमित ज्वने अपुक च्वने अपुक तयातःगु धकाः वहे खिपः ज्वनाः जिपिं नारायणघाटं हेटौंडा थ्यंका। कुहां वयाबलय् चान्हेसिया गुबलय जुल मसिउ। अले सुरेशं धाल व खिपः ला मेयूयात चिनाः तयेत तःगु खः। भी मेयू थेंजुयाः हेटौंडाय् वया। आखिर ससलय् मेयू जुयाः ला दुहां वनेगु खनि मखुला धकाः न्हिल।

■



गल्लीहरूलाई लाग्नेछ अब सुरेश किरणको न्यास्रो

दीपक स्रापकोटा

सुरेश किरण नेपालभाषा आन्दोलनका अथक योद्धा, कवि, पत्रकार र संस्कृतिकर्मी थिए, जसको निधनले नेपाली साहित्य, पत्रकारिता र नेपालभाषा आन्दोलनमा गहिरो क्षति पुगेको छ।

काठमाडौंका गल्ली-गल्ली, संस्कृति, इतिहास र समाजका कथाहरूमा गहिरो दख्खल राख्ने सुरेशले कविता, व्यंग्य, निबन्ध र सम्पादनमार्फत नेपाली र नेपालभाषा साहित्यमा अमिट छाप छोडेका छन्।

उनको जीवन, सिर्जना र सांस्कृतिक योगदान सधैं नेपाली साहित्यमा जीवित रहनेछ भने, काठमाडौंका गल्लीहरूलाई अब सुरेशको न्यास्रो लागिरहनेछ।

काठमाडौं – विजेश्वरी उकालोमा अडिएको थियो, एउटा गाडी। जो थियो आफैंमा शोकमग्न। सयपत्री फूलका मालाले सिँगारिँदै गरेको त्यो सवारी एक जना कवि, भाषा आन्दोलनका अनवरत योद्धा र पत्रकारको अन्तिम यात्रामा सरिक हुँदै थियो। त्यसमा आँखा पर्नासाथ कवि विनोदविक्रम केसीले उदास स्वरमा भने, 'अब घण्टाघरले कोसँग समय सोध्दो हो ?' उनलाई उछिन्दै युवा मानवशास्त्री विष्णु अधिकारीले उच्छवास छोडे, 'घण्टाघरको के कुरा, नेपाल भाषा आन्दोलनले कोसँग समय सोध्दो हो ?'

मंकाखलको प्राङ्गणमा चीरनिद्रालीन थिए- सुरेश किरण (५९)। आँखाहरू छताछुल्ल थिए। लेखक राजेन्द्र महर्जन, कार्टुनिस्ट रविन सायमिलगायत थुप्रैथुप्रैका आँखाहरू..। असाध्यै धेरै कविता लेखे सुरेश किरणले, तर नेपालभाषामा उनको एक मात्रै कवितासंग्रह प्रकाशित छ, 'थौं घण्टाघरं जिके ई न्यानाच्वन' (आज घण्टाघरले मसँग समय सोधिरहेछ)। यो असरदार शीर्षकले आज ब्रह्मलीन कविलाई सधैं सम्झाउनेछ– अब घण्टाघरले कोसँग समय सोध्छ होला ?

असलमा सुरेश किरण थिए- एक शालिन संस्कृतिकर्मी, नेपाल भाषा आन्दोलनका



अथक योद्धा। उनी जीवित थिए, अनेकन व्यक्तित्वमा- नेपाल भाषाको दैनिक पत्रिका 'सन्ध्या टाइम्स' का सम्पादक, 'नेपाल भाषा टाइम्स' का संस्थापक सम्पादक, व्यंग्यकार, कवि, भाषा आयोगका माननीय सदस्य, नेपालभाषा एकेडेमीका प्राज्ञ परिषद् सदस्य, अनि दर्जनौं पुस्तकका सम्पादक।

सोमबार (२५ फागुन) हृदयघातले उनको महाप्रस्थान भएको छ! उनको पार्थिव शरीरलाई काठमाडौंको विजेश्वरी, ढल्को, क्षेत्रपाटी, ट्यग, बांगेमुढा, जनवाह, नरदेवी हुँदै इन्द्रायणीस्थित घाट पुऱ्याएर अन्तिम संस्कार गरिएको थियो। र, अब सम्पूर्ण नेपाली साहित्य, पत्रकारिता अनि नेपालभाषा आन्दोलनलाई गहिरो क्षति पुगेको छ। तर, सुरेश किरणको कविताको उचाइ, व्यंग्यको तीक्ष्णता, नेपालमण्डल सभ्यताप्रतिको गहिरो लगाव र बहुभाषिक लेखनको सिद्धहस्तता नेपाली साहित्यमा सदा जीवन्त रहनेछ।

उनी नेपालभाषामा मात्रै सीमित एक प्रतिभासम्पन्न कवि होइनन्, नेपाली भाषामा पनि उत्तिकै भव्यतम् व्यंग्य र समसामयिक विषयमा निबन्ध लेखिबस्थे। जस्तो कान्तिपुर दैनिकको 'कोसेली' मा छापिएका संस्कृति, इतिहास अनि काठमाडौं सभ्यतामाथिका उनका दर्जनौं शानदार निबन्ध अर्काइभमा सुरक्षित छँदै छन्। ती निबन्धहरू हुन्।- नेपाली समाज चियाउने एक कलात्मक समाजशास्त्रीय आँखिभ्याल। नेपालमण्डल, इतिहास र वर्तमानमा त्यहाँ बाँचेका मान्छेहरू अनि तिनको सांस्कृतिक पहिचानमाथि विशिष्ट अर्थमा विशिष्ट विमर्श गर्न सधैं तल्लीन रहन्थे सुरेश।

नेपाल भाषाको साप्ताहिक पत्रिका 'इनाप' बाट पत्रकारिता सुरू गरेका सुरेश किरण (मानन्धर) नेपालभाषाको 'सन्ध्या टाइम्स' दैनिक र 'नेपालभाषा टाइम्स' को सम्पादक छँदा त्यो थियो- भाषा आन्दोलनमाथि उनले गुजारेको असाध्यै अर्थपूर्ण समय। 'विश्वभूमि' दैनिक, 'जनआस्था' साप्ताहिक मा पनि पत्रकारिता गरेका सुरेश 'अप्सरा' फिल्म म्यागजिन, 'कोशल्वहं चिनाखँ स्वलापौ', नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने 'थाय्भू' अखबारको सम्पादन मण्डलमा पनि सक्रिय थिए।

नेपालभाषा वाङ्मय उन्नयनमा साह्रै ठूलो नाम छ- सुरेश किरणको। आफ्ना प्रिय मानव अधिकारवादी नेता पद्मरत्न तुलाधरमाथि सुरेशको जीवनी पुस्तक प्रकाशित छ– 'पद्मरत्न तुलाधर'। नेपालमण्डलको संस्कृतिमाथि सुरेशको अर्को प्रकाशित पुस्तक हो– डा. अजयक्रान्ति शाक्य र सन्ध्या वज्राचार्यसँगको सहकार्यमा 'इन्द्रजात्रा/यँयाः'।

०००



एक बेला कस्तो थियो भने सुरेश किरण भेषै बदलेर पनि पत्रकारिताको धर्म-कर्म निभाउँथे। जस्तो २०४६ सालका उथलपुथलमय दिनहरू उनको पत्रकारिताको उर्वर समय थियो। ती जनआन्दोलनका दिनमा उनले प्रहरीको कडा घेराहरूबीच अन्तर्वार्ता गरेका थिए- कमान्डर, 'लौहपुरुष' गणेशमान सिंहसँग, जो वीर अस्पतालमा उपचाररत भर्ना भएका थिए। त्यो अन्तर्वार्ता गर्न सुरेश चिकित्सकीय भेषमा अस्पतालको बेडसम्म पुगेको संस्मरण उनी मलाई सुनाउँथे। ती दिनहरूको सम्झनामा मग्न सुरेश आफू हिँडिआएका पुराना समय सम्झेर स्मृतिदंशित हुन्थे बेलाबेला।

काठमाडौं सहरका एक-एक गल्लीको नालीबेली थाहा थियो, सुरेश किरणलाई। म चमत्कृत हुन्थें, उनको गल्ली-ज्ञान देखेर। उनले मलाई एक दिन सकाव्यिकता र सहाँसो भनेका थिए, 'भन्न मिल्छ भने मलाई गल्लीविद् भने हुन्छ। काठमाडौंका एक-एक गल्लीलाई म चिन्छु। तिनले पनि मलाई चिन्छन्। म गल्लीहरूसँग बात मारिरहेको हुन्छु।' हो, गल्लीहरूलाई एक जुगसम्म सुरेशको न्यास्रो लाग्नेछ।

सुरेश किरण हिँडेको जीवनको बाटो खोजिपस्दा हामी झोर्छैं पुग्छौं। त्यो गल्लीले सुरेशको रोमाञ्चक र रंगीन संसारदेखि अश्रुमय दुःखको बयान गर्छ। उनी मसँग त्यो गल्लीको बखान गरिबस्थे। मेरो लामो समयदेखिको अनुनय-विनयपछि जंकी र हिप्पीहरूले आवाद गरेको त्यस गल्लीमाथि लामो संस्मरण-निबन्ध लेखेका थिए सुरेशले– 'फ्रिक स्ट्रिट नोस्टाल्जिया,' जुन उनको विस्मरणबाट बौरिएर ब्युँझिएको थियो।

त्यो त्यही गल्ली थियो, जहाँ सुरेशका जिन्दगीका बाल्यकालीन र किशोरकालीन स्वर्णिम समय व्यथित भएका थिए। र, त्यो त्यही गल्ली थियो, जसले उनको कलिलो दाजुको इहलीला समाप्त पारिदिएको थियो। एक्कैछिन त्यो अँध्यारो गल्लीतिर विचरण गरिहेरौं, जहाँ किशोरकालका सुरेश हाँसिरहेका, दौडिरहेका भेटिनेछन्।

असलमा फ्रिक स्ट्रिट थियो- एकाएक संसार-प्रसिद्ध भएको नेपालमण्डलको एक गुमनाम गल्ली, जहाँ सुरेश हुर्के-बढे। सन् १९६०-७० को दशकको हिप्पिजमको स्मृतिमा सुरेश बगिरहन्थे, 'भ्वःछैंको हाकुपटासी जबर्जस्ती उतारेर 'फ्रिक स्ट्रिट' को मिनिस्कर्ट लगाइदियो- हिप्पिजमले। सुरेश आफैंले हिप्पिजम भोगेका थिए।

उनको कुलघर थियो- पाको न्युरोड। उनका बुबाले न्युरोडको घर बेचेर धेरै ठाउँ चहारेपछि सन् १९७० को सुरुतिर ओमबहाल टोलमा एक सानो होटल चलाएका



थिए। सुरेश पर्यटक ओहोरदोहोर गरिरहने वसन्तपुर क्षेत्रमा पसिरहेको आधुनिकता देखेर जवान भए। मल्लकालीन दरबार, मठमन्दिर र जीवित देवी कुमारीका कथा-मिथकले उनी अर्कै लोकको कल्पनामा मग्न-मग्न रहन्थे। थँबहिल (ठमेल) तिर हिँडिरहँदा उनी अचानकै भन्थे, 'दीपकजी, यो गुल्जार ठमेलमा उबेलासम्म मैले थाहा पाउँदा पनि स्याल कराउँथ्यो।'

अनि उनी हिप्पिजम अर्थात् गाँजाको धुवाँले कुइरीमण्डल हुने भ्वःछेँको श्यामस्वेत कथा हाल्थे। उनको कथाको मजबुन हुन्थ्यो– त्यति बेला भ्वःछेँमा प्रचलित नशालु पदार्थहरूमध्ये गाँजाभन्दा ह्यासिस प्रमुख थियो। 'त्यो कस्तो हुन्थ्यो भने कालो अलकत्राजस्तो, गाँजाको बोटको टुप्पोलाई दुई हत्केलाले रगडेपछि बस्ने कालो मयल। त्यस्तो ह्यासिस भ्वःछेँभरि फालाफाल किन्न पाइन्थ्यो। भ्वःछेँ र वसन्तपुरबीचको त्यो फराकिलो गल्ली पूरै ह्यासिसमय बजार थियो। धेरैजसो स्थानमा 'चिया पाइन्छ' लेखिएजसरी 'यहाँ ह्यासिस पाइन्छ' लेखिएको साइनबोर्ड टाँगिएको हुन्थ्यो। 'होटल इडन' ह्यासिसको विशाल अखडा थियो। त्यो रेस्टुरेन्टमा ह्यासिसका चिया, कफी लगायत विभिन्न परिकार पाइन्थ्यो,' उनले भनेका थिए।

तर, हिप्पीहरूको त्यो प्रिय झ्याँछे गल्लीले दिएको एउटा घाउले सुरेश जीवनैभर रन्थनिए। समयक्रममा गाँजापछि झोछेँमा 'स्म्याक', ह्वाइट सुगरदेखि ब्राउन सुगरसम्मले प्रवेश पायो। सुरेशको सम्झनामा तैरिरहेको हुन्थ्यो- होटल इडन, जसले ह्यासिसको लत लागिसकेका केही टोले युवालाई निःशुल्क ह्वाइट सुगर उपलब्ध गराउँथ्यो। जब युवाहरू गहिरो इनारभैँ कुलतमा फस्थे, त्यसपछि स्म्याक बेच्न तिनैलाई प्रयोग गरिन्थ्यो। केटाहरूको त्यो हुलमा एक थिए- सुरेशका माल्दाजु सुरेन्द्र मानन्धर, जो भ्वःछेँमा योजनासहित बिछ्याइएको लागूपदार्थको जञ्जालमा उम्किनै नसक्नेगरि फसेका थिए। ती विस्तारै ह्यासिस-मिश्रित चुरोट पिउँदापिउँदै खतरनाक दुर्व्यसन स्म्याकसम्म पुगे।

'फ्रिक स्ट्रिट नोस्टाल्जिया' मा सुरेश लेख्छन्, 'दाइ दुर्व्यसनमा लागेपछि घरबाट सामान गायब हुन थाले– आमाको पूजाका सामान, कांसको थाल, सुकुन्दा, साडीहरू। र, घर नर्कमा बदलिएको थियो।...दाइ पैसाका लागि झगडा गर्थे, मेरो पढाइका लागि चाहिने अंग्रेजी डिक्सनरीसमेत बेचेर लत मेटाए।' अब सुरेशका माल्दाजु इन्जेक्सनबिना बाँच्नै नसक्ने अवस्थामा पुगे, उनको नाडीमा प्वालैप्वाल थियो।...र, एक दिन उनी आफ्नै कोठामा घोप्टो परिरहेको दृश्यसहित मृत भेटिए।



यो थियो सुरेशको झोंछे ट्याजेडी। धेरैले असाध्यै गुलाबी तबरले 'ग्ल्यामराइज' गरेको त्यो हिप्पी युगमाथि 'फ्रिक स्ट्रिट नोस्टाल्जिया' मा सुरेशको विप्लवी निष्कर्ष थियो, 'हामीले भोगेको हिप्पिजम किताबमा बयान गरिने स्वतन्त्रताको उन्माद मात्रै थिएन। त्यहाँ गिन्सबर्गको कविता मात्रै थिएन, भियतनाम युद्धविरुद्धको आक्रोश मात्रै थिएन, परिवार र समाज विघटनको चिसो स्याँठ पनि थियो, मृत्युको अँध्यारो बाटो थियो।'

स्निग्ध र तेजिलो सुरेश किरणको मुहार पछाडि सायद एक लम्बेतान निराशा थियो। र, त्यो निराशाको स्मृतिमा उनका दाजु थिए, जो सपना सकिनुको तनाव र हतासाबाट लामो यात्रा तय गरि नेपाल पसेका हिप्पीहरूको तथाकथित 'फ्रिडम' बाट पिल्सएका थिए।

निकै वर्षहरू अघि गीतकार भूपेन्द्र खड्का र म झोंछेतिर यात्रारत रहँदा सुरेश किरण झोंछे नोस्टाल्जियातिर पसिरहेका थिए। भनेका थिए, 'मलाई त्यो पुरानो घाउ चहऱ्याइरहन्छ।'

झोंछे गल्लीको त्यो अँध्यारो कथामाथि सुरेश किताब लेखिरहेका थिए- भूपेन्द्र र मेरो लगातारको करकापमा। केही साताअघि मात्रै उनले भनेका थिए, '६० प्रतिशत लेखें, अब छिट्टै सकिनेछ।' तर अफसोस, त्यो किताबी योजना सदाका लागि अधुरै रहनेछ।

०००

सिमसिमे बर्सातका दिन वा चिसो स्याँठ चलेका दिन वा चर्को घाम लागेका दिन, काठमाडौंको मल्लकालीन दरबार वसन्तपुर-डबलीमा उभिएर सुरेश किरणसँग मैले जीवित देवी कुमारी बस्ने घरतिर हेरेको छु। प्रत्येक भेटमा उनी एक असल कथावाचकझैं सहरका किंवदन्ती र कथाहरू सुनाइबस्थे। लाग्थ्यो, ती कथा उनको आत्मामा हरदम गुन्जिन्छ। हाकुपटासीमा सजिएकी, सिउँदोमा लामो धर्को सिन्दुर हालेकी, पातला ओठमा लाली पोतेकी, कपालको गुजुल्टोमा गुनकेशरी फूल सिउरिएकी इतुम्बहालकी गीतकी नेवाः युवती 'राजमती' को कथा उनले इतुम्बहालमै सुनाएका थिए- त्यहींको पुरानो इँटाको आँगनमा बसेर। उनको कथावाचन पछि अनुभव भएको थियो, राजमती गीतमा झैं जीवितै छिन्- 'राजमती कुमति/मसँग आए पिरति/हाय बाबा राजमतीचा/राजमती नदिए म त काशी जान लागेँ बुबा/ल्याइदेऊ न राजमतीचा'।

सुरेश भन्थे, 'राजमती एक जीवित पात्र थिइन्। इतुम्बहालको ताःननी भन्ने ठाउँमा राजमती बस्थिन्। गीतमै राजमतिको कथा लेख्ने कविले प्रेम दर्शाउँदै उनीसँग



विवाह गर्ने र विवाह गर्न नपाए काशी जाने 'घुर्की' लगाएका छन् ।'

राजमतिमाथि सुरेशको एक शानदार निबन्ध छ- हाय राजमती ! उनी लेख्छन्, 'गीतिकथामा राजमति अत्यन्तै सुन्दर एवं रूपवान छिन् । उनको आँखा बाला-बाला परेको छ, कपाल घुम्रिएको छ, मुहारमा दुईवटा कोठी पनि छन् । उनको सुन्दरता हेर्दा उनी सक्वमि (साँखुले) की छोरी हुन् कि जस्तो लाग्छ । उनी बिजकली नामक गहना लगाउने गर्छिन् । तर, दुर्भाग्य ! एक चण्डाल लमीका कारण जबर्जस्ती उनको बिहे गराइयो । बिहे पनि यस्तो घरमा भयो, जहाँ एउटा सँभ्यालसम्म छैन । बिहे भए पनि आफ्नो बैंस छँदै लोग्नेको मृत्यु भयो । राजमतीको जन्म धिक्कार भएछ !'

सुरेशले भनेका थिए, 'यो गीतमा तत्कालीन काठमाडौंली समाजमा प्रचलित सामाजिक, सांस्कृतिक रूपरेखाको चित्रण पाइन्छ । गीतहरूले कथा मात्रै होइन, इतिहास पनि सुनाउँछन् ।'

यसरी नेवाः मिथ र किंवदन्तीमा आउने/जाने मान्छे-ख्याकहरूका आख्यान-लोकमा पनि बेहिसाब डुबिरहन्थे सुरेश- तिनलाई जीवन्त बनाउँदै, तिनको रहस्य खोल्दै । असनको साँढेदेखि हाँडीगाउँका जात्रासम्मका कहानी उनी सुनाउँथे । 'नुनदेखि सुन' पाइने असनको दुई शताब्दी पुरानो पसलका साहुजीदेखि तिनका बाजे-बराजुका व्यापारका ग्राफ उनलाई थाहा थियो । र, थाहा थियो– इन्द्रजात्रापछि हुने असनको घुइँचो अनि असनमा तेल, घ्यू, जिरा, मरीच, नुन, सख्खर खरिद गर्न आइपुग्ने टोखा, साँखु, थिमि, भक्तपुर, कीर्तिपुर, ललितपुरदेखिका मानिसको ब्ल्याक एण्ड ह्वाइट समय-चक्र ।

संस्कृतिविद् मल्ल के.सुन्दर, कवि दुर्गालाल श्रेष्ठ, पद्मरत्न तुलाधर लगायतसँग सुरेश किरण

न्युरोड, पाको, काष्ठमण्डप, राजा गुणकामदेवदेखि इन्द्रचोकको आकाश भैरव (आजुद्यः) सम्मका किंवदन्ती सुनाउँथे सुरेश, 'इन्द्रचोकमा कुनै बेला एउटा पोखरी थियो- कालमोचन पोखरी । जसले गुँला पर्वमा पोखरीमा स्नान गरी सँगैको जनबहाःद्यः (सेतो मच्छिन्द्रनाथ) को दर्शन गर्छ, उसले मृत्युपछि यमलोक जानुपर्दैन, सीधै सुखावती भुवनमा बास पाउँछ भने विश्वास गरिन्थ्यो । एक दिन कालमोचन पोखरीमा स्वयम् देवराज इन्द्र आई स्नान गरे र यस स्थानको नामै 'इन्द्रचोक' राखियो...।' कथा सुनाएपछि उनी किंवदन्तीमाथि संयश पनि गर्थे । र, इन्द्रजात्राका बेला काठमाडौंका टोलहरूका डबलीमा रातैभर मञ्चन गरिने पूर्णांकी नाटक 'दबू प्याख' जस्ता हराएका संस्कृतिमाथि



उनी विमर्शरत रहन्थे। उनले लेखेका छन्, 'दबू प्याखं हराउनु काठमाडौंको एक ठूलो सांस्कृतिक उद्योग बन्द हुनु जत्तिकै दुःखदायी विषय हो।'

पिचमा घोडा कुदाए चिप्लिएर लड्छ भन्ने सन्देहपछि राणाहरूले न्यूरोडको सडक ग्राभेल बनाएकोदेखि न्युरोड पीपलबोटछेउ मोटरसाइकल भाडामा दिने वा भोटाहिटीको एउटै पाउदानीवाला साइकल भाडामा दिने पसलसम्मका कथा सुरेश मुखाग्र सुनाउँथे।

इन्द्रचोकबाट हनुमानढोकातिर पस्ने लामो मखनटोल गल्लीमा ३० को दशकमा देखाइने भिडियो-फिल्मको साक्षी थिए- सुरेश। उबेला ३६ इन्चीवाला एक टेलिभिजनको मूल्य १ लाख ३० हजार पर्थ्यो, डेकको ३७ हजार। काठमाडौंको भित्री सहरमै जग्गा आनाको १ लाख पनि पर्दैनथ्यो। काठमाडौंको ताहाचलमा एकजनाले ३६ इन्चको टेलिभिजनसँग तीन आना जग्गा साटेको कथा सुनाउँदा सुरेश किरण मस्त हाँसेका थिए। मेरै करकापमा उनले मखनटोलको त्यो भिडियो-फिल्मको कहानी लेखेका छन्।

'मखनटोलकी मैयाँ' शीर्षकमा सुरेश लेख्छन्, 'हामी मखनको कुनै कोठे टाकिजमा फिल्म हेर्थ्यौं। फिल्म प्रदर्शन गरिने सानो कोठा गजबको हुन्थ्यो- भुइँमा खुइलिएको, छेउ-कुना फाटेको, मैलो, पुरानो सुकुल ओछ्याइएको। कोठैभरि पसिनाको अमिलो र मोजाको नमीठो गन्ध फैलिएको हुन्थ्यो। गन्हाउने अँध्यारो कोठा! त्यसमाथि दर्शकको मुखबाट बुइ्बुडती उडिरहेको चुरोटको धूवाँ! अनि कहिलेकाहीं पेट खलास नभएका कुनै दर्शकले आनन्दले फुस्स छाडेको मन्द पादको गन्ध! फिल्म हेर्नैका लागि सारा दर्शक साढे दुई घण्टासम्म शान्त भएर यी सबै सहन्थे।'

इतिहासकार कमलप्रकाश मल्लले भनेझैं सुरेशका लागि काठमाडौं 'एक विसंगत सहर' थियो– महामञ्जुश्रीको खड्गको डोब देखाएर बाँचिरहेको 'चिसो एष्ट्रे' 'काष्ठमण्डप' विशिष्ट र रहस्यले भरिएकै अनि 'भौतिक-पराभौतिक' थियो। नेपालमण्डलका पुराना गल्ली र मन्दिरहरूमा बजिरहेका घन्टको कथा, मन्दिरहरूछेउ साँझदेखि गुन्जिने तबला-हार्मोनियम र भजनका स्वरले उनी मग्न रहन्थे– ती धुनलाई कवितामा उतार्थे। तिनै कथा उनी लेखिरहन्थे– इतिहास र मिथ नेपालभाषाको लयमा सजाएर। वसन्तपुरको कुमारी, इतुम्बहालको राजमतीको मुस्कान उनका निबन्धका कच्चापदार्थ थिए।

सुरेश किरण मेरा लागि थिए, नेवाः संस्कृति, काठमाडौं र यहाँका गल्ली-गल्लीसँग जोडिएका विषयहरूको आधिकारिक व्याख्याता।

काठमाडौंका 'कोर एरिया'माथि ससन्दर्भ व्याख्यान दिन सक्थे उनी। जस्तो,



सहरका एक-एक गल्लीको नालीबेली थाहा थियो, सुरेशलाई। म चमत्कृत हुन्थें, उनको गल्ली-ज्ञान देखेर। उनले मलाई एक दिन सकाव्यिकता र सहाँसो भनेका थिए, 'दीपकजी, भन्न मिल्छ भने मलाई गल्लीविद् भने हुन्छ। काठमाडौंका एक-एक गल्लीलाई म चिन्छु। तिनले पनि मलाई चिन्छन्। म गल्लीहरूसँग बात मारिरहेको हुन्छु।'

हो, गल्लीहरूलाई एक जुगसम्म सुरेशको न्याम्रो लाग्ने छ।

०००

नेपालभाषाको एक शब्द छ- 'थःछें'। यसको अर्थ रोचक मात्रै होइन, व्यापक र गहिरो पनि छ। यसको ठ्याक्कै नेपाली अनुवाद हुन्छ- 'आफ्नो घर'! खासमा यो शब्दलाई 'माइती' को अर्थमा प्रयोग गरिन्छ, तर 'माइती' ले त्यो पूर्ण अर्थ, बिम्ब र भाव बोक्न सक्दैन, जुन 'थःछें' ले बोक्छ। बिहेपछि श्रीमान्को घर पुगेकी छोरीको माइती नेवार परिवारमा 'थःछें' नै हुन्छ– अर्थात् 'आफ्नो घर' नै हुन्छ।

यो शब्दले केवल ठाउँलाई होइन- पहिचान, सम्बन्ध र आत्मीयताको गहिरो तह समेट्छ, जसरी छोरीले जन्मघरलाई सधैं 'आफ्नो' नै ठानिरहन्छिन्, चाहे उनी जति नै दुर पुगेकी होउन्। नेपालभाषाका तपस्वी कवि सुरेश किरण 'थःछें' शीर्षकको उनको कवितामाथि कसैले विमर्श गर्दा अत्यन्तै खुसी हुन्थे। उनको अनुहार उज्यालोले चम्किन्थ्यो। भन्थे, 'आफूले जाने-बुझेको शब्दलाई ठ्याक्कै खास अर्थमा लेख्न पाउनु नै मातृभाषामा लेख्नुको सुखानुभूति हो।' र, उनको कविता 'थःछें' ले नेवार समाजमा महिलाको भूमिका, अधिकार र तिनलाई गरिने व्यवहारको सुदूर अतीतको कथा मात्रै होइन, आजको पनि प्रतिबिम्ब बोक्छ। त्यो कविता हो- एक मौन विद्रोह र आत्मसम्मानको स्वर। त्यो लामो कविताको एक अंश नेपाली अनुवाद यस्तो छ-

आमा! मलाई अन्माएर पठाउँदा/तिमीले दिएको गाग्री लिएर गएँ/
आफन्त र धेरै सामग्री लिएर गएँ/लिएर नगएको केही थियो भने/
बस्, मैले 'आफू' लिएर गइनँ/घरमै छुटेछ, मेरो त्यो 'आफू'/
थाहा छैन मेरा सबै 'आफू' बाँकी रहेकाले पो/त्यो घर मेरो 'आफ्नो घर (थःछें)' भएको हो कि!

कवि अभय श्रेष्ठको कविता-किताब 'लहना र तीर' को विमोचनमा वक्ता रहेका सुरेशले भनेका थिए, 'नेपालभाषा साहित्यको कुनै एक विधाले नेपाली भाषाको 'मूलधार' लाई सिधै टक्कर दिन सक्छ भने त्यो कविता नै हो।' तर, नेपालभाषामै कवितामा मग्न



सुरेशको अनुहारमा केही चिन्ताका रेखा पनि पोतिएका थिए। भेटमा वा सार्वजनिक विमर्शमा उनी चिन्तित सुनिन्थे, 'नेपालभाषाको कविता नेपाली साहित्यमा कहाँनेर छ ? सिद्धिचरण श्रेष्ठ र दुर्गालाल श्रेष्ठजस्ता कविले उचाइमा पुऱ्याएको नेपालभाषाको काव्य नवपुस्ताले कहाँ पुऱ्यायो ?'

०००

सुरेश थिए- एक आलोचनात्मक विवेकले सिर्जना गर्ने असाध्यै गम्भीर कवि। सुरेशका कविता र व्यंग्यको प्रशंसक हुन्-- लेखक-सम्पादक राजेन्द्र महर्जन। सुरेश उनका असल साथी पनि थिए- 'आँखामा राख्दा पनि नबिझाउने' भलाद्मी मानिस अनि न्यायप्रति प्रतिबद्धता भएका साहित्यकार। राजेन्द्रको आँखामा सुरेश अत्यन्तै मार्मिक हास्यव्यंग्य रचना गर्ने व्यंग्यकार र प्रहसन लेखक 'सुकि' हुन् र नेपालभाषाका प्रतिबद्ध सम्पादक पनि।

'इनाप साप्ताहिकका कम्पोजिटर र पत्रकारदेखि 'विश्वभूमि' र 'सन्ध्या टाइम्स' दैनिकका सम्पादकसँगै भाषा आयोगका सदस्यसम्मको उनको यात्रा बिर्सन सकिँदैन। नाम, दाम, पद, प्रतिष्ठा र प्रचारको वास्ता नगरीकन भाषिक समानताको अधिकार र सामाजिक न्यायप्रतिको प्रतिबद्धताका साथ लेखन-सम्पादन कर्ममा डुबेर लाग्नु नै उनको मूल चरित्र हो, जुन बिर्सनै मिल्दैन', राजेन्द्र भन्छन्, 'सास रोकिए पनि उनको हँसिलो अनुहार, मित्रतापूर्ण व्यवहार, कोमल व्यक्तित्व सबै न्यायप्रेमीको मनमस्तिष्कमा बास बसेको छ। देह अन्त भए पनि उनका अनेक साहित्यिक सिर्जना तथा भाषा समानता र सामाजिक न्यायप्रतिको जुनून नष्ट हुँदैनन्।'

संस्कृतिविद् मल्ल के. सुन्दरका आँखामा ती दिन ओहोरदोहोर गरिरहन्छन्, जतिबेला उनी 'इनाप' का सम्पादक थिए। त्यो ०४० सालतिरको कुरा हो, उनको सम्पादनमा निस्किने नेपालभाषा साप्ताहिक 'इनाप' का लागि उनले आफ्नै घरमा एउटा छापाखाना राखेका थिए। त्यसका लागि दक्ष कम्पोजिटरको खोजीमा उनका मित्रहरूले ल्याइदिएका थिए- दीपक शाक्यलाई, जो कम्पोजमा अत्यन्तै दक्ष थिए। उनका सहयोगी थिए, बालापनका मित्र पूर्ण, जो प्रेसका लागि आवश्यक अन्य काम गर्थे। तीन/चार महिनापछि उही दीपकले एकजना मानिस ल्याए 'इनाप' कार्यालयमा- दुब्लो, पातलो, कलिलो र हेर्दैमा अवोध। दीपकले धेरै अनुनयविनय गरे, मल्ल के. सुन्दरलाई फकाए- त्यस केटोलाई पनि प्रेसको कुनै काममा अल्झाइदिन। तर, त्यतिखेर प्रेसका लागि कुनै नयाँ मान्छे आवश्यकै थिएन, फेरि आर्थिक बोझ बढ्ने कुराले पनि त्यो सम्भव थिएन।



त्यही लजालु केटा कम्पोजको खुइ कलो पार गर्दै इनापको सह-प्रकाशन दैनिक पत्रिकाका लागि कालान्तरमा प्रमुख सम्पादकको जिम्मा लिर्ने व्यक्ति भइदिए ।

दीपकले नै उनलाई सुझाए- पारिश्रमिक दिनुपर्दैन, केवल प्रेसमा आएर कम्पोजको काम सिक्नेछ ।

तर ती सोझा, लजालु केटा दिनहुँ 'इनाप' आउन थाले, जो चुपचाप आउँथे, एक कुनामा बसेर केही सिक्थे र साँझ चुपचाप घर फिर्थे । एक महिना पनि नबित्दै त्यो केटोले कम्पोजिङमा क्रान्ति नै गरे, शुद्धाशुद्धि पनि त्यतिकै राम्रो ।

त्यसपछि उनलाई पनि पारिश्रमिक पाउने गरी प्रेसको काममा भर्ती गरियो । लगनशीलता र मेहनतबाट उनी एक निपुण र सिद्धहस्त कम्पोजिटर बने । उनी पढ्दै पनि थिए, प्रवेशिका पछि क्याम्पस कक्षामा भर्ना भए । एक दिन उनले आफूले लेखेको सानो लेख लिएर मल्ल के. सुन्दरलाई देखाए, यद्यपि केही बोलेनन् । मल्ल के. सुन्दरले त्यो रचना पढे, लगत्तै 'इनाप' पत्रिकामा प्रकाशन गरे । पत्रिकामा एउटा स्तम्भ थियो- ससाना नानीहरूका लागि 'हे जक मस्त दँदँ' (हेर नानीहरू जाग जाग) । त्यो नै उनले लेखेको पहिलो प्रकाशित रचना थियो । त्यसपछि मल्लले हौस्याए, उनले लेखिरहे । अब उनी एक कम्पोजिटर मात्रै रहेनन्, लेख लेख्ने नवोदित सर्जक पनि बने ।

फत्तेबहादुर सिंहको सम्पादनमा प्रकाशन हुने 'नेपालभाषा पत्रिका' दैनिक उनको देहावसानपछि पद्मरत्न तुलाधरले जिम्मा लिएका थिए । तर, त्यो पनि बन्द भयो । 'इनाप' साप्ताहिकका सम्पादन सहयोगीमध्ये एक अशोक श्रेष्ठको सक्रियतामा 'विश्वभूमि' दैनिक 'इनाप' कै सह-प्रकाशनमा छाप्न थालियो । त्यसैक्रममा ती कलिला, लजालु कम्पोजिटरलाई न्युज रिपोर्टिङ जिम्मा लगाइयो । ती नवोदित सर्जक र न्युज रिपोर्टर थिए- सुरेश मानन्धर, जो पछि कवि-अवतारमा उत्रेपछि 'किरण' उपनामले लेख्न थाले ।

'०४६ सालको जन-आन्दोलनको समाचार संकलनका क्रममा डाक्टरको सेतो अप्रोन लगाएर संकटकाल र कर्फ्युको त्यस अवस्थामा पनि साहसपूर्वक वीर



अस्तपाल छिरेर जननायक गणेशमान सिंहसँग अन्तर्वार्ता लिने उनको व्यवसायिक आँट स्मरणीय रह्यो। इनापकै पहलमा नियमित आयोजना हुने कवि सम्मेलन उनका लागि सिर्जना प्रस्तुत गर्ने सहज माध्यम बन्यो,' मल्ल के. सुन्दर भन्छन्, 'उनका काव्य रचना त्यहाँबाटै माझिन थाल्यो। त्यही लजालु केटा कम्पोजको खुड्किलो पार गर्दै इनापको सह-प्रकाशन दैनिक पत्रिकाका लागि कालान्तरमा प्रमुख सम्पादकको जिम्मा लिर्ने व्यक्ति भइदिए।'

नेपालभाषा वाङ्मयको उत्तरआधुनिक काव्यविधामा प्रतिनिधि कवि र भाषा अभियन्ता हुन्-- सुरेश किरण। 'भाषा आन्दोलनका एक अभियन्ता, आज भाषा आयोगका माननीय सदस्य जसका जीवनका चार दशकभन्दा बढी समय मेरै घरदैलोमा बिते। त्यहीं हुर्के, त्यहींकै हावापानीमा उनका जीवनका उकालो ओराली बिते। सुरेशलाई धेरैले धेरै कोणबाट सम्झना गर्लान्, तर मेरा लागि उनी एक प्रिय साख्खे परिवारजन,' मल्ल के. सुन्दर भन्छन्।

'यो सहरमा एकपटक छिरेपछि निस्कन गाह्रो हुन्छ,' सुरेशले लेखेका छन्, गोर्खाले काठमाडौं जितेको होइन, काठमाडौंले गोर्खा जितेको हो ।

ooo

सहर र संस्कृतिमाथि विमर्श गरिबस्ने सुरेश किरणका विचारमा उनी जन्मिएको यो काठमाडौं सहर एउटा मायावी नगर थियो। 'यो सहरमा एकपटक छिरेपछि निस्कन गाह्रो हुन्छ,' सुरेशले लेखेका छन्, 'सायद त्यही भएर हो- गोर्खाली राजा पृथ्वीनारायण शाहले काठमाडौं जितेर यसलाई गोर्खा राज्यमा विलय गर्नुको सट्टा आफैं गोर्खा छोडेर काठमाडौंमा राज गर्न आए। गोर्खाली राजाले जितेको कारणले राजधानी त गोर्खा हुनुपर्ने थियो, तर भइदियो काठमाडौं। गोर्खाले काठमाडौं जितेको होइन, काठमाडौंले गोर्खा जितेको हो। वास्तवमा पृथ्वीनारायण शाहले राजधानी बनाएको कारणले काठमाडौं विकसित भएको होइन। बरु काठमाडौं उतिखेरै विकसित भइसकेका कारण पृथ्वीनारायण



शाहले यसलाई राजधानी बनाएका हुन् ।'

देवीदेवतामाथि पनि सुरेश किरणको टिप्पणी हुन्थ्यो- काठमाडौंप्रति आकर्षित भएरै उनीहरू काठमाडौंमा बास बस्न लोभिन्छन्, त्यसैले त काठमाडौंमा मन्दिरै मन्दिर छ। काठमाडौंमा हिँड्दा यदि बाटोमा कहीं ठोक्किए याद गर्नुपर्छ- त्यो पक्कै कुनै देवताको मन्दिर हुन सक्छ।

सुरेश काठमाडौंका कुनै चर्चित चोक, टोल वा किंवदन्तीबारे मात्रै होइन, ससाना गल्लीमा बसोबास गर्ने 'देवीदेवता', मान्छे, नेवाः पर्व, चौरासी व्यञ्जन र संस्कृतिमाथि माथि पनि धाराप्रवाह कथा सुनाउन सक्थे । जस्तो चौरासी व्यञ्जनको चौरासी नेवाः मेनुको नाम, तिनका विशेषता र पाक-कलामाथि व्याख्या गर्दै उनले मसँग भनेका थिए, 'नेवाः भोजन र संस्कृतिमा चौरासी व्यञ्जनको थाली स्वादको शिखर हो, नेपाली भान्सामा विरलै झुल्किने, तर स्मृतिका पत्रहरूमा बास बसिरहने !'

सुरेश किरण मेरा लागि थिए, नेवाः संस्कृति, काठमाडौं र यहाँका गल्ली-गल्लीसँग जोडिएका विषयहरूको आधिकारिक व्याख्याता। उनीसँगको संगत मेरो सिकाइको पाठशाला थियो। त्यसमाथि, एक दाइबाट पाउने बेहिसाब प्रेम मैले उनीबाट पाएको थिएँ।

दुई महिनाअघि एक भेटमा मैले उनलाई भनेको थिएँ, 'दाइ, म तपाईंको लामो प्रोफाइल लेख्न चाहन्छु।' उनले त्यतिबेला भनेका शब्द अहिले मेरो मथिंगलमा ओहोरदोहोर गरिरहेका छन् ।

उनले भनेका थिए, 'पख्नुस् न, हतार के छ र ?'

अन्तिम बिदाइमा खादा अर्पण गर्दैगर्दा म मनमनै उनीसँग अन्तिम गुनासो गरिरहेको थिएँ, 'आफूले चाहिँ के साह्रो हतार गरेको नि... ?'

०००

सुरेश किरणको कविता : एक टुक्रा रात

सुत्न जोसँग ओछ्यान छैन
ऊ आफूलाई चाहिनेजति जमिन ओछ्याएर सुत्न सक्छ
सुत्न जोसँग सिरक छैन



ऊ आफ्नो नापअनुसारको आकाश ओढेर सुत्न सक्छ
तर, सुत्न जोसँग रात छैन
थाहा छैन, ऊ कसरी सुत्न सक्छ ?
सुत्न कसैलाई आफ्नै ओछ्यान चाहिन्छ
कसैलाई आफ्नै तकिया त कसैलाई आफ्नै कोठा
तर, म कसैको पनि ओछ्यानमा सुत्न सक्छु
कसैको पनि कोठामा सुत्न सक्छु
सुत्न मलाई आफ्नै ओछ्यान चाहिँदैन
आफ्नै कोठा पनि चाहिँदैन
चाहिन्छ त बस आफ्नै रात चाहिन्छ
सुत्न मिल्ने एक ढिक्को रात
म अरूको रातमा आफू सुत्न सक्दिनँ
अरूको रात खोसेर आफू निदाउन सक्दिनँ
हो, चोरहरू राति आउने गर्छन्
तर, उसले सम्पूर्ण घर चोरे पनि
हाम्रो सम्पूर्ण रात चोर्न सक्दैन
हो, मलाई थाहा छ
राति आउने चोरभन्दा
रात चोर्ने चोर खतरनाक हुन्छन्
म दिउँसै आएर तिम्रो तकियामुनि
जतन गरी राखिएको रात चोरेर लान सक्दिनँ
म चोरीको रातमा सुत्न सक्दिनँ
त्यसैले जहाँ गए पनि
म आफ्नो भागको एक टुक्रा रात
सधैं गोजीमै हालेर हिँडिरहेको हुन्छु ।

दीपक कला, साहित्य र सामाजिक विषयमा लेख्ने सापकोटा कान्तिपुर दैनिकको साप्ताहिक परिशिष्टाङ्क कोसेलीका संयोजक हुन् ।

■



जिगु अन्तरवार्ता कायेमलाकं सुरेश किरण हथासं वन

शशिकला मानन्धर

"थौं घण्टाघरं जिके ई न्यनाच्वन
थम्हं ज्वनावःगु छप्वः ई
लँय् वक्वसित इनाच्वंम्ह घन्टाघर
थौं दुवातय् भ्वाताहां दनाः
जिके ई न्यनाच्वन
टाङ्ग टाङ्ग जक थानाः
द्यनाच्वंपिं मनूतयूत थनाः थनाः
गुलि बजे जुल धकाः न्यनाच्वन!"

सुरेश किरणया च्वसां पिज्वःगु छपु कबिताया जितः यःगु ध्वःत खः थ्व।

वंगु फागुन २५ गते सोमबाः बहनी नेपालभाषा टाइम्सया पुलांम्ह सम्पादक सुरेश किरण मन्त। व खबर मंगलबाः सुथय् बाखं च्वमि भरत साःमि दाइ नं जितः फोनं बिल। न्यनेवं हे जि झसंग वन, पत्याः याये थाकुल, जि मर्माहत जुल, नुगः मछिन, मिखाय् ख्वबि जाल।

बुधबाः सुथय् मंकाः खलःया भवन न्ह्यःने सुरेश किरणयात श्रद्धाञ्जली बीत वना। द्यना जक च्वंम्ह थें च्वन व। वयागु म्हय् खादा छपु व स्वां निप्वः छाना, नमस्कार याना, ख्वाः स्वस्वं श्रद्धाञ्जली बिया।

सुरेश किरण मानन्धर! वयात जिं म्हसिउगु तःदँ दयेधुंकल। नेपालभाषाया इनाप, बिश्वभूमि पत्रिकाया लागी च्वसु बिउ वनेबलय्नसें खनाम्ह, म्हसिउम्ह खः। तुइसेच्वंम्ह, चसिचाम्ह, मचाम्ह, शान्तम्ह पत्रकार जिगु मिखाय् वयागु छबि उबलय्या आःतक नं झलझल लुमंनि। लिपा सन्ध्याटाइम्सया सम्पादक जुल व। उबलय् तक नं व छम्ह मचाम्ह सम्पादक खः जिगु मिखाय्।

छुं दँ लिपा, बुलुहुँ व कबिता च्वइम्ह कवि जुल, कवि जक मखुसे ख्यालःच्वमि,



नाटकच्वमि, स्तम्भकार व्यंगकार, संस्कृति व राजनीति विषयया च्वसु च्वइम्ह च्वमि तकं जुल । जितः अक्सर कबितां उलि साला कायेमफु तर सुरेश किरणया कवितां जितः साला काः । वयागु कविता रस दुगु कबिता थें ताइगु । वयागु तःपु कबिता इलयूव्यलयू जिं नेवाः एफ.एमया ज्याभ्वलयू बाचन यायेगु नं याना ।

२०५९ सालयू जितः उपन्यास बिधायू बीगु गंकी-बसुन्धरा सिरपा लात । सिरपा बीगु ज्याभ्वलयू जिगु म्हसीका बीत तयार यायेमाल धकाः जितः ग्वसाःखलःया दुजः वं फोन यात । जिं उबलयू वयात छेंयू च्या त्वनेत सःता । व वल । जिके न्यनेमाःगु दक्व न्यन । उबलयू जिं च्वयातयागु नुगः खँ ब्वनाः न्यंका । वं करेक्सन यानाबिल, जिं हानं सारे याना । व नुगः खँ ज्याभ्वलयू जिं सिरपाः कायेधुंकाः कना । सिरपा बिउम्ह धुस्वां सायूमिजुं ज्याभ्वः धुंकाः लयूतायाः धयादिल - आः तक गंकी-बसुन्धरा सिरपा काःपिंसं न्ववागुमध्ये दकलयू छं थौं न्ववाःगु बांलाः ताल । खँ न्यनाः जि लयूताया । लिपा जिं सुरेश किरणयात सुभायू बिया ।

इनाप व बिश्वभूमि पत्रिका दीधुंकाः न्हिपौ सन्ध्याटाइम्स पिदन, छुं दँ लिपा नां हिल, नेपालभाषा टाइम्स जुल । जिं बरोबर च्वसु वा बाखं थायूमदुइ दुगु ज्याकुथी वनाः हे बिउवनेगु । जिगु तःपु बाखं व च्वसु प्रकाशित जुइ तर आःतकं खुपु ति जक बाखं बांलाः धकाः वं प्रशंसा याःगु दु । मखुसा थ्व मजिल, व मजिल धकाः आलोचना हे अप्वः याःगु दु । हतपातिं वं बांलाः धाइमखु धकाः जिं वाःचाल । जिगु च्वसु वा बाखं वं बांलाः धाल कि जि फुरुङ्ग जुइगु । ए नकतिनि जिं बांलाक च्वयेफत खनी धकाः लयूतायेगु । वं आलोचना याइबलयू नं गन थायू द्वन धकाः जिं कुत्तुकुलाः न्यनेगु । वं थनथायू धाल कि व थासयू पर्केमाल कि मेकथं च्वयेमाल कि छुयाये माल धकाः बिचाः यानाः सुधार यायेगु ।

२०७४ सालपाखें नेपालभाषाया न्हापांगु चीहाः संकिपा धेधेंबल्लाकासा जुल । जि जजू जुयागु । ब्वति काःगु दक्व संकिपा स्वयाः नम्बर बी लन । व ज्याभ्वः धुंकाः छन्हु जजू जूपिं व ग्वाहालि याःपिं सकलसित ग्वसाः खलकं छगू होटेलयू लन्च, लन्च धुंकाः सुभायू पौ लःल्हात । जितः ग्वसाः खलःया दुजः सुरेश किरणं सुभायू पौ लःल्हात । उकीया फोटो जिं जतन यानाः तयातयागु दु ।

अनं लिपा २०७५ सालयू जूगु निक्वःगु चीहाः संकिपा धेधेंबल्लाकासायू जिं थःगु हे 'पसः' नांगु बाखनयू स्कृप्ट च्वया, निर्माता नं थःहे जुया, मू भूमिकायू नं जि थः हे म्हिता । व चीहाः संकिपा स्वयाः सुरेश किरणं बांलाः मधाः अले लिच्वः वःबलयू सिरपाः



> “
> जिगु छगू बांलाःगु बानि दु, थःत यःगु, बांलाः ताःगु च्वसु मुंकैगु । अथे मुंकैगु भ्वलय् जिं सुरेश किरणया च्वसुत नं छपाः तपाःगु खामय् मुंका तयागु दु । खाम पिने ‘सुरेश किरणया च्वसुत’ धकाः नां बियागु दु ।
> ”

नं मलाः । छुं खँ मदु । जिं व जिगु न्हापांगु कुतः खः धकाः मन तया । तर वहे कासाय् योवन शाक्यया निर्देशनय् जिं थःगु हे बाखनय् च्वयागु स्कृप्ट ‘ध्वः छध्वः रेखां किउगु’ न्हाप सिरपा कायेत ताःलात । व जिगु गर्वया खँ जुल । जिं स्कृप्त च्वयेगु तालिम कयाबलय् क्लासय् हे तयार यानागु स्कृप्ट खः धकाः सुरेश किरणयात कना, जिगु खँ न्यनाः व लयूताल, बांलाः धकाः तारिफ यात । ‘पसः’ बांमलात, सिरपाः मलात, अयूसां जिं च्वयागु ‘ध्व छध्वः रेखां किउगु’ न्हाप लात । गुकिं जितः हानं मेगु स्कृप्ट च्वयेत हःपाः दत ।

लिपा हानं २०७६ सालय् किपू नगरपालिकां चीहाः संकिपा धेधेंबल्लाकासा यात । संकिपाया विषय किपूया हे जुइमाःगु, मेगु बिषय मजिउ । तःदँ न्त्यः किपू महोत्सव जूबलय् छथाय् ‘लाखे पाः’ च्वंच्वंगु लु जितः लुमनावल । अले वहे विषयलय् जिं स्कृप्ट च्वया । निर्माता जुइम्ह सुं दइ ला धकाः माला, लुइकेमफु । अले थम्हं हे धेबा लायेतया, मू भूमिका इन्द्रायणी माताया भूमिका जि थम्हं हे म्हिता । आर्यम नकःमिया निर्देशनय् २०७६ साल माघं सुटिङ्ग यानागु । चैत्रंनिसें देसय् कोरोना वयाः २०७७ माघ ३ गते तिनि ब्वति काःगु दक्व संकिपात राष्ट्रिय सभागृहय् प्रदर्शन जुल । उबलय् जि फ्यतुनाच्वनाथाय् वयाः तःम्हसिनं ‘लाखेपाः बांलाः, भिंतुना’ धाः वल । अथे बांलाः धाःपिं मध्ये छम्ह सुरेश किरण नं खः । जि ख्वयागु ठीक जू ला धकाः न्यनाबलय् ‘ठीक जू, तता ख्वःबलय् जिगु नुगः खुल्ल मिन’ धकाः वं लिसः बिउबलय् जि फुरंग जुया । हतपातिं बांलाः धाइमखुम्ह सुरेश किरणं बांलाः धाल, आः जिगु ‘लाखेपाः’ हे न्हाप लाइ धइगु मत्ती वन, आश नं कायेलात । तर लिच्वः न्यंकूबलय् लियांलिउ लात । लिपा हलं पिने वनाबलय् तःम्ह किपूमिपिंसं नं ‘लाखेपाः’ बांलाः धकाः जितः भिन्तुना



बिल। इमिसं जक मखु सुरेश किरणं नं बांलाः धाःगुलिं 'लाखेपाः' लियांलिउ मखु न्हाप लाःगु हे तायेका, अभिनय ख्यलय् तयागु जिगु पलाः सुथां लाःगु हे तायेका। निर्माता जुयाः धेबा फुकेमाःसां नुगः मस्याका। अनं लिपा अफिसं रिटायर्ड जुइधुंकाः शुरु यानागु संकिपाय् अभिनय् यायेगु ज्या जिं निरन्तर न्ह्याका यंकेगु क्वःछिना।

२०७४ साल भाद्र महिनाय् 'मां' संकिपाय् 'मां' जुयाः म्हितागु मुहुरत शट् बियागु अले छन्हु न्हिच्छि शुटिङ्गय् जि तःकः ख्वयागु लु लुमना च्वं आःतकं। निर्माता पिनिगु दथुइ खँ मिलेमजुयाः हे स्वन्हु ति शुटिङ्ग जुइधुंकाः दित, 'मां' संकिपा पूमवन, जि 'मां' जुयागु संकिपा पूवनेमफुत। तर सुरेश किरणं नेपालभाषा टाइम्स् पत्रिकाया न्ह्यःनेया पेजय् 'साहित्यकार शशिकला संकिपाय् म्हितीगु' शिर्षकय् जिगु बारे न्यूज च्वयाः प्रकाशित यात, व न्यूज जिगु अभिनययया न्हापांगु गर्व यायेबहःगु न्यूज जुयाबिल। उकिं जितः तःधंगु हःपाः बिल। 'मां' संकिपा दिउसां चीहाः संकिपात च्वयेत, म्हितेत व निर्माण यायेत जितः हःपा दत। लिसे मेमेगु संकिपा व म्युजिक भिडियोलय् म्हितेत नं हःपाः दत।

जिगु छगू बांलाःगु बानि दु, थःत यःगु, बांलाः ताःगु च्वसु मुंकेगु। अथे मुंकेगु भ्वलय् जिं सुरेश किरणया च्वसुत नं छपाः तपाःगु खामय् मुंका तयागु दु। खाम पिने 'सुरेश किरणया च्वसुत' धकाः नां बियागु दु। व खाम छकः नेपाः बैंक्वटेय् छगू ज्याभ्वलय् ज्वना वना, सुरेश किरणयात क्यना। उबलय् व तसकं लयेताल। थ्व च्वसू च्वयाबलय् व खाम दुनेया कटिङ्गत टेबुलय् प्वंका स्वया। छसीकथं व च्वसूया शिर्षक छकः न्ह्यब्वयेगु मन जुल गथेकि कान्तिपुरय् पिदंगु नेपाली भाषं मनाङ्ग जाने पुरानो बाटो, मखनटोलकी मैंया, लाहोरमा लाहुरे खोज्दै, हाय् राजमती, नेवाः महाभोजको सुस्वाद अले नेपालभाषा टाइम्सय् पिदंगु बिश्व सम्पदाय् दुथ्याकेमाःगु यैंयाः, गुंला बाजनय् पुलांपिं द्यःपिं बेलायतय् तायेदयावःगु गणतन्त्रया सः, ९४ दँया छम्ह ल्यायम्ह फणीन्द्ररत्न बज्राचार्य, मनाङ्ग गां, बुद्ध अस्थिया इतिहास यात्रा, हेटौंडाया बाखं, संस्कृतिइ सेना, सायाः व सायागु ला, नेवाःतय्सं दयेकूगु बीरगंज, गुम्हेस्यां संगीतयात सः बिल (भृगुरामया लुमन्तिइ) लखय् मि च्याकीम्ह कबि पूर्ण बैद्य, नेवाः गर्व आदि। इन्द्रजात्राया छगू सफू, सन्ध्या बज्राचार्य व अजय क्रान्ति शाक्यनाप जानाः च्वःगु सुरेश किरणं जितः बिउगु दु। वयागु च्वसुत गुलि फु उलि मुनातयेफुगुलिं जिं थःत गर्व तायेका। गुगु नं इलय् वं बिउगु सफू व वं च्वःगु च्वसुत जितः अवश्य नं ज्याख्यलेवयेफु।

थनिं झिदँति न्ह्यः जिं सुरेश किरणयात जिगु कोथाय् चिकचाधंगु लाइब्रेरि



दयेकागु दु स्वः वा धकाः ब्वना। सजिना नापं ब्वनाः व जिगु छैंय् वल। जिगु कोथाया सोफाय् फेतुइवं 'ओहोसा.....धात्थेंयाम्ह च्वमिया कोथा धाये ल्वः' धकाः न्यागू राय् कय् तन्न दुगु सफूत स्वयाः प्रशंसा यात। 'आः सफू झन झन अप्वयावनाच्वंगु दु उकिं छगू मेगु राय्क न्यायेत्यना' धकाः धयाबलय् व न्हिल। बजि नयाः वनेत्यंबलय् धाल, 'जि ततायाथाय् निकः वयेधुन, बजि नयेधुन, आः छकः जिथाय् छैंय् वा नकतिनि छैं न्यानागु रविभवनय्।' सजिनां नं धाल, 'बालं यक्व च्वनेधुन बल्ल छैं न्यायफत, छैं न्हूगु नं मखु पुलांगु नं मखु, ठिक्कइ धायेमाः, दक्षिण मोहडा, निभाः वः, उकिं धेबा त्याय् कयाःसां न्यानागु।'

छुं दिं लिपा टुरिजम व होटल म्यानेजमेन्ट ब्वंकीगु कलेजय् हिमाल गयेगु बारे तालीम कायेत छवाः तक जि रबिभवनय् वनेमाल। अन वनेगु भ्वलय् छन्हु जि अनं सतिक दुगु सुरेश किरणया छैंय् बजि मखु जा नयेत हे वना। सुरेश किरणया छैंय् जिं जा नये लन।

नेपालभाषा टाइम्सय् छगू कोलम दु, जिमि बाज्यां मुलय् तयाः कनातःगु बाखं। न्हापा व कोलमय् सुनिता मानन्धरं च्वयाच्वंगु। छकः व तसकं म्हं मफत, च्वये मफुत खनी। अले सुरेश किरणं व कोलमय् च्वयेत जितः इनाप यात। साऱ्हे तीन पेज जक, पुलांगु खँ व इलय्या राजनैतिक, आर्थिक, धार्मिक, सामाजिक भौगोलक अवस्थाया बारे ७० दँ पुलेधुंकूपिं बाज्या व बज्येपिंके अन्तरवार्ता कयाः च्वयाबिउ धाल।

जितः नं पुलांपुलांगु खँ सीके यः उकिं जिं जिउ तर बिहिबाःपतिकं पिहाँवइगु व च्वसु जिं निरन्तर रूपं इलय् बिइमफत कि छुयाये धकाः न्यना। च्वयेफुबलय् जक च्वयाबिउ धकाः सुरेश किरणं जितः व कोलमय् च्वयेत इनाप यासें हःपाः बिल। वयां लिपा जिं व कोलमय् च्वच्वं वना, बिहिबाः पतिकं पिहाँवइगु व कोलमय् जिं निरन्तरता बीमफुसां च्वयेगु यानाच्वनागु दु। आःतक जिं ५६ म्ह बाज्याबजेपिंके अन्तरवार्ता कयाः ५६ पु च्वसू च्वयेधुन। च्वयेगु ज्या त्वःतागु मदुनि। दच्छि न्हय्यः जि सिबें न्हय्दँ (७ वर्ष) क्वकालिम्ह सुरेश किरणयात जिं ख्याःयाये थें धया – सुरेश किरण, जि ७० दँ पुल कि थ्व कोलमया लागी जिगु अन्तरवार्ता कायेगु खःला ? आः न्यादँ लिपा जिके नं अन्तरवार्ता काःसां जिल, जिं जि बूगु थाय् बसन्तपुर, सिंहसतः व मरुसतःया बारे बांलाक कने। जिगु खँ न्यनाः सुरेश किरणं हर्रर न्हिलाः 'जिउ' धाल।

तर जिगु अन्तरवार्ता कायेमलाकं सुरेश किरण हथासं वन, गबलें लिहाँवइमखुत व। उकिं जिगु नुगः हिइसेच्वं।



नेपाल प्रज्ञाप्रतिष्ठान, मातृभाषा बिभाग, २०७५ सालय् गठन जूगु न्हूगु ज्यासना पुचलं पिकाइगु 'थाय्भू' पत्रिकाय् सम्पादक मण्डलय् जि नं दुथ्यात। लक्ष्मी माली प्रधान सम्पादक, रमेशकाजी स्थापित कार्यकारिणी सम्पादक अले सम्पादक मण्डलय् जि, शरद कसाः व सुरेश किरण। २०७५ निसे २०७९ तक प्यदँया कार्यकालय् च्यागू 'थाय्भू' पिकया। खुलाय् छगू अंक। १० निसे १७ अंक तक 'थाय्भु' पत्रिकाया लागी ज्या यानाबलय् सुरेश किरणनाप झन सतिनावन जि। वनाप खँ ल्हायेत, छुं ज्याय् सल्लाह कायेत ई दत। पत्रिकाया लागि प्रज्ञाभवनय् मिटिङ्ग जुइबलय् मिटिङ्ग धुंकाः जिं वयागु ई कायेगु। मेबलय् उलि डिष्टर्व मयाना। नेपालभाषा टाइम्सया ज्याकुथी वनेबलय् व थःगु ज्याय् न्ह्याबलें व्यस्त जुयाच्वनी। च्वसु बिउवनेबलय् माःगु खँ त्वाक्क धाल, ताःहाकः खँ ल्हानामच्वना। लिपा व भाषा आयोगया दुजः जुल, माननीय जुल। वया तसकं लिमलात। अले फोन नं मयाना, छुं जरुरी खँ दुसा मेसेन्जरय् जक खँ ल्हायेगु याना।

नेपाली भाषं शुद्ध जुइक च्वइम्ह व उकिं जिं च्वयागु छपु लेख सम्पादन यानाबीला धकाः मेसेन्जरय् न्यना। वं 'जिउ' टाइप याकाः मेसेन्जरय् छ्वयाहजि धाल। टाइप जक याकेसिधल, छवाः लिपा, जिं जिगु च्वसु वयागु मेसेन्जरय् छ्वयेमलाकं व मन्त धाःगु खबर न्यनेमाल। घण्टाघरं जिके ई न्यनाच्वन धकाः कबिता च्वइम्ह कवि व, घण्टाघरयात ई मकँसे हथासं वन।

अन्तय् जिनाप सरल व्यवहार याइम्ह, गबलें तं मचाइम्ह, जितः मालकि सल्लाह बीम्ह कवि सुरेश किरणया जितः यःगु छपु कबिता 'महासागरय् छफुति लः मदु फगत ख्वबि बाहेक' शिर्षकया न्याध्वः लुमनावल :–

अबलय्, गबलय् जि खुसि तिनि
खः, जिके न्ह्यानाच्वनीम्ह गति दु,
न्ह्याना च्वनीम्ह सः दु,
जिगु लँपु पनीम्ह चट्टान हे थजु,
ल्वाना च्वनीम्ह लः दु।

थुलि हे शव्द ह्वलाः मदुम्ह किजा कवि, पत्रकार सुरेश किरणप्रति श्रद्धाञ्जली देछाना।

२५ चैत्र, २०८२।
ने.सं. ११४६ चौलागा, एकादशी

जिं म्हसिउम्ह सुरेश किरण

प्रा.डा. नरेशमान वज्राचार्य

पाको पुखुद्यां सायमि सुरेश किरण नाप न्हापा 'इनाप' वाःपौ लिपा 'सन्ध्या टाइम्स' न्हिं पौया हुनिं म्हसिउगु खःतसा उगु वा पतिइ इलय् ब्यलय् बौद्ध धर्म, दर्शन संस्कृति विषयलय् जिगु थःगु च्वसु पिथनेगु हुनिं स्वापू दुगु खत।

खंसां निसें म्हसिउसां निसें थः थें नाकं तःधि मजुसे, क्यातुगु म्ह, नायुगु सः, तःजाःगु, तःफाःगु, भ्यातुगु अले गथे नां गथे हे जां थिगु व्यक्तित्वया तःमिम्ह सुरेश किरणयागु स्याचुगु ध्याचु च्वखं जि साप हे प्रभावित जुयाच्वना।

जि थः नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समितिया नायः जुयालि झन सतिगु व क्वातुगु स्वापू न्ह्याबलें लुमना च्वनी।

सुरेश किरण बुद्ध क्षेत्र नेपाल मण्डलय् सप्तबुद्धि व अष्ट मंगलं पूवंगु छैं जलय् नेवाः समाजय् याकनं हे जन्मजुयाः ल्यं दनिगु ज्या खँ क्वचायेके कथं झीगु हे पुचलय् हाकनं ह्वने दयेमा धकाः आशिका यानाच्वना।

(च्वमि नेपाल संवत् न्हूदँ संरक्षण समाजया नायः जुयादी)



सुरेशया लुमन्ति

स्नेह साय्मि

सुरेशयात लुमंका च्व धइहल। सुरेशया लुमन्ति छु जक च्वयगु। छु मच्वयगु। जिं छुं हे भुमिका मतसे सुरेशयात लुमंका बःचा हाकगु खँ च्वया।

१.सुरेश जिगु भाषा स्यनामि :

जि च्वयाच्वना खँयूभाषं चिनाखं। सुरेश नेपालभाषं च्वइगु। नेपालभाषं नं च्वय् मा धका जित वा चाय्किम्ह सुरेश। नेपालभाषं च्वयधुंका न्यने कने यायगु फुक्कं ज्या सुरेशनाप हे जुइगु। जिं अनुवाद यानागु नेपालभाषाया समकालीन कविता व नेपालभाषां पिहांवःगु 'स्नेह साय्मिया चिबाखं' सफू पिकायत ग्वाहालि याःम्ह हे सुरेश, रमेशकाजि स्थापित व तेज महर्जन।

२. सुरेश जिगु निर्णायक गुरू :

कालिमाटी यँ नगरपालिका वडा नं १३ या समाजसेवी दिलबहादुर मानन्धरया जहान गणेशदेवी मानन्धर महाप्रस्थान जुइधुंका वय्कया नामं गणेशदेबी फाउण्डेशन दयकूगु जुयाच्वन। लिपा गणेशदेबी फाउण्डेशनया नायो जुइधुंका सुरेश, रबिन साय्मि नं दुजः धका सिल।

फाउण्डेशनं दँय् छक्वः बरिष्ठ नेवा म्यें हालामियात व नेपालभाषाया सेवा याम्हसित सम्मान याययगु ज्याय् सुयात सम्मान याययेगु धैगु खँय् स्वतन्त्र, व सही पात्र न्हय्ने ब्यय हइम्ह सुरेश हे ख। सुरेशं व हे पात्रयात छाय् सम्मान याना धयागु बांलाक तर्क नं तई। जित निर्णय याय्त अपुका बिई। सुरेश व रबिन साय्मि भाषा व साहित्यया ख्यलय् ज्यानाच्वंपिं व निस्वार्थ रूपं निर्णययायेत ग्वहालि याइपिं जुगुलिं सुरेश निर्णायक गुरु खः।



“जितः सुरेश दाइनं थः ससःकियापिंत ससलय् वनाः स्पष्टिकरण बिइम्ह विशेष दूतकथं ब्वना यंकेत्यंगु। जि नं छम्ह प्रवक्ता हे जुयाः अन अथे मखु थथे खः धायेत भाषण कण्ठ यानाः हे न्हूगु लं वनाच्वना।”

३. जिगु अघोषित सल्लाहकार

सुरेशं नेपालभाषा व खँय् भाय् निगु भाषं नं च्वयाहल। च्वय्धुंका फोनं वा नापलाना सल्लाह सुरेशं बिगु जुल। साहित्य व संस्कृतिया लागिं निरन्तर सल्लाह बिइम्ह सुरेश हे खः।

४. सुरेश जिगु आज्ञाकारी किजा

सुरेश बल्खु च्वंवये धुंका छेँ नापनापं जुल। जि नं सुरेशया छेँ वना। सुरेश व सजिना नं छेँ व। अलय् पारिवारिक खँल्हाबल्हा जुइ। सुख दुःखया खँ जुइ। बिशेषत सजिनां आर्थिक समस्याया खँ कनाहइ, सुरेश न्हिलाजक च्वनि। जि, लक्ष्मी, सुरेश सजिना च्वनां खँल्हाबल्हा जुइ, जिगु नं दुःख सुखया खँ कनिइ। भाषा साहित्यया छुं नं ज्या जुल धासा, अपुक ज्या ब्वयज्युम्ह भाषा साहित्यया तधंम्ह मनु जिगु अंश बिम्वाम्ह अघोषित किजा , सुरेश।■

नेवाः पत्रकार राष्ट्रिय दबू



पैसाको लागि नबाँचेका सुरेशकिरण

सजिना मानन्धर

सुरेशकिरण ३४ वर्षको हुँदा मेरो बिहे भएको थियो। त्यति बेला म २९ वर्षको थिएँ। हाम्रो मागी विवाह भएको थियो। मैले चिनेदेखि उहाँ पत्रकारिताको काममा दतचित्त भएर लाग्थे। भाषा,संस्कृतिका लागि दिनरात खटिन्थे। राति २, ३ बजेसम्म काम गर्थे। त्यसरी काम गरे हुन्छ ? आफ्नो स्वास्थ्यको ख्याल गर्नुपदैन भनेर मैले बिहान र बेलुका सम्झाउँथे पनि उनले यो महत्वपूर्ण काम हो, समयमै काम सकाउनुपर्दछ भनेर भन्थे। केही गरी तपाई तलमाथि भयो भने मलाई कसले हेर्छ भनेर कहिलेकाँकी स्त्रीसुलभ कुरा सोध्दा उनले ख्याल ठट्टा गरेर भन्थे ' मैले गरेको कामकै मुल्यांकन गरेर तिमीलाई सबैले मान्छन् के , तिमी धेरै चिन्ता लिनुपदैन् ।'

उनी भाषा, संस्कृतिको विकासको लागि सदैव चिन्तित हुन्थे। यही हिसाबले काम गरे। समाजले उनको क्षमतालाई यथोचित कदर नै गरेको जस्तो लाग्दछ। आखिर उनले आफ्नो जीवन धेरै समय समाजको हितका लागि बिताए। भाषा, संस्कृतिको जर्गेना र लेखपढको गतिविधि सक्रिय रहे। आफ्नै सिर्जना उनी मस्त थिए। घरको काममा तिमी छदैछ नि भन्थे। उनको रुचि बुझेर मैले उनीबाट खासै आशा गरिन। आफै जागिरे भएकोले पनि मलाई त्यस्तो भएको हुनसक्दछ।

सरल र सहज स्वभाव। कहिले रिसाउँदैन। मैले पकाएको खाना धेरै मिठो छ भनेर खुबै तारिफ गर्थे। मैले पकाएको खानाको स्वाद चाखेर पाँच तारे स्टारको होटेल भन्दा मिठो भनेर प्रतिक्रिया दिन्थे। उनको स्वभाव राम्रो थियो। जे दियो त्यही खाने गर्दथ्यो। कामको विषयमा मैले खासै बोल्नु नै हुँदैन थियो। उनको बानी व्यहोरा राम्रो थियो। छ महिनायता उहाँ स्वभाव अलि बदलिएको पाएँ। पछिल्लो समययता उनी चिडचिडे बने। केही भन्नै नहुने, खुब रिसाउथे। पहिला , पहिला म रिसाउँदा सम्झाउथे। पछि केही भन्यो भने जवाफ फकाईउथें। छ दिन हेटौडांस्थित माईतीमा बस्दा पनि अहँ उनले एक कल फोन



गरेन। सातौं दिन मात्र उनले कल गरे। अघिपछि त्यस्तो थिएन।

उनले पैसा भन्दा पनि कामको चिन्ता लिने गर्दथे। परिवारले पैसा कमाउन अलि ध्यान दिनुपर्‍यो भन्दा उनी हाँसेर टार्थे। सामान्य जीवनयापन गर्न आफ्नो कमाई छँदै छ भन्ने उनको सोच थियो। समाजले मानिसलाई पैसामा तौलेर सफल, असफल भनि मुल्यांकन गर्ने गर्दछन्। फेरी खान लाउन मात्र नभई दुई जना छोराहरूलाई हुर्काउन र उनीहरूको भविष्यको लागि पैसा चाहिन्छ भन्ने मेरो बुझाई थियो। उनको मिसन पैसामुखी थिएन। बाँच्नका लागि पैसा चाहिन्छ भन्ने उनको मान्यता थियो तर पैसाको लागि बाँच्ने उनी थिएन। जीवनमा सरसामान संग्रह गर्नेतिर ध्यान कहिले गएन। अरू त लाउन दुई जोर भए उनलाई पुग्दथ्यो। मैले कराएर उनी नयाँ लुगा र जुत्ता किन्न तयार हुन्थे। पुस्तकहरू भने कति कति किन्थे। उनको जीवन नियाल्दा यस्तो देख्छु। पैसा भन्दा बढी सिर्जनशील काममा उनको प्राथमिकता बढी दिने गरेको पाएँ। काम गरे वापत पैसा आए ठिकै छ, पैसाका पछि लाग्दैन थिए। जीवनशैली निकै साधारण थियो। भौतिक सुखको पछाडि एकोहोरिन बानी थिएन। आफ्नो कामप्रति सन्तुष्ट थियो। आत्मसम्मानको भावना थियो। उनले आफ्नो दाजुभाईको परिवारबारे खुब चिन्ता लिन्थे। परिवारका सबै सदस्यहरू अघि बढूँन भन्ने चिन्ता लिन्थे। सक्दो सहयोग गर्थ्यो पनि। आफ्ना एक दाई र भाईको अकालमै मृत्यू भएको पनि होला, दाजुभाईको परिवारप्रति उनको विशेष सहानुभूति थियो।

सदा झै फागुण २५ गते सोमबार म अफिस (नयाँ बानेश्वर महालक्ष्मी विकास बैंक) मा थिए। अपरान्ह उनी खुसिबुमा लडेर अस्पताल लगिसकेको थियो।त्यतिबेला सानो बाबुले बुबाले के औषधी खाइरहनुभएको छ भनेर सोधे। केही औषधी खाएको छैन भनेर मैले फोन राखिदिएँ। त्यसपछि मेरी मन नमानेर बाबुलाई फेरी फोन गर्दा लडेर शिक्षण अस्पताल ल्याएको सुनाए। तैपनि त्यो खबर सुनेर मेरा आत्मा मसंग थिएन। म दौंडेर शिक्षण अस्पताल पुग्दा उहाँलाई राखिएको कोठा छिर्न नपाउँदै मृत्यू भइसकेको थाहाँ पाए। हृदयघात भएर मृत्यू भएको भनेर त्यतिबेला मात्र थाहा भो। यो सुनेर संसारको भएभरको दुःखको भार आए मलाई बेस्सरी थिचिएझै भयो। ■

नेवा पत्रकार राष्ट्रिय दबू

कार्यसमिति

नृपेन्द लाल श्रेष्ठ	*अध्यक्ष*	९८५१०९८०९५
सुरजबीर बज्राचार्य	*निवर्तमान अध्यक्ष*	९८५११६५४८७
श्रीकृष्ण महर्जन	*संस्थापक अध्यक्ष*	९८४१७५२५८३
सुनील महर्जन	*बरिष्ठ उपाध्यक्ष*	९८४१५७८६०४
सुरेन्द्रभक्त श्रेष्ठ	*उपाध्यक्ष*	९८५१०९९४७२
रचना श्रेष्ठ	*उपाध्यक्ष*	९८०६०९२२७६४
सन्दिप श्रेष्ठ	*उपाध्यक्ष*	९८५५०५०९९६
केके मानन्धर	*महासचिव*	९८५१०८६५६३
राजु नापित	*सचिव*	९८५११२३७५३
ठाबुकाजी श्रेष्ठ	*कोषाध्यक्ष*	९८४१२२३०३३
प्रजित शाक्य	*सह सचिव*	९८४१२२४४७३
सुनिता महर्जन	*सहसचिव*	९८४९३७२५७१
बिजयराम कर्माचार्य	*सहसचिव*	९८५१०३२८४८
तेजनारायण महर्जन	*सह कोषाध्यक्ष*	९८४१२११५१०
अनुप प्रधान	*दुजः*	९८५१०५६०९२
उत्तम कुमार श्रेष्ठ	*दुजः*	९८५११४५९२५
दानदास श्रेष्ठ	*दुजः*	९८५१०६९१३४
पुर्णभक्त दुवाल	*दुजः*	९८५१०८७५५६
रत्नकृष्ण श्रेष्ठ	*दुजः*	९८४१३७५८७९
मीना बज्राचार्य	*दुजः*	९८३३६०३६०८
अनिता डंगोल	*दुजः*	९८४१५२३०८६
प्रेरणा शाक्य	*दुजः*	९८५११६०४५१
राजेश बजाचार्य	*दुजः*	९८४१३५२८६७
बिकास माली	*दुजः*	९८४१००९९२४
रबि महर्जन	*दुजः*	९८४१४१६२३३
भाईकाजी महर्जन	*दुजः*	९८५१००५२६१
कबिता श्रेष्ठ	*दुजः*	९८५६०७७००५
बिगेन तुलाधर	*लेखा संयोजक*	९८४१२५०५५६

ग्वाहालि

द्यँ महानगरपालिका

काठमाडौं महानगरपालिका